# दिग्दर्शन, २०८१




नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## राष्ट्रिय किताबखाना (शिक्षक)

म्यूजियम मार्ग, छाउनी, काठमाडौं

# दिग्दर्शन-२०८१

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना (शिक्षक)**
म्यूजियम मार्ग, छाउनी, काठमाडौं

फोन नम्बरः ०१–५३८३०२३, ५६७२८२३, ५६७०७५७, ५३०१७८१, ५३८४९००
इमेलः stroedu@gmail.com, वेबसाइटः www.stro.gov.np

प्रकाशक : श्री राष्ट्रिय किताबखाना (शिक्षक)

| | | |
|---|---|---|
| संस्करण : | पहिलो | : २०६६ |
| | दोस्रो | : २०६८ |
| | तेस्रो | : २०७१ आषाढ |
| | चौथो | : २०७१ पौष |
| | पाँचौं | : २०७२ आषाढ |
| | छैठौं | : २०७३ आषाढ |
| | सातौं | : २०७४ आषाढ |
| | आठौं | : २०७५ आषाढ |
| | नवौं | : २०७६ आषाढ |
| | दशौं | : २०७७ आषाढ |
| | एघारौं | : २०७८ आषाढ |
| | बाह्रौ | : २०७९ आषाढ |
| | तेह्रौ | : २०८१ आषाढ |


सर्वाधिकार : श्री राष्ट्रिय किताबखाना (शिक्षक)
म्यूजियम मार्ग, छाउनी, काठमाडौं

मुद्रण प्रति : ५०० प्रति
मूल्य : निःशुल्क वितरण
मुद्रक : एनीटाइम प्रिन्टिङ प्रेस, बुद्धनगर, काठमाडौं

# सम्पादकीय

देशभरका सामुदायिक विद्यालय, तिनमा कायम रहेका स्वीकृत दरबन्दी र कार्यरत स्थायी शिक्षकहरूको व्यवस्थित अभिलेख राख्न र शिक्षकहरूको सेवा, सुविधा व्यवस्थापनको लागि स्थापना भएको राष्ट्रिय किताबखाना (शिक्षक)को दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने प्रचलित ऐन, नियम, सूचना, समय समयमा गरिएका परिपत्र लगायत यसको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूलाई एकै ठाउँमा समेटेर प्रकाशन गर्ने कार्यक्रम अनुसार राष्ट्रिय किताबखाना (शिक्षक) दिग्दर्शन प्रकाशन गरिएको छ ।

यस दिग्दर्शनमा किताबखानाको दैनिक कामको सम्बन्धमा आवश्यक पर्ने प्रत्येक विषयलाई छुट्टा छुट्टै शीर्षक कायम गरिनुका साथै यहाँको प्रत्यक्ष कामसँग सम्बन्धित शिक्षकहरूको सेवा निवृत्त सुविधा सम्बन्धमा २०२८ सालदेखि हालसम्म शिक्षा नियमावलीका सम्बन्धित परिच्छेद र तिनमा भएका प्रत्येक संशोधनहरू तथा उपलब्ध भएसम्म २०२९ सालदेखि हालसम्मको सालवसाली तलब स्केल विवरणलाई जस्ताको तस्तै रूपमा राख्ने प्रयास गरिएकोछ । सेवा, सुविधाको निर्णय गर्दा प्रचलित ऐन नियमहरूको अतिरिक्त त्यस सम्बन्धमा भएका नीतिगत पूर्व निर्णयहरू, शिक्षकका सेवा शर्तसम्बन्धी पूर्व प्रचलन/व्यवहार आदिलाई समेत आधार मान्नुपर्ने भएकोले प्रस्तुत दिग्दर्शनमा यससम्बन्धी विषयलाई पनि समेट्ने प्रयास गरिएको छ ।

शिक्षा ऐन नियमावलीमा भएका व्यवस्थाहरू बाहेक यस किताबखानासम्बन्धी अन्य विस्तृत जानकारी मूलक सामग्रीको अभाव रहेको र यस क्षेत्रमा कार्य गर्नेहरूले अप्ठ्यारो महशुस गर्नु परिरहेको अवस्थामा यसको प्रकाशनबाट केही सहज हुन जाने विश्वास लिइएको छ ।

यो प्रकाशन मुख्यतः शिक्षा विकास तथा समन्वय इकाइमा कार्यरत कर्मचारी, स्थानीय तहमा कार्यरत शिक्षा सेवाका कर्मचारी, देशभरका सामुदायिक विद्यालय र कार्यरत स्थायी शिक्षकहरूलाई विशेष रूपमा उपयागी सिद्ध हुनेछ भन्ने विश्वास लिइएको छ । यस दिग्दर्शनको प्रकाशनको क्रममा सानातिना त्रुटिहरू भएको हुन सक्ने तथा भाषिक शुद्धतामा ध्यान नपुगेको पनि हुन सक्छ । सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव/सल्लाह तथा उचित पृष्ठपोषण र कार्यान्वयन तहको अनुभवको आधारमा देखिएका कमी कमजोरी सुधार्न सदैव प्रयासरत रहने व्यहोरा सम्बन्धित सबैमा अनुरोध गर्दै कार्यान्वयनमा सहयोगको अपेक्षा गरिएको छ। साथै यस दिग्दर्शनलाई समय सापेक्ष अद्यावधिक गर्ने कार्यमा सघाउ पुऱ्याउनु हुने सम्वद्ध सम्पूर्ण कर्मचारी मित्रहरू धन्यवादको पात्र हुनुहुन्छ ।

२०८१ आषाढ सम्पादक मण्डल

**संरक्षक तथा सल्लाहकार**

युवराज पौडेल

उपमहानिर्देशक

**सम्पादक मण्डल**

| | | |
|---|---|---|
| १. | निर्देशक, श्री इश्वरीप्रसाद ज्ञवाली | - संयोजक |
| २. | शाखा अधिकृत, श्री धनेश्वर प्रसाई | - सदस्य |
| ३. | शाखा अधिकृत, श्री कल्पना कुमारी बर्तौला | - सदस्य |
| ४. | प्राविधिक सहायक, श्री हीराकुमारी गौतम | - सदस्य |
| ५. | कम्प्युटर अपरेटर, श्री गणेशकुमार श्रेष्ठ | - सदस्य |

**सर्वाधिकार**

श्री राष्ट्रिय किताबखाना (शिक्षक) ताहाचल, काठमाडौंमा निहित

# हाम्रो भनाइ

-युवराज पौडेल (उपमहानिर्देशक)

नेपालका सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम निवृत्तभरण, उपदान, उपचार खर्च, सञ्चित बिरामी बिदाको रकम भुक्तानी, पारिवारिक निवृत्तभरण, शैक्षिक तथा सन्तति वृत्ति लगायतका सुविधाहरू सहज तथा सरल रुपमा उपलब्ध गराउन तत्कालीन शिक्षा मन्त्रालय अन्तर्गत विभाग स्तरीय कार्यालयको रुपमा स्थापना भएको विद्यालय शिक्षक किताबखाना मुलुकको शासकीय स्वरुपमा आएको परिवर्तन पश्चात हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत राष्ट्रिय किताबखाना (शिक्षक) को रुपमा सञ्चालनमा रहेको छ।

शिक्षा नियमावली, २०५९ को नियम १२६ मा राष्ट्रिय किताबखाना (शिक्षक) को व्यवस्था गर्न निम्नानुसार उल्लेख गरिएको छः (१) शिक्षकलाई प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, बीमा, औषधोपचार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न मन्त्रालय अन्तर्गत एक राष्ट्रिय किताबखाना (शिक्षक) रहनेछ। यसैगरी उपनियम (२) मा यसको काम, कर्तव्य र अधिकार निम्नानुसार तोकेको छः

(क) शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने

(ख) शिक्षकको निवृत्तभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने

(ग) शिक्षकको निवृत्तभरण, उपदान, औषधि उपचार र बीमाको लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइहरूबाट विवरण माग गर्ने

(घ) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मितिसमेत खुलाई छ महिना अगावै जानकारी गराउने

(ङ) शिक्षकको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने गराउने

(च) निवृत्तभरण कोषको सञ्चालन गर्ने

(छ) निवृत्तभरण, उपदान, बीमा, औषधोपचार लगायतका अन्य रकमको निकासा दिने

(ज) निवृत्तभरण र उपदानसम्बन्धी अन्य आवश्यक काम, कारवाही गर्ने

(झ) शिक्षकको सेवा अवधि गणनासम्बन्धी काम गर्ने

(ञ) मन्त्रालयले दिएका निर्देशनहरूको पालना गर्ने

(३) राष्ट्रिय किताबखाना (शिक्षक) को अन्य काम, कर्तव्य र अधिकार तोके बमोजिम हुनेछ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले गरेको उपर्युक्त कानुनी व्यवस्था अनुसार राष्ट्रिय किताबखाना (शिक्षक) ले देहाय बमोजिमका कार्यहरु गर्दै आएको छ :

**(क) स्थायी शिक्षकहरूको अभिलेखसम्बन्धी कार्य**

यससम्बन्धी व्यवस्था शिक्षा नियमावलीको नियम ९५ मा गरेको देखिन्छ जसको उपनियम (१) मा भनिएको छः शिक्षक सेवा आयोगद्वारा स्थायी नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारलाई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले नियुक्ति दिए पश्चात् निज नियुक्ति बुझेको मितिले १५ दिनभित्रमा सम्बन्धित विद्यालयमा हाजिरी हुनुपर्ने व्यवस्था रहेको छ भने उपनियम (५) मा नियुक्ति पाएको मितिले ३ महिना भित्रमा अनुसूची-१६ बमोजिमको ढाँचामा वैयक्तिक तथा नोकरी विवरण फाराम भरी प्रधानाध्यापकबाट प्रमाणित गराई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्ने र इकाइ प्रमुखले पुनः प्रमाणित गरी सङ्केत नम्बर कायम गर्नको लागि राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउनु पर्ने व्यवस्था गरेको छ। यस सन्दर्भमा सिटरोल फारामसाथ पेश गर्नुपर्ने कागजातको विषयमा सम्बन्धित शिक्षकले निम्न बुँदाहरूलाई ध्यान दिनु आवश्यक हुनजान्छ।

१. स्थायी नियुक्ति पत्र

२. विद्यालयमा पदस्थापन गरेको पत्र

३. स्थायी नियुक्ति लिई सम्बन्धित विद्यालयमा हाजिर भएको पत्र

४. अनुसूची १४ को ढाँचामा निरोगिताको प्रमाणपत्र

५. अनुसूची १५ को ढाँचामा शपथग्रहण

६. शैक्षिक योग्यताका प्रमाणपत्रहरू (मूल प्रमाणपत्र,ट्रान्सक्रिप्ट र चारीत्रिक प्रमाणपत्रहरू)

७. विदेशी बोर्डबाट शैक्षिक योग्यता हासिल गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य हुनेछ।

८. नेपाली नागरिकताको प्रमाणपत्र

९. स्थायी अध्यापन अनुमति पत्र,

१०. सरुवा, रमाना र हाजिर भएका सम्पूर्ण पत्रहरू

११. बढुवा भएको भए बढुवा पत्रहरू

१२. असाधारण/बेतलबी बिदा, गयल कट्टीमा परेको वा नोकरी टुटेको भए उक्त पत्रहरू, आदि

१३. तल्लो तहमा स्थायी भई सङ्केत नम्बर लिई सक्नु भएको शिक्षक पुनः माथिल्लो तहमा स्थायी भई तल्लो तहको सेवालाई निरन्तरता दिई माथिल्लो तहमा हाजिर हुनु भएको अवस्थामा निजले पुनः सिटरोल भर्नु पर्दैन। त्यस्ता शिक्षकले किताबखानामा आवश्यक कागजात पेश गरी बढुवासम्बन्धी विवरण बढुवा नियुक्ति लिएको मितिले ३० दिनभित्रमा अद्यावधिक गराउनु पर्नेछ।

१४. शिक्षकहरुद्वारा पेश भएको सिटरोल फाराम किताबखानाबाट प्रमाणित भई सङ्केत नम्बर कायम भएपछि निज शिक्षकले उपलब्ध गराउनु भएको मोबाइल नम्बरमा एस.एम.एस. जाने व्यवस्था मिलाउनुको साथै शिक्षकहरूको अभिलेखमा नयाँ विवरण अद्यावधिक गर्दा निजको मोवाइलमा एस.एम.एस. पठाउने व्यवस्था गरिएको छ। तर यसको लागि पत्रमा निजको सङ्केत नम्बर भने उल्लेख हुन जरुरी हुन्छ अन्यथा निजको विवरण कम्प्युटर इन्ट्री गर्न नसकिने भएकोले स्थायी शिक्षकलाई सरुवा गर्दा वा रमाना पत्र दिँदा र निजलाई हाजिर गराएको जानकारी पत्र पठाउँदा निजको सङ्केत नम्बर उल्लेख गरेमा अभिलेख व्यवस्थापनमा सहजता आउने देखिन्छ । विद्यालयहरूले शिक्षकलाई उपलब्ध गराएका रमाना पत्रमा एकरुपता नहुँदा कतिपय अत्यावश्यक विवरणहरू समेत छुट हुन जाने भएकोले सहजताको लागि यस किताबखानाबाट रमानाको फर्मेट तयार गरी पठाइएको हुँदा सोही बमोजिम रमाना पत्र दिई किताबखानाको अभिलेखलाई विश्वसनीय बनाउन जरुरी देखिएको छ । उक्त रमानापत्रको फर्मेट किताबखानाको वेवसाइटः www.stro.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**(ख) निवृत्तभरण सेवा सुविधासम्बन्धी कार्य**

सेवा निवृत्त स्थायी शिक्षकले निवृत्तभरण लगायतका सेवा सुविधाको लागि यस किताबखाना आउँदा फायलसाथ संलग्न गरी ल्याउनु पर्ने कागजातहरूः

१. शिक्षा विकास तथा समन्वय इकाइद्वारा प्रमाणित निवृत्तभरण/उपदान सुविधा सिफारिस पत्र

२. स्थायी नियुक्ति पत्र

३. स्थायी नियुक्ति लिई सम्बन्धित विद्यालयमा हाजिर भएको पत्र

४. विद्यालयले दिएको नियुक्ति पत्र भएमा तत्कालिन जिल्ला शिक्षा समिति वा शिक्षक छनौट समित/उपसमिति/शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिको लागि गरिएको सिफारिस पत्र

५. नोटरीबाट प्रमाणित गराई पेश गर्नुपर्ने कागजातहरूः सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू, नागरिकताको प्रमाणपत्र, तालिमको प्रमाणपत्र, इच्छाइको व्यक्ति परिवर्तन गर्नु परेको अवस्थामा निजसँगको नाता प्रमाणित पत्र, मृत शिक्षकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र, बिबाह गरेको कारण इच्छाइएको व्यक्ति परिवर्तन गर्नु परेमा बिबाह दर्ताको प्रमाणपत्र, आदि

६. निज शिक्षकको बढुवा भएको भए बढुवा पत्र

७. जिल्लान्तर वा आन्तरिक सरुवा भएको भए सरुवा, रमाना र हाजिर भएका पत्रहरू

८. राजीनामा स्वीकृति पत्र वा अनिवार्य अवकाश दिइएको पत्र तथा मृत्यु भएकाको हकमा मृत्यु खाली पत्र, मृत्यु दर्ता प्रमाणपत्र

९. इच्छाइएको व्यक्ति परिवर्तन गर्नु परेमा इच्छाउने र इच्छाइएको दुबै व्यक्तिको सक्कल नागरिकता र सम्बन्धित

वडा कार्यालयद्वारा जारी नाता प्रमाणित पत्र, इच्छाइएको व्यक्ति परिवर्तन गर्नुपर्ने कारणलाई पुष्टि गर्ने अन्य आवश्यक कागजातहरू

१०. स्थायी पद लियन राखी माथिल्लो पदमा बढुवा भएकाको हकमा लियन पद कहिलेदेखि कहिलेसम्म कुन विद्यालयमा राखी अस्थायी बढुवा भएको हो सो व्यहोरा खुलेको पत्र एवम् अस्थायी बढुवा नियुक्ति दिइएको पत्र

११. असाधारण बिदा/बेतलबी बिदा लिएको वा गयल कट्टी परेको वा नोकरी टुटेको भए सोको मितिसमेत खुलाई उक्त बिदा स्वीकृतिका पत्रहरू, अध्ययन बिदा लिएको भए अध्ययन बिदा स्वीकृत भएको अवधिसमेत खुल्ने गरी बिदा स्वीकृत गरिएका विद्यालय र इकाइका पत्रहरू

१२. यस किताबखानाबाट स्वीकृत फारामहरूः फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६ बमोजिम सञ्चित बिरामी बिदा प्रमाणित गरिएका प्रमाणित फारामहरू

१३. सङ्केत नम्बर कायम भएको प्रमाणित सिटरोल

१४. हालसम्म सिटरोल नभर्ने शिक्षकको हकमा निजले अवकाश पाउनु भन्दा पहिले नै सम्पूर्ण कागजातसहितको फायल इकाइमा पेश गरी इकाइबाट प्रमाणित गरी संकेत नम्बर कायम गर्नको लागि किताबखानामा पेश गर्नुपर्नेछ । तत्पश्चात नियमानुसार सङ्केत नम्बर कायम भएपछि मात्रै अवकाश लिई आवश्यक सम्पूर्ण कागजात लिएर निवृत्त सुविधाको लागि आउन सकिनेछ ।

१५. सेवा अवधिमा औषधि उपचार वापतको रकम भुक्तानी लिए/नलिएको किटानी पत्र । लिएको भए भुक्तानी लिएको मिति तथा लिएको जम्मा रकमसमेत खुलेको विद्यालय र इकाइको पत्र

१६. सेवा अवधिमा कुनै विभागीय कारवाही भए/नभएको किटानी पत्र । कारवाही भएको भए के कस्तो सजाय पाएको हो सो उल्लेख भएको विद्यालय र इकाइको पत्र

१७. सम्बन्धित शिक्षकले आफू जिम्मा रहेको सरकारी नगदी/जिन्सी बरबुझारथ गरे/नगरेको व्यहोरा खुलेको विद्यालय र इकाइको पत्र

१८. स्थायी सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित विद्यालय र इकाइको पत्र

१९. निजले नियमानुसार सेवा निवृत्त हुने अन्तिम दिन खाईपाई आएको तलब स्केल र तलब वृद्धि (ग्रेड) रकम खुलाई तलब भत्ता निकासा दिने निकायले लेखेको पत्र साथै निजले कुन मितिसम्मको तलब भत्ता भुक्तानी लिएको हो सो मितिसमेत खुलेको हुनु पर्नेछ ।

२०. प्रचलित शिक्षा नियमावलीले कुनै पनि शिक्षकलाई ६० वर्षको उमेरभन्दा भन्दा बढी उमेरसम्म नोकरी गर्ने छुट नदिएको हुँदा र शिक्षा नियमावली, २०५९ को नियम १३१ अनुसार सिटरोल, नागरिकता, शैक्षिक योग्यता लगायतका कागजातमा उल्लिखित प्रमाणित जन्ममितिहरूमध्ये सबैभन्दा पहिले निज जुन कागजातमा

उल्लिखित जन्ममितिबाट ६० वर्ष पूरा हुने देखिन्छ सोही जन्ममितिबाट अनिवार्य अवकाश दिनु पर्ने व्यवस्था भएकोले शिक्षकले आफूसँग भएका जन्ममिति उल्लेख भएका सबै प्रमाणपत्र हेरी ती मध्ये सबैभन्दा चाँडो अनिवार्य अवकाश हुने मिति ऐ नियमावलीको नियम ११७ को व्यवस्था बमोजिम अनुसूची १८ अनुसारको फाराम भरी सम्बन्धित विद्यालय मार्फत इकाइ हुँदै यस किताबखानालाई ९ महिना अगावै जानकारी गराउनु पर्दछ ।

२१. यसरी शिक्षा नियमावलीको नियम ११७ बमोजिम नौ महिना अगावै आफ्नो अवकाशको मिति सम्बन्धित निकायमा जानकारी नगराई फरक फरक जन्ममिति उल्लेख भएका कागजातका आधारमा कुनै शिक्षकले ६० वर्षभन्दा बढी अवधिसम्म नोकरी गरेको भए निजले बढी अवधि काम गरेको अवधिमा भुक्तानी लिएको तलब भत्ता लगायतका सम्पूर्ण रकम निजले पाउने सञ्चित बिरामी बिदा, औषधि उपचारको रकम, उपदान वा निवृत्तभरण लगायतको रकमबाट कट्टा गरी असुल उपर गरिने भएको हुँदा जुनसुकै कारणबाट ६० वर्षको उमेरभन्दा बढी अवधिसम्म नोकरी नगर्ने कुरा सम्बन्धित शिक्षक स्वयंले सुनिश्चित गर्नुपर्नेछ । यसरी बढी खाएको रकम तलब भत्ता भुक्तानी दिने निकायले किटानी गरी पठाउनु पर्नेछ ।

२२. स्थायी अवधिमा कुनै अन्य जिम्मेवारी (जस्तैः श्रोतव्यक्ति, तालिम केन्द्रको प्रशिक्षक/विज्ञ आदि) मा खटाइएको भए सो अवधिमा निजको लियन पद कुन विद्यालयमा राखिएको हो, मितिसहित अवधि खुलेको पत्र तथा निजलाई उक्त जिम्मेवारीको लागि दिइएको नियुक्ति पत्र

२३. शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिमको नियम ३९ बमोजिमको विशेष बढुवा पाउने शिक्षकको हकमा उक्त बढुवा गरिएको पत्र

२४. उपर्युक्त सबै कागजातमा इकाइ प्रमुखद्वारा व्यहोरा प्रमाणितमा दस्तखत गरेको हुनुपर्नेछ । व्यहोरा प्रमाणित गर्दा इकाइ प्रमुखको नाम थर, पद, दस्तखत, मिति र इकाइको छाप लागेको सुनिश्चित गर्नु पर्नेछ । निमित्त इकाइ प्रमुखले गर्नु परेमा निजसँग आर्थिक अधिकार रहेको प्रमाण कागजसमेत पेश गर्नुपर्नेछ । अन्यथा अप्रमाणित कागजात वा निमित्त इकाइ प्रमुखद्वारा प्रमाणित कागजात उपर कुनै कारवाही गरिने छैन ।

२५. निवृत्त शिक्षक र इच्छाइएको व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजका ३/३ प्रति फोटो साथमा ल्याउनु पर्नेछ ।

२६. संलग्न कागजातको सूची (Check List) अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ ।

२७. निज शिक्षकले फायलमा संलग्न कागजातहरूको सक्कल कपीसमेत अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

अस्थायी सेवा अवधि जोडेर निवृत्तभरण उपलब्ध गराउनेसम्बन्धमा शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (७) को व्यवस्थाः “सम्बत् २०५२ साल र तत्पश्चात् भएका विज्ञापनबाट स्थायी नियुक्ति भएका वा उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको विज्ञापनबाट स्थायी हुने शिक्षकले अवकाश हुँदा निवृत्तभरण पाउने अवस्था नभएमा सो प्रयोजनका लागि निजको सात वर्षसम्मको अस्थायी सेवा अवधि जोड्न सकिनेछ”

**अस्थायी सेवा अवधि जोडेर शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (७) बमोजिम निवृत्तभरण सुविधा उपलब्ध गराउनु पर्ने निवृत्त शिक्षकको हकमा आवश्यक पर्ने थप कागजातः**

१. निज सेवा निवृत्त शिक्षकलाई नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा अस्थायी नियुक्ति गरेको व्यहोरा खुल्ने नियुक्ति पत्र वा नियुक्तिमा उक्त व्यहोरा नखुलेको भएमा सो दरबन्दी नेपाल सरकारद्वारा स्वीकृत रिक्त दरबन्दी हो भनी इकाइद्वारा लेखिएको किटानी पत्र

२. जिल्ला शिक्षा कार्यालयद्वारा निजको अस्थायी नियुक्ति समर्थन गरेको समर्थन पत्र

३. निजको सम्पूर्ण अस्थायी अवधि भरको अस्थायी नियुक्तिको म्याद थप गरिएका पत्रहरू। सम्पूर्ण अस्थायी अवधिका म्याद थप पत्रहरू फेला नपरेमा कम्तिमा निवृत्तभरण प्रयोजनको लागि जति अवधि थप गर्नु पर्ने हो सो बराबरको अवधि पुष्टि हुने गरी निजको अस्थायी अवधिको म्याद थप गरिएका पत्रहरू। म्याद थपका पत्रहरू उपलब्ध नभएमा उक्त अवधि भरको हाजिरी प्रमाणित र तलब भुक्तानी दिइएका तत्कालिन समयका प्रमाणित तलबी भरपाईहरू वा जिल्ला शिक्षा कार्यालले स्वीकृत गरेका तलबी निकासा विवरण/ जिल्ला शिक्षा अधिकारीद्वारा स्वीकृत तत्कालि तलबी माग फारामहरू।

४. अस्थायी सेवा अवधिमा सरुवा गरेको भए सरुवा तथा रमाना पत्रहरू

५. निजको अस्थायी सेवा अवधि र सेवा निरन्तरता खुलेको सम्बन्धित विद्यालय र इकाइको पत्र

६. शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा ७ बमोजिम अस्थायी सेवा अवधि जोडी निवृत्तभरण उपलब्ध गराइदिने सम्बन्धमा किताबखानालाई आफ्नो रायसहित सिफारिस गरेको सम्बन्धित विद्यालय र इकाइको पत्र

७. अस्थायी सेवा अवधि जोडेर निवृत्तभरण पाउने शिक्षकले सम्पूर्ण अस्थायी अवधिको सञ्चित बिरामी बिदाको रकम नपाउने र उक्त अस्थायी अवधि औषधि उपचारको रकम गणना प्रयोजनमा समेत प्रयोग नहुने। यस विषयमा थप जानकारी यस किताबखानाको वेवसाइटबाट लिन सकिनेछ। उपर्युक्त अनुसारका सम्पूर्ण विवरण पूरा गरी नियमानुसार प्रमाणित कागजात लिएर आएमा मात्रै सेवा प्रवाह र सेवा प्राप्तिमा सहजता हुने विषयमा हामी सबै जानकार नै रहेको हुँदा यसतर्फ सम्पूर्ण सेवाग्राही शिक्षकको विशेष ध्यान जाने अपेक्षा किताबखानाले राखेको छ।

**शिक्षक सेवा नियमावली,२०५७ को नियम ३९ मा उल्लेख भएको बढुवासम्बन्धी विशेष व्यवस्था** यस प्रकार रहेको छः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि तहको श्रेणीमा शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृत्तभरण पाउने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महिना अगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिस गर्नेछ। यस व्यवस्थाबाट के देखिन्छ भने विशेष बढुवा पाउनको लागि सम्बन्धित शिक्षक जुन तहको जुन श्रेणीमा शुरु स्थायी नियुक्ति भएको हो सोही तहको सोही श्रेणीमा कम्तिमा बीस वर्ष स्थायी सेवा गरेकै हुनु पर्ने अवस्था विद्यमान छ अन्यथा विशेष बढुवा

गर्न मिल्ने देखिँदैन। यस नियम अनुसार बढुवाको लागि सम्भावित सम्बन्धित शिक्षकले आवश्यक कागजात संलग्न गरी अवकाश पाउने मितिभन्दा ६ महिना अगावै सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा निवेदन दिनु पर्नेमा उक्त निवेदन सहितका कागजात छानविन गरी निज शिक्षकलाई बढुवा गर्न मिल्ने/नमिल्ने सम्बन्धमा टुङ्गो लगाउने अधिकार सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइलाई सोही नियमको उपनियम (२क) ले दिएको देखिन्छ।

**(ग) शिक्षकको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने कार्यः**

प्रत्येक शैक्षिक वर्ष/सत्रको पहिलो महिनाको तलब भुक्तानी लिनु अगावै सम्पूर्ण स्थायी शिक्षकहरूले सम्बन्धित स्थानीय तहमार्फत यस किताबखानाबाट तलबी प्रतिवेदन पारित गराउनु अनिवार्य हुने भएकोले समयमै तलबी प्रतिवेदन पारित गराई आर्थिक पारदर्शिता तथा आर्थिक सुशासनको सुनिश्चिततामा सम्बन्धित सबैले ध्यान पुर्‍याउन जरुरी छ। तलबी प्रतिवेदन पारित गर्न ल्याउँदा मुख्यतया निम्न कागजात संलग्न गर्न आवश्यक छः

स्थायी नियुक्ति पत्र, शुरु स्थायी नियुक्ति भई सम्बन्धित विद्यालयमा हाजिर भएको पत्र, अघिल्लो शैक्षिक वर्षको पारित तलबी प्रतिवेदन, बढुवा हुनेको हकमा बढुवा नियुक्ति पत्र, बढुवा नियुक्ति पाई सम्बन्धित विद्यालयमा हाजिर भएको पत्र, प्राविधिक ग्रेड पाउनेको हकमा २०५७ श्रावणभन्दा अगावै प्राविधिक स्केल खाएको वा थप २ प्राविधिक ग्रेड खाएको पुष्ट्याइँ हुने प्रमाण, तालिमका प्रमाणपत्र आदि। अन्य कागजातको हकमा किताबखानाको वेवसाइटमा हेर्न सकिनेछ।

बिक्रम सम्बत २०५७ साल श्रावण १ गतेभन्दा अघि स्थायी नियुक्ति लिई प्राविधिक स्केल वा थप २ प्राविधिक ग्रेड खाईपाई आएका कार्यरत वा अवकाश प्राप्त शिक्षकको प्राविधिक ग्रेड रकम सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/०१/१५ गतेको फैसलाबाट मिति २०५७ श्रावण १ गतेभन्दा अघि नै सामुदायिक विद्यालयमा स्थायी नियुक्ति पाई तालिम प्राप्त गरी प्राविधिक २ ग्रेड थप समेत खाईपाई आएका शिक्षकहरूलाई मिति २०७३ साल यता उक्त छुट थप २ ग्रेड दिने भन्ने भए बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४१२ मिति २०७८/०३/१४ को निर्देशन पत्र प्राप्त भई यस्तो थप २ ग्रेड उपलब्ध गराउँदै आएकोमा कतिपय पालिकाहरूबाट २०५७ श्रावण पश्चात् मात्रै स्थायी नियुक्ति भएका शिक्षक समेतलाई थप प्राविधिक २ ग्रेड सिफारिस हुने र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट समेत सोही सिफारिसका आधारमा सुविधा सिफारिस भई आउने गरेको हुँदा अब उप्रान्त त्यस्ता शिक्षकले २०५७ श्रावण १ गतेभन्दा अगाडि नै प्राविधिक ग्रेड खाएको प्रमाण कागजात हेरी प्राविधिक ग्रेड सिफारिस गर्न तथा उक्त कागजात समेत व्यहोरा प्रमाणित गरी फायलसाथ संलग्न राखी पठाउनु हुन अनुरोध छ। २०५७ साल श्रावण १ गतेभन्दा अगावै स्थायी नियुक्ति पाई तोकिए बमोजिमको तालिम प्राप्त गरी प्राविधिक ग्रेड समेत खाईपाई आएका शिक्षकहरूलाई मात्रै थप २ प्राविधिक ग्रेड उपलब्ध हुने व्यहोरा जानकारीको लागि पुनः अनुरोध गरिएको छ। साथै यस सम्बन्धमा निम्नानुसार गर्नुहुन अनुरोध छ।

१. २०५७ साल श्रावण १ गते वा सोभन्दा पश्चात् स्थायी नियुक्ति हुने शिक्षकले प्राविधिक ग्रेड नपाउने साथै २०५७ साल श्रावण १ गतेभन्दा अघि नै स्थायी नियुक्ति भए पनि सो मितिभन्दा अघि प्राविधिक ग्रेड नखाएका शिक्षकहरूलाई प्राविधिक ग्रेड उपलब्ध गराउन नमिल्ने।

२. २०५७ साल श्रावण १ गतेभन्दा अघि जुन तहमा स्थायी नियुक्त भई प्राविधिक ग्रेड उपलब्ध गराइएको छ निज शिक्षक हालसम्म पनि सोही तहमा कार्यरत रहेको भए मात्रै प्राविधिक ग्रेड उपलब्ध गराउने ।

३. शिक्षकहरूको तलबी प्रतिवेदन स्वीकृतिको लागि सिफारिस गरी यस किताबखानामा फायल पठाउँदा प्राविधिक ग्रेड खाईपाई आएका शिक्षकको हकमा निजले मिति २०५७ साल श्रावण १ भन्दा अगावै स्थायी नियुक्ति पाएको नियुक्ति पत्र, निजले २०५७/०४/०१ अगावै तोकिए बमोजिमको तालिम प्राप्त गरेको प्रमाणपत्र, निजले मिति २०५७/०४/०१ अगावै थप २ प्राविधिक ग्रेड खाएको प्रमाण कागज र निजले शुरु स्थायी नियुक्ति पाएकै तहको माथिल्लो श्रेणीमा बढुवा नियुक्ति पाएको भए उक्त बढुवा नियुक्ति पत्र, निज हालसम्म शुरु स्थायी नियुक्ति भएको तहमा नै कार्यरत रहेको हो भन्ने प्रमाण कागज तथा प्रमाणित पत्र अनिवार्य रुपमा फायलसाथ संलग्न गर्नु पर्नेछ । ताहाँबाट प्राविधिक ग्रेड निकासा गर्नु पूर्व पनि उक्त कागज प्रमाण हेरी व्यहोरा यकीन गर्नु पर्नेछ । यसैगरी नयाँ नियुक्ति भएका शिक्षकको हकमा भने निजको स्थायी नियुक्ति पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४. अवकाश प्राप्त शिक्षकको छुट प्राविधिक ग्रेड स्वीकृतिको लागि सिफारिस गर्दा वा ताहाँबाट सो वापतको रकम उपलब्ध गराउँदा समेत निजको मिति २०५७/०४/०१ अगावै नियुक्ति लिएको स्थायी नियुक्ति पत्र, निजले २०५७/०४/०१ अगावै प्राविधिक ग्रेड खाएको प्रमाण, निज सोही तहको माथिल्लो श्रेणीमा बढुवा भएको भए सो बढुवा नियुक्ति पत्र र निज शुरु स्थायी नियुक्ति भएकै तहबाट अवकाश भएको अवकाश पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

५. माध्यमिक तह प्रथम श्रेणीमा कार्यरत शिक्षकलाई प्राविधिक ग्रेड उपलब्ध हुने छैन ।

६. मिति २०५७ साल श्रावण १ गतेभन्दा अगाडि कुनै तहमा स्थायी नियुक्ति भई प्राविधिक ग्रेड खाईपाई आएको शिक्षकले २०५७/०४/१ गते वा सोभन्दा पछि अर्को तहमा खुला प्रतिष्पर्धाबाट स्थायी नियुक्ति लिएको भएमा निज शिक्षकले सो मितिबाट खाईपाई आएको थप २ प्राविधिक ग्रेड पाउने छैन । तर एउटै तहको एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा हुनेको हकमा भने माध्यमिक तह प्रथम श्रेणी बाहेक अन्य श्रेणीको हकमा थप २ प्राविधिक ग्रेड पाउनेछ ।

७. मिति २०५७ साल श्रावण १ गतेभन्दा अगाडि कुनै तहमा स्थायी नियुक्ति भई थप २ प्राविधिक ग्रेड खाईपाई आएको शिक्षक सोही तहको माथिल्लो श्रेणीमा बढुवा भई तलबमान निर्धारण गर्नु पर्ने भएमा निजले खाईपाई आएको प्राविधिक ग्रेडसहितको एकमुष्ठ रकमबाट शिक्षा नियमावली, २०५९ को नियम १०२ बमोजिम तलब मिलान गरी थप २ प्राविधिक ग्रेड समेत उपलब्ध गराउने गरी सिफारिस गरी पठाउनु हुन ।

८. पुनर्वहाली भएका शिक्षकको हकमा ग्रेड निर्धारण गर्दा यस किताबखानाको च.नं. ३६९३ मिति २०७९/११/१४ को पत्रमा उल्लेख भए अनुसार नै गर्नुपर्नेछ ।

९. तलबी प्रतिवेदन पारित गर्न पठाउँदा तोकिएको फरमेटमा नै पठाउनु पर्नेछ ।

१०. कतिपय स्थानीय तहहरूले शिक्षकहरूको तलबी प्रतिवेदन पारित गराउन विलम्ब गरेको देखिएको हुँदा अब उप्रान्त प्रत्येक शैक्षिक वर्षमा शिक्षकहरूको पहिलो त्रैमासिक तलब निकाशा गर्नु पूर्व नै तलबी प्रतिवेदन पारित गराई सोही स्वीकृत तलबी प्रतिवेदनका आधारमा मात्रै तलब निकाशा गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

तलबी प्रतिवेदन पारितको लागि फायल सिफारिस गर्दा उपर्युक्त बमोजिमका आवश्यक कागजातहरू संलग्न रहेको सुनिश्चित गरेर मात्रै सिफारिस गर्नु पर्नेछ । अन्यथा प्रमाणको अभावमा वा अपुरो प्रमाण कागजका आधारमा तलबी प्रतिवेदन पारित गर्न नसकिने व्यहोरा अग्रीम रुपमा जानकारीको लागि अनुरोध छ ।

**(घ) शिक्षकको सम्पत्ति विवरण व्यवस्थापन कार्य:**

स्थायी शिक्षकहरूले आ-आफ्नो सम्पत्ति विवरण भरी यस किताबखानामा दर्ता गराई प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले साठी दिनभित्रमा दर्ता नम्बर लिई सक्नु पर्नेछ । शिक्षकको सम्पत्ति विवरण दर्ता भए पछि दर्ता नम्बर सहितको एस. एम. एस. निजले उपलब्ध गराएको मोबाइल नम्बरमा किताबखानाले पठाउने व्यवस्था मिलाएको छ । तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने वा किताबखानाले तोकिदिएको पूर्ण विवरण शिलबन्दी खाममा नलेखेका कारण सम्पत्ति विवरण दर्ता हुन नसकेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन बमोजिम त्यस्ता शिक्षकहरूले जरिवाना स्वरुप पाँच हजार रुपैयाँ तोकिएको राजश्व खातामा बुझाएको सक्कल भौचर यस किताबखानामा बुझाउनु पर्ने हुन्छ । तसर्थ यस्तो जरिवानाबाट बच्न सम्बन्धित शिक्षकहरू बेलैमा चनाखो भई पूर्ण विवरणसहितको सम्पत्ति विवरण फाराम शिलबन्दी गरी यस किताबखानामा बुझाउन आवश्यक हुन्छ । अस्थायी करार वा अन्य प्रकृतिका शिक्षक कर्मचारीहरूले भने सम्बन्धित स्थानीय तहले तोके बमोजिम गर्नुपर्नेछ ।

***सम्पत्ति विवरण बुझाउँदा शीलबन्दी खामको बाहिरपट्टि सम्बन्धित शिक्षकले देहायको विवरण अनिवार्य रुपमा भर्नैपर्नेछ । अन्यथा निजको विवरण दर्ता (Entry) गर्न किताबखाना बाध्य हुने छैन:***

**आर्थिक वर्ष ......................... को सम्पत्ति विवरण**

| | |
|---|---|
| **शिक्षकको नाम, थर:** | **सङ्केत नम्बर:** |
| **तह:** | **श्रेणी:** |
| **कार्यरत विद्यालयको नाम र पूरा ठेगाना:** | **जिल्ला:** |
| **मोवाइल नम्बर:** | **इमेल ठेगाना:** |

**(ङ) शिक्षकको अनिवार्य अवकाश मिति सहितको जानकारी उपलब्ध गराउने कार्य:**

शिक्षा नियमावली, २०५९ को नियम १२६ को उपनियम (२) को खण्ड (घ) मा शिक्षकको अनिवार्य अवकाशको मिति यकीन गरी निज शिक्षकलाई अनिवार्य अवकाश हुने मितिभन्दा ६ महिना अगावै जानकारी गराउनु पर्ने व्यवस्था

रहेको छ भने ऐ को नियम १३१ मा कुनै शिक्षकको उमेर ६० वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिनु पर्ने व्यवस्था रहेको छ। त्यस्तै ऐ को नियम १३१ को स्पष्टिकरण खण्डमा उमेर गणनाको आधार सम्बन्धमा व्यवस्था गरिएको छ। जसमा **"यस नियमको प्रयोजनको लागि उमेर गणना गर्दा निज शिक्षकले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ "** भन्ने व्यवस्था रहेको छ। प्रस्तुत व्यवस्था बमोजिम शिक्षकको अनिवार्य अवकाशको मिति यकीन गर्नुपूर्व उपर्युक्त सबै प्रकारका कागजातमा उल्लिखित जन्ममिति हेरी अवकाश मिति यकीन गर्नुको साथै सबैभन्दा पहिले अवकाश हुने जन्ममितिलाई उमेर गणनाको मुख्य आधार मान्नु पर्ने हुन्छ। यसका लागि सम्बन्धित शिक्षकले सिटरोल साथ निजको जन्ममिति उल्लेख भएका सम्पूर्ण प्रमाणपत्रहरू पेश गर्न आवश्यक हुन्छ तर कतिपय शिक्षकले उपर्युक्त प्रकारका कागजात संलग्न नगरी सिटरोल पेश गर्दा तथा फरक फरक जन्ममिति उल्लेख भएका नागरिकताका प्रतिलिपि लिएकोमा उक्त प्रतिलिपिहरू समयमै यस किताबखानामा पेश नगर्दा ६० वर्षको उमेरभन्दा बढी उमेरसम्म पदमा बहाल रहने अवस्था सिर्जना भएको समेत पाइएको छ। किताबखानाले निज शिक्षकले सिटरोल साथ पेश गरेका कागजातका आधारमा अध्ययन गरी अवकाश मिति यकीन गर्दा यदाकदा यथार्थ अवकाश मिति पहिचानमा कठिनाइ हुनु पनि स्वभाविकै हुनजान्छ तसर्थ कुनै पनि शिक्षकसँग फरक फरक जन्ममिति उल्लेख भएका प्रमाण कागज भएमा निजले समयमै किताबखानामा बुझाई नियमले निर्धारण गरेको ६० वर्ष उमेरभन्दा बढी अवधि नोकरी नगर्ने अवस्थाको सुनिश्चित गर्नु सम्बन्धित शिक्षकको दायित्व समेत हुन आउँछ। यसरी नियम विपरीत ६० वर्षभन्दा बढी उमेरसम्म नोकरी गर्ने अवस्था आउन नदिने सुनिश्चितताको लागि एकातर्फ प्रत्येक शिक्षकले शिक्षा नियमावलीको नियम ११७ को व्यवस्था अनुसार अनुसूची १८ बमोजिमको ढाँचामा अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालयमार्फत शिक्षा विकास तथा समन्वइ इकाइ र किताबखानालाई जानकारी उपलब्ध गराउने व्यवस्थालाई कडाइका साथ पालना गर्नु पर्दछ भने अर्कोतर्फ आफ्ना जन्ममिति खुलेका सम्पूर्ण कागजात यथा समयमा किताबखानामा पेश गर्न जरुरी देखिन्छ।

जुनसुकै कारणबाट भए पनि ६० वर्षको उमेरभन्दा बढी उमेरसम्म नोकरी गरेमा उक्त बढी अवधिमा उपभोग गरेको तलब भत्ता निजले पाउने सञ्चित बिरामी बिदाको रकम, औषधि उपचार वापतको रकम, उपदान वा निवृत्तभरण लगायतका रकमबाट असुल उपर गरिने भएकोले यसतर्फ समयमै सतर्कता अपनाउन नै उपयुक्त हुने देखिन्छ।

कुनै शिक्षकले राष्ट्रिय कितावखाना (शिक्षक) मा आवश्यक कागजात पेश नगरेका कारण निजले ६० वर्षको उमेरभन्दा बढी समयसम्म पेशामा रही ६० वर्षको उमेर नाघेपछि बढुवा समेत पाएको अवस्थामा त्यस्तो बढुवालाई बढुवा दिने निकायबाट बदर गरी साविक तह र श्रेणीमा नै कायम गरी निजले उक्त बढी अवधिमा उपभोग गरेको सेवा सुविधा समेत फिर्ता गरिने हुँदा यसतर्फ पनि समयमै ध्यान पुग्न आवश्यक देखिन्छ।

**शिक्षकको बिरामी बिदा सञ्चित गर्ने तथा रकम भुक्तानीको लागि सिफारिस गरी पठाउने प्रक्रिया सम्बन्धमाः**

शिक्षा नियमावली, २०५९ को नियम १०६ को उपनियम (१) को खण्ड (ग) मा **शिक्षकले बिरामी बिदा वर्षभरिमा बाह्र दिन पाउने छ** भन्ने व्यवस्था रहेको छ भने ऐ को उपनियम (३) मा **"शिक्षकले बिरामी बिदा सञ्चित गर्न सक्नेछ। शिक्षकले प्रत्येक वर्ष यस्तो बिदा निरीक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ। कुनै व्यहोराले शिक्षक सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा वापत निजको पदाधिकार रहेको पदमा खाईपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ"** भन्ने व्यवस्था रहेको छ। यस नियमावलीको प्रस्तुत व्यवस्था बमोजिम शिक्षकको सालबसाली रुपमा सञ्चित हुने बिरामी बिदाको अभिलेख विद्यालयमा छुट्टै रजिष्टर खडा गरी सम्बन्धित स्थानीय तहको शिक्षा शाखा प्रमुख वा अधिकृत स्तरको पदाधिकारीबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ। वहालवाला शिक्षकको बिरामी बिदाको अभिलेख प्रमाणित गराई राख्ने प्रयोजनको लागि किताबखानाद्वारा ३ वटा फारामहरू (फाराम नं. १, फाराम नं. २ र फाराम नं. ३) विकास गरी पठाइएको छ जुन फारामहरू किताबखानाको वेवसाइट www.stro.gov.np बाट डाउनलोड गर्न सकिनेछ। उक्त फारामहरू सम्बन्धित प्रधानाध्यापकले प्रत्येक शैक्षिक वर्षको बैशाख मसान्तभित्र फाराममा तोकिएको पदाधिकारीबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ।

यसैगरी सेवा निवृत्त शिक्षकको सञ्चित बिरामी विदाको रकम भुक्तानीको लागि बिदा प्रमाणित गरी सिफारिस पठाउन किताबखानाद्वारा थप ३ वटा फारामहरू (फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६) विकास गरी पठाइएको छ। उक्त फारामहरू पनि किताबखानाको वेवसाइट www.stro.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

स्थायी शिक्षकहरूले अस्थायी सेवा अवधिमा सञ्चित गरेको बिरामी बिदाको रकम समेत निजको तत्काल कायम रहेको तलब स्केलका दरले हुन आउने रकम भुक्तानी दिने व्यवस्था बमोजिम सञ्चित बिरामी बिदाको रकम भुक्तानीको दर (स्थायी र अस्थायी अवधिको) फरक फरक हुने भएको हुँदा यस्ता शिक्षकको हकमा अस्थायी सेवा अवधिमा खर्च गरेको बिरामी बिदा अस्थायी सेवा अवधिकै सञ्चित बिदाबाट खर्च देखाउनु पर्छ भने स्थायी अवधिमा खर्च भएको बिरामी बिदालाई निजको स्थायी सेवा अवधिमा सञ्चित रहेको बिरामी बिदाबाटै कट्टा गर्ने व्यवस्था मिलाउनु पर्छ। तर स्थायी सेवा अवधिमा लामो बिदा बस्नु परेको कारण स्थायी सेवा अवधिमा सञ्चित गरेको बिरामी बिदाले नपुग हुने अवस्था सिर्जना भएमा मात्रै त्यस्ता शिक्षकको हकमा अस्थायी सेवा अवधिको सञ्चित बिरामी बिदाबाट कट्टा गरी खर्च गर्न सकिनेछ।

# विषयसूची

| | | |
|---|---|---|
| १. | हाम्रो भनाइ | ङ |
| २. | परिचय | १ |
| ३. | ऐतिहासिक पृष्ठभूमि | ३ |
| ४. | राष्ट्रिय किताबखाना (शिक्षक) को कार्यक्षेत्र | ६ |
| ५. | राष्ट्रिय किताबखाना (शिक्षक) को शाखागत कार्यविवरण | ९ |
| ६. | शिक्षक नियुक्ति सम्बन्धी कानूनी व्यवस्थाहरू | १८ |
| ७. | शिक्षकहरूको अवकाशसम्बन्धी व्यवस्था | २३ |
| ८. | शिक्षक अभिलेख व्यवस्थापन | २५ |
| ९. | राष्ट्रिय किताबखाना (शिक्षक) मार्फत शिक्षकहरूले पाउने सेवा सुविधाहरू | २९ |
| १०. | शिक्षकको स्थायी सेवा गणनासम्बन्धी व्यवस्था | ३९ |
| ११. | बजेट तर्जुमा, कार्यान्वयन तथा सेवा निवृत्त सुविधा रकमको व्यवस्थापन | ४६ |
| १२. | निवृत्त शिक्षकको सुविधासम्बन्धी शिक्षा नियमावलीमा भएका व्यवस्थाहरू | ५० |
| १३. | निवृत्त शिक्षकको निवृत्तभरण सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदान गर्ने सेवाको कार्यविधि | १०६ |
| १४. | राष्ट्रिय किताबखाना (शिक्षक) को कार्यसँग सम्बन्धित विभिन्न निकायका नीतिगत परिपत्रहरू | ११० |
| १५. | सार्वजनिक विद्यालयका शिक्षकहरूको तलबमानसम्बन्धी व्यवस्था | ११८ |
| १६. | दरबन्दी तेरिज | १५७ |
| १७. | जिल्लागत विद्यालय शिक्षक दरबन्दी विवरण | १५८ |
| १८. | विभिन्न निकायबाट भएका परिपत्रहरू | १६१ |

# परिचय

नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरूको लागि विद्यालय शिक्षा सेवाको गठन भई स्थायी तथा अस्थायी रूपमा विद्यालयका शिक्षकहरूको सेवा शर्त सम्बन्धमा सरकारले नियमद्वारा व्यवस्था गर्नसक्ने अधिकार शिक्षा ऐन, २०२८ को दफा १९(२)(द) ले गरेको र सोही अनुसार शिक्षा नियमावली, २०५९ को नियम ८६ द्वारा यो सेवाको गठन गरिएको हो । यस सेवा अन्तर्गत रहने गरी स्थायी शिक्षकहरूको नियुक्ति र बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरूबाट हुन्छ भने नियुक्ति, बढुवा लगायत शिक्षकहरूको सम्पूर्ण सेवा सम्बन्धी अभिलेख राख्न तथा सेवा निवृत्त सुविधा उपलब्ध गराउने सम्बन्धी कार्य गर्नको लागि विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो ।

विभिन्न सरकारी निकायहरूमा कार्यरत जनशक्तिको सेवा सम्बन्धी अभिलेख राख्नको लागि छुट्टा-छुट्टै कार्यालयहरू जस्तैः- सम्पूर्ण निजामती कर्मचारीहरूको लागि निजामती किताबखाना, नेपाली सेनामा कार्यरत सैनिकहरूको लागि सैनिक अभिलेखालय तथा नेपाल प्रहरी (जनपथ तथा सशस्त्र) मा कार्यरत प्रहरीहरूको लागि प्रहरी किताबखानाको व्यवस्था धेरै पहिलेदेखि भई व्यवस्थित भईसकेको छ भने ती भन्दा बढी सङ्ख्यामा रहेका मुलुक भरिका सामुदायिक विद्यालयहरूमा विद्यालय शिक्षा सेवा अन्तर्गत स्थायी भई कार्यरत शिक्षकहरूको केन्द्रीय स्तरमा अभिलेख राख्ने तथा सेवा निवृत्त सुविधा उपलब्ध गराउनको लागि मन्त्रिपरिषद्को मिति २०५४/१०/०२ को निर्णयानुसार शिक्षा मन्त्रालय अन्तर्गत विभाग स्तरको निकायको रूपमा विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो । शिक्षा नियमावली, २०४९ मा भएको छैठौं संशोधन २०५४ ले यसलाई मिति २०५४/११/१९ देखि शिक्षा नियमावलीमा नै आवद्ध गरेपछि प्रजातन्त्र पुनर्स्थापना दिवसको अवसर पारेर मिति २०५४/१२/२६ मा विधिवत् स्थापना भई शिक्षा मन्त्रालय, केशरमहल परिसरको एक कोठाबाट यसको कार्य शुभारम्भ भएको हो । २०५५ भाद्रदेखि यसको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १५ ताहाचल, चागलमा साविकको जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनको कोठामा रहेको थियो भने २०६६ जेष्ठ महिनादेखि विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन म्यूजियम मार्ग, छाउनी काठमाडौंमा रहेको छ ।

शिक्षा ऐन, २०२८ समय समयमा जारी भएका शिक्षा नियमावली (२०२८, २०४९, २०५९ समेत) एवम् अन्य प्रचलित कानूनहरू, नेपाल सरकारका बेला बखतका निर्णयहरू, शिक्षा मन्त्रालयबाट समय समयमा भएका परिपत्रहरूका आधारमा विद्यालय शिक्षक किताबखानाका कार्यहरू सम्पादन

हुँदै आएका छन् । किताबखानाबाट सम्पादन हुने हरेक कार्यलाई छिटो, छरितो, सरल, गुणस्तरीय, प्रभावकारी, व्यवस्थित, पारदर्शी एवम् समय सापेक्ष बनाउँदै लैजाने क्रममा सरकारले आम जनतालाई उपलब्ध गराउने सेवा सम्बन्धमा जारी गरको सेवा, सुविधा प्रभावकारी बनाउनेसम्बन्धी निर्देशिका २०६१, सरकारको तत्काल सुधार कार्ययोजना र आम सेवाग्राहीलाई सेवा उपलब्ध गराउने सम्बन्धमा मिति २०७०/११/११ देखि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गरिएको छ । विद्यालय शिक्षक किताबखाना आन्तरिक कार्य सञ्चालन कार्यविधि, २०७० द्वारा यस किताबखानाको कार्य निर्देशित भैरहेको छ । नेपाल सरकारको (मन्त्रिपरिषद्) को मिति २०७५/०२/०६ को निर्णयअनुसार निजामती किताबखाना, विद्यालय शिक्षक किताबखाना तथा प्रहरी किताबखानालाई एकीकरण गरी राष्ट्रिय किताबखाना गठन गर्ने निर्णय पश्चात यस कार्यालय राष्ट्रिय किताबखाना (शिक्षक) को नामबाट र साविककै स्थानबाट कार्य सञ्चालन हुँदै आएको छ ।

# ऐतिहासिक पृष्ठभूमि

केन्द्रीय स्तरमा विद्यालय शिक्षक किताबखानाको स्थापना २०५४ मा भएको भएतापनि यसले हाल गरी आएका शिक्षक अभिलेखसम्बन्धी कार्यहरू नयाँ शिक्षा योजनाको शुरुवात र अझ त्यस भन्दा अघिदेखि जिल्लाहरूमा जिल्ला शिक्षा कार्यालयहरू स्थापना भएदेखि नै र सेवा निवृत्त सुविधासम्बन्धी कार्यहरूको हकमा शिक्षा नियमावलीमा व्यवस्था भएपछि सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय तथा शिक्षा मन्त्रालयबाट हुँदै आएको थियो । प्रत्येक जिल्ला र क्षेत्रबाट भई आएका कार्यहरूलाई बढी व्यवस्थित र एकरूपताका साथ गर्ने कार्य भने यस किताबखानाको स्थापना पछि हुँदै आएको छ ।

विद्यालय शिक्षाको प्रशासन तथा त्यस अन्तर्गत रहने शिक्षकहरूको व्यवस्थाको ऐतिहासिक पृष्ठभूमि केलाउँदा २००७ सालको राणा शासन समाप्तिपछि भएको प्रजातन्त्रको स्थापना र त्यसको प्रतिफल स्वरूपको शैक्षिक विकासलाई हेर्न सकिन्छ । यस अन्तर्गत २००९ सालमा स्थापना भएका शिक्षा मन्त्रालय तथा शिक्षा विभाग र त्यहाँ रहने डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन, असिष्टेन्ट डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्सन, चिफ इन्स्पेक्टर अफ स्कूल र तिनीहरूद्वारा हुने प्रशासनलाई पहिलो खुड्किलोको रूपमा लिन सकिन्छ ।

राष्ट्रिय शिक्षा योजना आयोग, २०१० को गठन भएपछि मुलुकभर धनकुटा, जनकपुर, काठमाडौं, पोखरा, तौलिहवा, नेपालगञ्ज तथा सिलगढी (डोटी) समते ७ स्थानमा रहने गरी डिभिजनल इन्स्पेक्टर अफ स्कूल स्थापना भई प्रत्येक जिल्लामा वडा हाकिमको अध्यक्षतामा जिल्ला शिक्षा समिति समेत गठन हुने व्यवस्था भयो ।

२०१४ सालमा इन्स्पेक्टर अफिस विस्तार भई ३१ वटा सवइन्स्पेक्टर अफिस पुऱ्याइए । यसै अवधिमा अञ्चल शिक्षा अधिकारी र जिल्ला शिक्षा इन्स्पेक्टरको व्यवस्था समेत भई यिनीहरूद्वारा शिक्षा प्रशासन तथा शिक्षक व्यवस्थासम्बन्धी कार्य भएको पाइन्छ ।

यसै क्रममा शिक्षा ऐन, २०२७ जारी भएपछि प्रत्येक जिल्लामा जिल्ला शिक्षा समिति रहने व्यवस्था भयो । २७ जिल्लामा (कतै २९ जिल्ला उल्लेख भएको) छुट्टै जिल्ला शिक्षा कार्यालय र बाँकी जिल्लामा प्रमुख जिल्ला अधिकारी, शिक्षा शाखा (जिल्ला प्रशासन कार्यालयको शाखा) को रूपमा कार्यालय स्थापना भई कार्य हुने गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ अनुसार राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) लागू भएपछि भने शिक्षा विभाग हटाइयो र क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय र प्रत्येक जिल्लामा जिल्ला शिक्षा कार्यालय स्थापना भई शिक्षा प्रशासन (शिक्षक अभिलेख समेत) सम्बन्धी कार्य हुने व्यवस्था भएको पाइन्छ ।

यस प्रकार राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनापछि नयाँ शिक्षा योजनाको थालनी नभएसम्म शिक्षा सम्बन्धी कार्यालयहरू खुल्दै गएको र यिनै कार्यालयहरूबाट विभिन्न रूपमा शिक्षक व्यवस्था समेतको शिक्षा प्रशासन चल्दै गएको देखिन्छ । तापनि शिक्षकहरूको सेवा सुविधा सम्बन्धी कार्य भने नयाँ शिक्षा योजनाको शुरुवातपछि मात्र भए गरेको पाइएको छ ।

**शिक्षकहरूको सेवा शर्तमा सुधार सम्बन्धी व्यवस्थाहरू**

राष्ट्रिय शिक्षा पद्धतिको योजनामा भएको अन्य व्यवस्थाको अतिरिक्त शिक्षकहरूको सेवा शर्तमा सुधार सम्बन्धी व्यवस्था पनि उल्लेख भएको पाइन्छ । यस अन्तर्गत गैर सरकारी शिक्षकहरूको सेवालाई नियमित र सुरक्षित बनाउन जिल्लास्तरमा शिक्षक सेवा गठन गरिने, शिक्षकहरूको तलब समान योग्यता भएकाले अरु पेशामा पाउने सरह नै हुने, गैर सरकारी शिक्षकलाई पनि अवकाश पाएपछि अनुदान दिइने आदि कुरा पर्दछन् । त्यस्तै २०२८ सालमा जारी भएको शिक्षा नियमावली, २०२८ को नियम ४५ मा पनि यसै सम्बन्धी व्यवस्था भएको पाइन्छ । जस अनुसार लगातार १० वर्षभन्दा बढी सेवा गरी सकेका विद्यालयका शिक्षक तथा कर्मचारीले अवकाश प्राप्त गरेपछि सरकारले तोकिदिए बमोजिम जिल्ला शिक्षा कोषबाट अनुदान पाउने कुराको उल्लेख भएको पाइन्छ । स्थायी शिक्षकहरूलाई निवृत्तभरणको व्यवस्था नभई रहेकोमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाका उपरोक्त उल्लिखित व्यवस्था र वेलावखतका शिक्षक आन्दोलन समेतको परिणाम स्वरूप शिक्षा नियमावली, २०२८ मा भएको पाँचौं संशाधन २०३६/०६/०८ द्वारा २० वर्ष सेवा अवधि पुगेका शिक्षकलाई निवृत्तभरण तथा १० वर्ष सेवा पुगेकालाई अनुदान (उपदान) दिइने नीतिगत व्यवस्थाको शुरुवात भएको देखिन्छ ।

उपरोक्तानुसार शिक्षकहरूलाई सेवा निवृत्त सुविधा दिइने भन्ने कानूनी व्यवस्था भए तापनि त्यसको कार्यान्वयन भने २०४१ को अन्त्यसम्म पनि भएको पाइँदैन । शिक्षकहरूको निवृत्तभरण लगायत सेवा निवृत्त सुविधा सम्बन्धमा व्यवस्था गर्न शिक्षा नियमावली, २०२८ (पाँचौं संशोधन) अनुसार गठित केन्द्रीय व्यवस्था समितिको पहिलो बैठक २०४२/०१/१३ मा बसेको र २०३५/०४/०१ देखि अवकाश पाउने शिक्षकलाई निवृत्तभरण रकम दिइने भनिए पनि निवृत्तभरण सम्बन्धी प्रारम्भिक काम कारवाहीको थालनी यही पहिलो बैठकबाट भएको देखिन्छ । यसै बैठकले शिक्षकहरूको निवृत्तभरण सम्बन्धी काम सबैभन्दा पहिला गर्न लागिएको र निकै ठूलो सङ्ख्याको काम कारवाही गर्नुपर्ने भएकोले सो कामको लागि उपयुक्त सङ्ख्यामा कर्मचारीका व्यवस्था गर्ने तथा छुट्टै कार्यालय खडा गर्ने भनी निर्णय भएको देखिन्छ ।

पहिलो बैठकमा शिक्षकहरूको अभिलेख सम्बन्धमा छुट्टै कार्यालय खडा गर्ने भनी निर्णय भएकोमा दोस्रो बैठक (२०४२/०२/०२) बाट (क) शिक्षक अभिलेखको मुख्य जिम्मेवारी जिल्ला शिक्षा अधिकारीलाई दिने (ख) गैर सरकारी शिक्षकको सङ्ख्या निक्कै भएकोले केन्द्रबाट नै सबै शिक्षकहरूको निवृत्तभरण सम्बन्धी काम गर्दा शिक्षकलाई पनि असुविधा पर्ने तथा केन्द्रमा कार्यवोझ वढ्ने भएकोले

निवृत्तभरण सम्बन्धमा केन्द्रीयस्तरमा छुट्टै विभाग खडा नगरी पाँचै क्षेत्रीय शिक्षा निर्देशनालयहरूमा निवृत्तभरणसम्बन्धी काम गर्नको लागि छुट्टै इकाइ खडा गर्ने गरी क्षेत्रीयकरण गर्ने र केन्द्रमा मन्त्रालयको विद्यालय प्रशासन शाखा अन्तर्गत एक सानो इकाइ मात्र राख्ने भनी निर्णय भए अनुसार शिक्षकहरूको सेवा निवृत्त सुविधा सम्बन्धी सम्पूर्ण काम कारवाहीहरू क्षेत्रीय स्तरबाट नै हुने गरेको पाइएको छ ।

तत्कालीन उपलब्ध भएसम्मका अभिलेखहरू हेर्दा शिक्षकहरूको निवृत्तभरणसम्बन्धी काम कारवाहीहरू क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुने र कानूनी तथा तथ्यगत विषयमा क्षेत्रीय शिक्षा निर्देशनालयलाई कुनै द्विविधा भएको खण्डमा मन्त्रालयको केन्द्रीय व्यवस्था समितिको वैठकमा राखी उत्पन्न भएको समस्याको समाधान गर्ने गरेको पाइएको छ ।

यसरी शिक्षा मन्त्रालय तथा केन्द्रीय व्यवस्था समितिको नीति निर्देशनमा रही क्षेत्रीय शिक्षा निर्देशनालयहरूबाट नै २०४२ देखि २०५४ सालसम्म शिक्षकहरूको सेवा निवृत्त सुविधा सम्बन्धी काम भई आएकोमा यस किताबखानाको स्थापनापछि भने यस सम्बन्धी सम्पूर्ण कामहरू यसै किताबखानाबाट भई आएको छ ।

# राष्ट्रिय किताबखाना (शिक्षक) को कार्यक्षेत्र

माथि उल्लिखित ऐतिहासिक पृष्ठभूमिमा शिक्षक किताबखानाको स्थापना भई कार्य सञ्चालनमा रहेकोमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ मा व्यवस्था भएअनुसार यस किताबखानाको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

१. शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने,

२. शिक्षकहरूको निवृत्तभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,

३. शिक्षकको निवृत्तभरण, उपदान, औषधि उपचार र बीमाका लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइसँग विवरण माग गर्ने,

४. उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई ६ महिना अगावै जानकारी गराउने,

५. शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने, गराउने,

६. निवृत्तभरण कोष सञ्चालन गर्ने,

७. निवृत्तभरण, उपदान, बीमा, औषधि उपचार लगायतका अन्य रकमको निकासा दिने,

८. निवृत्तभरण, उपदान सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्ने,

९. शिक्षकको सेवा अवधि गणना सम्बन्धी काम गर्ने,

१०. मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने ।

नियमावलीले नै तोकेका उल्लिखित कार्यहरूको अतिरिक्त यस किताबखानाले देहाय बमोजिमका कार्यहरू पनि गरी आएको छ ।

१. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मातहतका शिक्षा विकास तथा समन्वय इकाइमा भएका स्थायी शिक्षकहरूको अभिलेखलाई निरीक्षण र अद्यावधिक गर्ने ।

२. केन्द्रीयस्तरमा स्थायी शिक्षकहरूलाई प्रदान गरिने पुरस्कार तथा प्रसंशापत्रको लागि आवश्यक विश्वसनीय आधार उपलब्ध गराउने ।

३. अनियमित र अनुचित फाइदा लिन सक्ने दुस्प्रयासलाई हतोत्साहित गर्ने ।

४. शिक्षक परिवारको हक दावीको सही निर्णय दिने ।

५. शिक्षकहरूका लागि राष्ट्रले बेहोर्नु पर्ने यथार्थ वार्षिक व्यय पत्ता लगाई जानकारी गराउने ।

६. कार्यरत तथा निवृत्त शिक्षक सम्बन्धी अन्य कार्य गर्ने ।

७. सालवसाली शिक्षकहरूको सम्पत्ति विवरण व्यवस्थापन गर्ने ।

८. निवृत्तभरण प्राप्त शिक्षकलाई परिचयपत्र प्रदान गर्ने ।

## राष्ट्रिय किताबखाना (शिक्षक) का विद्यमान समस्या तथा चुनौतीहरू

यस किताबखानाको कार्य सम्पादनमा देहाय अनुसारका समस्या तथा चुनौतीहरू रहेका छन् ।

**समस्याहरू:**

१. सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूको अभिलेखीकरण तथा निवृत्त शिक्षकको सेवा सुविधा उपलब्ध गराउने कार्य गहन भएकोले उक्त सेवा सुविधा लगायतको कार्य गर्नको लागि यस किताबखानाको मौजुदा कर्मचारी दरबन्दी सङ्ख्या न्यून हुनु ।

२. कूल १ लाख ९ हजार १२५ स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरूको अभिलेख राख्नको लागि भौतिक पूर्वाधार पर्याप्त नहुनु ।

३. कार्यरत कर्मचारीलाई अभिलेख व्यवस्थापन सम्बन्धी व्यवहारिक तथा प्राविधिक स्वदेशी तथा विदेशी कुनै पनि किसिमको तालिमको व्यवस्था नहुनु । सम्पूर्ण कर्मचारीहरूलाई अन्तर्गतका कार्य आफैँ गर्न सक्ने बनाउन कम्प्यूटर सम्बन्धी तालिमको व्यवस्था नहुनु ।

४. सम्बन्धित जिल्लाबाट शिक्षकहरूको अभिलेख समयमा नआउनु र अभिलेख व्यवस्थापन लगायतको कार्य गर्न शिक्षा विकास तथा समन्वय इकाइहरूले पर्याप्त ध्यान नदिनु ।

५. बेतलबी बिदा तथा सञ्चित बिरामी बिदा आदिमा व्यवस्थित र पारदर्शी अभिलेख तयार गर्न शिक्षक, विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइबाट पर्याप्त र प्रभावकारी प्रयास भएको नपाइनु ।

६. शिक्षा ऐन, नियमावलीमा भैरहेको द्विविधा र असजिला अवस्थाका सम्बन्धमा समय-समयमा ऐन नियममा संशोधन नहुनु । स्पष्ट व्यवस्था नभई वारम्वार निर्देशन माग गर्नुपर्ने अवस्था हुनु । समयमा तालुक निकायबाट निर्देशन आई नपुग्दा कार्यमा ढिला सुस्ती देखिनु ।

७. लामो समयसम्म शिक्षण सेवा गरी सेवा निवृत्त भएर सुविधा लिने सम्बन्धमा फाइल आफैं लिएर आउने शिक्षकहरू पनि प्रक्रिया नपुगेको कुरालाई यस कार्यालयले अनावश्यक दुःख दिन खोजेको ठानी प्रतिकुल व्यवहार प्रदर्शन गर्ने तथा भनसुनमा विश्वास लिने प्रवृत्तिको हावी हुनु ।

८. कार्यालयलाई चाहिने आधुनिक साधन र स्रोतको अपर्याप्तता हुनु ।

९. विश्वव्यापीकरणको यो समयमा आवश्यक दक्षता/क्षमता अभिवृद्धि गर्ने आधुनिक प्रविधिको पहुँच/अवसरबाट शिक्षक किताबखानाका कर्मचारी टाढा हुनु ।

**चुनौतीहरू:**

१. स्थापनाकालमा १४ जना कर्मचारीहरूको दरबन्दी भई २०६१/४/१ देखि २७, २०७१ सालबाट ३४ र २०७६ सालबाट ३३ दरबन्दी स्वीकृत भए तापनि तल्लो तहको कर्मचारीहरूको दरबन्दी सङ्ख्या न्यून रहेकोले कर्मचारीहरूबाट देशभर सञ्चालित करीव ३१ हजार सामुदायिक विद्यालय र त्यसमा कायम रहेका १,०९,१२५ शिक्षक दरबन्दी र कार्यरत स्थायी शिक्षकहरूको अभिलेख समयमै अद्यावधिक वनाई राख्नु र निवृत्त सेवा, सुविधाका सम्बन्धमा छिटो, छरितो तरिकाले निर्णय दिनुपर्ने अवस्था ।

२. विद्यमान जनशक्ति र भौतिक सुविधाकै अवस्थामा अभिलेखलाई वैज्ञानिक ढङ्गले राख्नुपर्ने वाध्यता ।

३. शिक्षा नियमावली, २०५९ (आठौं संशोधन सहित) को नियम १२६ को उपनियम (२) को खण्ड (घ) मा उल्लेख भए बमोजिम उमेरको कारणबाट अवकाश पाउने शिक्षकलाई अवकास पाउने मिति समेत खुलाई ६ महिना अगावै जानकारी पठाउनु पर्ने र खण्ड (ङ) मा उल्लेख भए बमोजिम सम्पूर्ण शिक्षकहरूको वार्षिक तलबी प्रतिवेदन पारित गराउनु पर्ने कार्यको कार्यान्वयन पक्षमा सम्बन्धित शिक्षकले समयमा सिटरोल नभर्ने र अभिलेख व्यवस्थापनमा साविकको जिल्ला शिक्षा कार्यालयर हालको शि.वि.स.इ.को मौनताले केहि जटिलता ।

४. सेवारत तथा निवृत्त शिक्षकहरूलाई सेवा, सुविधा वापतको रकम यथासम्भव चाँडो निकासा दिने ।

५. वैज्ञानिक एवम् अद्यावधिक अभिलेखको माध्यमबाट सुधारात्मक नीति, कार्यक्रम तर्जुमा हुनसक्ने भरपर्दो आधारको सिर्जना गराउन ।

६. शिक्षकहरूको अभिलेख अभिलेखीकरण र कम्प्युटरकृत गरी विद्युत्तीय माध्यमबाट समेत अभिलेख व्यवस्थापन गर्न आन्तरिक कार्यक्षमताको विस्तार र वृद्धि गर्न आवश्यक स्रोत जनशक्ति र साधनको प्रयोगमा कमी ।

७. शिक्षा विकास तथा समन्वय इकाइबाट निवृत्त शिक्षकहरूको सुविधा सिफारिस गरी पठाउँदा सम्पूर्ण कागजात अद्यावधिक नहुनु ।

# राष्ट्रिय किताबखाना (शिक्षक) को शाखागत कार्यविवरण

**निवृत्तभरण/उपदान शाखा :**

उप-महानिर्देशकको सामान्य निर्देशन तथा नियन्त्रणमा रही सम्बन्धित नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, मूल्यांकन, समन्वय गर्ने लगायतका निम्न कार्यहरू गर्नुपर्दछ ।

१. विद्यमान स्रोत, साधन, सुविधा र आवश्यकताको पहिचान तथा विश्लेषण गरी शिक्षक अभिलेख र सेवा निवृत्त सुविधा सम्बन्धी राष्ट्रिय स्तरको नीति निर्धारणमा सहायता पुऱ्याउने ।

२. शिक्षक अभिलेख र सेवा निवृत्त शिक्षकको सुविधामा आधारित अनुसन्धान कार्यको लागि प्राथमिक चरणको कार्य गर्ने । शिक्षकहरूको अभिलेख तथा संरचना अद्यावधिक गरी राख्ने ।

३. कार्यरत शिक्षकहरूको शुरु नियुक्ति, स्थायी नियुक्ति, सरुवा, बढुवा, विभागीय कारवाही, अवकाश आदिको अभिलेख अद्यावधिक रूपमा राख्ने ।

४. कार्यरत शिक्षकहरूले उपभोग गरेका औषधि उपचार खर्च, अध्ययन तथा असाधारण, बेतलबी तथा अन्य बिदाको अभिलेख राख्ने ।

५. सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा नियुक्ति भई नियमानुसार राजिनामा स्वीकृत तथा अवकाश भएका शिक्षकहरूको लागि निवृत्तभरण तथा उपदान रकम निर्धारण गर्नुको साथै पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता, सन्तति वृत्ति, औषधोपचार तथा सञ्चित बिरामी बिदाको रकम निर्धारण गर्ने र पेन्सन पट्टा उपलब्ध गराउने ।

६. नियमानुसार अवकाश वा राजिनामा स्वीकृत गराई सुविधा प्राप्त गरी रहेका शिक्षकहरूको अभिलेख व्यवस्थित गरी राख्ने ।

७. शिक्षकहरूको निवृत्तभरण र उपदानको सम्बन्धमा अभिलेख व्यवस्थित गरी सेवा/सुविधाको लागि आवश्यक व्यवस्था मिलाउने ।

८. निवृत्तभरण, उपदान, औषधि उपचार तथा कार्यरत औषधि उपचार लगायतका रकमको निकासाका लागि आवश्यक व्यवस्था मिलाउने ।

९. शाखा सम्बन्धी निर्दिष्ट गरेका अन्य कार्य गर्ने/गराउने ।

१०. शिक्षकहरूको तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा नियुक्ति मिति, तालीम, बढुवा तथा तलब स्केल, ग्रेड र अन्य आवश्यक प्रमाणहरू समेत हेरी सम्बन्धित शिक्षकको फायल तथा शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त विवरण जाँचबुझ र रुजु गरी आफ्नो शाखा अन्तर्गतको जिल्लाहरूको तलबी प्रतिवेदन नियमानुसार पारित गर्ने ।

११. शाखा अन्तर्गत पर्ने जिल्लाको शिक्षकहरूको सम्पत्ति विवरण व्यवस्थित र सुरक्षित साथ अभिलेखीकरण गरी व्यवस्थापन गर्ने ।

१२. शाखा अन्तर्गत पर्ने जुनसुकै विषय सम्बन्धमा न्यायालय, अदालतको लिखित जवाफ, अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्र, मन्त्रालय र अन्य कार्यालयसँग हुने पत्र-व्यवहार लगायतको कार्य अधिकार प्राप्ति अनुसार गर्ने ।

१३. शाखा अन्तर्गत पर्ने जिल्लाको यकीन दरबन्दी र दरबन्दीमा कार्यरत शिक्षकहरूको जिल्लागत, विद्यालयगत तथा व्यक्तिगत विवरण व्यवस्थित हुने गरी दरबन्दी तथा नाम दर्ता किताबमा दर्ता गर्ने । अभिलेख शाखा र कम्प्युटर शाखासँग समन्वय गरी सो विवरण कम्प्युटरमा प्रविष्ट गराई अद्यावधिक राख्ने व्यवस्था मिलाउने । अभिलेखलाई चुस्त, दुरुस्त राख्ने ।

१४. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिमका अन्य सम्पूर्ण कार्यहरू गर्ने गराउने ।

**अभिलेख व्यवस्थापन शाखाः**

१. ७७ जिल्लाका सामुदायिक विद्यालयको स्थायी शिक्षकहरूको सम्पत्ति विवरण व्यवस्थित गरी अभिलेख राख्ने व्यवस्था मिलाउने ।

२. कानुनले तोकेको म्याद भित्र सम्पत्ति विवरण बुझाउनका लागि प्रत्येक वर्ष आफू मातहतका कार्यालयलाई र सम्बन्धित विद्यालय तथा शिक्षकलाई आवश्यक सूचना तथा परिपत्र गर्ने ।

३. सम्पत्ति विवरण बुझाउने र नबुझाउने शिक्षकहरूको नामावली तयार गर्ने ।

४. सम्बन्धित निकायबाट सम्पत्ति विवरण नबुझाउने शिक्षकहरूको नामावली माग भई आएमा उपलब्ध गराउने ।

५. समय-समयमा आवश्यकता अनुसार सम्पत्ति विवरण सम्बन्धी परिपत्र तथा निर्देशन गर्ने । सम्पत्ति विवरण सम्बन्धी कार्यमा आवश्यकता अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र तथा राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गर्ने ।

६. सम्बन्धित निकायबाट शिक्षकहरूको सम्पत्ति विवरण माग हुन आएमा पठाउने व्यवस्था मिलाउने ।

७. शिक्षकहरूको सम्पत्ति विवरणलाई अति संवेदनशील ठानी गोप्य रूपमा सुरक्षित तरिकाले राख्ने । उक्त सम्पत्ति विवरण आवश्यक परेको समयमा सजिलै प्राप्त गर्न सकिने गरी राख्ने कार्यरत शिक्षकहरूको सेवा/नोकरी गणना तथा बसाइसराइ सम्बन्धी ऐन, नियमले तोकिए अनुसार कार्य गर्ने ।

८. शिक्षा ऐन तथा नियमावलीमा परिमार्जन गर्नुपर्ने विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रस्ताव पेश गर्ने । आवश्यक परेको विषयमा नीति निर्देशन माग गर्ने ।

९. सम्मानित अदालतमा लिखित जवाफ पेश गर्ने । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सर्तकता केन्द्र, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अन्य कार्यालयसँग आवश्यक पत्र व्यवहार गर्ने ।

१०. सेवारत तथा निवृत्त शिक्षकहरूको फायलको संरक्षण गनुको साथै निवृत्तभरण/उपदान शाखालाई आवश्यक परेको समयमा फायल तथा आवश्यक कागजात उपलब्ध गराउने । निवृत्तभरण/उपदान शाखासँग समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

११. सेवामा बहाल रहेका शिक्षकहरूको जिल्लागत विवरण अद्यावधिक गर्ने ।

१२. सामुदायिक विद्यालयहरूको सङ्ख्या यकीन गरी कोड नम्बर कायम गर्ने ।

१३. सामुदायिक विद्यालयका शिक्षकहरूको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) समयमै भर्न लगाउने तथा अभिलेखसँग सम्बन्धित प्रकृया पूरा गराउन शिक्षा विकास तथा समन्वय इकाइमा परिपत्र गर्ने ।

१४. निवृत्तभरण/उपदान शाखासँग समन्वय गरी सामुदायिक विद्यालयका शिक्षकहरूको तलबी प्रतिवेदन पारित गर्ने/गराउने व्यवस्था मिलाउने ।

१५. कार्यालयबाट प्रमाणित भएको सिटरोल २ थान इकाइमा पठाउने र १ थान अभिलेखको लागि कार्यालयमा सुरक्षित साथ राख्ने ।

१६. ७७ जिल्लाको दरबन्दी र कार्यरत शिक्षकहरूको व्यक्तिगत, विद्यालयगत/जिल्लागत विवरण सम्बन्धित निवृत्तभरण/उपदान शाखासँग समन्वय गरी दरबन्दी तथा नाम दर्ता किताबमा दर्ता गर्ने र सो विवरण अद्यावधिक राख्ने । दर्ता गरी सकेपछि कम्प्युटरमा प्रविष्ट गराई सुरक्षित साथ तथ्याङ्क राख्ने व्यवस्था मिलाउने ।

१७. अभिलेखलाई चुस्त, दुरुस्त राख्ने व्यवस्था मिलाउने ।

१८. शिक्षकको स्थायी नियुक्ति, (नियुक्ति सम्बन्धी अन्य) शैक्षिक योग्यता, नागरिकता, तालिम, सरुवा, बढुवा, विभागीय कारवाही, औषधि उपचार, अध्ययन, असाधारण बेतलबी तथा अन्य बिदाको अभिलेख व्यवस्थित, त्रुटी रहित तथा विश्वसनीय ढङ्गले सुरक्षित र भरपर्दो किसिमले अभिलेखिकरण गर्ने/गराउने ।

१९. उमेरको हदबाट अनिवार्य अवकाश पाउने शिक्षकहरूलाई शिक्षा ऐन, नियमावली, निर्देशन तथा परिपत्र अनुसार ६ महिना अगावै अवकाशको जानकारी गराउने व्यवस्था मिलाउने ।

२०. विद्यमान स्रोत, साधन, सुविधा र आवश्यकताको पहिचान तथा विश्लेषण गरी शिक्षक अभिलेख र सेवा निवृत्त सुविधा सम्बन्धी राष्ट्रिय स्तरको नीति निर्धारणमा सहायता पुऱ्याउने ।

२१. शिक्षक अभिलेख र सेवा निवृत्त शिक्षकको सुविधामा आधारित अनुसन्धान कार्यको लागि प्राथमिक चरणको कार्य गर्ने । शिक्षकहरूको अभिलेख तथा सूचना अद्यावधिक गरी राख्ने ।

२२. कार्यरत शिक्षकहरूको शुरु नियुक्ति, स्थायी नियुक्ति, सरुवा, बढुवा, विभागीय कारवाही, अवकाश आदिको अभिलेख अद्यावधिक रूपमा राख्ने ।

२३. कार्यरत शिक्षकहरूले उपभोग गरेका औषधि उपचार खर्च, अध्ययन तथा असाधारण, बेतलबी तथा अन्य बिदाको अभिलेख राख्ने ।

२४. कार्यालयको अभिलेख तथा अभिलेखीकरणसम्बन्धी कार्यमा निवृत्तभरण/उपदान शाखासँग समेत समन्वय गरी सेवारत तथा सेवा निवृत्त शिक्षकलाई चुस्त, दुरुस्त, पारदर्शी सेवा प्रदान गर्न भूमिका निर्वाह गर्ने ।

२५. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू सम्पादन गर्ने ।

**अनुगमन तथा सुधार व्यवस्थापन शाखा:**

१. मौजुदा स्रोत, साधन, सुविधा तथा आवश्यकताको पहिचान र विश्लेषण गरी राष्ट्रिय स्तरको नीति र योजना तयार गर्ने ।

२. सेवारत तथा सेवा निवृत्त शिक्षकहरूको सहज रूपमा सेवा प्रदान गर्नको लागि सेवा प्रदायक कर्मचारीहरूलाई तालिम सम्बन्धी कार्यक्रम तथा योजना बनाउने ।

३. सेवाग्राही शिक्षकहरूलाई चुस्त, दुरुस्त तथा छिटोछरितो तवरले सेवा प्रदान गर्नको लागि कार्यालय कर्मचारीहरूको व्यवहारमा मृदुभाषी, शीष्टता, नम्रता, विनयशीलताका साथ गर्ने, भौतिक सामग्रीहरूको उपलब्धतालाई मध्यनजर गरी सोको व्यवस्थापनको लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

४. सेवाग्राहीहरूको सुविधा, सरलता र कार्य पारदर्शिताको लागि सुधार कार्य योजना र कार्यक्रम तयार गरी लागू गर्ने ।

५. वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी प्राथमिकताका आधारमा योजना बनाई पेश गर्ने ।

६. ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइहरूमा अभिलेख व्यवस्थापन, तलबी प्रतिवेदन तथा निवृत्त शिक्षकको सेवा, सुविधा निर्धारण तथा सेवा प्रदान गर्ने प्रकृयाका सम्बन्धमा अनुगमन तथा निरीक्षणको कार्ययोजना तय गर्ने र सो अनुसारको व्यवस्था मिलाउने ।

७. सेवारत तथा सेवा निवृत्त शिक्षकहरूलाई सेवा प्रदान गर्न विभिन्न क्षेत्र तथा जिल्लाहरूमा शिक्षा विकास निर्देशनालय तथा शिक्षा विकास तथा समन्वय इकाइहरूका शाखा अधिकृत तथा प्राविधिक सहायकहरूलाई प्रशिक्षित गर्नका लागि अभिमुखीकरण गोष्ठी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

८. शिक्षकहरूको अभिलेख व्यवस्थापनलाई सुरक्षित एवम् व्यवस्थित गरी राख्न अल्पकालीन तथा दीर्घकालिन योजना बनाउने । शिक्षकहरूको व्यक्तिगत फाइलको व्यवस्थापन र सुरक्षाको लागि प्रदेशगत रुपमा कर्मचारी तोकी जिम्मेवार बनाउने ।

९. कार्यालयको भौतिक संरचना तथा जनशक्तिको उपलब्धतालाई विचार गरी आवश्यक संरचना निर्माण गर्न तथा जनशक्तिको व्यवस्थापन र आवश्यकतालाई पहिचान गरी कार्यालयको कामकाजलाई बढी प्रभावकारी बनाउने ।

१०. सेवारत तथा सेवा निवृत्त शिक्षकहरूको सुविधाको लागि शुरु नियुक्तिदेखि अवकाश हुँदा सम्मको अवस्थामा सेवा प्रदान गर्नको लागि अभिलेख लाई चुस्त, दुरुस्त राख्न सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइलाई व्यवस्थित योजना बनाउन आवश्यक निर्देशन दिने ।

११. शिक्षकहरूलाई सेवा, सुविधा प्रदान गर्नको लागि के-कस्ता कार्यहरू शिक्षा विकास तथा समन्वय इकाइ सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अधिकार प्रत्यायोजन गर्दा सम्बन्धित सेवाग्राहीलाई सुविधा पुग्छ, सो कुराको पहिचान गरी अधिकार प्रत्यायोजनका लागि नीति निर्माण तहमा पुऱ्याउने शिक्षकहरूको सम्पत्ति विवरण व्यवस्थापन/तलबी प्रतिवेदन पारित गर्ने कार्यहरू यस किताबखानाको कार्य क्षेत्र भित्र पर्ने भएको र सो कार्य सम्बन्धित निकायहरूमा अधिकार प्रत्यायोजन गर्दा बढी प्रभावकारी, सेवा, सुविधा अभिलेख व्यवस्थित र सेवाग्राही लाभान्वित हुने देखिने भएको अवस्थामा उक्त कार्य सञ्चालन, व्यवस्थापन गर्नको लागि यथोचित कार्ययोजना बनाई आवश्यक पहल गर्ने ।

१२. राष्ट्रिय किताबखाना (निजामती), राष्ट्रिय किताबखाना (प्रहरी) जस्ता कार्यालयहरूको कार्य प्रकृति र अभिलेख व्यवस्थापनका सम्बन्धमा भए गरेका कार्यहरूबाट यस कार्यालयलाई आवश्यक पर्ने अभिलेख, सेवा, सुविधा सम्बन्धमा अवलोकन र अध्ययन गरी कार्यालयबाट हुने कार्यमा व्यवस्थित र सरल, सुलभ तवरले सेवा प्रदान गर्दै जाने व्यवस्था गर्ने ।

१३. अन्य शाखासँग समन्वयात्मक भूमिका निर्वाह गरी कार्य योजना निर्माण गर्ने व्यवस्था मिलाउने ।

१४. मासिक, त्रैमासिक, चौमासिक तथा वार्षिक प्रगति विवरण योजना आयोगको निर्धारित ढाँचामा बनाउने र सम्बन्धित निकायमा पठाउने ।

१५. योजना तथा कार्यक्रम सम्बन्धी विभिन्न निकायले सञ्चालन गरेको बैठकमा भाग लिन जाने ।

१६. योजना तथा कार्यक्रम निर्माण तथा सञ्चालनका लागि विभिन्न निकायसँग समन्वय गर्ने ।

१७. कार्यालयको प्रशासनिक चुस्तता, भौतिक व्यवस्थापन, सरसफाइ, सुरक्षा, कर्मचारीहरूका हकहित र सुविधाको विषयमा पहल र व्यवस्था गर्ने । किताबखानाको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, तालीम तथा बैठकमा भाग लिने व्यवस्थासम्बन्धी सूचना र प्रक्रिया मिलाउने ।

१८. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू सम्पादन गर्ने ।

**प्रशासन शाखा** (**जिन्सी, दर्ता, चलानी**)

१. सामान्य प्रशासन सम्बन्धी कार्य गर्ने ।

२. किताबखानामा कार्यरत कर्मचारीहरूको बिदा अभिलेख राख्ने ।

३. बिदा स्वीकृत सम्बन्धी कारवाही गर्ने ।

४. कर्मचारी आचार संहिता पालना गर्ने/गराउने ।

५. पुरस्कार र विभागीय कारवाहीका लागि सिफारिस गर्ने ।

६. कर्मचारी प्रशासन तथा प्रशासन सम्बन्धी सम्पूर्ण काम गर्ने ।

७. कार्यालय सम्बन्धी आईपरेको जुनसुकै कार्य गर्ने ।

८. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू शीघ्रतापूर्वक सम्पादन गर्ने ।

**जिन्सी शाखा**

१. कार्यालयको चल, अचल सम्पत्तिको विवरण अद्यावधिक गर्ने ।

२. मिनाहा तथा लिलाम हुने सम्पत्तिसम्बन्धी विवरण तयार पारी सोसम्बन्धी कारवाही गर्ने ।

३. सार्वजनिक खरिद इकाइ गठन गर्ने ।

४. कार्यालय सञ्चालनका लागि माग र आपूर्तिको व्यवस्थापनका लागि स्वीकृत गरे बमोजिम सामानहरू सम्बन्धित कर्मचारीलाई उपलब्ध गराई सोको अभिलेख राख्ने ।

५. दैनिक कार्यालय सञ्चालनका लागि आवश्यक सामानहरू समाप्त हुनु भन्दा अगावै खरिदको लागि माग फाराम भरी भण्डारमा सामानहरू मौज्दात राख्ने आवश्यक व्यवस्था मिलाउने ।

६. जिन्सीको लेखा परीक्षण गराउने ।

७. बेरुजुहरू भए नियमानुसार फछ्र्यौट गर्ने गराउने ।

८. भौतिक सामग्रीहरूको संरक्षण, मर्मत तथा संभार गर्ने ।

९. करारमा राख्ने कर्मचारीको दक्षता, क्षमता, सीप र स्तरको मूल्याङ्कन गरी आवश्यकतानुसार काममा लगाउने व्यवस्था गर्ने ।

१०. जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्ने गराउने ।

११. समय भित्र प्रगति प्रतिवेदन सुपरिवेक्षक समक्ष पेश गर्ने ।

१२. शाखासम्बन्धी निर्दिष्ट गरेका अन्य कार्य गर्ने/गराउने ।

१३. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू शीघ्रतापूर्वक सम्पादन गर्ने ।

**दर्ता चलानी**

१. कार्यालयमा आउने चिठ्ठी पत्र दर्ता गरी सम्बन्धित शाखामा समय सिमा भित्र पेश गर्ने ।

२. गोप्य पत्रहरू दर्ता गरी उप-महानिर्देशक समक्ष पेश गर्ने ।

३. कार्यालयबाट अन्यत्र पठाउने चिठ्ठी पत्रहरू समयमा नै हुलाक चलानी गर्ने ।

४. चलानी भएका पत्रहरू सम्बन्धित निकायमा समयमै पुग्ने व्यवस्था मिलाउने ।

५. कार्यालयको छाप, दर्ता, चलानी किताब र अन्य आवश्यक कागजात सुरक्षित राख्ने ।

६. अन्य कार्यालय सम्बन्धी आइपरेको काम गर्ने ।

७. जन सम्पर्क सम्बन्धी कार्य निर्देशन अनुसार गर्ने ।

८. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू सम्पादन गर्ने ।

**आर्थिक प्रशासन शाखाः**

१. प्रत्येक आर्थिक वर्षको लागि लाग्ने खर्चको अनुमान तयार गरी पेश गर्ने ।

२. कार्यालयका बजेट नियम संगत हुनेगरी मितव्ययिता पूर्वक खर्च गर्ने/गराउने व्यवस्था मिलाउने ।

३. खर्चको फाँटवारी समयमा नै पठाउने । समयमा निकासा माग गर्ने ।

४. समयमा कर्मचारीहरूको तलब भत्ता वितरण गर्ने ।

५. समयमा नै आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने ।

६. नीतिगत बेरुजु फछ्र्यौटको लागि आवश्यक कागजातहरू पेश गर्ने गराउने ।

७. असुल उपर गर्नुपर्ने बेरुजु असुल उपर गर्ने गराउने ।

८. शिक्षकहरूको निवृत्तभरण, उपदान, औषधि उपचार र सञ्चित बिदाको रकम खर्चको अनुमान गरी पेश गर्ने ।

९. सेवा निवृत्त शिक्षकहरूको सुविधा रकम जिल्लामा समय भित्र निकासा गरी पठाउने ।

१०. वार्षिक कार्यक्रम तयार गर्ने, गराउने ।

११. मासिक, चौमासिक, वार्षिक प्रगति विवरण समय भित्र सम्बन्धित निकायमा पठाउने ।

१२. यस शाखासम्बन्धी निर्दिष्ट गरिएका अन्य काम गर्ने गराउने ।

१३. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू गर्ने ।

**कम्प्यूटर शाखा**

१. कम्प्युटर सम्बन्धी सूचना प्रविधि विस्तार गर्न आवश्यक कार्ययोजना बनाई पेस गर्ने ।

२. स्वीकृत कार्ययोजना बमोजिमको कार्य गर्ने/गराउने ।

३. प्राप्त सूचनाहरू (सरुवा, बढुवा, रमाना, विदा, विभागीय कारबाही आदि) लाई, व्यवस्थित रूपमा कम्प्यूटरमा प्रविष्टी (इन्ट्री) गर्ने/गराउने ।

४. कम्प्यूटरबाट आवश्यक विवरण उपलब्ध गराउने ।

५. कम्प्यूटरहरूको सुरक्षा साथ आवश्यक रेखदेख गर्ने/गराउने ।

६. समय भित्र कम्प्यूटरको आवश्यक मर्मत संभार गर्ने/गराउने ।

७. आफ्नो कामको प्रगति विवरण सम्बन्धित निर्देशक तथा उप-महानिर्देशक समक्ष पेस गर्ने ।

८. कम्प्यूटरबाट गरिने सम्पूर्ण अभिलेखीकरण, सेवा, सुविधा उपलब्ध गराउने ।

९. Computer System लाई सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

१०. प्राप्त सूचना, तथ्याङ्कहरू व्यवस्थित ढङ्गले राखी आवश्यकता अनुसार परिमार्जन तथा प्रिन्ट गर्ने ।

११. आवश्यकता अनुसार नेपाली तथा अंग्रेजीमा चिट्ठीपत्रहरू टाईप गरी सोको अभिलेख राख्ने ।

१२. कम्प्यूटरमा रहेको तथ्याङ्कहरूलाई सु-व्यवस्थित गर्न कम्प्यूटर Programe बनाउने, सुधार गर्ने र परिमार्जन गर्नु पर्ने भए सो समेत गर्ने ।

१३. कम्प्यूटर चलाउन नपर्ने वा कार्यालय बन्द रहने अवस्थामा कम्प्यूटर सुरक्षितसँग राख्ने ।

१४. शिक्षकहरूको अभिलेख तथा तथ्याङ्क चुस्त, दुरुस्त राख्ने ।

१५. कम्प्यूटर कोठाको वातावरण स्वच्छ, सफा राख्ने व्यवस्था मिलाउने ।

१६. यस शाखाबाट सम्पादन गर्नूपर्ने अन्य सम्पूर्ण कामहरू गर्ने ।

१७. सेवारत तथा सेवा निवृत्त शिक्षकको अभिलेख कम्प्यूटरमा व्यवस्थित ढङ्गले राख्ने ।

१८. Central Filing System लाई अद्यावधिक गरी अभिलेख प्रणालीलाई थप विश्वसनीय तथा भरपर्दो बनाउने ।

१९. प्राविधिको क्षेत्रमा आएको विकासलाई किताबखानाको सेवा प्रवाहमा प्रयोग गर्दै सरलीकृत र सहज सेवाको लागि हालको सेवा प्रवाहलाई अनलाइन मार्फत् उपलब्ध गराउन आवश्यक पूर्व तयारी गरी सोसम्बन्धमा उचित राय परामर्श दिने ।

२०. Computer System को व्यवस्थापनको लागि किताबखानाको परामर्शदातासँग नियमित सम्पर्क र समन्वय गरी प्रविधि मार्फत सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सहज बनाउन हमेसा प्रयत्न जारी राख्ने ।

२१. कम्प्युटर इन्ट्रि तथा टाइपिङमा उच्चस्तरको शुद्धता कायम गर्न सावधानीपूर्वक कार्य सम्पादन गर्ने ।

२२. कार्यालय प्रमुखबाट निर्देशन भए बमोजिम अन्य कार्यहरू शीघ्रतापूर्वक उच्च गुणस्तरका साथले सम्पादन गर्ने ।

# शिक्षक नियुक्तिसम्बन्धी कानूनी व्यवस्थाहरू

## नयाँ शिक्षा योजना पूर्वको नियुक्ति तथा शिक्षा अधिकारीको परामर्श र समर्थन

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनु पूर्व गैरसरकारी विद्यालयहरूमा शिक्षक स्थायी नियुक्ति गर्ने स्पष्ट प्रावधान भेटिन सकेको छैन । तथापि शिक्षा ऐन, २०२५ अन्तर्गत वनेको शिक्षा नियमावली, २०२७ को नियम ५१ अनुसार सम्बन्धित विद्यालय सञ्चालक समितिले विद्यालयमा छात्र सङ्ख्या, कक्षा सङ्ख्या तथा पढाउने विषय आदि विचार गरी विभिन्न श्रेणीको शिक्षक तथा कर्मचारीको आवश्यक दरबन्दी कायम गरी राख्नुपर्ने भन्ने र त्यस्तो दरबन्दीमा सम्बन्धित जिल्ला वा अञ्चल शिक्षा अधिकारीको परामर्श लिई सम्बन्धित विद्यालय सञ्चालक समितिले नियुक्ति र बढुवा गर्न सक्ने अधिकार सोही नियमावलीको नियम ५० मा रहेको देखिन्छ । त्यस्तै नियम ५६ मा विद्यालयमा अस्थायी वा स्थायी नियुक्ति वा बढुवा गरिएका शिक्षक वा कर्मचारीको नाम ठेगाना, योग्यता, नागरिकता आदिको सूचना नियुक्ति वा बढुवा गरेको मितिले ७ दिन भित्र पूर्व प्राथमिक वा प्राथमिक विद्यालयले जिल्ला शिक्षा अधिकारीको कार्यालय र माध्यमिक तथा प्रौढ विद्यालयले अञ्चल शिक्षा अधिकारीको कार्यालयमा पठाउनु पर्दछ भन्ने व्यवस्था भएको पाइन्छ । नियम ५६ को यही व्यवस्था अनुसार नै नयाँ शिक्षा योजना पूर्व नियुक्ति भएका अधिकांश शिक्षकहरूको विद्यालय सञ्चालक समितिबाट नियुक्ति भएपछि सम्बन्धित जिल्ला शिक्षा अधिकारीको कार्यालयमा रजिष्टर्ड भई शिक्षा अधिकारीबाट समर्थन समेत भएको पाइने गरेको छ ।

नयाँ शिक्षा योजना लागू भएपछि विद्यालयहरूमा शिक्षकहरूको नियुक्ति र बढुवासम्बन्धी व्यवस्था निम्नानुसार रहेको पाइन्छ ।

### जिल्ला शिक्षा सेवा आयोग

प्रत्येक जिल्लामा सो जिल्ला भित्रका शिक्षकहरूको नियुक्ति र बढुवाको सिफारिस गर्नको लागि जिल्ला शिक्षा सेवा आयोग रहने व्यवस्था शिक्षा ऐन, २०२८ को दफा १२ ले गरेको छ । सोही ऐनको दफा १९ ले विद्यालयका शिक्षकहरूको बहाली, वर्खास्ति र सेवासम्बन्धी अन्य शर्तको व्यवस्था गर्नको लागि सरकारले नियम बनाउन सक्ने व्यवस्था समेत गरेको छ । सोही मुताविक शिक्षा नियमावली, २०२८ को नियम २३ अनुसार जिल्ला शिक्षा सेवा आयोगको व्यवस्था भएको र नियम २४ ले शिक्षकको नियुक्ति र बढुवाको सिफारिस गर्ने अधिकार आयोगलाई दिएको देखिन्छ । यस प्रकार जिल्लामा नयाँ शिक्षा योजना लागू भएपछि जिल्ला शिक्षक सेवा आयोगको सिफारिसमा मात्र कुनै पनि व्यक्ति शिक्षक पदमा स्थायी नियुक्ति तथा बढुवा हुन सक्ने व्यवस्था रहेको पाइन्छ ।

## शिक्षक छनौट उपसमिति

शिक्षा नियमावली, २०२८ मा २०३७/१२/२३ मा सातौं संशोधन भएपछि जिल्ला शिक्षा आयोगको स्थानमा जिल्ला शिक्षा समिति अन्तर्गत रहने गरी शिक्षक छनौट उपसमितिको व्यवस्था भयो र यस पश्चात् शिक्षकहरूको स्थायी नियुक्ति र बढुवा समेत यसै समितिको सिफारिसमा विद्यालय सञ्चालक समितिले गर्ने व्यवस्था भयो । यस पूर्व यस्तो नियुक्ति जिल्ला शिक्षा सेवा आयोगको सिफारिसमा जिल्ला शिक्षा अधिकारीबाट मात्र हुने गर्दथ्यो ।

## शिक्षक छनौट समिति

शिक्षा ऐन, २०२८ मा भएको चौथो संशोधन, २०४५ र त्यसै अनुसार शिक्षा (आठौं संशोधन) नियमावली २०४६/११/०१ पछि शिक्षक छनौट उप समितिको सट्टामा शिक्षक छनौट समिति नै रहने व्यवस्था भयो । तहगत शिक्षकको श्रेणी विभाजन नभइरहेको अवस्थामा नियमावलीको आठौं संशोधन पछि प्राथमिक तह चतुर्थदेखि प्रथम श्रेणीसम्म, माध्यमिक अन्तर्गत माध्यमिक सहायक शिक्षक (नि.मा.) तह तृतीयदेखि प्रथम श्रेणीसम्म र माध्यमिक तह शिक्षक चतुर्थदेखि प्रथम श्रेणीसम्म हुनेगरी श्रेणीगत रूपमा शिक्षक नियुक्ति तथा बढुवा हुने व्यवस्था भयो । यसरी नियुक्ति गर्दा शिक्षक छनौट समितिले छनौट गरी जिल्ला शिक्षा निरीक्षक (जिल्ला शिक्षा निरीक्षक) ले सिफारिस गरेका उम्मेदवारलाई विद्यालय सञ्चालक समितिले १(एक) वर्षको परीक्षण कालमा स्थायी नियुक्ति गर्ने व्यवस्था भएको देखिन्छ । शिक्षा ऐन, २०२८ मा भएको पाँचौं संशोधन (२०४९/०७/१३) ले शिक्षक छनौट समिति अन्तर्गत प्राथमिक तहको शिक्षक छनौटको लागि प्रत्येक जिल्लामा जिल्ला शिक्षक छनौट समिति र निम्न माध्यमिक तथा माध्यमिक तहको शिक्षक छनौटको निमित्त प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षक छनौट समितिको व्यवस्था भयो । शिक्षा नियमावली, २०४९ (२०४९/०९/२०) जारी भएपछि शिक्षक छनौट समितिले छनौट गरी सिफारिस गरेका उम्मेदवारलाई जिल्ला शिक्षा कार्यालयबाट नियुक्ति हुने व्यवस्था भयो ।

## शिक्षक सेवा आयोग

शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवा गर्नको लागि सिफारिस गर्ने प्रयोजनको लागि शिक्षक छनौट समितिको व्यवस्था भइरहेकोमा शिक्षा ऐन, २०२८ मा भएको छैठौं शंसोधन (२०५५/१०/११) पछि यस प्रयोजनको लागि शिक्षक सेवा आयोगको गठन हुने व्यवस्था भयो । शिक्षक छनौट समितिको सट्टामा शिक्षक सेवा आयोगको व्यवस्था शिक्षा ऐनमा नै भएपछि शिक्षा नियमावलीमा रहेको शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था समेत खारेज भएको र यस सम्बन्धी प्रयोजनको लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ जारी भई शिक्षकहरूको स्थायी नियुक्ति र बढुवासम्बन्धी सिफारिस तथा अन्य कामकारवाही यसै नियमावली अनुसार हुने व्यवस्था भयो । यस नियमावलीको हालसम्म पाँच पटक संशोधन भइसकेको छ ।

## योजना पूर्वका शिक्षकहरू सम्बन्धमा योजना पछि कायम भएको व्यवस्था

शैक्षिक प्रशासन दिग्दर्शन, २०३६ (प्रकाशकः क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल) मा उल्लेख भए अनुसार राष्ट्रिय शिक्षा पद्धतिको योजनाभन्दा अघिदेखि विद्यालय सञ्चालक समितिद्वारा नियुक्ति भई कार्यरत रहेका स्थायी शिक्षकहरूका सम्बन्धमा योजना लागू भएपछि जिल्ला शिक्षा सेवा आयोगद्वारा पुनः नियुक्ति गरिँदा निम्नअनुसार गर्नुपर्ने उल्लेख भएको पाइएको छ ।

१. **पुराना शिक्षकहरूलाई पुनः नियुक्ति**

क) पहिलो नियुक्तिमा कुनै विद्यालयमा दुई वर्ष वा सोभन्दा बढी सेवा गरेका शिक्षकहरूलाई सामान्यतः त्यसै विद्यालयमा नै नियुक्ति दिनुपर्दछ,

ख) शुरु नियुक्ति गर्दा कुनै विद्यालयमा खास देन भएका र संस्थापक शिक्षकहरूलाई त्यसै स्कूलमा नै नियुक्ति गर्नुपर्दछ । निजको इच्छा भएमा मात्र अरु स्कूलमा सरुवा गर्न सकिन्छ ।

ग) नियुक्ति गर्दा त्यस शिक्षकले पढाउने विषयहरू विचार गरेर विद्यालयमा सो विषय शिक्षकको सङ्ख्या हेरी कार्य तालिकामा मिल्ने नमिल्ने विचार गरी मात्र नियुक्ति गर्नु पर्दछ ।

घ) पहिले सेवा गरिरहेका शिक्षकहरूलाई पहिलो नियुक्ति दिँदा छानवीनको आधारमा नियुक्ति दिनु पर्दछ ।

ङ) नियुक्ति गर्दा स्थानीय गुटवन्दीमा लागेका भन्ने वलियो आधार भएका शिक्षकहरूलाई बाहेक साधारणतया अरुलाई सकेसम्म घर पायकमा नियुक्ति दिनुपर्दछ ।

च) राष्ट्रिय शिक्षा पद्धतिको योजनामा विभिन्न तहका शिक्षकहरूको योग्यता तोकिएको भए तापनि काम गरिरहेका तर योग्यता नपुगेका शिक्षकहरू बारे जिल्लाको परिस्थिति अनुसार, नियुक्ति र सेवाको शर्तको आधार जिल्ला शिक्षा अधिकारीले क्षेत्रीय शिक्षा निर्देशनालयमा पहिले नै सरसल्लाह गरी बनाउनु पर्दछ ।

छ) स्कूल खारेजमा परी खाली हुन आएका शिक्षकहरूलाई प्राथमिकता दिई अन्य स्कूलमा नियुक्ति दिनुपर्दछ ।

ज) २०२७ सालभन्दा अघि स्थायी नियुक्ति पाएका अनागरिक शिक्षकलाई पनि स्थायी नियुक्ति दिने तथा २०२७ साल भन्दापछि नियुक्ति भएका अनागरिक शिक्षकलाई स्थायी नियुक्ति नगर्ने ।

यी व्यवस्थाको अतिरिक्त योजना लागू हुनु भन्दा पूर्व स्थायी रूपमा काम गरिरहेका तर सम्बन्धित तहको लागि योजनाले तोकेको योग्यता र तालिम नभएका शिक्षकहरूलाई ३

वर्षभित्रमा योग्यता र ५ वर्षभित्र तालिम प्राप्त गर्ने शर्तमा ६ महिनाको लागि परीक्षण कालमा रहने गरी स्थायी नियुक्ति गर्ने व्यवस्था रहेको पाइएको छ ।

**२. खाली पदमा नयाँ नियुक्ति**

क) शिक्षक खाली भएको पदमा विज्ञापन कमसेकम जिल्लाव्यापी रूपमा व्यापक हुनुपर्दछ ।

ख) विद्यालयमा शिक्षक खाली भएमा सम्बन्धित प्रधानाध्यापक र निरीक्षकले संयुक्त रूपमा योग्यता र विद्यालयको किटान गरी जिल्ला शिक्षा अधिकारीको कार्यालयमा माग गर्नुपर्दछ।

ग) विद्यालयमा पढाउने विषय र योग्यता (उम्मेद्वारको) स्पष्ट हुनुपर्दछ ।

घ) सहयोग समितिको अध्यक्षको परामर्श लिई विषय मिल्दो र योग्यता पुगेकालाई प्रधानाध्यापकले बढीमा ३ महिनाको लागि अस्थायी नियुक्ति गर्ने अधिकार जिल्ला शिक्षा अधिकारीले प्रत्यायोजन गर्न सक्नेछ ।

ङ) कुनै विद्यालयमा शिक्षक नियुक्ति गरी पठाउँदा सामान्यतः प्रधानाध्यापकसँग पूर्व परामर्श लिनु पर्दछ ।

च) आयोगले प्राथमिक शिक्षकको योग्यताक्रम सूची र निम्न माध्यमिक विद्यालयको विषय अनुरूप योग्यताक्रम सूची वनाई क्रमसँग नियुक्ति दिनुपर्दछ ।

छ) शिक्षकको परीक्षा र अन्तर्वार्ता लिँदा त्यसको पाठ्यक्रम क्षेत्रीय शिक्षा निर्देशनालयबाट शिक्षा नियमावली, २०२८ अनुसार स्वीकृत गराई आयोगले निर्णय गर्नुपर्दछ ।

**३. पुराना शिक्षकको ग्रेड**

क) नयाँ शिक्षा योजना लागू भएका जिल्लाका विद्यालयमा योजना लागू हुनु भन्दा पूर्व अटुट रूपमा सेवा गरेको अवधि मात्र ग्रेडको निमित्त गणना गर्ने निर्णय भएकोमा नेपाल सरकारले कुनै शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा खटाएको रहेछ भने त्यस्तो शिक्षकहरूको नोकरी अटुट मानिनेछ ।

ख) पौषमा योजना लागू हुने जिल्लाको निमित्त मार्ग मसान्तसम्म र फाल्गुनमा योजना लागूहुने जिल्लाको निमित्त माघ मसान्तसम्मको पूर्व सेवा अवधिको गणना गरी ग्रेड दिइनेछ। उपरोक्त अनुसार पूर्व सेवा अवधिको प्रत्येक ३ वर्षको निमित्त एक ग्रेड दिइनेछ। ३ वर्षभन्दा घटि अवधिको निमित्त ग्रेड दिइने छैन । पूर्वसेवा अवधिलाई ३/३ वर्षको इकाइमा विभाजित गरिनेछ। इकाइ भन्दा कम अवधिको ग्रेड दिइने छैन ।

ग) योजना लागू हुँदा जुनस्तरको शिक्षक भई काम गरी राखेको छ त्यही स्तरमा गरेको दफा (ख) बमोजिमको पूर्व सेवा अवधिको गणना गरी ग्रेड दिइनेछ ।

घ) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएको आर्थिक वर्ष समाप्त भएपछिको आर्थिक वर्ष पूरा भएर अर्को आर्थिक वर्षको श्रावण १ गतेदेखि प्रत्येक आर्थिक वर्षको १(एक) ग्रेड वृद्धि दिने । योजना लागू भएपछि नियुक्ति पाएका शिक्षकहरूलाई एक आर्थिक वर्ष पूरा गरी सके पछिको आर्थिक वर्षको श्रावण १ गतेदेखि ग्रेड वृद्धि दिने ।

ङ) योजना लागू हुने वर्षमा कुनै शिक्षकले १५ वर्ष अटुट काम गरी सकेको भए त्यस्ता शिक्षक वा प्रधानाध्यापकलाई नियम अनुसार पाउने ग्रेड र तलबमा थप ५(पाँच) ग्रेडसम्म जिल्ला शिक्षा आयोगको सिफारिसमा दिने ।

च) योजना लागू हुने वर्षमा कुनै शिक्षक वा प्रधानाध्यापकले अटुट रूपमा १० वर्षसम्म सेवा गरी सकेको भए त्यस्ता शिक्षक वा प्रधानाध्यापकलाई योग्यताले पाउने तलब स्केल अन्तिम ग्रेड जिल्ला शिक्षा आयोगको सिफारिसमा दिने ।

# शिक्षकहरूको अवकाशसम्बन्धी व्यवस्था

## शिक्षा नियमावली, २०५९

### परिच्छेद– २१

### अवकाशसम्बन्धी व्यवस्था

१३०. **स्वेच्छिक अवकाश**

१) कुनै शिक्षकले सेवाबाट अवकाश लिन इच्छा गरी निवेदन दिएमा नियुक्ति गर्ने अधिकारीले निजलाई जुनसुकै बखत सेवाबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

२) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा गरेको शिक्षकले नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको अवधि भित्र स्वेच्छिक अवकाश लिनको लागि देहाय बमोजिमको सुविधा समेत दिने गरी स्वेच्छिक अवकाशको लागि आव्हान गर्न सक्ने छ ।

क) अवकाश प्राप्त गर्ने उमेर ननाघ्ने गरी बढीमा पाँच तलब वृद्धि गरी हुन आउने निवृत्तभरणको रकम ।

ख) निवृत्तभरण पाउने सेवा अवधि पूरा भएको हकमा एक वर्ष बराबरको एकमुष्ठ निवृत्तभरण रकम ।

३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार स्वेच्छिक अवकाश लिन चाहने शिक्षकले सोही सूचनामा उल्लिखित अवधिभित्र स्वेच्छिक अवकाश लिन सक्नेछ ।

१३१. **अनिवार्य अवकाशः** (१) कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि शिक्षकको उमेर गणना गर्दा निजले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल)मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा शिक्षकलाई जुनसुकै बखत सेवाबाट अवकाश दिन सकिनेछ:-

(क) ऐनको दफा ११ड. को उपदफा (५) बमोजिमको अवधिभित्र कुनै शिक्षकले स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा,

(ख) कुनै शिक्षकको अध्यापन गराउने विषय विद्यालयमा नभई अर्को विषय अध्यापन गराउन तालीमको अवसर दिँदा पनि तालीम नलिएमा वा निजको मिल्दो विषयमा अन्यत्र सरुवा हुने अवस्था नभएमा ।

(३) असाधारण वा अध्ययन बिदा भुक्तान भएको पन्ध्र दिनभित्र विद्यालयमा हाजिर नहुने सामुदायिक विद्यालयको शिक्षकलाई सेवाबाट अवकाश दिइनेछ ।

(४) उपनियम (२) को खण्ड (ख) बमोजिम सेवाबाट अवकाश भई रिक्त हुन आएको सामुदायिक विद्यालयको शिक्षक दरबन्दी स्वतः खारेज हुनेछ ।

१३२. **अवकाश सम्बन्धी विशेष व्यवस्था :** शारीरिक अस्वस्थताको कारण सामुदायिक विद्यालयको कुनै शिक्षक अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी मन्त्रालयले अवकाश दिन सक्नेछ ।

# शिक्षक अभिलेख व्यवस्थापन

**शिक्षक अभिलेख व्यवस्थापन**

अभिलेखको जीवनचक्र




**अभिलेख**

कार्यालयमा भएका विभिन्न किसिमका चिठ्ठी पत्रहरू विवरण दस्तावेज एवम् अभिलेखहरू भविष्यमा खोजेको बखत प्राप्त गर्न, जानकारी दिन⁄ लिनको लागि सुरक्षित साथ व्यवस्था गरी राख्ने पद्धति अभिलेख हो । प्राचीन कालदेखि हालसम्मको अभिलेख प्रणालीको विकासको स्थितिलाई हेर्दा यो हस्तलिखित ग्रन्थ, शिलापत्र, ताम्रपत्रबाट पछि विकसित हुँदा हालका दिनहरूमा Microfilm, Computer को प्रयोगसम्म पुगिसकेको छ ।

| **अभिलेख राख्नुको उद्देश्य** | **अभिलेखको जीवनचक्र** |
| --- | --- |
| क) पुन प्रयोग गर्न | १. सिर्जना (Creation) |
| ख) तुरुन्त प्राप्त गर्न | २. व्यवहार (Administration) |
| ग) समयको बचत गर्न | ३. स्थगन (Retaining) |
| घ) प्रमाणको लागि | ४. स्वीकार (Acceptance) |
| ङ) सुरक्षित राख्नको लागि | ५. विनास (Disposal) |

**अभिलेख विशेषता**

| | |
| --- | --- |
| १.विशिष्ट | - कुन कामको लागि हो स्पष्ट विवरण भएको । |
| २.संक्षिप्त | - छिटो सूचना प्राप्त गर्न सकिने । |
| ३.अद्यावधिक | - समय अनुसार थप सूचना तथा कागजातहरू राख्दै लगिएको । |

| | | |
|---|---|---|
| ४.निष्पक्षता | - | निष्पक्ष ढङ्गले तयार गरिएको । |
| ५.प्रमाणिकता | - | प्रमाणमा लिन सकिने गरी संलग्न भएको । |
| ६.विश्वसनीयता | - | जहाँ जसले निर्माण गरे पनि त्यसको सूचना विश्वास गर्न योग्य भएको । |
| ७. अन्तर सम्बन्धता | - | अभिलेखमा भएका सूचनाहरू सम्बन्धित विषयको र एक आपसमा सम्बन्धित हुनुपर्ने । |
| ८.सूचनामूलक | - | हेर्न चाहने तथा अध्ययन गर्नेलाई सूचना प्रदान गर्ने खालको हुनुपर्दछ । |

**अभिलेख व्यवस्थापनका विधिहरू**

१. **फाइलिङ :** कार्यालयमा अन्यत्रबाट प्राप्त वा अन्य कार्यालयमा चलानी भएका विभिन्न कागजातहरू (Document) भविष्यमा आवश्यक पर्दा सजिलै सित, तुरुन्त प्राप्त गर्न क्रमबद्ध एवम् सुरक्षित रूपले राखिने प्रक्रियालाई भण्डारण फाइलिङ भनिन्छ ।

| **फाइल गर्ने तरीका** | **फाइलिङका चरण (Step)** |
|---|---|
| १. वर्णानुक्रम | क) निरीक्षण |
| २. भौगोलिक | ख) छनौट |
| ३. सङ्ख्यात्मक | ग) कोडिङ |
| ४. विषयगत | घ) व्यवस्थापन |
| ५. समयक्रम (Chronological) | ङ) भण्डारण |
| ६. इण्डेक्सिङ (अक्षर र नम्वर आधारमा) | |
| **असल फाइलिङका विशेषता** | **फाइलिङका प्रकार** |
| ● सुरक्षित | ठाडो फाइलिङ |
| ● लचकता | कम्प्युटर फाइलिङ |
| ● छिटोपना (शीघ्रता) | विभागीय तथा केन्द्रीय फाइल प्रणाली |
| ● उपयुक्तता | Colour Coding Filing |
| ● मितव्ययी | |
| ● वर्गीकरण | |

**शिक्षक अभिलेख व्यवस्था**

यस किताबखानाको कार्य अन्तर्गत विद्यालय तथा शिक्षकको अभिलेख व्यवस्थापन एक महत्वपूर्ण कार्य हो । सेवा निवृत्त पछिको सुविधा प्रदान गर्नको लागि भन्दा पनि मुख्यत: केन्द्रीय अभिलेख

प्रयोजनको लागि नै किताबखानाको स्थापना भएको हो । सेवा निवृत्त पछिको सुविधा निर्धारणमा पनि यही केन्द्रीय अभिलेखको महत्वपूर्ण भूमिका रहन्छ । पर्याप्त कर्मचारी लगायत अन्य भौतिक पूर्वाधार आदिको अभावको कारणले हालसम्म वैज्ञानिक अभिलेख प्रणाली व्यवस्थित भई नसकेको भए पनि कार्यालयको स्रोत, साधन र जनशक्तिले भ्याएसम्म अभिलेख राख्ने कार्य भई रहेको छ ।

शिक्षा नियमावली, २०५९ मा उल्लेख भए अनुसारको किताबखानाको कार्य प्रकृति कार्यक्षेत्रको आधारमा विद्यालय तथा शिक्षकसम्बन्धी अभिलेख निम्न आधारमा गर्नुपर्ने देखिन्छ ।

१. **विद्यालय दर्ता** : देशभरका सामुदायिक विद्यालयको जिल्लागत रूपमा निम्नानुसार विद्यालयको अभिलेख राखिनु पर्दछ ।

   क) विद्यालयको नाम, ठेगाना (गा.वि.स. वडा र गाउँ टोल समेत)

   ख) कक्षा/तहगत अनुमति/स्वीकृत भएको मिति

   ग) सञ्चालित कक्षा

२. **दरबन्दी दर्ता** : देशभरको कुल दरबन्दी सङ्ख्या तथा जिल्लागत दरबन्दीसँग मिल्ने र भिड्ने गरी विद्यालयगत रूपमा निम्न विवरणको साथमा राखिनु पर्दछ ।

   क) दरबन्दी प्राप्त मिति ।

   ख) तह तथा श्रेणीगत दरबन्दी सङ्ख्या ।

३. **शिक्षक नाम दर्ता**: शिक्षकको नाम दर्ता सम्बन्धमा देहायका विवरणको आधारमा अभिलेख राखिनुपर्ने ।

   **क) व्यक्तिगत विवरण अन्तगर्त रहने विषय**

   नामथर, स्थायी ठेगाना, जन्म मिति, ६० वर्ष पुग्ने मिति, नागरिकता, लिङ्ग, धर्म, विशेष हुलिया चिन्ह, बाबु, बाजे, पति/पत्नीको नाम र शेष पछिको लागि इच्छाएको व्यक्तिको नाम ठेगाना र निजसँगको सम्बन्ध आदि ।

   **ख) शैक्षिक योग्यता तथा तालिमसम्बन्धी विवरण अन्तर्गत रहने विषय ।**

   - एस.एल.सी. वा सोभन्दा माथिको शैक्षिक योग्यताको उपाधि, अध्ययन गरेको संस्था, अध्ययन अवधि, प्राप्त श्रेणी, अध्ययनको मूल विषय, संकाय र देशको नाम समेत खुलाउनु पर्दछ ।
   - एक महिने वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित तालिम लिएकोमा तालिमको नाम, तालिमको अवधि, विषय, प्राप्त श्रेणी र तालिम दिने संस्था र देशको नाम ।

**ग) नोकरी सम्बन्धी विवरण अन्तर्गत रहने विषयहरू**

- शुरु स्थायी नियुक्ति देखि हालसम्मको सरुवा, बढुवा सम्बन्धी सम्पूर्ण विवरणहरू, तह, श्रेणी, बहाली (हाजिर भएको मिति, पदस्थापना भएको विद्यालयको नाम तथा ठेगाना) ।
- अनुसन्धान तथा प्रकाशित कृतिको विवरण ।
- सेवा कालमा लिए/पाएको पदक तथा पुरस्कार ।
- अध्ययन, असाधारण, बेतलबी, प्रसुती बिदा, औषधि उपचार खर्च सम्बन्धी यथार्थ विवरणहरू ।
- विभागीय सजाय पाएको भए त्यसको विवरण, सजायको प्रकार, पाएको मिति, पुनरावेदन मिति र ठहर आदि ।

शिक्षकको अभिलेख शिक्षा नियमावली, २०५९ बमोजिम वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) तोकिएको ढाँचामा र विद्यालय तथा विद्यालयमा रहेका तहगत शिक्षक दरबन्दी, कक्षागत दरबन्दी र ती दरबन्दीमा कार्यरत शिक्षकहरूको अभिलेख किताबमा विद्यालय तथा शिक्षा विकास तथा समन्वय इकाइले समेत रजिष्टर गरी राख्नु पर्दछ । हालका दिनहरूमा यस सम्बन्धी सम्पूर्ण विवरणहरू कम्प्यूटरमा छुट्टै Software तयार गरी राख्ने प्रयास गरिएको छ । यस प्रकार अभिलेख किताव (रजिष्टर) मा Mannual रूपमा र कम्प्यूटरमा समेत राख्ने गर्नाले अभिलेखको आपसी नियन्त्रण र सुरक्षणमा सघाउ पुग्न जाने विश्वास गरिएको छ ।

# राष्ट्रिय किताबखाना (शिक्षक) मार्फत शिक्षकहरूले पाउने सेवा सुविधाहरू

नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी नियमानुसार अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालन भइरहेका सार्वजनिक विद्यालयको शिक्षक दरबन्दीमा कार्यरत शिक्षकहरूको लागि शिक्षा नियमावली, २०५९ को नियम ८६ अनुसार विद्यालय शिक्षा सेवा गठन गरिएको छ । यस प्रकारको गठन गरिएको विद्यालय शिक्षा सेवामा प्रत्येक तह र श्रेणी अनुसार शिक्षक नियुक्ति गरिएको हुन्छ । शिक्षक नियुक्ति अस्थायी र स्थायी गरी २ प्रकारले गरिएको हुन्छ । नियुक्तिको प्रकृतिले नै अस्थायी शिक्षकहरूको म्याद छोटो (निश्चित) अवधिको लागि मात्र हुने हुनाले काम गरेको अवधिको तलब भत्ता र बिदा सुविधा बाहेक अन्य सुविधा पाउने व्यवस्था छैन । स्थायी शिक्षकहरूको हकमा विभिन्न सुविधाहरूको व्यवस्था नियमानुसार नै गरिएको हुन्छ । स्थायी शिक्षकहरू लामो अवधिको लागि सेवामा रहने भएकोले उनीहरूको सेवाको सुरक्षाको अतिरिक्त सेवा वापत विभिन्न सुविधाहरू नेपाल सरकारले प्रदान गर्नुपर्ने कानूनी व्यवस्था छ ।

स्थायी शिक्षकहरूलाई हालको शिक्षा ऐन तथा नियमावली अनुसार प्रदान गरिएका मध्ये यस किताबखाना मार्फत प्राप्त हुने सुविधा र सो प्राप्त गर्न अपनाउनु पर्ने प्रक्रिया निम्नानुसार क्रमशः उल्लेख गरिएको छ । सुविधाको उल्लेख गर्दा निम्न आधारमा वर्गीकरण गरिएको छ ।

१. वृत्ति विकासको सुविधा

२. स्वास्थ्य उपचारसम्बन्धी सुविधा

३. अवकाश पश्चात्को सुविधा

४. अन्य वृत्तिसम्बन्धी सुविधा

५. सेवा गणनासम्बन्धी सुविधा

### १. वृत्ति विकासको सुविधा

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २८ बमोजिम शिक्षकको कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवा गर्दा शिक्षक सेवा आयोगले गर्ने र यसमा शिक्षक सेवा आयोगले आवश्यक देखेमा किताबखानाको अभिलेखसँग समेत भिडाई जेष्ठता निर्धारण गर्दछ । यस बाहेक कुनै पनि तहका

श्रेणीमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृत्तभरण पाउने गरी अनिवार्य अवकाशमा रहने शिक्षकलाई एक महिना अगाडि सोही तहको माथिल्लो श्रेणीमा विशेष बढुवा गरिने व्यवस्था सोही नियमावलीको नियम ३९ मा भएको र यसरी बढुवा गर्दा नियम प्रारम्भ भएको शुरु शुरुको अवधिमा शिक्षक सेवा आयोगले शिक्षक किताबखानाबाट नोकरी अवधि प्रमाणित गराईमात्र बढुवा गर्नको लागि जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने प्रचलन रहेकोमा हाल प्रत्यायोजित अधिकार अनुसार साविकको जिल्ला शिक्षा कार्यालय र हालको शिक्षा विकास तथा समन्वय इकाइबाट विशेष बढुवा गरिने र इकाइबाट समयमै बढुवा नभएको भए पनि शिक्षक सेवा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम इकाइको सिफारिसमा किताबखानाबाटै माथिल्लो श्रेणीको बढुवा कायम गरी सेवा सुविधा दिने व्यवस्था रहेको छ। यसरी बढुवा गर्दा जिल्ला शिक्षा कार्यालय ले यस किताबखानाबाट प्रमाणित भई गएको अभिलेख (वैयक्तिक तथा नोकरी विवरण) को आधारमा गर्नुपर्ने हुन्छ। शिक्षकहरूको बढुवा सोझै शिक्षक किताबखानाबाट हुने नभए तापनि यसकै अभिलेखको आधारमा गरिएको बढुवा मात्र विश्वसनीय हुने हुदाँ शिक्षक बढुवाको सम्बन्धमा शिक्षक किताबखानाको भूमिका महत्वपूर्ण हुने देखिएको छ।

## २. **स्वास्थ्य उपचारसम्बन्धी सुविधा**

सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरू वा निजको परिवार बिरामी भई उपचार गराउनु पर्ने भएमा नियमानुसार उपचार गराउँदा लागेको रकम औषधि उपचार खर्च वापत दिइने व्यवस्था शिक्षा नियमावली, २०५९ को नियम १२२ मा उल्लेख छ।

क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकसँग जाँच गर्दा लागेको प्रेस्कृप्सन अनुसारको औषधि खर्च।

ख) स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराउँदा लागेको वील बमोजिमको खर्च।

ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको खर्च।

माथि उल्लेख भए अनुसार शिक्षकहरूलाई औषधि उपचार खर्च दिँदा सेवा अवधि भरमा खाईपाई आएको तलबको हिसाबले देहाय बमोजिमको उपचार खर्च दिइनेछ।

क) माध्यमिक तह तृतीय श्रेणी वा सो सरहको शुरु तलब स्केल भएको शिक्षकलाई १२ (वाह्र) महिना बराबरको तलब रकम।

ख) निम्न माध्यमिक तह तृतीय श्रेणी वा सो सरहको शुरु तलब स्केल भएको शिक्षकलाई १८ (अठार) महिना बराबरको तलब रकम।

ग) प्राथमिक तह तृतीय श्रेणीको शिक्षकलाई २१ (एक्काइस) महिना बराबरको तलब रकम।

यसको अतिरिक्त निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको शिक्षकले उपचार खर्च वापत पाउने रकममा बीस वर्ष, पच्चीस वर्ष र पच्चीस वर्षभन्दा बढी भएको शिक्षकले क्रमशः १०, १५ र २० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउने छ ।

स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक शिक्षकलाई एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी औषधि उपचार दिँदा बीस वर्षको अवधिलाई पूरा सेवा अवधि मानी त्यसको एक वर्षको दामासाहीले हुने रकम मात्र दिइने व्यवस्था छ ।

भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट शिक्षक सेवाबाट अलग हुँदा सेवा अवधि भरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन केही बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाइने छ ।

**औषधि उपचार खर्च लिने प्रक्रिया** : उपरोक्त अनुसारको औषधि उपचार खर्च प्राप्तिको लागि शिक्षकले उपचार गर्दा लागेको स्वीकृत चिकित्सक/स्वास्थ्य संस्थाको प्रेस्क्रिप्सन, सोअनुसार खरिद गरेको औषधिको विल लगायतका औषधि उपचारसम्बन्धी कागजात र नोकरीसँग सम्बन्धित सम्पूर्ण कागजातहरू प्रमाणित गराई शिक्षा विकास तथा समन्वय इकाइ मार्फत शिक्षक किताबखानामा पठाउनु पर्नेछ । रीतपूर्वक उल्लिखित कागजात प्राप्त भएपछि किताबखानाबाट उपचार खर्च रकम किटानी गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस गरी पठाइने र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट अर्थ मन्त्रालयमा सिफारिस भइ अर्थ मन्त्रालयबाट बजेट व्यवस्थापन तथा निकासा हुने व्यवस्था रहेको छ । यसरी किटानी भई लिएको औषधि उपचार रकमको अभिलेख शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षक किताबखाना समेतले राख्नु पर्नेछ । सेवा निवृत्त शिक्षकको हकमा आफ्नो नोकरीसँग सम्बन्धित कागजात र सेवा कालमा यससम्बन्धी सुविधा लिए/नलिएको वारे शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणित भई आए पछि पाउनु पर्ने औषधि उपचार रकम किटानी हुने व्यवस्था रहेको छ ।

### ३. अवकाश पश्चात्को सुविधा

आधारभूत आवश्यकताहरूको पूर्ति, जीवन निर्वाह र भविष्यको लागि आर्थिक सामाजिक सुरक्षा जस्ता कुराहरूले कुनै पनि सेवाको लागि आकर्षक र उत्प्रेरणाको कार्य गरेको हुन्छ । यी तत्वहरूले सेवाको गुणस्तरलाई पनि प्रभावित बनाएको हुन्छ । उत्प्रेरणाको तत्वहरू मध्ये पनि आर्थिक उत्प्रेरणाले अझ प्रभावकारी भूमिका खेलेको हुन्छ । यिनै कुराहरूलाई विचार गरेर सरकारले  निजामती कर्मचारी लगायत शिक्षकहरूको लागि समेत अवकाश पश्चात जीवन निर्वाहको लागि भनेर निवृत्तभरण, उपदान जस्ता सुविधाको व्यवस्था गरेको छ । यस्ता सुविधाहरू सेवामा समर्पित व्यक्तिहरूको लागि भविष्यको सुरक्षा र जीवन निर्वाहको प्रमुख स्रोत पनि हो ।

**अवकाश पश्चात शिक्षकहरूले पाउने सुविधा र त्यसको कार्य प्रक्रिया निम्नानुसार उल्लेख गरिएको छ।**

**(क) निवृत्तभरण**

सामुदायिक विद्यालयको स्वीकृत प्राप्त दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा २० वर्ष सेवा अवधि पूरा गरेको शिक्षकले देहायको हिसाबले हुन आउने रकम मासिक निवृत्तभरणको रूपमा पाउने व्यवस्था छ । (शिक्षा नियमावली, २०५९ (संशोधन सहित) नियम ११३)

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{५०} = \text{हुन आउने रकम}$$

तर यस्तो निवृत्तभरण रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु अङ्क (ग्रेड बाहेक) को आधा भन्दा कम र तलबको शुरु अङ्क भन्दा बढी नहुने व्यवस्था रहेको छ ।

बीस वर्ष स्थायी अवधि पूरा भई अवकाश भएका शिक्षकले निवृत्तभरण पाउने यो व्यवस्था शिक्षा नियमावली, २०२८ मा मिति २०३६/०६/०८ को पाँचौ संशोधनद्वारा थप भई मिति २०३५/०४/०१ देखि नै लागू हुनेगरी प्रारम्भ भएको हो ।

बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति रकम वृद्धि भएको छ सो रकमको दुईतिहाईको दरले सम्बन्धित तह भित्रका श्रेणीको निवृत्त शिक्षकको निवृत्तभरण रकम वृद्धि हुनेछ । निवृत्तभरण पाउने गरी अवकाश प्राप्त शिक्षकले निजले खाईपाई आएको एक महिनाको निवृत्तभरण बराबरको रकम दशैं खर्चको रूपमा पाउने छन् ।

निवृत्त शिक्षकले आफ्नो निवृत्तभरण रकम यस अघि सम्बन्धित साविकको जिल्ला शिक्षा कार्यालयबाट भुक्तानी पाउँदै आएकोमा २०६१ श्रावणदेखि नजिकैको चाहेको बैंक (नेपाल राष्ट्र बैंक अथवा सरकारी कारोबार भएका राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड) बाट पाउने व्यवस्था गरिएको र यसै क्रममा २०६१ आषाढ मसान्तसम्म साविकको जिल्ला शिक्षा कार्यालयबाट भुक्तानी पाइरहेका सबै शिक्षकहरूको नयाँ निवृत्तभरण अधिकारपत्र जारी गरी कौषी तोषाखाना कार्यालयबाट समेत प्रमाणित गरी सम्बन्धित बैंकहरूलाई भुक्तानी आदेश समेत भई सो बमोजिम निवृत्तभरण भुक्तानी भइरहेकोमा साविक कौशी तोषाखाना हाल निवृत्तभरण व्यवस्थापन कार्यालयबाट २०७१ वैशाख महिना देखि सम्बन्धित बैंकमा खाता खोली पेन्सन रकम सम्बन्धित निवृत्त शिक्षकको खातामा जम्मा गर्ने व्यवस्था भएको ।

**ख) पारिवारिक निवृत्तभरण**

कुनै शिक्षकको नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्तो मृत शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले र इच्छाएको

व्यक्तिको पनि मृत्यु भएको भएमा वा त्यसरी कसैलाई पनि इच्छाइएको नभएमा निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउने छ ।

तर त्यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन र कुनै शिक्षकको निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुगेपछि निजको परिवारलाई निवृत्तभरण प्राप्त हुने छैन ।

निवृत्त शिक्षकको मृत्यु पश्चात निजको विधवा पत्नी/विधुर पतिले शिक्षकले निवृत्तभरण पाउन थालेको (सात) वर्षसम्मको अवधिको भए पूरा र तत्पश्चात आधा निवृत्तभरण रकम पारिवारिक निवृत्तभरणको रूपमा आजीवन पाउने व्यवस्था छ । (शिक्षा नियमावली, २०५९ को नियम ११५)

**ग) उपदान**

पाँच वर्ष वा सोभन्दा बढी अवधि स्थायी नोकरी गरेका तर निवृत्तभरण पाउने अवस्था नपुगेका स्थायी शिक्षक अवकाश भएमा वा राजिनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा निम्नानुसारको दरमा खाइपाई आएको तलबको हिसाबले उपदान पाउने व्यवस्था छ । (शिक्षा नियमावली, २०५९ को नियम ११९)

क) पाँच वर्षदेखि दश वर्षभन्दा कम नोकरी गरेका शिक्षकले काम गरेको प्रत्येक वर्षको निमित्त आधा महिनाको तलब रकम ।

ख) दश वर्षदेखि पन्ध्रवर्षभन्दा कम नोकरी गरेका शिक्षकले काम गरको प्रत्येक वर्षको निमित्त एक महिनाको तलब रकम ।

ग) पन्ध्र वर्षदेखि बीस वर्ष (निवृत्तभरण पाउने अवस्था) नपुगेका शिक्षकले काम गरेको प्रत्येक वर्षको निमित्त डेढ महिनाको तलब रकम

(२) कुनै शिक्षकको उपदान नलिदैं मृत्यु भएमा त्यस्तो शिक्षकको आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाइएको भएमा त्यस्तो व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भईसकेको वा कसैलाई इच्छाइएको नभएमा निजको एकाघरको नजिकको हकवालाले सो उपदान रकम पाउने छ ।

**घ) सञ्चित बिरामी बिदाको रकम भुक्तानी**

शिक्षकहरूलाई वर्ष भरिमा १२ दिनको बिरामी बिदाको सुविधा रहेकोमा यस्ता बिदाहरू सञ्चित रहने व्यवस्था रहेको र कुनै व्यहोराले शिक्षक आफ्नो सेवाबाट अवकाश भएपछि निजले सञ्चित रहेको बिदा वापत पदाधिकार रहेको पदमा खाईपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट

पाउने व्यवस्था रहेकोछ । यस्तो रकम लिन नपाउँदै कुनै शिक्षकको मृत्यु भएमा निजले इच्छाएको वा इच्छाएको नभएमा नजिकको हकवालाले समेत पाउने व्यवस्था छ ।

शिक्षकहरूको सञ्चित बिरामी बिदाको रकम दिने सम्बन्धी पहिलेदेखिको व्यवस्था हेर्दा शिक्षा नियमावली, २०२८ जारी हुँदा विद्यालयका शिक्षक तथा कर्मचारीले वर्षभरिमा १२ दिन बिरामी बिदा पाउने भनी नियम ३९ (१) (घ) मा उल्लेख भएको र उक्त बिदा मध्ये लिन बाँकी भएको बिदा सञ्चित हुने नहुने भन्ने सम्बन्धमा उक्त नियमावलीमा केही उल्लेख भएको पाइँदैन । यसै सन्दर्भमा शिक्षक तथा अन्य प्रशासकीय कर्मचारीहरूको समेत बिरामी बिदा सञ्चित हुने नहुने सम्बन्धमा शिक्षा ऐन र नियमावलीमा केही उल्लेख नभएकोले ती कर्मचारीहरूलाई मर्का परेको देखिएको हुँदा उनीहरूलाई पनि तत्कालीन श्री ५ को सरकारको कर्मचारी सरह प्रति वर्ष १२ दिन सञ्चित हुने र सेवाबाट अवकाश पाएपछि त्यस बखतको तलबको हिसाबले सञ्चित बिदाको रकम सम्बन्धित विद्यालयको कोषबाट पाउने गरी सिद्धान्ततः स्वीकृत भई शिक्षा मन्त्रालयबाट निर्देशन प्राप्त भएको भनी क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलबाट प्रकाशित शैक्षिक प्रशासन दिग्दर्शन, २०३६ मा उल्लेख भएको देखिन्छ । सोही सन्दर्भमा तत्पश्चात भएको शिक्षा नियमावलीको सातौं संशोधन २०३७ ले पहिलोपटक बिरामी बिदा सञ्चित हुने व्यवस्था गरेको भए तापनि सञ्चित बिरामी बिदा वापतको रकम दिने सम्बन्धमा भने सो नियमावलीले पनि केही उल्लेख गरेको पाइँदैन ।

शिक्षा नियमावली, २०२८ मा भएको आठौं संशोधन २०४६/११/०१ ले शिक्षकहरूको बिरामी बिदा सञ्चित हुने व्यवस्थामा परिवर्तन गरेको पाइन्छ । संशोधित नियमावली अनुसार शिक्षक र कर्मचारीहरूको एक शैक्षिक सत्रमा पाउने बिदाहरू सञ्चित गरी अर्को शैक्षिक सत्रमा लिन पाउने छैनन् भनी व्यवस्था भएको साथै प्रत्येक शैक्षिक सत्रको अन्त्यसम्म सञ्चित रहेको बिरामी बिदा वापत पदाधिकार रहेको पदको शुरु तलब स्केलले हुन आउने एकमुष्ठ रकम अर्को शैक्षिक वर्षभित्र लिन पाउने भनी व्यवस्था भएको र शिक्षा नियमावली, २०४९ जारी भएपछि भने प्रत्येक वर्षको बिरामी बिदा सञ्चित हुँदै जाने र शिक्षक अवकाश हुँदा सञ्चित बिरामी बिदा वापत एकमुष्ट रकम पाउने भनी कानूनी व्यवस्था भएको पाइन्छ । यसप्रकार हालको नियमानुसार शिक्षकहरूले २०४९ सालको शिक्षा नियमावली जारी भएदेखि यताको मात्र सञ्चित बिरामी बिदाको रकम पाउने व्यवस्था रहेकोमा शिक्षा नियमावली, २०२८ देखिकै बिरामी बिदाको व्यवस्था भईरहेका र शिक्षकहरूको त्यस वेलादेखि नै बिरामी बिदा सञ्चित रहेको र शिक्षा नियमावलीको आठौं संशोधन २०४६/११/०१ ले व्यवस्था गरे जस्तो सञ्चित बिदाको रकम तत्काल वितरण गरिएको समेत नपाइएको सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्को विशेष निर्णय अनुसार सम्बन्धित जिल्लाहरूमा नयाँ शिक्षा योजना लागू भएको मितिदेखिको सञ्चित बिरामी बिदाको रकम पाउने भनी प्राप्त पत्रको आधारमा सोही अनुसार सञ्चित बिदा वापतको रकम भुक्तानीको व्यवस्था भइरहेको छ ।

माथि उल्लिखित व्यवस्था अनुसार सेवा निवृत्त स्थायी शिक्षकहरूको सञ्चित बिरामी बिदाको रकम भुक्तानी भई रहेकोमा नेपाल सरकार (सचिव स्तरीय) को मिति ०६४/१२/२१ को निर्णयानुसार शिक्षक किताबखानाबाट निश्चित मापदण्डको आधारमा अवकाश पश्चात अस्थायी शिक्षकहरूको सञ्चित बिरामी बिदाको रकम भुक्तानीको लागि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा निकासा गरिने गरिएको छ ।

अस्थायी शिक्षकहरूको बिरामी बिदाको रकम भुक्तानी सम्बन्धमा भएका परिपत्रहरूको विवरण यसै दिग्दर्शनको परिपत्र शीर्षक (खण्ड) मा समावेश गरिएको छ ।

**निवृत्तभरण तथा उपदान सम्बन्धी अन्य व्यवस्था**

**क) निवृत्तभरण वा उपदान नपाउने अवस्था :**

देहायको अवस्थामा शिक्षकहरूले निवृत्तभरण वा उपदान पाउने छैन । (शिक्षा नियमावली, २०५९, को नियम १२०)

क) अस्थायी नियुक्ति भएमा

ख) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरीने गरी नोकरीबाट बर्खास्त गरिएमा ।

ग) विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी योग्यता, ३ पुस्ते उमेर, नाम, थर, वतन वा नागरिकता ढाँटेको प्रमाणित हुन आएमा ।

घ) निज शिक्षक कार्यरत रहँदाको अवस्थामा निजको जिम्मामा रहेको नगदी, जिन्सी वरवुझारथ नगरेमा । (नियम १२१)

**ख) वेपत्ता भएको मानिसको निवृत्तभरण र उपदान :**

क) कुनै शिक्षक हराई बेपत्ता भई दुई वर्षसम्म मरे बाँचेको पत्ता नलागेमा सम्बन्धित व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा त्यस्तो शिक्षकले पाउने उपदान वा निवृत्तभरण रकम निजको परिवारलाई दिइनेछ ।

ख) यस्तो अवस्थामा निवृत्तभरण लिन पाउने व्यक्ति निवृत्तभरण लिन नपाउँदै वेपत्ता भएमा ७ वर्षसम्म र निवृत्तभरण पाउन थालेपछि बेपत्ता भएमा ७ वर्ष पुग्न बाँकी अवधिसम्म निजको परिवारलाई निवृत्तभरणको पूरै रकम र सो अवधिपछि पति वा पत्निलाई निवृत्तभरणको आधा रकम पारिवारिक निवृत्तभरणको रूपमा आजीवन दिइनेछ ।

ग) वेपत्ता भएको शिक्षक पछि फेला परेमा निजले पाउने निवृत्तभरण रकम दावी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ । तर भुक्तानी भईसकेको रकमको हकमा निजले दावी गर्न पाउने छैन ।

## ४. अन्य वृत्तिसम्बन्धी सुविधा

निवृत्तभरण वा उपदानको अतिरिक्त शिक्षकहरूले शिक्षा नियमावलीद्वारा तोकिएको कुनै असाधारण अवस्था तथा दुर्घटनामा परी वा त्यसको कारणबाट मृत्यु भएमा अन्य वृत्तिसम्बन्धी सुविधाहरू पनि पाउने व्यवस्था रहेको छ । जुन निम्नअनुसार छन् ।

### क) आजीवन पारिवारिक वृत्ति

विद्यालयको कामको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घनामा परी वा त्यसको कारणबाट निको नहुँदै कुनै शिक्षकको मृत्यु भएमा निजको विधवा पत्नी/विधुर पतिलाई त्यस्तो शिक्षकले पाउन सक्ने न्यूनतम निवृत्तभरण रकमको पचास प्रतिशतले हुन आउने रकम आजीवन पारिवारिक वृत्ति स्वरूप दिने व्यवस्था छ । (शिक्षा निवयमावली २०५९ (संशोधन सहित)को नियम ११६)

### ख) शैक्षिक भत्ता तथा सन्तति वृत्ति

विद्यालयको कामको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घटनामा परी वा सोही कारणबाट निको नहुँदै पछि मृत्यु हुने शिक्षकको २ जनासम्म सन्ततिलाई निजको उमेर १८ वर्ष नपुगेसम्म देहायको दरले सुविधा रकम दिइने व्यवस्था रहेको छ ।

**शैक्षिक भत्ता (वार्षिक रूपमा)**

| | |
|---|---|
| माध्यमिक तहमा अध्ययन गर्ने प्रत्येक सन्ततिलाई | रु. ९००/- |
| नि.मा.वि. तथा प्रा.वि. तहमा अध्ययन गर्ने प्रत्येक सन्ततिलाई | रु.७००/- |

**सन्तति वृत्ति**

शैक्षिक भत्ताको अतिरिक्त मृतक शिक्षकको दुईजनासम्म प्रत्येक सन्ततिलाई निम्नानुसार मासिक सन्तति वृत्ति दिइनेछ ।

| | |
|---|---|
| मा.शि. प्रथम श्रेणीको शिक्षक | - शुरु तलबको ८ प्रतिशत |
| मा.शि. द्वितिय र तृतीय श्रेणी वा सो सरहको शिक्षक | - शुरु तलबको १० प्रतिशत |
| अन्य शिक्षक | - शुरु तलबको १२ प्रतिशत |

(शिक्षा नियमावली, २०५९ (संशोधन सहित)को नियम १२४)

**वृत्ति सिफारिस समिति**

विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी कुनै शिक्षकको मृत्यु भएमा निजको मृत्यु विद्यालयको कामको सिलसिलामा भए नभएको सम्बन्धमा ठहर गरी त्यस्तो शिक्षकको परिवार वा

सन्ततिलाई दिइने वृत्ति रकमको सम्बन्धमा सिफारिस गर्न सम्बन्धित जिल्लामा देहायका सदस्यहरू रहेको वृत्ति सिफारिस समिति रहनेछ । (नियम १२५)

| | | |
|---|---|---|
| क) | प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| ख) | जिल्ला प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| ग) | सम्बन्धित विद्यालयको प्रधानाध्यापक | - सदस्य |
| घ) | जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख | - सदस्य |
| ङ) | प्रतिनिधि, जिल्ला शिक्षक युनियन | - सदस्य |
| च) | जिल्ला शिक्षा अधिकारी (इकाइ प्रमुख) | - सदस्य-सचिव |

**सावधिक बीमा योजना**

निजामती सेवा ऐन, २०५० मा भएको दोस्रो संशोधन अध्यादेश २०६२ र पछि दोस्रो संशोधन ऐन, २०६४ को दफा ४०क. ले समेत प्रत्येक निजामती कर्मचारीको मासिक तलबबाट रु. २००/- (दुई सय) कट्टा गरी त्यति नै रकम नेपाल सरकारले थप गरी बीमांक रकम एक लाख रूपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरीदिने व्यवस्था गरे अनुसार निजामती कर्मचारीको सम्बन्धमा ०६२ श्रावण १ देखि नै बीमा रकम जम्मा भईरहेको तर शिक्षकको सम्बन्धमा उपरोक्त व्यवस्था नभईरहेकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार नीतिगत निर्णय भई शिक्षकहरूको लागि समेत २०६४ श्रावणदेखि सावधिक जीवन बीमा कोष स्थापना भई निजामती कर्मचारी सरह नै रकम जम्मा गर्ने कार्य शुरु भई सकेको छ । यस कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार शिक्षा मन्त्रालय र नागरिक लगानी कोष वीच सहमति भएको र कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरूले हरेक स्थायी शिक्षकहरूको मासिक पारिश्रमिकबाट रु. २००/- र नेपाल सरकारबाट थप गरिने रु. २००/- समेत गरी जम्मा रु. ४००/- अनिवार्य रूपमा कोषको शिक्षक जीवन बीमा नाम रहेको जिल्लाको राष्ट्रिय वाणिज्य बैंक वा सरकारी कारोवार गर्ने नेपाल बैंक लिमिटेडको खातामा जम्मा गराई बैंक दाखिला भौचर र बीमा कोष कट्टी रकम विवरण बैंक दाखिला भएको मितिले १५ दिन भित्र नागरिक लगानी कोषको शिक्षा बीमा कोष आयोजनामा पठाउनु पर्ने व्यवस्था गरिएको छ । २०७३ श्रावणदेखि भने हरेक स्थायी शिक्षकहरूको मासिक पारिश्रमिकबाट रु. ४००/- र नेपाल सरकारबाट थप गरिने रु ४००/- समेत गरी जम्मा रु ८००/- शिक्षक जीवन बीमा कोषमा जम्मा गरिएको अवस्था छ ।

यस कार्यक्रम अन्तर्गत स्थायी शिक्षकहरूको परिचय पत्र वितरण व्यवस्थापन गर्न नागरिक लगानी कोष र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवीच निर्णय भए अनुसार सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ मार्फत एकमुष्ठ रूपमा बीमा परिचय पत्र वितरण गरी सङ्कलन गर्ने व्यवस्था गरिएको र यस्तो परिचय पत्रमा अन्य व्यक्तिगत विवरणका अतिरिक्त शिक्षक किताबखानाबाट पाएको सिटरोल नं. (स्थायी शिक्षक संकेत नं.) अनिवार्य रूपमा भर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ ।

नेपाल सरकार (म.प.)को निर्णय अनुसार शिक्षकहरूको सम्बन्धमा समेत शुरु गरिएको यो सावधिक जीवन बीमा कार्यक्रमलाई शिक्षा नियमावली २०५९ मा भएको छैठौं शंसोधनले शिक्षा नियमावलीमा नै आवद्ध गरी सकेको छ भने यसको भुक्तानी शिक्षकहरूको सेवा निवृत्त भएपछि वा निजहरूको मृत्युपछि तोकिए अनुसार हुने व्यवस्था गरिएको छ ।

## ५. सेवा गणनासम्बन्धी व्यवस्था

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) नियम ११४क को उप नियम (१) मा भएको व्यवस्था अनुसार नियम ११४ बमोजिम नोकरी अवधि गणना गराउन चाहने बहालवाला शिक्षकले सम्वत् २०६९ चैत मसान्तभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्ति हुने शिक्षकले नियुक्ति पाएको मितिले एक वर्षभित्र शिक्षक किताबखानाबाट त्यस्तो नोकरी अवधि गणना गराउनु पर्नेछ । सो अवधि पछि त्यस्तो नोकरी अवधि गणना गरिने छैन ।

# शिक्षकको स्थायी सेवा गणनासम्बन्धी व्यवस्था

नेपाल सरकारबाट स्वीकृत प्राप्त दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा २० वर्ष सेवा गरेको शिक्षकले अवकाश पाएपछि तोकिएअनुसार निवृत्तभरण र २० वर्ष नपुगेको अवस्थामा उपदान लगायतका सुविधा पाउने व्यवस्था शिक्षा नियमावलीले गरेको छ ।

निवृत्तभरण वा उपदान लगायत सेवा निवृत्त पछिको सुविधा निर्धारणका लागि शिक्षकको स्थायी नोकरी मात्र गणना गरिने र यस प्रयोजनको लागि शिक्षकको नोकरी अवधि देहाय बमोजिम गणना गरिनेछ । (शिक्षा नियमावली, २०५९ को नियम ११४)

क) राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ लागू हुनुभन्दा अघिदेखि शिक्षण पेशामा रहेको शिक्षकको हकमा सो योजना लागू हुनुभन्दा अघि अनुमति प्राप्त विद्यालयमा स्थायी नियुक्ति भई अविछिन्न रूपमा काम गरी विद्यालय शिक्षा सेवामा प्रवेश गरेको भए राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अघिदेखि गरेको स्थायी सेवा नोकरीको अवधि समेत गणना गरिनेछ ।

ख) सरकारी शिक्षक पदमा स्थायी नियुक्ति लिई बीचमा नोकरी अवधि छुट्न गई विद्यालय शिक्षा सेवामा प्रवेश गरेको शिक्षकको हकमा त्यस्तो सरकारी शिक्षक पदमा रही नोकरी गरेको अवधि समेत गणना गरिनेछ ।

ग) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षक पेशामा प्रवेश गर्ने शिक्षकको हकमा विद्यालयमा स्थायी नियुक्ति लिई अविछिन्न नोकरी गरेको जम्मा अवधिको गणना गरिनेछ ।

नोकरी अवधि गणना गर्दा असाधारण बिदामा बसेको, बेतलबी बिदामा बसेको वा बिदा वा काज स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको अवधि र स्थायी सेवा अवधि बीचमा टुटेको भए सोअवधि गणना गरिने छैन ।

एक पटक निवृत्तभरण पाउने गरी अवकास पाएको व्यक्तिले शिक्षक पदमा पुनः स्थायी नियुक्ति पाई अवकाश भएमा सो व्यक्तिले चाहेमा निजको पछिल्लो सेवा अवधि समेत गणना गरिने छ ।

**नोकरी अवधि गणनासम्बन्धी कार्यविधि**

शिक्षा नियमावली, २०५९ मा भएको दोस्रो संशोधन २०६० (०६०/१२/१६) र तेस्रो संशोधन २०६२/०२/२५ समेतले व्यवस्था गरे अनुसार नयाँ शिक्षा योजना पूर्वको नोकरी अवधि गणना गराउन

चाहने बहालवाला शिक्षकले नियम प्रारम्भ भएको मितिले दुई वर्ष (२०६२ चैत्र १५) भित्र र नियम प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकले नियुक्ति पाएको मितिले १ वर्षभित्र शिक्षक किताबखानाबाट त्यस्तो नोकरी अवधि गणना गराउनु पर्ने र सो अवधि पछि त्यस्तो नोकरी अवधि गणना गरिने छैन भन्ने व्यवस्था भएको थियो । हाल उक्त अवधि व्यतित भइसकेको छ तापनि नोकरी गणना गर्नुपर्ने शिक्षकको सङ्ख्या अझै धेरै बाँकी रहेको र प्रचलित शिक्षा नियमावलीमा शिक्षा पद्धतिको योजना अघिको स्थायी सेवालाई योजना लागू भएपछिको स्थायी सेवामा गणना हुने कानूनी व्यवस्थालाई अङ्गिकार गरिएकोले पछि नियमावलीमा संशोधन हुँदा मिलान गर्ने गरी हाललाई सेवा अवधि गणनाको कार्यजारी राख्ने भनी शिक्षा तथा खेलकुद मन्त्रालय (मन्त्रीस्तर) बाट मिति २०६३/०४/१९ मा निर्णय भईआएको र शिक्षा नियमावली, २०५९ (छैटौं संसोधन) ले यसरी नोकरी गणना गर्न २०६९ चैत्र मसान्तसम्मको म्याद तोकेको थियो । शिक्षा नियमावली, २०५९ संसोधनसहित बमोजिम नयाँ नियुक्ति हुने शिक्षकले नियुक्ति भएको एक वर्षभित्र शिक्षक किताबखानाबाट पहिले स्थायी सेवा गरेकोभए सेवा अवधि गणना गराई सक्नुपर्ने गरी समयावधि तोकेको छ। नोकरी अवधि गणना गराउन सुरुको नियुक्ति पत्र लगायत अन्य आवश्यक कागजात र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र सहित किताबखानामा पेश गर्नुपर्ने प्रावधान छ ।

### नोकरी अवधि निर्धारण सिफारिस समिति

शिक्षा नियमावली, २०५९, को नियम ११४ को खण्ड (क) बमोजिम राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अघि अनुमति प्राप्त विद्यालयमा स्थायी नियुक्ति भई अविच्छिन्न रूपमा काम गरी विद्यालय शिक्षा सेवामा प्रवेश गरेको वा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अघिदेखि कुनैपनि शिक्षकले गरेको स्थायी नोकरीको सेवा विद्यालय शिक्षा सेवामा गणना गर्ने सम्बन्धमा दुविधा उत्पन्न हुन सक्ने भएकोले निजको त्यस्तो नोकरी र त्यसको अविच्छिन्नता सम्बन्धमा समेत सम्पूर्ण रूपमा एकिन गरी शिक्षक किताबखानालाई सिफारिस गर्न जिल्लास्तरमा देहायबमोजिमको नोकरी अवधि निर्धारण समिति रहने व्यवस्था छ ।

क) जिल्ला शिक्षा अधिकारी (इकाइ प्रमुख) - अध्यक्ष

ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

### नयाँ शिक्षा योजना पूर्वको सेवा गणना

शिक्षा नियमावली, २०५९ (तत्काल प्रचलित र यस अघिका अन्य शिक्षा नियमावली समेत) अनुसार निवृत्तभरण प्रयोजनको लागि नयाँ शिक्षा योजना अगाडिको स्थायी सेवा गणना गर्ने भन्ने व्यवस्था भएको छ। तत्कालीन समयका नियुक्तिपत्रहरू हेर्दा कस्ता प्रकारको नियुक्तिलाई मान्ने, सेवाको गणना कसरी गर्ने भन्ने सम्बन्धमा कुनै स्पष्ट भएको पाइँदैन तापनि प्रायः सबै योजना पूर्वका शिक्षकको

विद्यालय सञ्चालक समितिबाट दिइएको नियुक्ति पत्रमा तत्कालीन जिल्ला शिक्षा अधिकारीबाट समर्थन भएको र जिल्ला शिक्षा कार्यालयमा रजिष्टर्डसमेत भएको पाइने गरेको तथा योजना पूर्वको सेवा वापत नयाँ शिक्षा योजना पछि पुन: स्थायी नियुक्ति भए पछि ३ वर्षको १ ग्रेडको हिसाबले पूर्व सेवा ग्रेड दिइने गरेको र सोही तथ्यलाई आधार मानी विद्यालय शिक्षक किताबखाना स्थापना पूर्व मन्त्रालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयहरूबाट पनि सेवा गणना र निवृत्तभरण निर्धारण गर्ने गरेको आधारमा यस किताबखानाको स्थापना पछि यहाँबाट पनि सोही बमोजिम नै यससम्बन्धी काम कारवाही हुने गरेको छ ।

नयाँ शिक्षा योजना पूर्वको कस्तो नोकरीलाई स्थायी मान्ने भन्ने सम्बन्धमा प्रचलित शिक्षा नियमावलीमा उल्लेख नभएको, यससम्बन्धी स्पष्ट नीति/निर्देशिका नभएकोले गर्दा योजना पूर्वको नोकरी गणना सम्बन्धमा द्विविधा भइरहने भएकोले नियम ११४ख अनुसार गठन भएको नोकरी अवधि निर्धारण सिफारिस समितिको सिफारिसमा नोकरी गणना गर्ने गरिएकोमा उक्त समितिलाई पनि सेवा गणना सम्बन्धी सिफारिस गर्न द्विविधा भएको देखिएको, विभिन्न जिल्लाहरूबाट प्राप्त हुने सिफारिसमा पनि एकरूपता हुने नगरेको कारणले जिल्ला अनुसार सेवा गणना कार्यमा फरक परिरहेको सन्दर्भमा देशभरिका शिक्षकहरूको काममा एकरूपता कायम गर्नको लागि योजना पूर्वको सेवा गणना गर्न सिफारिस गर्दा निम्नलिखित कागजातलाई आधार मान्ने भनी तत्कालीन शिक्षा तथा खेलकुद मन्त्रालय (मा. मन्त्रीस्तर) बाट मिति २०६२/४/२४ मा निर्णय भई सोहीअनुसार तत्कालीन सबै जिल्ला शिक्षा कार्यालयहरूमा पत्राचार भईसकेकोले उक्त बमोजिम हाल निम्नलिखित आधारभूत कागजात (Primary Document) को आधारमा योजना पूर्वको सेवा गणना गर्ने गरिएको छ ।

१. योजना पूर्व तत्कालीन जिल्ला शिक्षा निरीक्षकको कार्यालयबाट समर्थन भएको स्थायी नियुक्ति पत्र वा जिल्ला शिक्षा निरीक्षकको कार्यालयको सिफारिसमा भएको नियुक्ति पत्र (सिफारिस पत्र समेत)

२. सम्बन्धित व्यक्तिको नियुक्ति सरकारी आर्थिक सहायता (आ.स.) पाउने गरी स्वीकृत दरबन्दीमा स्वीकृत प्राप्त विद्यालयमा भएको हो भन्ने तत्कालीन प्रमाण ।

३. नयाँ शिक्षा योजना लागू हुँदा जिल्ला शिक्षा कार्यालयबाट दिएको परीक्षण कालको स्थायी नियुक्ति पत्र ।

४. योजना पूर्वको सेवा वापत ३ वर्षको १ ग्रेडका दरले निर्धारण गरी दिएको तत्कालीन जिल्ला शिक्षा कार्यालयको पूर्वसेवा ग्रेडको पत्र ।

५. एक जिल्लाबाट अर्को जिल्लामा वा एक विद्यालयबाट अर्को विद्यालयमा नियुक्ति भैकाम गरेको भए तत्कालीन अवस्थामा जिल्ला शिक्षा निरीक्षकको कार्यालयले सरुवा गरेको वा खटाएको हुनुपर्ने ।

६. जिल्लास्थित नोकरी अवधि निर्धारण सिफारिस समितिले यो मितिदेखि यो मितिसम्म अटुट रूपमा स्थायी शिक्षक भई काम गरेको भनी गरेको निर्णय सहित जिल्ला शिक्षा कार्यालयले सिफारिस गर्नुपर्ने ।

हाल उपरोक्त कागजातको आधारमा नै सेवा गणना गर्ने गरिएकोमा एकाध केही शिक्षकहरूको त्यस्ता कागजात नभई सेवा गणना नभएको कारणले सेवा निवृत्त सुविधामा फरक पर्न गएको भन्ने गुनासो वढ्न गएको र सेवा अवधि गणनाकै कारणले वास्तविक रूपमा कार्य गर्ने शिक्षकलाई मर्का नपरोस् भन्ने असल मनसायले माथि बुँदा नं. १ मा उल्लिखित जिल्ला शिक्षा कार्यालयको समर्थन भएको शुरु नियुक्ति पत्र र बुँदा नं. ४ मा उल्लिखित तत्कालीन पूर्व सेवा ग्रेडको पत्रमध्ये कुनै एक कागजात मात्र भएपनि हुने र दुबै कागजात नहुनेको हकमा अन्य निम्नलिखित मध्येका थप सहायक कागजात (Secondary Document) को आधारमा पनि सेवा अवधि गणनाको कार्य भइरहेकोछ ।

१) नयाँ शिक्षा योजना अघि नै सेवाकालिन तालिम लिएको भएमा तालिम लिन खटाएको जिल्ला शिक्षा कार्यालयको पत्र र तालिमको प्रमाण पत्र । सेवाकालिन तालिममा प्रायः स्थायी शिक्षकहरूलाई नै पठाइने चलन रहेको र यसरी तालिममा पठाइएको शिक्षकको शुरु नियुक्ति पत्रमा जिल्ला शिक्षा कार्यालयको समर्थन र पूर्वसेवा ग्रेड पत्र नभए पनि स्थायी शिक्षक हो भन्ने मान्यताको आधारमा सेवा गणनामा सेवाकालिन तालिमलाई मान्यता दिइएको मान्न सकिन्छ ।

२) नयाँ शिक्षा योजनापछि लगत्तै भरिएको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) फाराममा शुरुको नियुक्ति समेत जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित भएको भएमा सो सिटरोल फाराम । नयाँ शिक्षा योजना लागू भएपछि नयाँ नियुक्ति दिँदा योजना पूर्वदेखि काम गरेका शिक्षकलाई पहिलो प्राथमिकता दिएको देखिएकोले पहिलेदेखि कार्यरत भएको भए सिटरोलमा समेत भरी प्रमाणित गरिएको हुन्छ भन्ने मान्यताको आधारमा तत्कालीन सिटरोललाई मान्यता दिइएको मान्न सकिन्छ ।

३) नाम र शुरु नियुक्ति पत्र सहित उल्लेख भएको तत्कालीन लेखा परीक्षण प्रतिवेदन (Audit Report) । सरकारबाट अनुमति प्राप्त लेखापरीक्षकले तत्कालीन समयमा नै आफ्नो लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेको विवरण सत्यतामा आधारित हुन्छ भन्ने मान्यताको आधारमा त्यस्तो प्रतिवेदनलाई मान्यता दिइएको मान्न सकिन्छ ।

४) शिक्षकको नाम र शुरु नियुक्ति मिति सहित उल्लेख भएको तत्कालीन विद्यालय निरीक्षक/जिल्ला शिक्षा अधिकारीबाट भएको निरीक्षण प्रतिवेदन । विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारी तथा अधिकार प्राप्त अन्य पदाधिकारीहरू विद्यालयमा नै गई

निरीक्षणको क्रममा उपलब्ध कागजातको आधारमा दिइएको निरीक्षण प्रतिवेदनलाई आधिकारिक मान्यता दिइएको मान्न सकिन्छ ।

५) तत्कालीन रूपमा (योजना पूर्व) जिल्ला शिक्षा कार्यालयबाट नोकरी अवधि प्रमाणित भएका अन्य कागजात । यस खण्ड अन्तर्गतका अन्य थप कागजात (Secondary Documents) मध्ये पनि १ देखि ४ सम्मका कुनै कागजात नभएमा पनि तत्कालीन रूपमा जिल्ला शिक्षा कार्यालयबाट नोकरी अवधि प्रमाणित भएका अन्य कुनै पनि कागजातको आधारमा समेत सेवा अवधि गणना गर्ने प्रावधानबाट कुनै पनि शिक्षक यस सम्बन्धी सुविधाबाट वञ्चित नहोउन् भन्ने नै हो ।

**योजना पछिको सेवा गणना**

नयाँ शिक्षा योजना पछि एक पटक पाएको स्थायी नियुक्तिको सेवा राजीनामा स्वीकृत भई, अवकाशमा परी वा भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको कारणले टुट्न गएको र पुनः विद्यालय शिक्षा सेवामा स्थायी नियुक्ति भएको अवस्थामा पुरानो सेवा गणना गराउन चाहेमा सेवा गणना गराउन सकिने र यसको लागि पछिल्लो नियुक्ति पाएको मितिले १ (एक) वर्ष भित्र निम्नानुसारको कागजात सहित कारवाही चलाउनु पर्ने देखिन्छ ।

१. जिल्ला शिक्षा कार्यालयबाट भएको शुरु स्थायी नियुक्ति पत्र,

२. राजीनामा स्वीकृति/अवकाश आदि व्यहोराले नोकरी टुटेको प्रमाण,

३. अघिल्लो सेवाको वरवुझारथ गरेको प्रमाण पत्र,

४. असाधारण, बेतलबी बिदा लिए/नलिएको खुल्ने प्रमाण, लिएको भएमा सो अवधि उल्लेख भएको हुनुपर्ने,

५. लिएको सुविधा निवृत्तभरण, औषधि उपचार आदिको यकीन विवरण

- उपदान लिएको भएमा सरकारको राजश्व खाता नं. १-१-१२-२० मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर
- निवृत्तभरणको सम्बन्धमा पुरानो निवृत्तभरण अधिकारपत्र
- औषधि उपचार रकमको सम्बन्धमा लिएको जम्मा रकमको विवरण खुलेको जिल्ला शिक्षा कार्यालयको पत्र

६. पुनः लिएको जिल्ला शिक्षा कार्यालयको स्थायी नियुक्ति पत्र

७. गणना गर्नुपर्ने अविच्छिन्न स्थायी सेवा अवधि सहित स्पष्ट किटान भएको जिल्ला शिक्षा कार्यालयको सिफारिस पत्र ।

## राष्ट्रिय किताबखाना (शिक्षक) परामर्श समिति

शिक्षकहरूको अभिलेख व्यवस्थित रूपले राख्न र सेवा निवृत्त सुविधा व्यवस्थापन गर्ने कार्यको लागि किताबखानालाई शिक्षा नियमावलीले महत्वपूर्ण भूमिका प्रदान गरेको छ। तापनि यस किताबखानाको स्थापना पूर्वको केन्द्रीय अभिलेख, स्पष्ट नीति तथा व्यवस्थापनको अभावले गर्दा किताबखानाको आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयमा विभिन्न कानूनी, प्रशासनिक र प्रक्रियागत समस्याहरू उत्पन्न हुने गरेका छन् । त्यस्ता समस्याहरू समयमै निराकरण गरी छिटोछरितो ढङ्गबाट कार्यसम्पन्न गर्नको लागि शिक्षक किताबखानालाई परामर्श प्रदान गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सह सचिवको अध्यक्षतामा निम्नानुसारको एक परामर्श समिति रहने व्यवस्था शिक्षा नियमावलीले गरेको छ ।

| | | |
|---|---|---|
| क) | मन्त्रालयले तोकेको सो मन्त्रालयको सहसचिव | - अध्यक्ष |
| ख) | कार्यालय प्रमुख, निवृत्तभरण व्यवस्थापन कार्यालय | - सदस्य |
| ग) | प्रतिनिधि, (बजेट तथा कार्यक्रम शाखा) अर्थ मन्त्रालय | - सदस्य |
| घ) | उपसचिव, (विद्यालय शिक्षा शाखा) शिक्षा मन्त्रालय | - सदस्य |
| ङ) | उपसचिव, (ऐन, नियम परामर्शशाखा) शिक्षा मन्त्रालय | - सदस्य |
| च) | प्रतिनिधि, राष्ट्रिय किताबखाना (निजामती) | - सदस्य |
| छ) | उप महानिर्देशक, राष्ट्रिय किताबखाना (शिक्षक) | - सदस्य सचिव |

परामर्श समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गर्नसक्ने देखिएको छ ।

### परामर्श समितिको विभिन्न मितिमा भएका केही नीतिगत निर्णयहरू

**मिति २०६०/०७/२४ को निर्णयः** निवृत्तभरण अधिकारपत्र हराएर पुनः प्रतिलिपि बनाउनु परेमा रु. २००/- राजश्व रकम जम्मा गर्न लगाई प्रतिलिपि अधिकारपत्र वनाई दिने ।

**मिति २०६२/०८/२२ को निर्णयः** शिक्षकहरूको योजना पूर्वको सेवा गणना गर्ने सम्बन्धमा परामर्श समितिको मिति २०६२/०४/१७ को निर्णय, श्री ५ को सरकार मन्त्रीस्तरको मिति २०६२/०४/२४ को निर्णयअनुसार तत्कालीन नियुक्तिमा तत्कालीन जि.शि.अ.को समर्थन वा योजना पूर्वको सेवा वापत ग्रेड खाएको तत्कालीन पत्रको आधारमा गणना गर्ने भनिएकोमा उक्त दुवै अवस्था नभएका तर तत्कालीन अवस्थामा नै निजहरूलाई सरकारले सेवाकालिन तालिममा पठाएको र अविच्छिन्न सेवा रहेको प्रमाण पेश हुन आएमा सेवाकालिन तालिममा पठाएको आधारमा समेत योजना पूर्वको सेवा गणना गर्न सिफारिस गर्ने ।

**मिति २०६३/०३/२० को निर्णयः** राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-३२) अगाडि नियुक्ति पाएका तर ग्रेड खाने अवधि नपुगेका र तत्कालीन नगर पञ्चायतद्वारा सञ्चालन भएका विद्यालयका शिक्षकहरूको नगर पञ्चायतले दिएको नियुक्ति सम्बन्धमा गणना सम्बन्धी प्रक्रिया पुगी आएमा देहाय

बमोजिम सेवा गणना गर्न नीतिगत निर्णय हुन शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्ने गरी निर्णय भएकोमा उक्त मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६३/०४/१९ को निर्णयबाट समेत सोही बमोजिम गर्नको लागि लेखी आएको ।

क) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडि स्वीकृत प्राप्त विद्यालयमा आर्थिक सहायताबाट तलब खानेगरी नि.मा.वि. तथा मा.वि. तहका विद्यालय सञ्चालक समितिबाट स्थायी नियुक्ति पाएको तर तत्कालीन जिल्ला शिक्षा निरीक्षक कार्यालयबाट नियुक्ति समर्थन नभएका शिक्षकहरू जसको ३ वर्षको एक ग्रेडका दरले ग्रेड प्राप्त गर्ने अवधि नपुग्नेको हकमा योजनाको शुरुमा परीक्षण कालको नियुक्ति पाएको भए योजना पूर्व निजले स्वीकृत प्राप्त विद्यालयमा आर्थिक सहायताबाट तलब खाएको सेवा अवधि योजना पछिको स्थायी नोकरीमा गणना गर्ने ।

ख) राष्ट्रिय शिक्षा पद्धति योजना पूर्व स्वीकृत प्राप्त विद्यालयमा आ.स.बाट तलब खाने गरी विद्यालय सञ्चालक समितिबाट नियुक्ति पाएका र योजना लागू हुँदा माथिल्लो तहमा परीक्षण कालको नियुक्ति भएको कारणले योजना पूर्वको ग्रेड खाएको पत्र नहुने शिक्षकहरूको हकमा योजनापछिको स्थायी सेवामा गणना गर्ने ।

ग) राष्ट्रिय शिक्षा पद्धति को योजना पूर्व नगर पञ्चायतद्वारा सञ्चालन भएका विद्यालयहरूमा नगर पञ्चायतबाट नियुक्ति पाएको शिक्षकहरूको सेवा योजना लागू हुँदा परीक्षण कालको नियुक्ति पाएको भए सेवा गणना गर्ने ।

**मिति २०६३/१०/२५ को निर्णयः** जिल्ला शिक्षा कार्यालयहरूले यस अघि नै सेवा अवधि गणना गरी सकेका शिक्षकहरूको सम्बन्धमा सो निर्णयलाई समेत कायम गर्ने सम्बन्धमा नीतिगत निर्णयको लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय भएकोमा उक्त मन्त्रालयबाट सोही अनुसार गर्न लेखिएको ।

# बजेट तर्जुमा, कार्यान्वयन तथा सेवा निवृत्त सुविधा रकमको व्यवस्थापन

यस किताबखाना नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत विभाग स्तरीय कार्यालयको रूपमा २०५४ सालमा स्थापित कार्यालयले आर्थिक कार्यविधि ऐन तथा नियमावली एवम् सार्वजनिक खरिद ऐन, २०६३ तथ सार्वजनिक खरिद नियमावली, २०६४ एवम् प्रचलित नियम अनुसार आर्थिक प्रशासन सञ्चालन गर्दै आएको छ ।

आर्थिक प्रशासन सञ्चालन अन्तर्गत बजेट तर्जुमा, स्वीकृति, बजेट कार्यन्वयन, प्रतिवेदन, लेखा परीक्षण कार्यसम्पन्न गर्ने गराउने कार्य सालवसाली रूपमा सम्पन्न गर्दै आइरहेको छ । यस अन्तर्गत सञ्चालित कृयाकलापहरू अन्तर्गत निम्नानुसार कार्यहरू सम्पन्न हुन्छ ।

## १) बजेट तर्जुमा

अर्थ मन्त्रालयले निर्धारण गरेको बजेट सीमा तथा बजेट दिग्दर्शन र परिपत्र एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशन बमोजिम यस किताबखानाको लागि आवश्यक पर्ने बजेट तर्जुमा गर्ने कार्य गर्दछ । यस क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने बजेट तर्जुमासम्बन्धी छलफल आयोजनामा सहभागी हुने र निर्देशन बमोजिम गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संसोधित अनुमान र आगामी आर्थिक वर्षको अनुमान र कार्यक्रम प्रस्ताव गरी मन्त्रालयमा पेश गर्ने कार्य गर्दछ । यसरी पेश भएको बजेट माथि अर्थ मन्त्रालयले तोकेको समयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय किताबखाना (शिक्षक) र अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखामा बजेट छलफलमा बजेटका शीर्षकगत रूपमा छलफल भई निर्णय भए अनुसार आयव्ययको अनुमानमा समावेश भई संसदको स्वीकृतिमा विनियोजन हुने गरेको छ ।

## २) बजेट कार्यन्वयन

बजेट स्वीकृति पछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट शिक्षक किताबखानाको लागि रकमको बाँडफाँड र खर्च गर्ने अख्तियारी प्राप्त भइसकेपछि शिक्षक किताबखानाले कार्यालयको प्रयोजन र सेवा निवृत्त शिक्षकहरूलाई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ मार्फत भुक्तानी पाउने गरी निर्धारण भएको सेवा निवृत्त सुविधा (औषधि उपचार, बिरामी बिदा, उपदान) रकमको बाँडफाँट गरिन्छ ।

शिक्षकको सेवा निवृत्त सुविधा रकम स्वीकृत बजेटले पुगेको अवस्थामा एक आर्थिक वर्षमा चार पटकसम्म भुक्तानी पाउनेको नामनामेसी विवरण र रकम समेत उल्लेख गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा रकम निकासा गर्ने गरिएको छ।

कार्यालयले आफ्नो कार्यालयको र ७७ वटै शिक्षा विकास तथा समन्वय इकाइको निकासा खर्च र बाँकीको विवरण (केन्द्रीय आर्थिक विवरण) तयार गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पेश गरी लेखा परीक्षण सम्पन्न गराउने कार्य गर्नुपर्नेछ। यसको लागि प्रत्येक शिक्षा विकास तथा समन्वय इकाइलाई पठाइएको निकासा खर्च, बाँकी विवरण (आर्थिक विवरण) समयमै शिक्षक किताबखानामा पठाउनु पर्ने दायित्व सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको रहेको छ।

**सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले सम्पादन गर्नुपर्ने कार्यहरू:**

- निकासा पत्र साथ संलग्न विवरणमा उल्लिखित नामनामेसी र रकमको विवरण अनुसार भुक्तानीको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग गर्ने।
- शिक्षक किताबखानाले निर्धारण गरेको सेवा सुविधाको रकमको सक्कलै पत्र संलग्न गरी सम्बन्धित सेवा निवृत्त शिक्षकलाई भुक्तानी गर्ने।
- निकासा रकम साथ संलग्न विवरण र सुविधा निर्धारित पत्रको विवरण फरक परेमा शिक्षक किताबखानालाई जानकारी गराउने।
- निकासा भई आउँदा कुनै शिक्षकको दोहोरो तथा बढी निकासा भएको पाइएमा यथा समयमै शिक्षक किताबखानालाई जानकारी गराई फिर्ता समेत गर्ने।
- निकासा पत्रमा कुनै व्यहोरा छुट भएको देखिएमा सोको जानकारी गराउने, निकासा तथा खर्च आन्तरिक एवम् अन्तिम लेखा परीक्षण सम्पन्न गराई सोको प्रतिवदन अनुरूपको जबाफ दिई बेरुजु भए सप्रमाण सम्परीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने/गराउने र सोको लगत राख्ने।
- शिक्षक किताबखानाले प्रदान गरेको अख्तियारी अनुसार निकासा खर्च रकमको वार्षिक आर्थिक विवरण किताबखानामा यथा समयमा पेश गर्नुपर्ने।

३) **प्रतिवदेन**

शिक्षक किताबखाना एवम् शिक्षा विकास तथा समन्वय इकाइहरूले निकासा तथा खर्चको मासिक प्रतिवेदन, खर्चको फाँटवारी (म.ले.प.फाराम नं. १३, १४ र १५) तालकु कार्यालयमा र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। तालुक कार्यालयको

हकमा शिक्षा विकास तथा समन्वय इकाइले राष्ट्रिय किताबखाना (शिक्षक) मा र राष्ट्रिय किताबखाना (शिक्षक) ले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गर्नुपर्ने हुन्छ ।

लेखा परीक्षण शिक्षक किताबखाना एवम् शिक्षा विकास तथा समन्वय इकाइले आन्तरिक एवम् अन्तिम लेखा परीक्षण सम्पन्न गर्ने/गराउने र लेखा परीक्षणबाट देखिएका बेरुजुहरूको अभिलेख राख्ने र जवाफ दिने कार्य गरी बेरुजु सम्परीक्षण गराई फछ्र्यौट गर्ने/गराउने दायित्व पूरा गर्नुपर्दछ ।

**शिक्षक किताबखानाको आर्थिक प्रशासन सञ्चालनमा देखिएका समस्याहरू :**

- न्यून बजेट
- न्यून जनशक्ति
- गत/विगत वर्षहरूका भुक्तानी बाँकी रकम निकासा माग गर्ने गरेको ।

१) **न्यून बजेट**

- आवश्यक प्रस्तावित बजेटलाई सिलिङ भित्र राख्न खोज्दा नराखिनु । प्रत्येक वर्ष भुक्तानी बाँकी रकम बढ्दै जानु ।
- प्रत्येक स्थायी शिक्षकले तोकेको समयमा वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) भरी पेश नगरेको कारणले सेवा निवृत्त सङ्ख्या एकिन गर्न नसकिने भएकोले सही तथ्याङ्क सहितको बजेट प्रस्ताव गर्नमा समस्या भएको ।
- शिक्षक किताबखानाले स्वीकृत सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकको मात्र अभिलेख राख्ने र सेवा सुविधा निधारण गरी सोको निकासा गर्नुपर्ने दायित्व रहेकोमा सेवा निवृत्त अस्थायी शिक्षकको समेत सञ्चित बिदाको रकम निर्धारण र निकासा गर्ने जिम्मेवारी आ.व. २०६७/०६८ देखि थप भएकोछ । यस्तो रकमको बजेट अनुमान गर्न रकमको निर्धारण र निकासा गर्न समेत अभिलेख नरहने कारणबाट बजेट अनुमानलाई वास्तविकतामा ल्याउन केही कठिन ।
- कार्यरत औषधि उपचार रकममा थप व्यय भार बढ्न जाने भएको ।
- तलब वृद्धिको अनुपातमा बजेटमा तत्काल वृद्धि नहुँदा सेवा सुविधा रकमको भुक्तानी बक्यौता रहने गरेको ।
- सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरूले वार्षिक रूपमा प्रत्येक शिक्षकको सञ्चित बिदाको अभिलेख प्रमाणित गरी राख्ने नगरेकोले सेवा निवृत्त शिक्षकको सञ्चित बिरामी बिदा विद्यालयबाट जति सिफारिस गरेको छ त्यसैलाई शिक्षा विकास तथा समन्वय इकाइले हु-बहु प्रमाणित गरी निकासाको लागि सिफारिस गर्ने गरेको कारण व्ययभार बढ्ने गरेको देखिन आउँछ ।

- मेडिकल बोर्डको सिफारिसमा शिक्षा मन्त्रालयबाट सेवा अवधि थप गरी अवकाश लिनेको सङ्ख्या पनि बढ्ने गरेकोबाट बजेटमा थप व्यय भार हुने गरेकोछ ।

२. **न्यून जनशक्ति**

शिक्षक किताबखानाको दरबन्दी संरचनामा कुल ३३ जना स्वीकृत दरबन्दी रहेकोछ। कर्मचारीहरू दैनिक सेवा निवृत्त सुविधा निर्धारण गर्ने कार्यमै व्यस्त रहनुपरेको, आर्थिक प्रशासनमा शिक्षक सुविधाको विनियोजित रकमको व्यवस्थापनमा एक जना लेखापालले मात्रै कार्यभार सम्हाल्नु परेको छ । तल्लो तहको दरबन्दी कम भएको कारण सेवाग्राहीलाई दैनिक उपलब्ध गराउनु पर्ने सेवा दिन निकै कठिनाइ पर्ने गरेको भए तापनि कर्मचारीहरूबाट चुस्त, दुरुस्त सेवा उपलब्ध गराउँदै आएको । अभिलेख व्यवस्थापनमा समेत जनशक्तिको अभाव रहेको, शाखा अधिकृत तथा ना.सु. स्तरका कर्मचारीलाई सेवा प्रवाहमा कम्प्यूटरबाट कार्य गर्न सक्ने क्षमतामा विकास गराउन जागरुक तथा आवश्यक तालिमको व्यवस्था गर्न नसकिएको । कम्प्यूटर शाखामा काम गर्ने कर्मचारीको दरबन्दी कम भएको कारण समेत सेवा प्रवाहमा कठिनाइको बावजुद पनि कार्य सम्पादन गरिंदै आएको ।

**समाधानका उपायहरू:**

- शिक्षकहरूको सेवा निवृत्त सुविधा प्रदान गर्नु राज्यको अनिवार्य दायित्व भित्र पर्ने भएकोले यस्तो रकमको विनियोजनलाई निश्चित सिलीङ भित्र राख्न नहुने ।
- राज्यको थप व्यय भार हुनेगरी ऐन नियममा संशोधन भए थप बजेट व्यवस्था सोही समयमा हुनुपर्ने ।
- करिव ८० हजार निजामती कर्मचारीहरूको अभिलेख एवम् सेवा सुविधा व्यवस्थापनमा निजामती किताबखानामा स्वीकृत दरबन्दीको अनुपातमा एकलाख नौ हजार एकसय पच्चीस स्वीकृत शिक्षक दरबन्दी अनुसार शिक्षकको अभिलेख एवम् सेवा सुविधा निर्धारणको लागि केवल ३३ जना कर्मचारीको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीले अभिलेख व्यवस्थापन लगायतका कार्यहरू अद्यावधिक रूपले छिटो, छरितो हुन नसक्ने भएकोले अतिरिक्त समय कार्यको विकल्प नरहेको हुँदा सोको लागि मौद्रिक प्रोत्साहन व्यवस्था प्रणाली लागू हुनुपर्ने ।
- निजामती कर्मचारीहरूको जस्तै सेवा निवृत्त सुविधा (औषधि उपचार, बिरामी बिदा र उपदान) अर्थ बजेट मार्फत महालेखा नियन्त्रक कार्यालयमा राख्ने र राष्ट्रिय किताबखाना (शिक्षक) बाट उक्त सुविधा निर्धारण गरी जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी पत्र पठाए पछि कोष तथा लेखा नियन्त्रक कार्यालयबाटै निजामती जस्तै गरी भुक्तानी हुने व्यवस्था लागू गर्नुपर्ने ।

# निवृत्त शिक्षकको सुविधासम्बन्धी शिक्षा नियमावलीमा भएका व्यवस्थाहरू (शुरुदेखि हालसम्म)

**शिक्षा नियमावली, २०२८ (मूल नियमावली)**

**परिच्छेद : १३**

**विद्यालयका शिक्षक तथा कर्मचारीको बहाली बर्खासी तथा सेवा सम्बन्धी अन्य शर्त**

४५. **अनुदानः** लगातार दश वर्षभन्दा बढी सेवा गरिसकेका विद्यालयका शिक्षक तथा कर्मचारीले अवकाश प्राप्त गरेपछि श्री ५ को सरकारले तोकिदिए बमोजिम जिल्ला शिक्षा कोषबाट अनुदान पाउने छ ।

**टिप्पणी**

यस परिच्छेदमा व्यवस्था भएको अन्य कुराको अतिरिक्त सेवा सम्बन्धी शर्त अन्तर्गत १० वर्षभन्दा बढी सेवा गरी सकेका शिक्षक तथा कर्मचारी अवकाश भएमा सरकारले तोकेअनुसारको रकम अनुदानको रूपमा लिन पाउने व्यवस्था भएको देखिन्छ । तापनि शिक्षा नियमावली, २०२८ मा पाँचौंपटक संशोधन हुँदासम्म अवकाश पछिको सुविधाको रूपमा कुनै रकम पाउने गरी तोकिएको पाइँदैन । शिक्षा नियमावलीमा पाँचौं पटक संशोधन भएपछि २०३५।०४।०१ देखि अवकाश भएका २० वर्ष स्थायी सेवा अवधि भएकालाई निवृत्तभरणको व्यवस्था भएको र २०३८ सालमा शिक्षा तथा संस्कृति मन्त्रालयको २०३८।१२।१० को नीतिगत निर्णयानुसार मात्र २०३८ श्रावणमा न्यूनतम १० वर्ष सेवा अवधि भई अवकाश पाउने शिक्षकलाई पनि नियममा व्यवस्था गर्ने गरी उपदान रकम दिने व्यवस्था गरिएको पाइन्छ ।

**शिक्षा नियमावली, २०२८ (सातौं सशोधन नियमावली, २०३७)**

**शिक्षा (पाँचौं संशोधन) नियमावली, २०३६/०६/०८ द्वारा यो परिच्छेद थप भई शिक्षा सातौं संशोधन) नियमावली, २०३७/१२/२३ द्वारा केही संशोधन समेत भएको ।**

**परिच्छेद १३ "क"**

**निवृत्तभरण, अनुदान**

४८क) **निवृत्तभरणः** २० वर्ष वा सोभन्दा बढी अवधिसम्म विद्यालयको नोकरी गरेका शिक्षकले देहायको हिसाबले आजीवन मासिक निवृत्तभरण पाउने छन्:

**मा.वि. शिक्षकको हकमा,**

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{६०} = \text{हुन आउने रकम}$$

**नि.मा.वि. र प्रा.वि. शिक्षकको हकमा,**

तर,

| | |
|---|---|
| १. | सरकारी सेवाबाट उपदान लिई जिल्ला शिक्षा सेवामा जाने शिक्षकको हकमा उमेरको हद लागि अवकास पाएमा वा मृत्यु भएमा बाहेक सरकारी सेवाबाट राजीनामा गरी जिल्ला शिक्षा सेवामा प्रवेश गरेको मितिले विद्यालयमा १० वर्षसम्म अटुट सेवा नगरी यो परिच्छेद बमोजिमको निवृत्तभरण पाउने छैन । |
| २. | कुनै विद्यालयको शिक्षक पदमा अघि गरेको नोकरी वापत निवृत्तभरण पाइरहेको शिक्षकले निजको अघिल्लो सेवा समेत जोडिने गरी जिल्ला शिक्षा सेवामा प्रवेश गरेको भए सो सेवामा वहाल रहन्जेल अघिल्लो नोकरी वापतको निवृत्तभरण पाइने छैन तर पछिल्लो सेवा गरे वापत पाइने निवृत्तभरणको रकम अघिल्लो सेवा गरे वापत पाइने नोकरी पाएको वर्ष रकम आखिरी भन्दा बढी महिनाको भएमा निजले बढी रकम पाउने निवृत्तभरण रोज्न पाउने छ । |
| ३. | विद्यालय वा पद नै नचाहिने भै खारेजीमा परेको वा शारीरिक अस्वस्थताको कारणले गर्दा सेवा गर्न असमर्थ भएका शिक्षकहरूको सेवाको जम्मा अवधिमा ५ वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो शिक्षकको जम्मा नोकरी अवधिमा निवृत्तभरण पाउने गरी ५ वर्षसम्म जिल्ला शिक्षा समितिले थप गर्न सक्नेछ । |
| ४. | विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी योग्यता, तीन पुस्ते, उमेर, नाम, थर, वतन, नागरिकता ढाँटेको प्रमाणित हुन आएमा यो परिच्छेद बमोजिम निवृत्तभरण दिइने छैन तर कसुर प्रमाणित हुनु अगावै खाईपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन । |
| ५. | यो नियम बमोजिम पाउने निवृत्तभरणको रकम मासिक रु. ६५०/- भन्दा बढी हुने छैन तर यस्तो निवृत्तभरण ७ वर्षभन्दा बढी समयसम्म प्राप्त हुनेछैन तर निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएको शिक्षकको परिवारलाई ७ वर्षपुगेपछि निवृत्तभरण प्राप्त हुने छैन । |

४८ख) **नोकरी अवधि गणना:** यस परिच्छेदको प्रयोजनको लागि नोकरी अवधि देहाय बमोजिम गणना गरिनेछ ।

१. राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडिदेखि नै शिक्षक पेशामा रहेका शिक्षकहरूको हकमा योजना लागू हुनुभन्दा अगाडि स्वीकृत प्राप्त विद्यालयमा स्थायी शिक्षक नियुक्ति भई अविच्छिन्न रूपमा पछि जिल्ला शिक्षा सेवामा प्रवेश गरेको भए राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडि देखि गरेको स्थायी नोकरीको अवधि समेत गणना गरिनेछ र निलम्बन रहेको अवस्था समेतलाई गणना गरिनेछ ।

२. सरकारी सेवाबाट राजीनामा गरी जिल्ला शिक्षा सेवामा अविच्छिन्न रूपमा प्रवेश गरेको शिक्षकको हकमा सरकारी सेवामा स्थायी नियुक्ति पाएको मितिदेखिकै नोकरी अवधि गणना गरिनेछ र निलम्बन रहेको अवधि समेतलाई गणना गरिनेछ ।

३. राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भै सकेपछि शिक्षण पेशामा प्रवेश गर्नेको हकमा विद्यालयमा स्थायी नियुक्ति भई अविच्छिन्न नोकरी गरेको जम्मा अवधिको गणना गरिनेछ र निलम्बनमा रहेको अवधि समेत गणना गरिनेछ ।

४. खण्ड १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण बिदामा बसेको अवधि नोकरी अवधिमा गणना गरिने छैन । उक्त सेवा अवधि गणना गर्ने म्याद २०६९ चैत मसान्त सम्म मात्र थियो ।

४८ ग) **निवृत्तभरण नपाउने अवस्था :–** देहायको अवस्थामा कुनैपनि शिक्षकले यस नियमावली बमोजिम निवृत्तभरण पाउने छैन :

क) खारेज,

ख) करार सेवामा वा अस्थायी वा म्यादी पदमा नियुक्ति भएमा,

ग) भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यतयाः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा,

घ) गैर नेपाली नागरिक भएमा,

तर, राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडिदेखि नै स्वीकृत प्राप्त विद्यालयमा स्थायी शिक्षकको रूपमा काम गरी आएका विदेशी नागरिक शिक्षकको हकमा यो वन्देज लागू हुने छैन ।

४८घ) **पारिवारिक निवृत्तभरण** : कुनै शिक्षक नोकरीमा बहाल छँदा वा निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा त्यस्ता मृतक शिक्षकले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई नइच्छाएको भए निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउने छ ।

**४८ङ) असाधारण पारिवारिक निवृत्तभरण :**

१. कुनै शिक्षकको विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको विधवा स्त्रीलाई देहाय बमोजिमको छुट्टै आजीवन पारिवारिक वृत्ति दिइनेछ ।

| शिक्षक | पारिवारिक वृत्तिको मासिक दर |
|---|---|
| माध्यमिक | रु. १५०/- |
| निम्न माध्यमिक | रु. १००/- |
| प्राथमिक | रु. ७५/- |

२. मृत शिक्षकको विधवा स्त्रीलाई देहाय बमोजिमको अवस्थामा मात्र मान्यता दिइनेछ,

क) विद्यालयको कामको कारणबाट मृत्यु हुने घटना अगाडि वैवाहिक सम्बन्ध भैसकेको हुनु पर्दछ ।

ख) शिक्षकको मृत्यु भएको समयमा निजसँग नछुट्टिएको हुनु पर्दछ ।

३. मृत स्त्री शिक्षकको विधुर पति वा सन्ततिको हकमा जिल्ला शिक्षा समितिको राय लिई श्री ५ को सरकार, शिक्षा मन्त्रालयले उचित र न्यायसंगत तरिकाबाट कारवाही गर्न सक्नेछ ।

४. यो नियम बमोजिम निवृत्तभरण पाउने मृत स्त्री शिक्षकको विधुर पतिलाई देहाय बमोजिमको अवस्थामा मात्र मान्यता दिई कारवाही गरिनेछ ।

क) विद्यालयको कामको कारणबाट मृत्यु हुने घटना अगाडि वैवाहिक सम्बन्ध भैसकेको हुनु पर्दछ ।

ख) स्त्री शिक्षकको मृत्युभएको समयमा निजसँग नछुट्टिएको हुनु पर्दछ ।

**४८ च) शैक्षिक भत्ता तथा सन्तति वृत्ति :**

१. कुनै शिक्षक विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणले निको नहुँदैपछि मृत्यु भएमा त्यस्तो शिक्षकको प्रत्येक सन्ततिलाई १८ वर्षको उमेर नपुगुन्जेल देहायको दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ ।

| | |
|---|---|
| क) माध्यमिक शिक्षकको प्रत्येक सन्ततिलाई | रु. ६००/- |
| ख) नि.मा.वि. वा प्रा.वि. शिक्षकको सन्ततिलाई | रु. ४००/- |

२. विद्यालयको कामको सिलसिलामा मृत्युभएको शिक्षकको प्रत्येक सन्ततिलाई उपनियम १) बमोजिमको शैक्षिक भत्ता लगायत त्यस्तो मृत शिक्षकको प्रत्येक सन्ततिलाई देहायको दरले मासिक सन्तति वृत्ति समेत दिइनेछ ।

| शिक्षक | आमा बाबु दुवै जीवीत नहुने | आमा बाबुमध्ये एक जीवीत हुने |
|---|---|---|
| माध्यमिक | ७५/- | ६५/- |
| निम्न माध्यमिक/प्राथमिक | ३५/- | ३१/- |

३. उपनियम (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले २१ वर्ष उमेर पूरा गरेका वा कुनै सेवामा प्रवेश गरेमा जुन अगाडि हुन्छ सोमिति तक पाउने छ तर २१ वर्षको उमेर नहुँदै विवाह गर्ने सन्ततिको हकमा विवाह भएको मिति उप्रान्त त्यस्तो सन्तति वृत्ति दिइने छैन ।

**स्पष्टीकरण,**

यस नियमको प्रयोजनका लागि सन्तति भन्नाले मृत शिक्षकको छोरा तथा छोरी सम्झनुपर्दछ ।

४८ छ) **समितिको व्यवस्था :**

१. कुनै शिक्षकको विद्यालयको कामको सिलसिलामा मृत्यु भएमा निजको परिवार वा सन्ततिले पाउने वृत्ति सम्बन्धमा सिफारिस गर्न सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले देहायका सदस्यहरू भएको एक समिति गठन गर्नेछः-

क) प्रमुख जिल्ला अधिकारी

ख) सम्बन्धित जिल्ला शिक्षा अधिकारी

ग) सम्बन्धित विद्यालयका प्र.अ. वा कुनै शिक्षक

घ) सम्बन्धित जिल्लाको स्वास्थ्य अधिकारी

२. उपनियम (१) बमोजिम गठित समितिले कुनै शिक्षकको मृत्यु विद्यालयको कामको सिलसिलामा भएको हो वा होइन वारे सिफारिस गर्नेछ ।

४८ज) **तलबको व्यवस्था :**

१. यस परिच्छेदमा जहाँजहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित शिक्षकको निर्धारित स्केल बमोजिम पाउने तत्कालको तलब रकम (स्केल वृद्धि समेतलाई जनाउँछ ।)

२. नियम ४८ (क) को प्रयोजनका लागि “आखिरी तलब” भन्नाले सम्बन्धित शिक्षक अवकास प्राप्त गर्ने बेलाको निर्धारित स्केल बमोजिम पाउने तलबलाई जनाउनेछ । त्यसरी अवकास प्राप्त गर्ने अवस्थामा कुनै शिक्षक असाधारण बिदा वा विशेष बिदामा बसेको वा निलम्बन रहेको भए त्यस्तो अवधि भरको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।

**४८झ) कोषको व्यवस्था :**

१. यस परिच्छेद बमोजिमको निवृत्तभरण शैक्षिक भत्ता र सन्तति वृत्ति प्रदान गर्न केन्द्रीयस्तरमा शिक्षक निवृत्तभरण कोष स्थापना गरिनेछ । उक्त कोषमा देहाय बमोजिमको स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम ।

ख) शतप्रतिशत वा पचहत्तर प्रतिशत शिक्षकको तलब वेहोर्ने विद्यालयबाट शिक्षकको तलब रकमको क्रमशः ५ प्रतिशत र २.५ प्रतिशत रकम दाखिला गर्ने रकम ।

ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

२. कोषको सञ्चालन श्री ५ को सरकार शिक्षा मन्त्रालयले गर्नेछ ।

**४८ ञ) शिक्षकको अभिलेख सम्बन्धी कार्यविधि :**

१. निवृत्तभरणको लागि सम्बन्धित शिक्षकले अनुसूची १ बमोजिमको ढाँचामा चार प्रति फाराम भरी आफू बहाल रहेको विद्यालयमा दिनु पर्नेछ ।

२. उपनियम (१) बमोजिमको फाराम प्राप्त भएपछि विद्यालयको शिक्षकको सम्बन्धमा प्र.अ.तथा प्र.अ.को सम्बन्धमा सञ्चालक समितिको अध्यक्षबाट प्रमाणित गराई एक प्रति विद्यालयमा राखी बाँकी ३ प्रति जिल्ला कार्यालय शिक्षा शाखामा पठाउनु पर्नेछ ।

३. उपनियम (२) बमोजिमको फाराम प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित गराई आफ्नो कार्यालयमा राखी बाँकी २ प्रति सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

४. उपनियम (३) बमोजिमको फाराम प्राप्त भएपछि निर्देशकबाट प्रमाणित गरी एक प्रति आफ्नो निदेशनालयमा राखी अर्कोप्रति शिक्षा मन्त्रालयको निवृत्तभरण सम्बन्धी काम गर्ने शाखामा पठाउनु पर्नेछ ।

**४८ट) निवृत्तभरण सम्बन्धी कारवाही :**

१. उमेरको कारणबाट अनिवार्य अवकास पाउने शिक्षकले अवकास लिने मितिभन्दा ६ महिना अगावै अनुसूची २ बमोजिमको ढाँचामा चार प्रति फराम भरी आफू बहाल रहेको विद्यालयमा दिनु पर्नेछ ।

२. उपनियम (१) बमोजिमको फाराम भर्न नपाउँदै कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकले आफ्नो परिवारको सदस्यहरूमध्ये इच्छाइएको व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाइएकोमा नियम ४८ (घ) बमोजिम निवृत्तभरण पाउने

निजको परिवारको सदस्यले शिक्षकको मृत्यु भएको ६ महिना भित्र सम्बन्धित विद्यालय समक्ष अनुसूची २ बमोजिमको ढाँचामा चार प्रति फाराम भरी वुझाउनु पर्नेछ ।

३. उपनियम (१) वा (२) बमोजिम निवृत्तभरणको लागि फाराम पठाउने व्यक्तिले कुन ठेगानामा निवृत्तभरण अधिकारपत्र वा पारिवारिक निवृत्तभरण अधिकारपत्र पठाइ दिनुपर्ने हो सो कुरा खोली पठाउनु पर्नेछ ।

४. उपनियम (१) वा (२) बमोजिम फाराम प्राप्त भएपछि सम्बन्धित विद्यालयको शिक्षकको सम्बन्धमा प्र.अ. तथा प्र.अ.को सम्बन्धमा सञ्चालक समितिको अध्यक्षले जाँची प्रमाणित समेत गरी एक प्रति विद्यालयमा राखी बाँकी ३ प्रति फाराम सम्बन्धित जिल्ला कार्यालय शिक्षा शाखामा पठाउनु पर्नेछ ।

५. उपनियम (४) बमोजिम फारामहरू प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले आवश्यक जाँचवुझ गरी प्रमाणित समेत गरी एक प्रति आफ्नो शाखामा राखी बाँकी २ प्रति फारामहरू सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

६. उपनियम (५) बमोजिम फारामहरू प्राप्त भएपछि क्षेत्रीय शिक्षा निर्देशकले जाँची नियम (१) बमोजिमको फाराम भए अवकास प्राप्त शिक्षकको नाममा निवृत्तभरण अधिकारपत्र र उपनियम (२) बमोजिमको फाराम भए मृत शिक्षकको हकवालाको नाममा पारिवारिक निवृत्तभरण अधिकारपत्र अनुसूची (३) अनुसारको ढाँचामा लिनुपर्नेछ र त्यसको सूचना शिक्षा मन्त्रालयको निवृत्तभरण सम्बन्धित काम गर्ने शाखामा पठाउनु पर्नेछ ।

७. उपनियम ६ बमोजिम अधिकारपत्र प्राप्त गर्नेव्यक्तिले सो अधिकार पत्रमा उल्लिखित कार्यालयबाट प्रत्येक महिना नियमानुसारको निवृत्तभरण रकम पाउने छ ।

४८ठ) **वरवुझारथ नगरेमा निवृत्तभरण दिन नसकिने** : वरवुझारथ गर्नुपर्ने शिक्षकले वरवुझारथ नगरेमा निजले पाउने निवृत्तभरण रोक्का गर्न सकिनेछ ।

४८ड) **केन्द्रीय व्यवस्था समितिको गठन** : यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण, शैक्षिक भत्ता वा सन्तति वृत्तिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न एक केन्द्रीय व्यवस्था समिति हुनेछ :

| | |
|---|---|
| क) सह-सचिव, शिक्षा मन्त्रालय | - अध्यक्ष |
| ख) निर्देशक, किताबखाना | - सदस्य |
| ग) शिक्षा मन्त्रालयको लेखा नियन्त्रक | - सदस्य |
| घ) उप-सचिव, शिक्षा मन्त्रालय | - सदस्य सचिव |

**केन्द्रीय व्यवस्था समितिको काम,**

क) सम्पूर्ण शिक्षकको नोकरी विवरण तयार गर्ने,

ख) निवृत्तभरण कोषको सञ्चालन गर्ने,

ग) क्षेत्रीय शिक्षा निर्देशनालयमा आवश्यक रकम उपलब्ध गराउने,

घ) क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयलाई निवृत्तभरण सम्बन्धमा निर्देशन दिने,

ङ) निवृत्तभरणसम्बन्धी अन्य आवश्यक काम कारवाही गर्ने गराउने ।

४८ढ) **यो परिच्छेद लागू नहुने** : आवासीय विद्यालय तथा निजी स्रोतबाट सञ्चालन हुने विद्यालयको शिक्षकको सम्बन्धमा यो परिच्छेद लागू हुने छैन ।

**टिप्पणी**

विद्यालयमा कार्यरत स्थायी शिक्षकहरूले सेवा निवृत्तपछिको कुनै सुविधा रकमको व्यवस्था नभई रहेकोमा शिक्षा नियमावली, २०२८ मा भएको पाँचौं संशोधन (२०३६/०६/०८) पछि निवृत्तभरण लगायतका उल्लिखित सुविधाहरू २०३५/०४/०१ देखि नै पाउने व्यवस्था भएको देखिन्छ । यस्तो निवृत्तभरण सुविधा पाउनका लागि सम्बन्धित शिक्षकले तोकिएको फाराम भरी आफ्नो विद्यालय हुँदै जिल्ला शिक्षा कार्यालय मार्फत क्षेत्रीय शिक्षा निर्देशनालयमा बुझाउनु पर्ने सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयबाट निवृत्तभरण अधिकारपत्र पाउने व्यवस्था रहेका देखिन्छ ।

## शिक्षा नियमावली, २०२८ (सातौं संशोधन नियमावली, २०३७)

१. **मूल नियमावलीको नियम ४८क. मा संशोधन** : मूल नियमावलीको नियम ४८क. को खण्ड ( ख) को प्रतिवन्धात्मक वाक्यांश (१) मा रहेको “सरकारी शिक्षक पदबाट” भन्ने शब्दहरूको सट्टा “सरकारी सेवाबाट” भन्ने शब्दहरू राखिएका छन् ।

२. **मूल नियमावलीको नियम ४८ख. मा संशोधन** : मूल नियमावलीको नियम ४८ ख. को(१) खण्ड (२) मा रहेको “सरकारी शिक्षकबाट” भन्ने शब्दको सट्टा “सरकारी सेवाबाट” भन्ने शब्दहरू र “सरकारी शिक्षक पदमा” भन्ने शब्दको सट्टा “सरकारी सेवामा” भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (३) मा रहेको “जिल्ला शिक्षा सेवा आयोगको सिफारिसमा” भन्ने शब्दहरू झिकिएका छन् ।

३. **मूल नियमावलीको नियम ४८ग. मा संशोधन** : मूल नियमावलीको नियम ४८ग. को (१) खण्ड (क) झिकिएको छ ।

(२) खण्ड (ग) मा रहेको "जिल्ला शिक्षा सेवाको" भन्ने शब्दको सट्टा "शैक्षिक नोकरीको" भन्ने शब्दहरू राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ४८ झ. मा संशोधन :** मूल नियमावलीको नियम ४८झ. को उपनियम (१) को खण्ड (ग) झिकिएकोछ ।

५. **मूल नियमावलीको नियम ४८ ढ. थप :** मूल नियमावलीको नियम ४८ड. पछि देहायको नियम ४८ ढ. थपिएको छ "४८ ढ. यो परिच्छेद लागू नहुने : आवासीय विद्यालय तथा निजी स्रोतबाट सञ्चालन हुने विद्यालयको शिक्षकको सम्बन्धमा यो परिच्छेद लागू हुने छैन ।

**टिप्पणी :**

यस संशोधनले सेवा निवृत्तपछि शिक्षकले पाउने सुविधासम्बन्धी व्यवस्थामा कुनै परिवर्तन नगरी केवल नियमावलीमा रहेका केही शब्द वा शब्दावलीहरूलाई सामान्य परिवर्तन र केही शब्दावलीलाई नियमावलीबाट झिकिएकोसम्म पाइएको छ ।

## शिक्षा नियमावली, २०२८ (आठौं संशोधन नियमावली, २०४६)

### खण्ड ३९ अतिरिक्ताङ्क ६१ राजपत्र भाग ३

**मिति २०४६/११/०१**

**निवृत्तभरण र उपदान**

१. **मूल नियमको नियम ४८ क मा संशोधन :–** मूल नियमावलीको नियम ४८क को

१) पहिलो प्रकरणमा रहेको "विद्यालयको" भन्ने शब्दको सट्टा "विद्यालयको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई" भन्ने शब्दहरू राखिएका छन् ।

२) खण्ड "क" को सट्टा देहायको खण्ड "क" राखिएको छ ।

(क) $$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{५०} = \text{हुन आउने रकम}$$

३) खण्ड "ख" झिकिएको छ ।

४) प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) र (२) मा प्रयोग भएका "जिल्ला शिक्षा सेवा" भन्ने शब्दको सट्टा "विद्यालय शिक्षा सेवा" भन्ने शब्दहरू राखिएका छन् ।

५) प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३) मा रहेको "जिल्ला शिक्षा समितिले" भन्ने शब्दको सट्टा "श्री को सरकारबाट" भन्ने शब्दहरू राखिएका छन् ।

६) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (५) झिकिएकोछ ।

२. **मूल नियमावलीको ४८ख मा संशोधन** : मूल नियमावलीको नियम ४८ख को उपनियम (१) र (२) मा प्रयोग भएका “जिल्ला शिक्षा सेवा” भन्ने शब्दहरूको सट्टा “विद्यालय शिक्षा सेवा” भन्ने शब्दहरू राखिएका छन् ।

३. **मूल नियमावलीको ४८ घ मा संशोधन :–** मूल नियमावलीको नियम ४८घ को सट्टा देहायको नियम ४८ घ राखिएको छ ।

**“४८ घ पारिवारिक निवृत्तभरण :–**

(१) कुनै शिक्षक नोकरीमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्ता मृतक शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाइएको भए त्यस्तो व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई नइच्छाइएको भए निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउने छ ।

तर, त्यस्तो निवृत्तभरण ७ वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन तथा निवृत्तभरण पाउन थालेको सातवर्ष नपुग्दै मृत्यु भएको शिक्षकको परिवारलाई सातवर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

(२) शिक्षकको विधवा पत्नीले पति नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भईसकेपछि मृत्यु भएकोमा निज शिक्षकको मृत्यु भएको मितिदेखि दशवर्षसम्म निजले पाउने निवृत्तभरणको आधा रकम पाउने छ ।”

४. **मूल नियमावलीको ४८ङ मा संशोधन** : मूल नियमावलीको नियम ४८ङ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ ।

“(१) विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदैपछि मृत्यु भएमा निजको विधवा पत्नीलाई सो शिक्षकले पाउने न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम छुट्टै आजीवन पारिवारिक वृत्ति दिइनेछ ।”

५. **मूल नियमावलीको ४८च मा संशोधन** : मूल नियमावलीको नियम ४८च को उपनियम (१) मा दिएको “प्रत्येक सन्ततिलाई १८ वर्षको” भन्ने शब्दको सट्टा “दुई जनासम्म प्रत्येक सन्ततिलाई १८ वर्षको” भन्ने शब्द राखिएका छन् ।

२) उपनियम (१) को खण्ड क र ख को सट्टा देहायको खण्ड क र ख राखिएको छ ।

क) माध्यमिक शिक्षकको प्रत्येक सन्ततिलाई नौसय रूपैयाँ,

ख) माध्यमिक सहायक शिक्षक र प्राथमिक शिक्षकको प्रत्येक सन्ततिलाई सात सय रूपैयाँ ।"

३) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ,"

(२) विद्यालयको कामको सिलसिलामा मृत्यु भएको शिक्षकको दुई जनासम्म प्रत्येक सन्ततिलाई उपनियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत देहायका दरले मासिक सन्तति वृत्ति समेत दिइनेछ ।

| शिक्षक | शुरु तलबको प्रतिशत |
|---|---|
| क) माध्यमिक शिक्षक प्रथम श्रेणी | ८ |
| ख) माध्यमिक शिक्षक द्वितीय र तृतीय श्रेणी | १० |
| घ) अन्य शिक्षक | १२ |

६. **मूल नियमावलीको ४८ ज मा संशोधन :** मूल नियमावलीको नियम ४८ज को सट्टा देहायको नियम ४८ज राखिएको छ ।

"४८ज तलबको उल्लेख (१) यस परिच्छेदमा जहाँ तलबको उल्लेख भएको छ त्यसले श्री ५ को सरकारबाट निर्धारित स्केल बमोजिम पाउने तत्कालको तलब रकम (स्केल वृद्धि समेत) लाई जनाउँछ ।

२) यस परिच्छेदको प्रयोजनका लागि "आखिरी तलब" भन्नाले सम्बन्धित शिक्षकले अवकास प्राप्त गर्ने वेलामा श्री ५ को सरकारबाट निर्धारित स्केल बमोजिम पाउने तलब जनाउनेछ।

७. **मूल नियमावलीको ४८झ मा संशोधन :–** मूल नियमावलीको नियम ४८झ को

(१) उपनियम (१) मा रहेको "सन्ततिवृत्ति" भन्ने शब्दपछि "र उपदान" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (१) को खण्ड (ख) झिकिएको छ ।

(३) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :

"कोषको सञ्चालन केन्द्रीय व्यवस्था समितिबाट गरिनेछ ।"

८. **मूल नियमावलीको ४८ञ मा संशोधन :–** मलू नियमावलीको नियम ४८ञ को उपनियम (१) मा रहेको "अनुसूची १" भन्ने शब्दको सट्टा "अनुसूची ४" भन्ने शब्द राखिएको छ ।

९. **मूल नियमावलीको ४८ट मा संशोधन :-** मूल नियमावलीको नियम ४८ ट को १) उपनियम (१) र (२) मा उल्लेख भएको “अनुसूची २” भन्ने शब्दको सट्टा “अनुसूची ५” भन्ने शब्द राखिएको छ ।

२) उपनियम (६) मा रहेको “अनुसूची - ३” भन्ने शब्दको सट्टा “अनुसूची ६” भन्ने शब्द राखिएको छ ।

१०. **मूल नियमावलीको ४८ड मा संशोधन:-** मूल नियमावलीको नियम ४८ड को

१) उपनियम (१) मा रहेको “सन्तति वृत्ति” भन्ने शब्द पछि “र उपदान” भन्ने शब्द थपिएका छन् ।

२) उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ, “क) मन्त्रालयको सहसचिव (माध्यमिक शिक्षा महाशाखा) - अध्यक्ष”

३) उपनियम (२) को खण्ड घ को सट्टा देहायको खण्ड घ राखिएको छ,
“घ) मन्त्रालयको उपसचिव (प्राथमिक शिक्षा शाखा) - सदस्य”

४) उपनियम (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ । “ङ) मन्त्रालयको उपसचिव (माध्यमिक शिक्षा शाखा) - सदस्य सचिव”

५) उपनियम (३) को खण्ड (ग), (घ) र (ङ) मा रहेको “निवृत्तभरण” भन्ने शब्द पछि “र उपदान” भन्ने शब्दहरू थपिएका छन् ।

६) उपनियम (३) पछि देहायको उपनियम ४ थपिएको छ, “(४) केन्द्रीय व्यवस्था समितिका सदस्यले श्री ५ को सरकारले तोकेबमोजिम बैठक भत्ता पाउने छन् ।”

११. **मूल नियमावलीको ४८ढ मा संशोधन :-** मूल नियमावलीको नियम ४८ढ को सट्टा देहायको नियम ४८ढ राखिएको छ ।

“**४८ ढ) निवृत्तभरण वृद्धि :-** १) बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति प्रतिशतले वृद्धि भएकोछ सोही प्रतिशतको कम्तीमा दुईतिहाईको दरले सम्बन्धित तह भित्रको श्रेणीका सेवा निवृत्त शिक्षकहरूको निवृत्तभरण रकम वृद्धि हुनेछ ।

२) उपनियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा कसैको निवृत्तभरण अङ्क साविकमा निजकोभन्दा कम पाउने व्यक्तिको अङ्कभन्दा कम हुन जाने भएमा निजले पाउने अङ्क त्यस्तो व्यक्तिले पाएको अङ्कभन्दा कम हुनेछैन ।

३) यो नियम लागू हुनुभन्दा पहिलेदेखि निवृत्तभरण पाइरहेका शिक्षकहरूलाई पनि यसै नियम बमोजिम निवृत्तभरण दिइनेछ ।”

१२ **मूल नियमावलीमा नियम ४८ ण, ४८ त, र ४८ थ थप :–** मूल नियमावलीको नियम ४८ढ पछि देहायका नियम ४८ण, ४८त र ४८थ थप गरिएका छन्,

"**४८ ण) उपदान :–** १) पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेका तर निवृत्तभरण पाउने अवधि नपुगेका विद्यालयको स्वीकृत दरबन्दी भित्रको पदमा स्थायी नियुक्ति भएका शिक्षकले अवकास पाएमा वा राजीनामा स्वीकृत गराई विद्यालय शिक्षा सेवाबाट अलग भएमा वा भविष्यमा नोकरीको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा देहायको दरले उपदान पाउने छ ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब ।

(ख) दश वर्षभन्दा बढी, पन्ध्रवर्षसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब ।

(ग) पन्ध्रवर्षभन्दा बढी बीस वर्ष पूरा नभएसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

तर, खण्ड (क), (ख) र (ग) अनुसार पाउने उपदानको रकम शिक्षक अवकास हुँदाको अवस्थामा प्रथम श्रेणीको माध्यमिक शिक्षकको प्रचलित तलब स्केलको शुरु तलब अङकको हिसाबले हुने क्रमशः ६ महिना, १२ महिना र १८ महिनाको तलबभन्दा बढी हुनेछैन ।

(२) यो नियम बमोजिम उपदान पाउन सक्ने शिक्षकको उपदान नलिंदै मृत्यु भएमा त्यस्ता मृतक शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्ति र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई नइच्छाइएको भए निजको एकाघरको नजिकको हकवालाले सो उपदान पाउने छ ।

(३) उपनियम (१) बमोजिम दिइने उपदानको रकममध्ये देहायका शिक्षकको हकमा देहाय बमोजिमको रकम निवृत्तभरण कोषले व्यहोर्ने छ र बाँकी नपुग रकम विद्यालय सञ्चालक समितिले व्यहोर्ने छ ।

(क) प्राथमिक तहको शिक्षकले पाउने उपदान रकमको शत् प्रतिशत ।

(ख) माध्यमिक तहको सहायक शिक्षकले पाउने उपदान रकमको पचहत्तर प्रतिशत

(ग) माध्यमिक तहको शिक्षकले पाउने उपदान रकमको पचास प्रतिशत

(घ) खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लखिएको भए तापनि सार्वजनिक संस्कृत माध्यमिक विद्यालय र दुर्गम क्षेत्रको सार्वजनिक माध्यमिक विद्यालयको स्वीकृत

दरबन्दी भित्रका माध्यमिक सहायक शिक्षक र माध्यमिक शिक्षकले पाउने अनुदान रकमको शत् प्रतिशत ।

(४) विद्यालयको नोकरी पाउने वा सोनोकरीमा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी योग्यता, तीनपुस्ते, उमेर, नाम, थर, वतन, नागरिकता ढाँटेको प्रमाणित हुन आएमा यो नियम बमोजिम उपदान दिइने छैन ।

तर, कसूर प्रमाणित हुनु अगावै खाइपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन ।

४८ त. **उपदान नपाउने अवस्था** : देहायका अवस्थामा कुनै पनि शिक्षकले यो नियमावली बमोजिम उपदान पाउने छैनन् :

(क) करार सेवामा वा अस्थायी वा म्यादी पदमा नियुक्त भएमा

(ख) भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएको वा पञ्चायती व्यवस्था विरुद्धको आचरण राखेपछि बर्खास्त गरिएमा,

४८ थ. **लागू नहुने** : सामुदायिक विद्यालयको सम्बन्धमा यो परिच्छेद लागू हुनेछैन ।"

**टिप्पणी :–**

शिक्षा नियमावली, २०२८ मा भएको यस आठौं संशोधनबाट सबै तहका शिक्षकहरूको लागि निवृत्तभरण रकम समान हिसाबले कायम गर्ने व्यवस्था गरिएको । पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्तिको वृद्धिसम्बन्धी व्यवस्था हालसम्म नभएको परिप्रेक्षमा बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तोकिए अनुसार निवृत्तभरण, पारिवारिक वृत्ति तथा सन्तति वृत्तिमा समेत वृद्धि हुने व्यवस्था भएको १० वर्ष सेवा अवधि नपुगी अनुदान नपाउने व्यवस्थाको सट्टामा ५ वर्ष वा सोभन्दा बढी सेवा अवधि भई सेवाबाट अवकाश हुने शिक्षकलाई उपदान रकम दिइने र शिक्षकको विधवा पत्नीले १० वर्षसम्म निवृत्तभरणको आधा रकम पारिवारिक निवृत्तभरणको रूपमा पाउने व्यवस्था समेत भएको देखिन्छ ।

# शिक्षा नियमावली, २०४९

नेपाल राजपत्रमा प्रकाशित भई लागू भएको मिति २०४९।०९।२०

## परिच्छेद –१४

## निवृत्तभरण र उपदान

६९. **निवृत्तभरण** : बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई नोकरी गरेका शिक्षकले देहायको हिसाबले मासिक निवृत्तभरण पाउने छन्:-

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{\text{५०}} = \text{हुन आउने रकम}$$

तर,

(१) सरकारी शिक्षक पदबाट उपदान लिई विद्यालय शिक्षा सेवामा जाने शिक्षकको हकमा उमेरको हद लागी अवकाश पाएमा वा मृत्यु भएमा बाहेक सरकारी सेवाबाट राजिनामा गरी विद्यालय शिक्षा सेवामा प्रवेश गरेको मितिले दश वर्षसम्म विद्यालयमा अटूट सेवा नगरी यो परिच्छेद बमोजिमको निवृत्तभरण पाउने छैन ।

(२) विद्यालय वा पद नै नचाहिने भई खारेजीमा परेको वा विषय आवश्यक नभएको वा शारीरिक अवस्थाको कारणले सेवा गर्न असमर्थ भएका शिक्षकको सेवाको जम्मा अवधिमा पाँच वर्षसम्म थपेमा निवृत्तभरण पाउने सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो शिक्षकको जम्मा नोकरी अवधिमा निवृत्तभरण पाउने गरी पाँच वषसम्म मन्त्रालयबाट थप गर्न सकिनेछ ।

(३) बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ सोही प्रतिशतको दुई तिहाईको दरले सम्बन्धित तहभित्रको श्रेणीका सेवा निवृत्त शिक्षकहरूको निवृत्तभरण रकम वृद्धि हुनेछ ।

७०. **नोकरीको अवधि गणना** : यस परिच्छेदको प्रयोजनको लागि नोकरी अवधि देहाय बमोजिम गणना गरिनेछ :-

(क) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडिदेखि नै शिक्षण पेशामा रहेका शिक्षकहरूको हकमा योजना लागू हुनुभन्दा अगाडि स्वीकृति प्राप्त विद्यालयमा स्थायी शिक्षकमा नियुक्ति भई अविछिन्न रूपमा काम गरेपछि विद्यालय शिक्षा सेवामा प्रवेश गरेको भए राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडिदेखि गरेको स्थायी नोकरीको अवधि समेत गणना गरिनेछ र निलम्बनमा रहेको भए सो अवधि समेत गणना गरिनेछ ।

(ख) सरकारी शिक्षक पदबाट राजीनामा गरी विद्यालय शिक्षा सेवामा अविच्छिन्न रूपमा प्रवेश गरेका शिक्षकका हकमा सरकारी शिक्षक सेवामा स्थायी नियुक्ति पाएका मितिदेखि नै नोकरीको अवधि गणना गरिनेछ र निलम्बनमा रहेको अवधि समेतलाई गणना गरिनेछ ।

(ग) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भईसके पछि शिक्षण पेशामा प्रवेश गर्नेका हकमा विद्यालयमा स्थायी नियुक्ति भई अविछिन्न नोकरी गरेको जम्मा अवधिको गणना गरिन्छ र निलम्बनमा रहेको अवधि समेतलाई गणना गरिनेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण बिदामा बसेको वा बेतलबी बिदामा बसेको वा विद्यालयमा अनुपस्थित रहेको अवधि नोकरी अवधिमा गणना गरिने छैन ।

(ङ) यस परिच्छेदको प्रयोजनको लागि स्थायी नोकरी अवधि गणना गर्दा स्थायी सेवा अवधि बीचमा टुटेको भए सो कटाई गणना गरिनेछ ।

७१. **निवृत्तभरण नपाउने अवस्था** : देहायको अवस्थामा कुनै पनि शिक्षकले यस नियमावली बमोजिम निवृत्तभरण पाउने छैनः-

(क) भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा, वा

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरी नोकरीबाट अवकाश भएमा ।

७२. **पारिवारिक निवृत्तभरण** (१) कुनै शिक्षक नोकरीमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्ता मृत शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि नइच्छाइएको भए निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउने छ । तर यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन तथा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दैमा मृत्यु भएको शिक्षकको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

(२) शिक्षकको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भईसकेपछि मृत्यु भएकोमा निज शिक्षकको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम पाउने छ ।

तर यस नियम बमोजिम निवृत्तभरण पाइरहेको शिक्षकले दोहोरो निवृत्तभरण पाउने छैन ।

७३. **आजीवन पारिवारिक वृत्ति** : विद्यालयको कामको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घटनामा परी कुनै शिक्षकको मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधुर पति वा विधवा पत्नीलाई सो शिक्षकले पाउन सक्ने न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन पारिवारिक वृत्ति स्वरूप दिइनेछ ।

७४. **शैक्षिक भत्ता तथा सन्तति वृत्ति** : (१) नियम ७३ को कारणबाट मृत्यु भएमा वा त्यसको कारणले निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो शिक्षकको दुईजनासम्म सन्ततिलाई अठार वर्षको उमेर नपुगुन्जेल देहायका दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ :-

(क) माध्यमिक शिक्षकको प्रत्येक सन्ततिलाई ९००/- रूपैयाँ,

(ख) निम्नमाध्यमिक र प्राथमिक शिक्षकको प्रत्येक सन्ततिलाई ७००/- रूपैयाँ ।

(२) नियम ७३ को कारणबाट मृत्यु भएको शिक्षकको दुईजनासम्म प्रत्येक सन्ततिलाई उपनियम (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त देहायका दरले मासिक सन्तति वृत्ति समेत दिइनेछः-

| शिक्षक | शुरु तलबको प्रतिशत |
|---|---|
| (क) माध्यमिक शिक्षक प्रथम श्रेणी | ८ |
| (ख) माध्यमिक शिक्षक द्वितीय र तृतीय श्रेणी | १० |
| (ग) अन्य शिक्षक | १२ |

७५. **समितिको व्यवस्थाः** (१) कुनै शिक्षकको विद्यालयको कामको सिलसिलामा मृत्यु भएमा निजको परिवार वा सन्ततिले पाउने वृत्ति सम्बन्धमा सिफारिस गर्न सम्बन्धित जिल्लाको देहायका सदस्य भएको समितिले गर्नेछः-

(क) प्रमुख जिल्ला अधिकारी,

(ख) सम्बन्धित जिल्ला शिक्षा अधिकारी,

(ग) सम्बन्धित विद्यालयका प्रधानाध्यापक वा कुनै एक शिक्षक,

(घ) सम्बन्धित जिल्लाको स्वास्थ्य अधिकारी ।

(२) उपनियम (१) बमोजिमको समितिले कुनै शिक्षकको मृत्यु विद्यालयको कामको सिलसिलामा भएको हो वा होइन भन्ने बारे ठहर गरी सिफारिस गर्नेछ ।

७६. **तलबको उल्लेखः** (१) यस परिच्छेदमा जहाँ तलबको उल्लेख भएको छ त्यसले श्री ५ को सरकारबाट निर्धारित स्केल बमोजिम पाउने तत्कालको तलब रकम (स्केल वृद्धि समेत) लाई जनाउँछ ।

(२) यस परिच्छेदको प्रयोजनको लागि आखिरी तलब भन्नाले सम्बन्धित शिक्षकले अवकाश प्राप्त गर्ने बेलामा उपनियम (१) बमोजिम पाउने तलबलाई जनाउँछ ।

७७. **कोषको व्यवस्था** : (१) यस परिच्छेद बमोजिमको निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति र उपदान प्रदान गर्न केन्द्रीय स्तरमा शिक्षक निवृत्तभरण कोष स्थापना गरिनेछ । उक्त कोषमा देहाय बमोजिमको स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ :-

(क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम ।

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) कोषको सञ्चालन केन्द्रीय व्यवस्था समितिबाट गरिनेछ ।

७८. **शिक्षकको अभिलेख सम्बन्धी कार्यविधि** : (१) निवृत्तभरणका लागि सम्बन्धित शिक्षकले अनुसूची-७ बमोजिमको ढाँचामा चारप्रति फाराम भरी आफू बहाल रहेको विद्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फाराम प्राप्त भएपछि विद्यालयको शिक्षकको सम्बन्धमा प्रधान अध्यापक तथा प्रधान अध्यापकको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यालयको अभिलेख हेरी प्रमाणित गरी गराई एक प्रति विद्यालयमा राखी बाँकी दुईप्रति सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको फाराम प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले कार्यालयमा रहेको अभिलेखबाट प्रमाणित गरी एक प्रति आफ्नो कार्यालयमा राखी बाँकी दुई प्रति सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको फाराम प्राप्त भएपछि क्षेत्रीय शिक्षा निर्देशकले कार्यालयको अभिलेखअनुसार प्रमाणित गरी एक प्रति आफ्नो निर्देशनालयमा राखी अर्कोप्रति मन्त्रालयको निवृत्तभरण सम्बन्धी काम गर्ने शाखामा पठाउनु पर्नेछ ।

७९. **निवृत्तभरण सम्बन्धी कारबाही** :

(१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकले अवकाश लिने मिति भन्दा नौ महिना अगावै अनुसूची-८ बमोजिमको ढाँचामा चार प्रति फाराम भरी आफू बहाल रहेको सम्बन्धित विद्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको फाराम भर्न नपाउँदै कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकले आफ्नो परिवारका सदस्यहरूमध्ये इच्छाइएको व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाइएकोमा नियम ७२ बमोजिम निवृत्तभरण पाउने निजको परिवारको सदस्यले शिक्षकको मृत्यु भएको छ महिनाभित्र सम्बन्धित विद्यालय समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा चार प्रति फारामहरू भरी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवृत्तभरणका लागि फाराम भरी पठाउने व्यक्तिले कुन ठेगानामा निवृत्तभरण अधिकारपत्र वा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्राप्त गर्न चाहेको हो सो कुरा खोली पठाउनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम फाराम प्राप्त भएपछि सम्बन्धित विद्यालयको शिक्षकको सम्बन्धमा प्रधान अध्यापक तथा प्रधान अध्यापकको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षले जाँची प्रमाणित समेत गरी एक प्रति विद्यालयमा राखी बाँकी तीन प्रति फारामहरू सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम फारामहरू प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले आवश्यक जाँचबुझ गरी प्रमाणित समेत गरी एक प्रति आफ्नो कार्यालयमा राखी बाँकी दुई प्रति फारामहरू सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम फारामहरू प्राप्त भएपछि क्षेत्रीय शिक्षा निर्देशकले जाँची उपनियम (१) बमोजिमको फाराम भए अवकाश प्राप्त शिक्षकको नाममा निवृत्तभरण अधिकारपत्र र उपनियम (२) बमोजिमको फाराम भए मृत शिक्षकको हकवालाको नाममा पारिवारिक निवृत्तभरण अधिकारपत्र अनुसूची (१) बमोजिमको ढाँचामा दिनु पर्नेछ र त्यसको सूचना मन्त्रालयको निवृत्तभरणसम्बन्धी काम गर्ने शाखामा पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम अधिकारपत्र प्राप्त गर्ने व्यक्तिले सो अधिकारपत्रमा उल्लिखित कार्यालयबाट प्रत्येक महिना नियमानुसार निवृत्तभरण रकम पाउने छ ।

८०. **बरबुझारथ नगरेमा निवृत्तभरण वा उपदान रोक्का गर्नसक्ने** : बरबुझारथ गर्नुपर्ने शिक्षकले बरबुझारथ नगरेमा निजले पाउने निवृत्तभरण वा उपदान रोक्का गर्न सकिनेछ ।

८१. **केन्द्रीय व्यवस्था समितिको गठन** : (१) यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता वा सन्तति वृत्ति र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था गर्न एक केन्द्रीय व्यवस्था समिति हुनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | सहसचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | -अध्यक्ष |
| (ख) | निर्देशक, श्री ५ को सरकार, निजामती किताबखाना | -सदस्य |
| (ग) | उपसचिव, शिक्षा तथा संस्कृति मन्त्रालय (बजेट शाखा) | -सदस्य |
| (घ) | प्रतिनिधि, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | उपसचिव, शिक्षा तथा संस्कृति मन्त्रालय (माध्यमिक शिक्षा शाखा) | -सदस्य सचिव |

(३) केन्द्रीय व्यवस्था समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्पूर्ण शिक्षकको नोकरी विवरण तयार गर्ने गराउने ।

(ख) निवृत्तभरण तथा उपदान कोषको सञ्चालन गर्ने ।

(ग) निवृत्तभरण र उपदान रकम निकासा दिने ।

(घ) क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयलाई निवृत्तभरण र उपदान सम्बन्धमा निर्देशन दिने ।

(ङ) निवृत्तभरण र उपदानसम्बन्धी अन्य आवश्यक काम गर्ने गराउने ।

(च) यस परिच्छेद अनुसार पाउनु पर्ने सुविधा रकमको किटान गर्ने ।

(४) केन्द्रीय व्यवस्था समितिको सदस्यहरूले मन्त्रालयले तोके बमोजिम बैठक भत्ता पाउने छन् ।

८२. **उपदान** : (१) पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको तर निवृत्तभरण पाउने अवस्था नपुगेका विद्यालयको स्वीकृत दरबन्दीको पदमा स्थायी नियुक्ति भएका शिक्षकले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई विद्यालय शिक्षा सेवाबाट अलग भएमा वा भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यत : अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा देहायको दरले उपदान पाउने छ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको तलब बराबरको आधा महिनाको तलब ।

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको एक महिनाको तलब ।

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षपूरा नभएसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको डेढ महिनाको तलब ।

तर खण्ड (क), (ख) र (ग) अनुसार पाउने उपदानको रकम शिक्षक अवकाश हुँदाको अवस्थामा प्रथम श्रेणीको माध्यमिक शिक्षकको प्रचलित तलब स्केलको शुरु तलब अङ्कको हिसाबले हुने क्रमशः छ महिना, बाह्र महिना र अठार महिनाको तलब भन्दा बढी हुनेछैन ।

(२) यो नियम बमोजिम उपदान पाउन सक्ने शिक्षकको उपदान नलिँदै मृत्यु भएमा त्यस्ता मृत शिक्षकले आफ्नो परिवारको सदस्यमध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्ति इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई नइच्छाएको भए निजको एकाघरको नजिकको हकवालाले सो उपदान पाउने छ ।

(३) उपनियम (१) बमोजिम दिइने उपदानको रकमका हकमा श्री ५ को सरकारबाट जुन प्रतिशतमा विद्यालयलाई अनुदान दिइएको छ सोही प्रतिशतले पाउने रकम कोषले व्यहोर्ने छ ।

(४) विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी योग्यता, तीनपुस्ते, उमेर, नाम, थर, वतन वा नागरिकता ढाँटेको प्रमाणित हुन आएमा यो नियम बमोजिम उपदान दिइने छैन ।

तर कसूर प्रमाणित हुनु अगावै खाइपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन ।

८३. **उपदान नपाउने व्यवस्था** : देहायका अवस्थामा कुनै पनि शिक्षकले यो नियमावली बमोजिमको उपदान पाउने छैन :-

(क) करार सेवामा वा अस्थायी वा म्यादी पदमा नियुक्त भएमा, वा

(ख) भविष्यमा शैक्षिक नोकरीका निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा ।

८४. **लागू नहुने** : निजी क्षेत्रमा सञ्चालन भएका विद्यालयका शिक्षकहरूको सम्बन्धमा यो परिच्छेद लागू हुने छैन ।

**टिप्पणी :–**

*यो नियमावली लागू भएपछि शिक्षकहरूको विधुर पति वा विधवा पत्नीले आजीवन पारिवारिक निवृत्तभरणको रूपमा आधा रकम पाउने व्यवस्था भएको बाहेक अन्य नयाँ व्यवस्था केही भएको देखिन्न ।*

# शिक्षा नियमावली, २०४९ (पहिलो संशोधन, २०५१)

**२०५१/०४/२० देखि लागू भएको**

१. **मूल नियमावलीमा नियम ६९क थप**: मूल नियमावलीको नियम ६९ पछि देहायको नियम ६९क थपिएको छ ।

"**६९क निवृत्त भरणको न्यूनतम रकम :–** नियम ६९ मा जुनसुकै कुरा लेखिएको भएतापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु अङ्कको आधाभन्दा कम हुने छैन ।"

**टिप्पणीः**

*बीस वर्षसम्मको लामो अवधि स्थायी सेवा गरी अवकाश भएपछि निवृत्तभरण पाउने व्यवस्था २०३५ सालदेखि नै भएपनि यसको न्यूनतम हद नतोकिएकोले २०-२१ वर्षमात्र सेवा अवधि भएका शिक्षकहरूले अत्यन्त न्यून रकम मात्र निवृत्तभरणको रूपमा पाउने गरेकोमा शिक्षा नियमावली, २०४९ मा भएको यस पहिलो संशोधनपछि शिक्षकहरूले पाउने निवृत्तभरणको न्यूनतम रकम समान तह र श्रेणीको बहालवाला शिक्षकको तलबको शुरु अङ्क (शुरु तलब स्केल) को आधाभन्दा कम नहुने व्यवस्था भएकोले यसबाट निवृत्त शिक्षकलाई केही भए पनि राहत पुग्न जाने महशुस गर्न सकिन्छ ।*

# शिक्षा नियमावली, २०४९ (दोस्रो संशोधन, २०५२)

**२०५२/०५/०९ देखि लागू भएको**

१. **मूल नियमावलीको नियम ७० मा संशोधन** : मूल नियमावलीको नियम ७० को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) नोकरीबाट बर्खास्त वा अवकाश भई पुनर्वहाली भएको शिक्षकको अवकाश भएदेखि पुनर्वहाली हुँदासम्मको बीचको अवधि गणना गरिनेछ।"

२. **मूल नियमावलीको नियम ७३क. र ७३ ख. थप** : मूल नियमावलीको नियम ७३ पछि देहायका **नियम ७३ क. र ७३ ख.थपिएका छन्:**

"**७३ क. बीमाको व्यवस्थाः** सार्वजनिक विद्यालयमा कार्यरत कुनै स्थायी शिक्षक वा कर्मचारीको सेवामा छँदै मृत्यु भएमा बीमा वापत देहाय बमोजिमको रकम निजले इच्छाएको व्यक्तिलाई र त्यस्तो व्यक्ति नभए निजका परिवारका सदस्यमध्ये सबैभन्दा नजिकको नाताको सदस्यलाई दिइनेछ :

(क) माध्यमिक विद्यालयका शिक्षकको लागि तीस हजार रूपैयाँ।

(ख) निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालयका शिक्षकको लागि बीस हजार रूपैयाँ।

**७३ ख. उपचार खर्चः-** (१) सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत देहायका शिक्षकहरूलाई सेवा अवधि भरमा देहाय बमोजिम उपचार खर्च दिइनेछः-

(क) माध्यमिक विद्यालयका शिक्षकलाई पच्चीस हजार रूपैयाँ।

(ख) निम्न माध्यमिक विद्यालयका शिक्षकलाई बीस हजार रूपैयाँ।

(ग) प्राथमिक विद्यालयका शिक्षकलाई पन्ध्र हजार रूपैयाँ।

(२) सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक वा निजको परिवारको सदस्य विरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम उपचार खर्च प्रदान गरिनेछ।

क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखी दिएको प्रेश्क्रिप्सन अनुसार औषधि किनेको खर्च।

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बील बमोजिमको खर्च।

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेसन) गर्दा लागेको वील बमोजिमको खर्च।

(३) सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि पुगेका शिक्षकलाई उपनियम (१) बमोजिमको रकम र बीस वर्षभन्दा कम सेवा अवधि पुगेका शिक्षकलाई औषधि उपचारको लागि निकासा दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा निजले गरेको सेवा अवधिको हिसाब गरी यस नियम बमोजिमको उपचार खर्च दिइनेछ ।

(४) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट शिक्षक सेवाबाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधि भरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउने छ ।

(५) यस नियम बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक शिक्षकलाई एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी रकम दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको एक वर्षको दामासाहीले हुने रकम मात्र उपचार खर्च दिन सकिनेछ ।

(६) यस नियम बमोजिम शिक्षकले पाएको उपचार खर्चको अभिलेख खर्च लेख्ने जिल्ला शिक्षा कार्यालयले राखी त्यस्तो विवरण सम्बन्धित विद्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयमा अभिलेख राख्न पठाउनु पर्नेछ ।

(७) यस नियम बमोजिम पाउने औषधि उपचार खर्च सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा दुई वर्ष स्थायी सेवा अवधि पुगेका शिक्षकहरूले मात्र पाउने छन् ।

(८) झुट्टा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने शिक्षक उपर विभागीय कारवाही हुन सक्नेछ ।"

**टिप्पणी :**

*शिक्षा नियमावली, २०४९ मा भएको यस दोस्रो संशोधनबाट नोकरीबाट बर्खास्त वा अवकाश भई पुनर्वहाली भएको शिक्षकको अवकाश भएदेखि पुनर्वहाली हुँदासम्मको बीचको अवधि समेत सेवा अवधिमा गणना गरिने नयाँ व्यवस्था भएको । शिक्षकहरूलाई बीमा तथा औषधि उपचारसम्बन्धी कुनै व्यवस्था नभई रहेकोमा त्यस वापत तोकिएको निश्चित रकम दिने व्यवस्था भएको देखिन्छ । यी व्यवस्थाहरूबाट शिक्षकहरूको सेवामा सुनिश्चितता हुनुको साथै शिक्षक स्वयं र निजको आश्रित परिवारहरूको स्वास्थ्य उपचार सम्बन्धमा केही सहयोग पुग्न जाने देखिन्छ ।*

# शिक्षा नियमावली, २०४९ (चौथो संशोधन, २०५३)

**२०५३/०२/०१ देखि लागू भएको**

१. **मूल नियमावलीको नियम ७० मा संशोधनः** मूल नियमावलीको नियम ७० को (१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :

"(ख) सरकारी शिक्षक पदमा स्थायी नियुक्ति भई बीचमा नोकरी अवधि टुट्न गई विद्यालय शिक्षा सेवामा प्रवेश गरेको शिक्षकका हकमा त्यस्तो सरकारी शिक्षक पदमा रही नोकरी गरेको अवधि गणना गरिनेछ ।

(२) खण्ड (च) झिकिएको छ :"

२. **मूल नियमावलीको नियम ७३ ख. मा संशोधन :** मूल नियमावलीको नियम ७३ ख. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) सार्वजनिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत देहायका शिक्षकहरूलाई सेवा अवधिभरमा निजको शुरु तलब स्केलको हिसाबले हुने गरी देहाय बमोजिम उपचार खर्च दिइनेछ :

(क) माध्यमिक विद्यालयका शिक्षकलाई बाह्र महिना बराबरको तलब रकम ।

(ख) निम्न माध्यमिक विद्यालयका शिक्षकलाई अठार महिना बराबरको तलब रकम ।

(ग) प्राथमिक विद्यालयका शिक्षकलाई एक्काइस महिना बराबरको तलब रकम"

"(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक तहको शिक्षक सरह शुरु तलब स्केल भएको निम्न माध्यमिक तहको शिक्षकले माध्यमिक शिक्षक सरह र निम्न माध्यमिक तहको शिक्षक सरह शुरु तलब स्केल भएको प्राथमिक तहको शिक्षकले निम्न माध्यमिक शिक्षक सरह उपचार खर्च पाउने छ ।"

**टिप्पणी :**

यस संशोधनले नोकरीबाट बर्खास्त वा अवकाश भई पुनर्वहाली भएको शिक्षकको अवकाश पछि पुनर्वहाली हुँदासम्मको बीचको अवधि समेत गणना गरिने भनी दोस्रो संशोधनबाट थप भएको व्यवस्था खारेज गरेको र औषधि उपचार खर्चवापत तोकिएको निश्चित रकमको सट्टा मासिक तलबसँग आवद्ध गरी तहगत रूपमा पाउने व्यवस्था भएको देखिन्छ ।

# शिक्षा नियमावली, २०४९ (पाँचौं संशोधन, २०५३)
## २०५३/०९/२६ देखि लागू भएको

१. **मूल नियमावलीको नियम ६९ख. थप:** मूल नियमावलीको नियम ६९क. पछि देहायको नियम ६९ ख. थपिएको छः-

"(६९ ख.) **निवृत्त शिक्षकले दशैं खर्च पाउने** : निवृत्तभरण पाउने गरी अवकाश पाएको शिक्षकले निजले खाईपाई आएको मासिक निवृत्तभरण रकमको आधा रकम दशैं खर्च वापत पाउने छ ।"

**टिप्पणी :**

सेवारत शिक्षकले मात्र दशैं खर्च वापतको रकम पाउने व्यवस्था रहेकोमा यो संशोधनपछि निवृत्त शिक्षकले समेत दशैं खर्च वापत रकम पाउने व्यवस्था भएको देखिन्छ । यस व्यवस्था अनुसार निवृत्त शिक्षकहरूलाई २०५४ सालको दशैंबाट दशैं खर्च प्रदान गर्न थालिएको हो ।

# शिक्षा नियमावली, २०४९ (छैटौं संशोधन, २०५४)
## २०५४/११/१९ देखि लागू भएको

१. **मूल नियमावलीको नियम ६९ मा संशोधन:** मूल नियमावलीको नियम ६९ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३) को सट्टा देहायको खण्ड (३) राखिएको छः-

"(३) बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति रकम वृद्धि भएको छ । सोही रकमको दुइतिहाइको दरले सम्बन्धित तहभित्रको श्रेणीका सेवा निवृत्त शिक्षकहरूको निवृत्तभरण रकम वृद्धि हुनेछ ।"

२. **मूल नियमावलीमा नियम ७६क. थप:** मूल नियमावलीको नियम ७६ पछि देहायको नियम ७६क. थपिएको छ :-

"७६क. शिक्षक किताबखानाः (१) यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न मन्त्रालय अन्तर्गत एक शिक्षक किताबखाना रहनेछ ।

(२) शिक्षक किताबखानाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्पूर्ण शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने ।

(ख) शिक्षकहरूको निवृत्तभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) शिक्षकहरूको निवृत्तभरण, उपदान, औषधि उपचार खर्चसम्बन्धी प्रयोजनको लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूबाट विवरण माग गर्ने ।

(घ) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई छ महिना अगावै जानकारी पठाउने ।

(ङ) शिक्षकहरूको वार्षिक तलबी विवरण पारित गर्ने, गराउने ।

(च) निवृत्तभरण कोषको सञ्चालन गर्ने ।

(छ) निवृत्तभरण, उपदान लगायतका अन्य रकमको निकासा दिने ।

(ज) मन्त्रालयले समय समयमा दिएका निर्देशनहरूको पालना गर्ने ।

(झ) निवृत्तभरण र उपदान सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने ।

(३) शिक्षक किताबखानाको अन्य काम, कर्तव्य र अधिकार मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

३. **मूल नियमावलीको नियम ७७ मा संशोधन** : मूल नियमावलीको नियम ७७ को-

(१) उपनियम (१) मा रहेको "केन्द्रीयस्तरमा" भन्ने शब्दहरूको सट्टा "शिक्षक किताबखाना अन्तर्गत रहने गरी एक" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "केन्द्रीय व्यवस्था समितिबाट" भन्ने शब्दहरूको सट्टा "शिक्षक किताबखानाबाट" भन्ने शब्दहरू राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ७८ मा संशोधन** : मूल नियमावलीको नियम ७८ को-

(१) उपनियम (२) मा रहेको "दुई" भन्ने शब्दहरूको सट्टा "तीन" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (४) मा रहेका "मन्त्रालयको निवृत्तभरणसम्बन्धी काम गर्ने शाखामा" भन्ने शब्दहरूको सट्टा "शिक्षक किताबखानामा" भन्ने शब्दहरू राखिएका छन् ।

५. **मूल नियमावलीको नियम ७९ मा संशोधन** : मूल नियमावलीको नियम ७९ को नियम (१) को उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (५) बमोजिम फारामहरू प्राप्त भएपछि क्षेत्रीय शिक्षा निर्देशकले आवश्यक जाँचबुझ एवम् प्रमाणित समेत गरी एक प्रति आफ्नो कार्यालयमा राखी बाँकी एक प्रति फाराम शिक्षक किताबखानामा पठाउनु पर्नेछ ।"

(२) उपनियम (६) पछि देहायको उपनियम ६क. थपिएको छ :-

"(६क) उपनियम (६) बमोजिमको फाराम प्राप्त हुन आएपछि शिक्षक किताबखानाले आफूसँग रहेको अभिलेखसँग भिडाई, जाँची अनुसूची-९ बमोजिमको ढाँचामा उपनियम

(१) बमोजिमको फाराम  भए अवकाश प्राप्त शिक्षकको नाममा निवृत्तभरण अधिकारपत्र उपनियम (२) बमोजिमको फाराम भए मृत्त शिक्षकको हकवालाको नाममा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्रदान गर्न सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।"

(३) उपनियम (७) मा रहेको "उपनियम (६) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम ६क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

**टिप्पणी :**

शिक्षा नियमावली, २०४९ मा भएको छैटौं संशोधनपछि निवृत्त शिक्षकको निवृत्तभरण बहालवाला शिक्षकको बढेको तलब रकमको अनुपातमा दुईतिहाईका दरले वृद्धि हुने व्यवस्था भएको तथा स्थायी शिक्षकहरूको अभिलेख र उनीहरूको सेवा निवृत्त पछिको सुविधाको व्यवस्थापनमा यस अघि कुनै छुट्टै निकाय नभइरहेको अवस्थामा अब शिक्षा मन्त्रालय अन्तर्गत केन्द्रीय निकाय (विभागस्तरीय) को रूपमा विद्यालय शिक्षक किताबखानाको स्थापना भएको देखिन्छ। यस अघि यससम्बन्धी कार्यहरूमध्ये शिक्षक अभिलेख जिल्ला तथा क्षेत्रमा र सेवा निवृत्त सुविधासम्बन्धी कार्य क्षेत्रीय शिक्षा निर्देशनालयबाट क्षेत्रीय स्तरमा हुने गर्दथ्यो ।

# शिक्षा नियमावली, २०४९ (सातौं संशोधन, २०५७)

## २०५७/१२/२९ देखि लागू भएको

१. मूल नियमावलीको नियम ६९ मा संशोधनः मूल नियमावलीको नियम ६९ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (२) मा रहेका "असमर्थ भएका" भन्ने शब्दहरूको सट्टा "असमर्थ भएको भनी श्री ५ को सरकारद्वारा गठित मेडिकल वोर्डले सिफारिस गरेको" शब्दहरू राखिएका छन् ।

२. मूल नियमावलीमा नियम ६९ख. मा संशोधनः मूल नियमावलीको नियम ६९ मा रहेका "मासिक निवृत्तभरण रकमको आधा रकम" भन्ने शब्दहरूको सट्टा "एक महिनाको निवृत्तभरण बराबरको रकम" भन्ने शब्दहरू राखिएका छन् ।

**टिप्पणी :**

मिति २०५७/१२/२९ मा शिक्षा नियमावलीमा सातौं संशोधन भएको र यस सातौं संशोधनले शारीरिक अवस्थाको कारणले सेवा गर्न असमर्थ भएको भनी सरकारद्वारा गठित मेडिकल वोर्डले सिफारिस गरेको शिक्षकको सेवाको जम्मा अवधिमा पाँच वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो शिक्षकको जम्मा नोकरी अवधिमा निवृत्तभरण पाउने गरी बढीमा ५ वर्षसम्म मन्त्रालयबाट थप गर्न सकिने व्यवस्थाको साथै निवृत्तभरण पाउने गरी अवकाश भएको शिक्षकले खाईपाई आएको एक महिनाको निवृत्तभरण बराबरको रकम दशैंखर्च पाउने व्यवस्था गरेको देखिन्छ । एक महिना बराबरको निवृत्तभरण रकम दशैंखर्चको रूपमा पाउने व्यवस्था सातौं संशोधन, २०५७ ले मात्र गरे पनि आ.व. २०५५/०५६ को बजेट वक्तव्यमा समेत यो कुरा उल्लेख भएकोले निवृत्त शिक्षकहरूलाई २०५५ सालको दशैंमा समेत १ महिना बराबरको निवृत्तभरण रकम दशैंखर्चको रूपमा उपलब्ध गराइएको थियो ।

# शिक्षा नियमावली, २०५९ (मूल नियमावली)

## नेपाल राजपत्रमा प्रकाशित भई लागू भएको मितिः २०५९/२/१६

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद– २०

### निवत्तृभरण, उपदान, उपचार खर्च तथा अन्य व्यवस्था

११३. **निवृत्तभरण :** श्री ५ को सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा बीस वर्ष नोकरी गरेको शिक्षकले देहायको हिसाबले मासिक निवृत्तभरण पाउने छ :-

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{५०} = \text{हुन आउने रकम}$$

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु अङ्कको आधाभन्दा कम हुने छैन ।

११४. **नोकरी अवधि गणना गरिने** : निवृत्तभरणको प्रयोजनको लागि नोकरी अवधि गणना सम्बन्धमा देहाय बमोजिम गरिनेछ :-

(क) राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ लागू हुनुभन्दा अघिदेखि शिक्षण पेशामा रहेको शिक्षकको हकमा सो योजना लागू हुनुभन्दा अघि अनुमति प्राप्त विद्यालयमा स्थायी नियुक्ति भई अविछिन्न रूपमा काम गरी विद्यालय शिक्षा सेवामा प्रवेश गरेको भए राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अघिदेखि गरेको स्थायी नोकरीको अवधि समेत गणना गरिनेछ ।

(ख) सरकारी शिक्षक पदमा स्थायी नियुक्ति लिई बीचमा नोकरी अवधि टुट्न गई विद्यालय शिक्षा सेवामा प्रवेश गरेको शिक्षकको हकमा त्यस्तो सरकारी शिक्षक पदमा रही नोकरी गरेको अवधि समेत गणना गरिनेछ ।

(ग) राष्ट्रिय शिक्षा पद्धति योजना लागू भएपछि शिक्षण पेशामा प्रवेश गर्ने शिक्षकको हकमा विद्यालयमा स्थायी नियुक्ति लिई अविछिन्न नोकरी गरेको जम्मा अवधिको गणना गरिनेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण बिदामा बसेको वा बेतलबी बिदामा बसेको वा बिदा वा काज स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको अवधि नोकरी अवधिमा गणना गरिने छैन ।

(ङ) स्थायी नोकरी अवधि गणना गर्दा स्थायी सेवा अवधि बीचमा टुटेको भए सो टुटेको अवधि कटाइनेछ ।

(च) एकपटक निवृत्तभरण पाउने गरी अवकाश पाएको व्यक्तिले शिक्षक पदमा पुनः स्थायी नियुक्ति पाई अवकाश भएमा सो व्यक्तिले चाहेमा निजको पछिल्लो सेवा अवधिसमेत गणना गरिनेछ ।

११५. **पारिवारिक निवृत्तभरण** : (१) कुनै शिक्षकको नोकरीमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्तो मृत शिक्षकले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउने छ ।

तर यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन र कुनै शिक्षकको

निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

(२) शिक्षकको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा त्यस्तो शिक्षकको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

तर यस नियम बमोजिम निवृत्तभरण पाइरहेको शिक्षकले दोहोरो निवृत्तभरण पाउने छैन ।

११६. **आजीवन पारिवारिक वृत्ति** : विद्यालयको कामको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घटनामा परी वा त्यसको कारणबाट निको नहुँदै पछि कुनै शिक्षकको मृत्यु भएमा निजको विधुर पति वा विधवा पत्नीलाई त्यस्तो शिक्षकले पाउन सक्ने न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन पारिवारिक वृत्ति स्वरूप दिइनेछ ।

११७. **निवृत्तभरण सम्बन्धी कारवाही** : (१) शिक्षकले नियुक्ति भएपछि निवृत्तभरण प्रयोजनको लागि अनुसूची-१८ बमोजिमको ढाँचामा तीनप्रति फाराम भरी आफू बहाल रहेको विद्यालयमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फाराम नबुझाउने शिक्षक उमेरको कारणबाट अनिवार्य अवकाश पाउने भएमा त्यस्तो शिक्षकले अवकाश लिने मितिभन्दा नौ महिना अगावै उपनियम १) बमोजिम फाराम भरी आफू बहाल रहेको विद्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम फाराम भर्न नपाउँदै कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकले आफ्नो परिवारका सदस्यहरू मध्ये इच्छाएको व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी इच्छाएको नभएमा निवृत्तभरण पाउने निजको परिवारको सदस्यले शिक्षकको मृत्यु भएको तीन महिनाभित्र सम्बन्धित विद्यालय समक्ष उपनियम (१) बमोजिम फाराम भरी विद्यालयमा दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम निवृत्तभरणको लागि फाराम भरी पठाउने व्यक्तिले कुन जिल्लामा निवृत्तभरण अधिकारपत्र वा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्राप्त गर्न चाहेको हो सो कुरा खुलाउनु पर्नेछ ।

(५) उपनियम (१), (२) वा (३) बमोजिम फाराम प्राप्त भएपछि शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिको अध्यक्षले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्राप्त फाराम प्रमाणित गरी एकप्रति विद्यालयमा राखी बाँकी दुईप्रति फारामहरू सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम फाराम प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्राप्त फाराम प्रमाणित गरी एक प्रति आफ्नो कार्यालयमा राखी बाँकी एक प्रति फाराम शिक्षक किताबखानामा पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको फाराम प्राप्त भएपछि शिक्षक किताबखानाले आफूसँग रहेको अभिलेखसँग भिडाई, जाँची उपनियम (१) वा (२) बमोजिमको फाराम भए अवकाश प्राप्त शिक्षकको नाममा अनुसूची-१९ बमोजिमको ढाँचामा निवृत्तभरण अधिकारपत्र र उपनियम (३) बमोजिमको फाराम भए मृत शिक्षकको हकवालाको नाममा अनुसूची-२० बमोजिमको ढाँचामा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्रदान गर्नुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम अधिकारपत्र प्राप्त गर्नेव्यक्तिले सो अधिकारपत्रमा उल्लिखित कार्यालयबाट प्रत्येक महिना नियमानुसार निवृत्तभरण रकम पाउनेछ ।

११८. **निवृत्त शिक्षकको निवृत्तभरणमा वृद्धि** : बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति वृद्धि भएको छ सोही रकमको दुईतिहाइको दरले सम्बन्धित तह भित्रको श्रेणीका सेवा निवृत्त शिक्षकको निवृत्तभरण रकम वृद्धि हुनेछ ।

११९. **उपदान** : (१) पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको तर निवृत्तभरण पाउने अवस्था नपुगेका स्थायी शिक्षकले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई विद्यालय शिक्षा सेवाबाट अलग भएमा वा भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा देहायको दरले उपदान पाउने छ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्रवर्षसम्म नोकरी गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्रवर्षभन्दा बढी बीस वर्षपूरा नभएसम्म नोकरी गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) कुनै शिक्षकको उपदान नलिँदै मृत्यु भएमा त्यस्तो शिक्षकको आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्ति र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई इच्छाएको नभएमा निजको एकाघरको नजिकको हकवालाले सो उपदान पाउने छ ।

१२०. **निवृत्तभरण वा उपदान नपाउने अवस्था** : (१) देहायका अवस्थामा शिक्षकले निवृत्तभरण वा उपदान पाउने छैनः-

(क) अस्थायी पदमा नियुक्त भएमा,

(ख) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा,

(ग) विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी योग्यता, तीन पुस्ते, उमेर, नाम, थर, वतन वा नागरिकता ढाँटेको प्रमाणित हुन आएमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर प्रमाणित हुनु अगावै खाईपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन ।

१२१. **बरबुझारथ नगरेमा निवृत्तभरण वा उपदान रोक्का गरिने** : कुनै शिक्षकले यस नियमावली बमोजिम बरबुझारथ नगरेमा निजले पाउने निवृत्तभरण वा उपदान रोक्का गरिनेछ ।

१२२. **उपचार खर्च** : (१) स्थायी शिक्षकलाई सेवा अवधि भरमा निजले खाईपाई आएको तलबको हिसाबले हुने गरी देहाय बमोजिम उपचार खर्च दिइनेछ :-

(क) माध्यमिक विद्यालयको शिक्षकलाई बाह्र महिना बराबरको तलब रकम,

(ख) निम्न माध्यमिक विद्यालयको शिक्षकलाई अठार महिना बराबरको तलब रकम,

(ग) प्राथमिक विद्यालयको शिक्षकलाई एक्काइस महिना बराबरको तलब रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तहको शिक्षक सरह शुरु तलब स्केल भएको प्राथमिक तथा निम्न माध्यमिक तहको शिक्षकले माध्यमिक शिक्षक सरह र निम्न माध्यमिक तहको शिक्षक सरह शुरु तलब स्केल भएको प्राथमिक तहको शिक्षकले निम्न माध्यमिक शिक्षक सरह उपचार खर्च पाउनेछ ।

(३) कुनै शिक्षक वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च प्रदान गरिनेछ :-

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकसँग जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखी दिएको प्रेस्कीप्सन अनुसार औषधि किनेको खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बील बमोजिमको खर्च,

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

(४) बीस वर्षभन्दा कम सेवा अवधि पुगेको शिक्षकलाई औषधि उपचारको लागि निकासा दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा निजले गरेको सेवा अवधिको हिसाब गरी यस नियम बमोजिम उपचार खर्च दिइनेछ ।

(५) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट शिक्षक सेवाबाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए शिक्षकले त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

(६) यस नियम बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक शिक्षकलाई एक आर्थिक वर्षमा एकै पटकमा वा पटक पटक गरी औषधि खर्चको रकम दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको एक वर्षको दामासाहीले हुने रकम मात्र उपचार खर्च दिन सकिनेछ ।

(७) यस नियम बमोजिम शिक्षकले पाउने उपचार खर्चको अभिलेख जिल्ला शिक्षा कार्यालयले राखी त्यसको विवरण सम्बन्धित विद्यालय, शिक्षक किताबखाना र निर्देशनालयमा अभिलेख राख्न पठाउनु पर्नेछ ।

(८) झुट्ठा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने शिक्षक उपर विभागीय कारवाही हुनेछ ।

१२३. **बेपत्ता भएको शिक्षकको निवृत्तभरण र उपदान** : (१) कुनै शिक्षक हराई बेपत्ता भई पाँच वर्षसम्म मरे बाँचेको पत्ता नलागेमा त्यस्तो शिक्षकले पाउने उपदान वा निवृत्तभरणको रकम निजको परिवारलाई दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण लिन पाउने व्यक्ति निवृत्तभरण लिन नपाउँदै बेपत्ता भएमा सात वर्षसम्म र निवृत्तभरण पाउन थालेपछि बेपत्ता भएमा सात वर्ष पुग्न बाँकी अवधिसम्म निजको परिवारलाई निवृत्तभरणको पूरै रकम र सो अवधिपछि पति वा पत्नीलाई आजीवन निवृत्तभरणको आधा रकम पारिवारिक निवृत्तभरण दिइनेछ ।

(३) बेपत्ता भएको शिक्षक पछि फेला परेमा यस नियमावली बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा निजले पाउने निवृत्तभरणको रकम निजले दावी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ ।

तर भुक्तानी दिई सकेको उपदान, निवृत्तभरण वा पारिवारिक निवृत्तभरण रकममा पछि फेला परेको व्यक्तिले दावी गर्न पाउने छैन ।

१२४. **शैक्षिक भत्ता तथा सन्तति वृत्ति** : (१) नियम ११६ मा लेखिएको कारणबाट कुनै शिक्षकको मृत्यु भएमा वा त्यसको कारणले निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो शिक्षकको दुईजनासम्म सन्ततिलाई अठार वर्षको उमेर नपुगुञ्जेलसम्म देहायका दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ :-

(क) माध्यमिक तहको शिक्षकको प्रत्येक सन्ततिलाई नौसय रूपैयाँ,

(ख) निम्न माध्यमिक र प्राथमिक तहको शिक्षकको प्रत्येक सन्ततिलाई सातसय रूपैयाँ ।

(२) नियम ११६ मा लेखिएको कारणबाट मृत्यु भएको शिक्षकको दुईजनासम्म सन्ततिलाई अठार वर्षको उमेर नपुगुञ्जेल उपनियम (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त देहायका दरले मासिक सन्तति वृत्ति समेत दिइनेछ :-

| शिक्षक | शुरु तलबको प्रतिशत |
|---|---|
| (क) माध्यमिक तहको प्रथम श्रेणी | ८ |
| (ख) माध्यमिक तहको द्वितीय र तृतीय श्रेणी | १० |
| (ग) अन्य | १२ |

१२५. **वृत्ति सिफारिस समिति** : (१) विद्यालयको कामको सिलसिलामा कुनै शिक्षकको मृत्यु भएमा निजको परिवार वा सन्ततिले पाउने वृत्ति सम्बन्धमा सिफारिस गर्न सम्बन्धित जिल्लामा देहायका सदस्यहरू रहेको वृत्ति सिफारिस समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(घ) जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख - सदस्य

(ङ) जिल्ला शिक्षा अधिकारी - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले कुनै शिक्षकको मृत्यु विद्यालयको कामको सिलसिलामा भए नभएको सम्बन्धमा ठहर गरी त्यस्तो शिक्षकको परिवार वा सन्ततिलाई दिइने वृत्ति रकमको सम्बन्धमा सिफारिस गर्नेछ ।

१२६. **विद्यालय शिक्षक किताबखाना** : (१) शिक्षकलाई प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, बीमा, औषधोपचार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न मन्त्रालय अन्तर्गत एक विद्यालय शिक्षक किताबखाना रहनेछ ।

(२) शिक्षक किताबखानाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने,

(ख) शिक्षकको निवृत्तभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,

(ग) शिक्षकको निवृत्तभरण, उपदान, औषधि उपचार र बीमाको लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूबाट विवरण माग गर्ने,

(घ) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई छ महिना अगावै जानकारी गराउने,

(ङ) शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने, गराउने,

(च) निवृत्तभरण कोषको सञ्चालन गर्ने,

(छ) निवृत्तभरण, उपदान, बीमा, औषधोपचार लगायतका अन्य रकमको निकासा दिने,

(ज) निवृत्तभरण र उपदानसम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने,

(झ) शिक्षकको सेवा अवधि गणनासम्बन्धी काम गर्ने ।

(ञ) मन्त्रालयले दिएको निर्देशनहरूको पालना गर्ने,

(३) शिक्षक किताबखानाको अन्य काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१२७. **बीमाको व्यवस्था** : (१) नेपाल सरकारले स्थायी शिक्षकको बीमा गराउन सक्नेछ । त्यसरी बीमा नगराएमा कुनै शिक्षक सेवामा छँदै मृत्यु भएमा बीमा वापत देहाय बमोजिमको रकम निजले इच्छाएको व्यक्तिलाई र त्यस्तो व्यक्ति नभए निजको परिवारका सदस्यहरूमध्ये सबैभन्दा नजिकको नाताको सदस्यलाई एकमुष्ट दिइनेछ ।

(क) माध्यमिक विद्यालयको शिक्षकको लागि तीस हजार रूपैयाँ,

ख) निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालयको शिक्षकको लागि बीस हजार रूपैयाँ ।

१२८. **उपदान वा निवृत्तभरणसम्बन्धी विशेष व्यवस्था** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०५९ साल वैशाख १ गतेपछि नयाँ नियुक्त हुने शिक्षकले यस परिच्छेद बमोजिम उपदान वा निवृत्तभरण पाउने छैन । त्यस्ता शिक्षकलाई उपदान वा निवृत्तभरण दिने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक निवृत्तभरण कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको कोषमा जम्मा हुने गरी विद्यालयको त्यस्तो शिक्षकले आफूले पाउने मासिक तलबबाट सोही सूचनामा तोकिएको रकम कट्टा गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त हुने कुनै शिक्षक निवृत्तभरण पाउने अवधि नपुग्दै सेवाबाट हटेमा निजको नाममा उपनियम (२) बमोजिम कट्टा गरिएको रकम निजले लिन पाउने छ ।

तर सेवाबाट बर्खास्त गरिएकोमा नेपाल सरकारबाट निजको नाममा रकम कट्टा गरिएको भए निजले लिन पाउने छैन ।

१२९. **यस परिच्छेदको व्यवस्था लागू नहुने** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट व्यहोर्ने गरी सामुदायिक विद्यालयले नियुक्त गरेका शिक्षकको सम्बन्धमा यो परिच्छेदको व्यवस्था लागू हुने छैन । त्यस्ता शिक्षकले यस परिच्छेद बमोजिमको सुविधा सम्बन्धित व्यवस्थापन समितिले तोके बमोजिम विद्यालयबाट पाउने छ ।

**टिप्पणी :-**

शिक्षा ऐन, २०२८ अन्तर्गत बनेको पहिलो शिक्षा नियमावली, २०२८ आठौं पटक संशोधन भए पश्चात् २०४६ को राजनैतिक परिवर्तनपछि निर्वाचित सरकारबाट परिवर्तित व्यवस्था अनुसारको शिक्षा नियमावली, २०४९ जारी भएको र यसमा पनि आठ पटकसम्म संशोधन भएपछि शिक्षा ऐन, २०२८ मा भएको सातौं संशोधनले गरेको नयाँ व्यवस्था अनुसार शिक्षा नियमावली पनि नयाँ रूपमा तर्जुमाको आवश्यकतालाई महसूस गरी शिक्षा नियमावली, २०५९ जारी भएको देखिन्छ । मिति २०५९/०२/१६ देखि लागू भएको यस नियमावलीमा शिक्षकहरूको सेवा निवृत्त पछिको पाउने सुविधामा भने शिक्षा नियमावली, २०४९ (संशोधन सहित) मा भएका साविकका व्यवस्थामा खासै परिवर्तन गरेको देखिंदैन तापनि परिवर्तित शिक्षा नियमावली, २०५९ को नियम १२८ ले भने यस सम्बन्धमा नयाँ व्यवस्था गरेको देखिन्छ । जसअनुसार परिच्छेद २० मा शिक्षकहरूको सेवा निवृत्त सुविधाको सम्बन्धमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०५९ साल वैशाख १ गतेपछि नयाँ नियुक्ति पाउने शिक्षकले सो परिच्छेद बमोजिमको उपदान वा निवृत्तभरण नपाउने र त्यस्ता शिक्षकलाई उपदान वा निवृत्तभरण दिने प्रयोजनको लागि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निवृत्तभरण कोष स्थापना गर्नसक्ने, उक्त कोषमा जम्मा हुने गरी शिक्षकहरूले आफूले पाउने मासिक तलबबाट तोकिए बमोजिमको रकम कट्टा गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । तर त्यस्ता शिक्षक निवृत्तभरण पाउने अवधि नपुग्दै सेवाबाट हटेमा भने निजको नाममा कट्टा गरिएको रकम निजले लिन पाउने समेत व्यवस्था गरेको देखिन्छ । नयाँ नियुक्ति हुने शिक्षकको सम्बन्धमा शिक्षा नियमावली, २०५९ ले त्यस्तो व्यवस्था गरे पनि यस सम्बन्धमा सरकारद्वारा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको जानकारी नभएको तर नियमावलीले उपरोक्त व्यवस्था गरिसकेको अवस्था हुँदा २०५९ वैशाख १ पछि नयाँ नियुक्ति हुने शिक्षकहरूको सेवा निवृत्त सुविधा सम्बन्धमा अन्यौंलता भएको पाइन्छ ।

## शिक्षा नियमावली, २०५९ (पहिलो संशोधन, २०६०)

## राजपत्रमा प्रकाशित मितिः २०६०/३/२४

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

२५. **मूल नियमावलीमा नियम १२७ क. थप** : मूल नियमावलीको नियम १२७ पछि देहायको नियम १२७ क. थपिएको छः-

"**१२७ क. परामर्श समिति रहनेः** (१) शिक्षकहरूलाई दिइने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान बीमा वा औषधि उपचार सम्बन्धमा देखिएका समस्या समाधान गर्ने सम्बन्धमा शिक्षक किताबखानालाई आवश्यक सहयोग गर्नको लागि देहायका सदस्यहरू रहेको एक परामर्श समिति रहनेछ :-

(क) मन्त्रालयले तोकेको सो मन्त्रालयको सहसचिव - अध्यक्ष

(ख) कार्यालय प्रमुख, कौषी तोषाखाना - सदस्य

(ग) प्रतिनिधि, (बजेट तथा कार्यक्रम शाखा) अर्थ मन्त्रालय - सदस्य

(घ) उपसचिव (विद्यालय प्रशासन शाखा) मन्त्रालय - सदस्य

(ङ) उपसचिव, (ऐन नियम परामर्श शाखा) मन्त्रालय - सदस्य

(च) प्रतिनिधि, निजामती किताबखाना - सदस्य

(छ) कार्यालय प्रमुख, शिक्षक किताबखाना - सदस्य-सचिव

(२) परामर्श समितिको सचिवालयको काम शिक्षक किताबखानाले गर्नेछ ।

(३) परामर्श समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) परामर्श समितिका सदस्यले सो समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिमको बैठक भत्ता पाउन सक्नेछन् ।"

**टिप्पणीः–**

शिक्षा नियमावली, २०५९ मा भएको यस पहिलो संशोधनले विद्यालय शिक्षक किताबखानाको कार्यमा उत्पन्न हुने कानूनी, प्रशासनिक तथा प्रक्रियागत समस्याहरूको समाधानको लागि परामर्श दिन केन्द्रीयस्तरमा एक परामर्श समिति रहने व्यवस्था गरेको छ । परामर्श समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ भन्ने नियममा उल्लेख भए बमोजिम मिति २०६०/०६/१३ मा बसेको समितिको पहिलो बैठकले आफ्नो कार्यविधि

निर्धारण गरेको छ। जुन यस प्रकार रहेकोछ।

१. बैठक वस्ने सचिवालय :- विद्यालय शिक्षक किताबखाना

२. बैठक वस्ने अवधि :- आवश्यकताअनुसार

३. बैठक बोलाउने तरिका :- अध्यक्षको परामर्श लिई सदस्य सचिवले बोलाउने

४. बैठक बस्न आवश्यक गणपुरक सङ्ख्या :- तत्काल कायम रहेको सदस्यमध्ये कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति हुनुपर्ने ।

५. बैठकको निर्णय :- बैठकमा बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

६. बैठकमा सदस्य बाहेक अन्य व्यक्ति बोलाउने सम्बन्धमा :- समितिले आवश्यक ठानेमा अन्य व्यक्तिलाई विशेषज्ञको रूपमा आमन्त्रण गर्न सक्नेछन् ।

७. बैठक बोलाउनको लागि दिनुपर्ने समय :- सामान्यतया २४ घण्टाको पूर्व सूचना दिई सदस्य सचिवले बैठक बोलाउनु पर्नेछ ।

८. बैठकको प्रतिलिपि प्रमाणित तथा कार्यान्वयन :- प्रतिलिपि प्रमाणित अधिकृत स्तरको कर्मचारीले गर्ने र निर्णयको कार्यान्वयन सदस्य सचिवले गर्ने ।

९. परामर्श समितिमा परेको वाधा अड्काउ फुकाउने सम्बन्धमा निर्णय गरी शिक्षा तथा खेलकुद मन्त्रालयमा पठाउने ।

१०. बैठकमा पेश गरिने प्रस्तावहरू निम्न ढाँचामा तयार गरी सदस्य सचिवले पेश गर्ने ।

- प्रस्तावको विषय
- परेका समस्याको संक्षिप्त व्यहोरा (समस्या, कानूनी प्रावधान, नजीर, परम्परा)
- अन्य निकायबाट राय लिइएको भए सोको विवरण
- निर्णय हुनुपर्ने कुराहरू

११. कार्यालय समय बाहेक बसेको बैठकमा आमन्त्रित व्यक्तिलाई समेत सदस्यले पाए सरहको बैठक भत्ता उपलब्ध गराउने ।

शिक्षकहरूको सेवा सुविधा निर्धारणमा कठिनाइ उत्पन्न भइरहने गरेकोमा परामर्श समितिको गठनको व्यवस्था भएपछि किताबखानाको कार्यमा केही मात्रामा भए पनि सहजता आउन थालेको अनुभव गरिएकोछ ।

## शिक्षा नियमावली, २०५९ (दोस्रो संशोधन, २०६०)

## राजपत्रमा प्रकाशित भई लागू भएको मिति २०६०/१२/१६

३. **मूल नियमावलीको नियम ११३ मा संशोधन** : मूल नियमावलीको नियम ११३ को उपनियम २) मा रहेका आधाभन्दा कम भन्ने शब्दहरू पछि "र अधिकतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु स्केल भन्दा बढी" भन्ने शब्दहरू थपिएका छन् ।

४. **मूल नियमावलीको नियम ११४ मा संशोधन** : मूल नियमावलीको नियम ११४ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) एकपटक निवृत्तभरण पाउने गरी अवकाश भएको व्यक्ति पुनः शिक्षक पदमा नियुक्ति भएमा निजले चाहेमा अघिल्लो सेवा अवधि गणना गरिनेछ ।"

५. **मूल नियमावलीमा नियम ११४ क र ११४ ख थप** : मूल नियमावलीको नियम ११४ पछि देहायका नियम ११४ क. र ११४ ख. थपिएका छन् :-

"११४ **क.नोकरी अवधि गणना सम्बन्धी कार्यविधि** : (१) नियम ११४ बमोजिम नोकरी अवधि गणना गराउन चाहने बहालवाला शिक्षकले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकले नियुक्ति पाएको मितिले एक वर्षभित्र शिक्षक किताबखानाबाट त्यस्तो नोकरी अवधि गणना गराउनु पर्नेछ । सो अवधिपछि त्यस्तो नोकरी अवधि गणना गरिने छैन ।

(२) शिक्षक सेवाबाट उपदान पाउने गरी अवकाश पाएको कुनै शिक्षकले शिक्षा सेवामा पुनः स्थायी नियुक्ति पाई उपनियम (१) बमोजिम नोकरी अवधि गणना गराउने भएमा निजले पहिले लिएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी अवधि गणना गरिनेछ ।

(३) उपनियम (१) बमोजिम नोकरी अवधि गणना गराउने शिक्षकले पहिलेको नोकरी अवधिमा अध्ययन बिदा, असाधारण बिदा, औषधि उपचार खर्च र बीमा रकम लिएको भए त्यसको विवरण शिक्षक किताबखानामा पेश गर्नु पर्नेछ ।

" **११४ ख. नोकरी अवधि निर्धारण सिफारिस मिति** : (१) नियम ११४ को खण्ड (क) बमोजिमको अवस्थामा शिक्षकको नोकरी अवधि गणना गर्ने सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा त्यस्तो नोकरी अवधि यकीन गरी शिक्षक किताबखानालाई सिफारिस गर्न जिल्लास्तरमा देहाय बमोजिमको एक नोकरी अवधि निर्धारण सिफारिस समिति रहनेछ :-

(क) जिल्ला शिक्षा अधिकारी - अध्यक्ष

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिको बैठक लगायत अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।"

६. **मूल नियमावलीमा नियम १२१ क थप**: मूल नियमावलीको नियम १२१ पछि देहायका नियम १२१ क. थपिएको छ :-

" **१२१ क. निवृत्तभरण र तलब दुबै एकै साथ नपाउने :**यस नियमावली बमोजिम निवृत्तभरण पाउने गरी अवकाश पाएको कुनै व्यक्ति सामुदायिक विद्यालयको शिक्षक पदमा पुनः स्थायी नियुक्ति भएमा त्यसरी नियुक्ति भई कार्यरत रहेको अवधिभर निजले निवृत्तभरण पाउने छैन ।"

७. **मूल नियमावलीको नियम १२५ मा संशोधन** : मूल नियमावलीको नियम १२५ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :- "(घ१) प्रतिनिधि, जिल्ला शिक्षक यूनियन - सदस्य"

८. **मूल नियमावलीको नियम १२८ मा संशोधन** : मूल नियमावलीको नियम १२८ को उपनियम १) मा रहेका "सम्वत २०५९ साल वैशाख १ गतेपछि" भन्ने शब्दहरूका सट्टा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति पछि" भन्ने शब्दहरू राखिएका छन् ।

**टिप्पणी :–**

शिक्षा नियमावलीमा भएको दोस्रो संशोधन मिति २०६०/१२/१६ मा भएको र सेवा निवृत्त शिक्षकको लागि मासिक निवृत्तभरणको न्यूनतम सीमा (बहालवाला शिक्षकको शुरु स्केलको आधाभन्दा कम नहुने गरी) मात्र सीमा निर्धारण भइरहेकोमा यसपछि अधिकतम सीमा पनि निर्धारण गरेकोछ । जसअनुसार कुनैपनि निवृत्त शिक्षकले अधिकतम रूपमा समान पदको बहालवाला शिक्षकको तलबको शुरु स्केलभन्दा बढी पनि पाउने छैनन् । यसै संशोधनले शिक्षकको सेवा गणना सम्बन्धमा पनि केही थप व्यवस्था गरेकोछ । जसअनुसार पुराना शिक्षकले दोस्रो संशोधित नियम प्रारम्भ भएको मितिले र नियम प्रारम्भ भईसकेपछि नियुक्ति हुने शिक्षकले भने नियुक्ति भएको मितिले १ वर्षभित्र गणना गराई सक्नु पर्ने व्यवस्था गर्नुको साथै योजना पूर्वको सेवा गणना गर्न विद्यालय शिक्षक किताबखानालाई यकीन सिफारिस गर्नको लागि जिल्लास्तरमा नोकरी अवधि निर्धारण सिफारिस समिति समेत रहने व्यवस्था गरेकोछ । साथै मिति २०५९ वैशाख १ पछि नयाँ नियुक्ति हुने शिक्षकले निवृत्तभरण तथा उपदान नपाउने र उनीहरूको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निवृत्तभरण कोष स्थापना गर्ने भनी व्यवस्था गरिएकोमा यस दोस्रो संशोधन नियमावलीले उपरोक्त व्यवस्थाको सट्टा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति पछि नियुक्ति हुने शिक्षकको हकमा मात्र सो विशेष व्यवस्था लागू हुने भनी व्यवस्था गरेको र हालसम्म सरकारले राजपत्रमा सूचना प्रकाशन गरेको जानकारी नभएकोले यसपछि नयाँ नियुक्ति हुने शिक्षकहरूले समेत अन्य पुराना शिक्षक सरह सुविधा पाउन सक्ने व्यवस्था भएकोछ ।

## शिक्षा नियमावली, २०५९ (तेस्रो संशोधन, २०६२)

### राजपत्रमा प्रकाशित भई लागू भएको मिति : २०६२/०२/२५

२८. **मूल नियमावलीको नियम ११४ क. मा संशोधन :** मूल नियमावलीको नियम ११४ क. को उपनियम (१) मा रहेका "नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "नियम प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

२९. **मूल नियमावलीको नियम १२७ क. मा संशोधन :** मूल नियमावलीको नियम १२७क. को उपनियम (१) को खण्ड (घ) मा रहेका "विद्यालय प्रशासन शाखा" भन्ने शब्दको सट्टा विद्यालय शिक्षा शाखा भन्ने शब्दहरू राखिएका छन् ।

**टिप्पणी :-**

शिक्षा नियमावली, २०५९ मा तेस्रो संशोधन हुनु पूर्व योजना पूर्वको सेवा गणना गराउनको लागि दोस्रो संशोधन नियमावलीले १ वर्षको म्याद राखेकोमा यस तेस्रो संशोधन नियमावलीले १ वर्षको म्याद थप गरी २ वर्षको म्याद कायम गरी दिएकोछ । यसबाट सेवा गणना गराउन छुटेका धेरै शिक्षकहरू लाभान्वित हुन सक्ने देखिएको थियो । तर उक्त थपिएको समयावधि पनि हाल व्यतित भईसकेको र मन्त्रालयको अवको नियमावली संशोधन गर्दा मिलान गर्ने गरी हाललाई सेवा अवधि गणनाको कार्य जारी राख्ने भनी प्राप्त निर्देशनात्मक पत्रको आधारमा हाल पनि सेवा गणनाको कार्य यथावत भइरहेको छ ।

**शिक्षा चौथो र पाँचौ संशोधन नियमावली**

शिक्षा नियमावलीमा भएको चौथो र पाँचौ संशोधनबाट मूल नियमावलीको परिच्छेद २० मा उल्लिखित शिक्षकहरूको सेवा निवृत्त सुविधामा केही परिवर्तन भएको पाइँदैन ।

## शिक्षा (छैटौं संशोधन) नियमावली, २०६७

### राजपत्रमा प्रकाशित भई लागू भएको मिति : २०६७/१०/०९

४७. **मूल नियमावलीको ११४ क. मा संशोधन :** मूल नियमावलीको ११४क. को उपनियम(१) मा रहेका "यो नियम प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "संवत् २०६९ चैत्र मसान्तभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

४८. **मूल नियमावलीको नियम १२२ मा संशोधन :** मूल नियमावलीको नियम १२२ को उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको शिक्षकले उपचार खर्च वापत लिन

बाँकी रकममा बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको शिक्षकले क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउने छ ।

४९. **मूल नियमावलीको नियम १२३ मा संशोधन** : मूल नियमावलीको नियम १२३ को,-

क) उपनियम (१) मा रहेका "पाँच वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म" भन्ने शब्दहरू राखी सो उपनियममा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर त्यसरी उपदान वा निवृत्तभरण दिँदा सम्बन्धित व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा दिइनेछ ।

ख) ठाउँठाउँमा रहेका "निजको परिवारलाई" शब्दहरूको सट्टा "निजले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई ईच्छाएको भए त्यस्ता व्यक्तिलाई र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको एकाघरको नजिकको हकवालालाई" भन्ने शब्दहरू राखिएका छन् ।

५०. **मूल नियमावलीको नियम १२४ मा संशोधन** : मूल नियमावलीको नियम १२४ को उपनियम (१) को ठाउँठाउँमा रहेको "तहको" भन्ने शब्दको सट्टा "तहमा अध्ययन गर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

५१. **मूल नियमावलीको नियम १२७ मा संशोधन** : मूल नियमावलीको नियम १२७ को सट्टा देहायको नियम १२७ राखिएको छ :-

"१२७ **बीमा सुविधा सम्बन्धी व्यवस्था** :

१. शिक्षकको बीमा वापत नेपाल सरकारले एउटा सावधिक जीवन बीमा कोष स्थापना गर्नेछ ।

२. प्रत्येक शिक्षकको मासिक तलबबाट दुईसय रूपैया कट्टा गरी उपनियम (१) बमोजिमको कोषमा जम्मा गरिनेछ र त्यति नै रकम नेपाल सरकारले थप गरी बीमाङ्क रकम एकलाख रूपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरी दिनेछ ।

३. उपनियम (२) बमोजिमको बीमा कोषमा जम्मा भएको रकम मध्येबाट सो शिक्षक सेवा निवृत्त हुँदा निजलाई बीमाङ्क रकम र बोनस भुक्तानी दिइनेछ ।

४. उपनियम (२) बमोजिम रकम कट्टा गर्न शुरु गरेको बीस वर्ष अवधि नपुगी कुनै शिक्षकको मृत्यु भएमा निजको परिवारले एकलाख रूपैयाँ पाउने छ र कुनै शिक्षक सेवाबाट अनिवार्य अवकाश भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछ ।

क) एक वर्षभन्दा कम अवधिको रकम कट्टि गरिएको भएमा दश हजार रूपैयाँ,

ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टि गरिएको भएमा पच्चीस हजार रूपैयाँ,

ग) पाँच वर्षदेखि दशवर्षसम्म रकम कट्टि गरिएको भएमा पचास हजार रूपैयाँ,

घ) दश वर्षदेखि पन्ध्रवर्षसम्म रकम कट्टि गरिएको भएमा पचहत्तर हजार रूपैयाँ,

ङ) बीस वर्षसम्म रकम कट्टि गरिएको भएमा एकलाख रूपैयाँ ।

तर निजले जम्मा गरेको रकम र सोको ब्याज, लाभांश रकम उल्लिखित रकम भन्दा बढी हुन आएमा सोही बराबरको रकम सो कोषबाट प्रदान गरिनेछ ।

५. कुनै शिक्षकले उपनियम (२) बमोजिम रकम जम्मा गर्न शुरु गरेको बीस वर्ष नपुगी अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो शिक्षकलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइनेछ ।

६. उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने शिक्षकले सावधिक जीवन बीमा वापत जम्मा गरेको रकम बीस वर्ष वा सोभन्दा कम अवधिमा परिपक्क हुने गरी निरन्तरता दिन सक्नेछ ।

तर सो वापत नेपाल सरकारले कुनै रकम व्यहोर्ने छैन ।

**टिप्पणी :**

शिक्षा नियमालवी २०५९ मा चौथो र पाँचौ संशोधन क्रमश: २०६६/०५/१७ र २०६७/०८/२० मा भएको तर यी दुवै संशोधन हुँदा शिक्षकहरूको सेवा निवृत्त सुविधा सम्बन्धमा साविकमा भएको व्यवस्थामा कुनै परिवर्तन नभएको र हालको छैठौं संशोधनले भने साविक व्यवस्थामा थुप्रै परिवर्तन भएकोछ । जस अनुसार :

(क) योजना पूर्वको सेवा गणना गराउन चाहने शिक्षकले ०६२/१२/१५ सम्म गराइ सक्नु पर्ने भन्ने कानुनी व्यवस्था भएको र शिक्षा मन्त्रालयको अवको नियमावली संशोधन गर्दा मिलान गर्ने गरी हाललाई सेवा अवधि गणनाको कार्य जारी राख्न भन्ने निर्देशनात्मक पत्रको आधारमा सेवा गणनाको कार्य यथावत रूपमा भईरहेकोमा हालको संशोधन अनुसार बहालवाला शिक्षकले ०६९ चैत्र मसान्तभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्ति हुने शिक्षकले नियुक्ति पाएको मितिले एक वर्षभित्र नोकरी गणना गराई सक्नुपर्ने र सो अवधिपछि त्यस्तो नोकरी गणना गरिने छैन भन्ने व्यवस्था भएको छ ।

(ख) २० वर्ष स्थायी सेवा अवधि भएको शिक्षकले औषधि उपचार खर्च वापत मा.वि. वा सो सरह तलब स्केल भएको शिक्षकले १२ महिना बराबर, नि.मा.वि. वा सो सरहको तलब स्केल भएको शिक्षकले १८ महिना बराबरको र प्रा.वि. शिक्षकले २१ महिना बराबरको तलब रकम पाउने व्यवस्था भईरहेकोमा यस छैठौं संशोधन पश्चात् निवृत्तभरण पाउने

गरी सेवाबाट अलग भएको शिक्षकले उपचार खर्च वापत लिन बाँकी रकममा सेवा अवधिको आधारमा बीस वर्षभन्दा बढि सेवा भएकालाई १०, पच्चीस वर्ष पुगेकालाई १५ र पच्चीस वर्षभन्दा बढी सेवा भएकालाई २० प्रतिशत रकम थप गरी दिने व्यवस्था भएको छ ।

(ग) बेपत्ता भएको शिक्षकको निवृत्तभरण र उपदान सम्बन्धमा हराई बेपत्ता भई ५ वर्षसम्म मरेबाँचेको पत्ता नलागेको शिक्षकको हकवालालाई मात्र त्यस्तो सुविधा पाउने व्यवस्था भएकोमा यस संशोधन पछि हराई बेपत्ता भई दुई वर्षसम्म मरेबाँचेको पत्ता नलागेमा शिक्षकको हकवालालाई समेत सम्बन्धित विद्यालय व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा त्यस्तो सुविधा पाउने व्यवस्था गरिएकोछ ।

(घ) विद्यालयको कार्यको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घटनामा परी वा त्यसको कारण निको नहुँदै पछि मृत्यु भएका शिक्षकको २ जनासम्म सन्ततिलाई शिक्षक कार्यरत तहको आधारमा मा.वि. शिक्षकको सन्ततिलाई ९००/- रूपैया र नि.मा.वि. तथा प्रा.वि. तहको शिक्षकको सन्ततिलाई रु ७००/- रूपैया वार्षिक शैक्षिक भत्ता दिने व्यवस्था भएकोमा छैठौं संशोधन पछि शिक्षकको तहको आधारमा नभई उक्त शिक्षकको सन्तति अध्ययन गर्ने तहको आधारमा मा.वि. तहमा अध्ययन गर्नेलाई रु.९००/- र नि.मा.वि. र प्रा.वि. तहमा अध्ययन गर्नेलाई रु.७००/- वार्षिक शैक्षिक भत्ता दिने व्यवस्था भएको छ ।

(ङ) स्थायी शिक्षकको बीमा गराउन सकिने र यसरी नगराएसम्म सेवामा छँदै कुनै शिक्षकको मृत्यु भएमा तहगत आधारमा मा.वि. शिक्षकको लागि तीस हजार र नि.मा.वि. तथा प्रा.वि. तहको शिक्षकको लागि बीस हजार रूपैया बीमा वापत दिने व्यवस्था भइरहेकोमा ०६४ श्रावणपछि शिक्षकहरूको लागि सावधिक जीवन बीमा कोष स्थापना भएको र हालको छैठौं संशोधनपछि उक्त कोषमा प्रत्येक शिक्षकको मासिक तलबबाट दुईसय रूपैयाँ कट्टा गरी त्यति नै रकम नेपाल सरकारले थप गरी बीमाङ्क रकम १ लाख रूपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरिएको, शिक्षक सेवा निवृत्त हुँदा बीमाङ्क रकम र बोनस समेत पाउने व्यवस्था भएको, अवधि नपुग्दै मत्यु हुने शिक्षकको हकमा रकम कट्टी गरिएको अवधिको आधारमा फिर्ता भुक्तानी पाउने व्यवस्था गरिएकोछ ।

# शिक्षा नियमावली २०५९ (आठौं संशोधन) सहित मिलाइएको रूपमा

## परिच्छेद-२०

११३. **निवृत्तभरणः-**

१. नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई कम्तीमा बीस वर्ष नोकरी गरेको शिक्षकले देहायको हिसाबले मासिक निवृत्तभरण पाउने छ :

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{५०} = \text{हुन आउने रकम}$$

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला शिक्षकको तलबको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला शिक्षकको तलबको सुरु स्केल भन्दा बढी हुने छैन ।

११४. **नोकरी अवधि गणना गरिने :** निवृत्तभरणको प्रयोजनको लागि नोकरी गणना सम्बन्धमा देहाय बमोजिम गरिनेछ :

(क) राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ लागू हुनुभन्दा अघिदेखि शिक्षण पेशामा रहेको शिक्षकको हकमा सो योजना लागू हुनुभन्दा अघि अनुमति प्राप्त विद्यालयमा स्थायी नियुक्ति भई अविछिन्न रूपमा काम गरी विद्यालय शिक्षा सेवामा प्रवेश गरेको भए राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अघिदेखि गरेको स्थायी नोकरीको अवधिसमेत गणना गरिनेछ ।

(ख) सरकारी शिक्षक पदमा स्थायी नियुक्ति लिई बीचमा नोकरी अवधि टुट्न गई विद्यालय शिक्षा सेवामा प्रवेश गरेको शिक्षकको हकमा त्यस्तो सरकारी शिक्षक पदमा रही नोकरी गरेको अवधि समेत गणना गरिनेछ ।

(ग) राष्ट्रिय शिक्षा पद्दति योजना लागू भएपछि शिक्षण पेशामा प्रवेश गर्ने शिक्षकको हकमा विद्यालयमा स्थायी नियुक्ति लिई अविछिन्न नोकरी गरेको जम्मा अवधिको गणना गरिनेछ।

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि असाधारण बिदामा बसेको वा बेतलबी बिदामा बसेको वा काज बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको अवधि नोकरी अवधिमा गणना गरिने छैन ।

(ङ) स्थायी नोकरी अवधि गणना गर्दा स्थायी सेवा अवधि बीचमा टुटेको भए सो टुटेको कटाइनेछ ।

(च) एक पटक निवृत्तभरण पाउने गरी अवकाश भएको व्यक्ति पुनः शिक्षक पदमा स्थायी नियुक्ति भएमा निजले चाहेमा अघिल्लो सेवा अवधि गणना गरिनेछ ।

**११४. क. नोकरी अवधि गणनासम्बन्धी कार्यविधि** : (१) नियम ११४ बमोजिम नोकरी अवधि गणना गराउन चाहने बहालवाला शिक्षकले सम्बत् २०६९ चैत्र मसान्तभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्ति हुने शिक्षकले नियुक्ति पाएको मितिले एक वषभित्र शिक्षक किताबखानाबाट त्यस्तो नोकरी अवधि गणना गराउनु पर्नेछ । सो अवधि पछि त्यस्तो नोकरी अवधि गणना गरिने छैन ।

(२) शिक्षक सेवाबाट उपदान पाउने गरी अवकाश पाएको कुनै शिक्षकले शिक्षा सेवामा पुनः स्थायी नियुक्ति पाई उपनियम १) बमोजिम नोकरी अवधि गणना गराउने भएमा निजले पहिले लिएको उपदान रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी अवधि गणना गरिनेछ ।

(३) उपनियम (१) बमोजिम नोकरी अवधि गणना गराउने शिक्षकले पहिलेको नोकरी अवधिमा अध्ययन बिदा, असाधारण बिदा, औषधि उपचार खर्च र बीमा रकम लिएको भए त्यसको विवरण शिक्षक किताबखानामा पेश गर्नु पर्नेछ ।

**११४.ख. नोकरी अवधि निर्धारण सिफारिस समिति** : (१) नियम ११४ को खण्ड (क) बमोजिमको अवस्थामा शिक्षकको नोकरी अवधि गणना गर्ने सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा त्यस्तो नोकरी अवधि यकीन गरी शिक्षक किताबखानालाई सिफारिस गर्न जिल्लास्तरमा देहाय बमोजिमको एक नोकरी अवधि निर्धारण सिफारिस समिति रहेनछ :-

क) जिल्ला शिक्षा अधिकारी - अध्यक्ष

ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिको बैठक लगायत अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**११५. पारिवारिक निवृत्तभरण** :

१. कुनै शिक्षकको नोकरीमा वहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा त्यस्तो मृत शिक्षकले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको एकाघरको नजिकका हकवालाले निवृत्तभरण पाउने छ । तर, त्यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय सम्म प्राप्त हुने छैन र कुनै शिक्षकको निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

२. शिक्षकको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तभरण पाउने थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपनियम (१) बमोजिम पारिवारिक

निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा त्यस्तो शिक्षकको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम पाउने छ ।

तर, यस नियम बमोजिम निवृत्तभरण पाइरहेको शिक्षकले दोहोरो निवृत्तभरण पाउने छैन ।

११६. **आजीवन पारिवारिक वृत्ति** : विद्यालयको कामको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घटनामा परी वा त्यसको कारणबाट निको नहुँदै पछि कुनै शिक्षकको मृत्यु भएमा निजको विधुर पति वा विधवा पत्नीलाई त्यस्तो शिक्षकले पाउन सक्ने न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन पारिवारिक वृत्ति स्वरूप दिइनेछ ।

११७. **निवृत्तभरणसम्बन्धी कारवाही :**

१. शिक्षकले नियुक्ति भएपछि निवृत्तभरण प्रयोजनका लागि अनुसूची-१८ बमोजिमको ढाँचामा तीनप्रति फाराम भरी आफू बहाल रहेको विद्यालयमा बुझाउनु पर्नेछ ।

२. उपनियम (१) बमोजिम फाराम नबुझाउने शिक्षक उमेरको कारणबाट अनिवार्य अवकाश पाउने भएमा त्यस्तो शिक्षकले अवकाश पाउने मितिभन्दा नौ महिना अगावै उपनियम (१) बमाजिम फाराम भरी आफू बहाल रहेको विद्यालयमा बुझाउनु पर्नेछ ।

३. उपनियम (१) वा (२) बमोजिम फाराम भर्न नपाउँदै कुनै शिक्षकको मृत्यु भएमा त्यस्तो शिक्षकले आफ्नो परिवारका सदस्यहरू मध्ये इच्छाएको व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी इच्छाएको नभएमा निवृत्तभरण पाउने निजको परिवारको सदस्यले शिक्षको मृत्यु भएको ३ महिनाभित्र सम्बन्धित विद्यालय समक्ष उपनियम (१) बमोजिम फाराम भरी विद्यालयमा दिनु पर्नेछ ।

४. यस नियम बमोजिम निवृत्तभरणको लागि फाराम भरी पठाउने व्यक्तिले कुन जिल्लामा निवृत्तभरण अधिकारपत्र वा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्राप्त गर्न चाहेको हो सो कुरा खुलाउनु पर्नेछ ।

५. उपनियम (१), (२) वा (३) बमोजिम फाराम प्राप्त भएपछि शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिको अध्यक्षले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्राप्त फाराम प्रमाणित गरी एक प्रति विद्यालयमा राखी बाँकी दुईप्रति फारामहरू सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

६. उपनियम (५) बमोजिम फाराम प्राप्त भएपछि जिल्ला शिक्षा अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्राप्त फाराम प्रमाणित गरी एकप्रति आफ्नो कार्यालयमा राखी बाँकी एक प्रति फाराम शिक्षक किताबखानामा पठाउनु पर्नेछ ।

७. उपनियम (६) बमोजिम फाराम प्राप्त भएपछि शिक्षक किताबखानाले आफूसँग रहेको अभिलेखसँग भिडाइ, जाँची उपनियम (१) वा (२) बमोजिमको फाराम भए अवकाश प्राप्त शिक्षकको नाममा अनुसूची-१९ बमोजिमको ढाँचामा निवृत्तभरण अधिकारपत्र र उपनियम (३) बमोजिमको फाराम भए मृत शिक्षकको हकवालाको नाममा अनुसूची-२० बमोजिमको ढाँचामा पारिवारिक निवृत्तभरण अधिकारपत्र प्रदान गर्नु पर्नेछ ।

८. उपनियम (७) बमोजिम अधिकारपत्र प्राप्त गर्ने व्यक्तिले सो अधिकारपत्रमा उल्लिखित कार्यालयबाट प्रत्येक महिना नियमानुसार निवृत्तभरण रकम पाउने छ ।

११८. **निवृत्त शिक्षकको निवृत्तभरणमा वृद्धि** : बहालवाला शिक्षकको तलब वृद्धि हुँदा तलब स्कलको शुरु अङ्कमा जति वृद्धि भएको छ सोही रकमको दुईतिहाइको दरले सम्बन्धित तहभित्रको श्रेणीका सेवा निवृत्त शिक्षकको निवृत्तभरण रकम वृद्धि हुनेछ ।

११९. **उपदान** :

१. पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेको, तर निवृत्तभरण पाउने अवधि नपुगेका स्थायी शिक्षकले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई विद्यालय शिक्षा सेवाबाट अलग भएमा वा भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा देहायको दरले उपदान पाउने छ :

क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब ।

ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब ।

ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष पूरा नभएसम्म नोकरी गरेको शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

२. कुनै शिक्षकको उपदान नलिई मृत्यु भएमा त्यस्तो शिक्षकको आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्ति र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई इच्छाएको नभएमा एकाघरको नजिकको हकवालाले सो उपदान पाउने छ ।

१२०. **निवृत्तभरण वा उपदान नपाउने अवस्था** :

१. देहायका अवस्थामा शिक्षकले निवृत्तभरण वा उपदान पाउने छैन :

क) अस्थायी पदमा नियुक्ति भएमा ।

ख) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा ।

ग) विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षा सम्बन्धी योग्यता, तीनपुस्ते, उमेर, नाम, थर, वतन वा नागरिकता ढाँटेको प्रमाणित भएमा ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर प्रमाणित हुनु अगावै खाइपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन ।

१२१. **बरबुझारथ नगरेमा निवृत्तभरण वा उपदान रोक्का गरिने** : कुनै शिक्षकले यस नियमावली बमोजिम बरबुझारथ नगरेमा निजले पाउने निवृत्तभरण वा उपदान रोक्का गरिनेछ ।

१२१.क. **निवृत्तभरण र तलब दुबै एकै साथ नपाउने** : यस नियमावली बमोजिम निवृत्तभरण पाउने गरी अवकाश पाएको कुनै व्यक्ति सामुदायिक विद्यालयको शिक्षक पदमा पुनः स्थायी नियुक्त भएमा त्यसरी नियुक्ती भई कार्यरत अवधिभर निजले निवृत्तभरण पाउने छैन ।

१२२. **उपचार खर्च** :

१. स्थायी शिक्षकलाई सेवा अवधि भरमा निजले खाइपाई आएको तलबको हिसाबले हुने गरी देहाय बमोजिम उपचार खर्च दिइनेछ :

क) माध्यमिक विद्यालयको शिक्षकलाई बाह्र महिना बराबरको तलब रकम,

ख) निम्नमाध्यमिक विद्यालयको शिक्षकलाई अठार महिना बराबरको तलब रकम,

ग) प्राथमिक विद्यालयको शिक्षकलाई एक्काइस महिना बराबरको तलब रकम,

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तहको शिक्षक सरह शुरु तलब स्केल भएको प्राथमिक तथा निम्नमाध्यमिक तहको शिक्षकले माध्यमिक शिक्षक सरह र निम्नमाध्यमिक तहको शिक्षक सरह शुरु स्केल भएको प्राथमिक तहको शिक्षकले माध्यमिक शिक्षक सरह उपचार खर्च पाउनेछ ।

३. कुनै शिक्षक वा निजको परिवारको सदस्य बिरामी भएमा उपनियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहायबमोजिम भएको उपचार खर्च प्रदान गरिनेछ :

क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकसँग जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखि दिएको प्रेप्क्रीप्सनअनुसार औषधि किनेको खर्च,

ख) स्वस्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिको खर्च,

ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको उपचारको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च ।

४. बीस वर्षभन्दा कम सेवा अवधि पुगेको शिक्षकलाई औषधि उपचारका लागि निकासा दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा निजले गरेको सेवा अवधिको हिसाब गरी यस नियम बमोजिम उपचार खर्च दिइनेछ ।

५. भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट शिक्षक सेवाबाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधि भरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार लिन बाँकी रहेको शिक्षकले त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउने छ ।

तर, निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको शिक्षकले उपचार खर्च वापत लिन बाँकी रकममा बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको शिक्षकले क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउने छ ।

६. यस नियम बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक शिक्षकलाई एक आर्थिक वर्षमा एकै पटकमा वा पटकपटक गरी औषधि उपचार खर्चको रकम दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको एक वर्षको दामासाहीले हुने रकम मात्र उपचार खर्च दिन सकिन्छ ।

७. यस नियमबमोजिम शिक्षकले पाउने उपचार खर्चको अभिलेख जिल्ला शिक्षा कार्यालयले राखी त्यसको विवरण सम्बन्धित विद्यालय, शिक्षक किताबखाना र निर्देशनालयमा अभिलेख राख्न पठाउनु पर्नेछ ।

८. झुठा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने शिक्षक उपर विभागीय कारबाही हुनेछ ।

**१२३. बेपत्ता भएको शिक्षकको निवृत्तभरण र उपदान :**

१. कुनै शिक्षक हराई बेपत्ता भई दुई वर्षसम्म मरे बाँचेको पत्ता नलागेमा त्यस्तो शिक्षकले पाउने उपदान वा निवृत्तभरणको रकम निजले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिलाई वा इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको एकाघरको नजिकको हकवालालाई दिइनेछ ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निवृत्तभरण लिन पाउने व्यक्ति निवृत्तभरण लिन नपाउँदै बेपत्ता भएमा सात वर्षसम्म र निवृत्तभरण पाउन थालेपछि बेपत्ता भएमा सात वर्ष पुग्न बाँकी अवधिसम्म निजले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्ता व्यक्तिलाई वा इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई पनि इच्छाएको नभएमा निजको एकाघरको नजिकको हकवालालाई निवृत्तभरणको आधा रकम र सो अवधिपछि पति वा पत्नीलाई आजीवन निवृत्तभरणको आधा रकम पारिवारिक निवृत्तभरण दिइनेछ ।

तर त्यसरी उपदान वा निवृत्तभरण दिँदा सम्बन्धित व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा अधिकारीको सिफारिसको आधारमा दिइनेछ ।

**१२४. शैक्षिक भत्ता तथा सन्तति वृत्ति :**

१. नियम ११६ मा लेखिएको कारणबाट कुनै शिक्षक मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो शिक्षकको दुइजनासम्म सन्ततिलाई अठार वर्षको उमेर नपुगुन्जेलसम्म देहायका दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ :

क) माध्यमिक तहमा अध्ययन गर्ने शिक्षकको प्रत्येक सन्ततिलाई ९००/- रूपैया,

ख) नि.मा.वि.र प्रा.वि. तहमा अध्ययन गर्ने शिक्षकको प्रत्येक सन्ततिलाई ७००/- रूपैया

२. नियम ११६ मा लेखिएको कारणबाट मृत्यु भएको शिक्षकको दुइजनासम्म सन्ततिलाई १८ वर्ष नपुगुन्जेल उपनियम (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त देहायका दरले मासिक सन्तति वृत्तिसमेत दिइनेछ ।

| शिक्षक | शुरु तलबको प्रतिशत |
|---|---|
| क) माध्यमिक तहको प्रथम श्रेणी | ८ |
| ख) माध्यमिक तहको द्वितीय र तृतीय श्रेणी | १० |
| ग) अन्य | १२ |

**१२५. वृत्ति सिफारिस समिति :**

१. विद्यालयको कामको सिलसिलामा कुनै शिक्षकको मृत्यु भएमा निजको परिवार वा सन्ततिले पाउने वृत्ति सम्बन्धमा सिफारिस गर्न सम्बन्धित जिल्लामा देहायका सदस्यहरू रहेको वृत्ति सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक | - सदस्य |
| घ) जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख | - सदस्य |
| घ१) प्रतिनिधि, जिल्ला शिक्षक युनियन | - सदस्य |
| ङ) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख | - सदस्य सचिव |

२) उपनियम (१) बमोजिमको समितिले कुनै शिक्षकको मृत्यु विद्यालयको कामको सिलसिलामा भए नभएको सम्बन्धमा ठहर गरी त्यस्तो शिक्षकको परिवार वा सन्ततिलाई दिइने वृत्ति रकमको सम्बन्धमा सिफारिस गर्नेछ ।

**१२६. विद्यालय शिक्षक किताबखाना :**

१. शिक्षकलाई प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, बीमा, औषधोपचार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न मन्त्रालय अन्तर्गत एक विद्यालय शिक्षक किताबखाना रहनेछ ।

२. शिक्षक किताबखानाको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

क) शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने,

ख) शिक्षकको निवृत्तभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,

ग) शिक्षकको निवृत्तभरण, उपदान, औषधोपचार र बीमाका लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूबाट विवरण माग गर्ने,

घ) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई छ महिना अगावै जानकारी गराउने,

ङ) शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने गराउने,

च) निवृत्तभरण कोषको सञ्चालन गर्ने,

छ) निवृत्तभरण, उपदान, बीमा, औषधोपचार लगायत अन्य रकमको निकासा दिने,

ज) निवृत्तभरण र उपदान सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने,

झ) शिक्षकको सेवा अवधि गणनासम्बन्धी काम गर्ने,

ञ) मन्त्रालयले दिएको निर्देशनहरूको पालना गर्ने ।

३. शिक्षक किताबखानाको काम, कर्तब्य र अधिकार मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

**१२७. बीमा सुविधासम्बन्धी व्यवस्था :**

१. शिक्षकको बीमा वापत नेपाल सरकारले एउटा सावधिक बीमा कोष स्थापना गर्नेछ ।

२. प्रत्येक शिक्षकको मासिक तलबबाट दुईसय रूपैयाँ कट्टा गरी उपनियम (१) बमोजिमको कोषमा जम्मा गरिनेछ र त्यति नै रकम नेपाल सरकारले थप गरी बीमाङ्क रकम एकलाख रूपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरी दिनेछ ।

३. उपनियम (२) बमोजिमको बीमा कोषमा जम्मा भएको रकम मध्येबाट सो शिक्षक सेवा निवृत्त हुँदा निजलाई बीमाङ्क रकम र बोनस भुक्तानी दिइनेछ ।

४. उपनियम (२) बमोजिम रकम कट्टा गर्न शुरु गरेको बीस वर्ष अवधि नपुगी कुनै शिक्षकको मुत्यु भएमा निजको परिवारले एक लाख रूपैयाँ पाउने छ र कुनै शिक्षक सेवाबाट अनिवार्य अवकाश भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछ :

क) एक वर्षभन्दा कम अवधिको रकम कट्टि गरिएको दशहजार रूपैयाँ,

ख) एक वर्षदेखि पाँच वर्षसम्म रकम कट्टि गरिएको भएमा पच्चीस हजार रूपैयाँ,

ग) पाँच वर्षदेखि दश वर्षसम्म रकम कट्टि गरिएको भएमा पचास हजार रूपैया,

घ) दश वर्षदेखि पन्ध्र वर्षसम्म रकम कट्टि गरिएको भएमा पचहत्तर हजार रूपैया,

ङ) बीस वर्षसम्म रकम कट्टि गरिएको भएमा एक लाख रूपैयाँ ।

तर, निजले जम्मा गरेको रकम र सोको व्याज, लाभांश रकम उल्लिखित रकमभन्दा बढी हुन आएमा सोही बराबरको रकम सो कोषबाट प्रदान गरिनेछ ।

५) कुनै शिक्षकले उपनियम (२) बमोजिम रकम जम्मा गर्न शुरु गरेको बीस वर्ष नपुगी अनिवार्य अवकाश भएको अवस्थामा बाहेक अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो शिक्षकलाई समर्पण मूल्य बराबरको रकम उपलब्ध गराइनेछ ।

६) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने शिक्षकले सावधिक जीवन बीमा वापत जम्मा गरेको रकम बीस वर्ष वा सोभन्दा कम अवधिमा परिपक्क हुनेगरी निरन्तरता दिन सक्नेछ । तर, सो वापत नेपाल सरकारले कुनै रकम व्यहोर्ने छैन ।

**१२७.क. परामर्श समिति रहने :**

१. शिक्षकहरूलाई दिईने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, बीमा वा औषधि उपचार सम्बन्धमा देखिएका समस्या समाधान गर्ने सम्बन्धमा शिक्षक किताबखानालाई आवश्यक सहयोग गर्नको लागि देहायका सदस्यहरू रहेको एक परामर्श समिति रहेनछ :

क) मन्त्रालयले तोकेको सो मन्त्रालयको सहसचिव, - अध्यक्ष

ख) कार्यालय प्रमुख, कौषी तोषाखाना - सदस्य

ग) प्रतिनिधि, (बजेट तथा कार्यक्रम शाखा) अर्थ मन्त्रालय - सदस्य

घ) उपसचिव, (विद्यालय शिक्षा शाखा) मन्त्रालय, - सदस्य

ङ) उपसचिव, (ऐन नियम परामर्श शाखा) मन्त्रालय, - सदस्य

च) प्रतिनिधि, निजामती किताबखाना, - सदस्य

छ) कार्यालय प्रमुख, राष्ट्रिय किताबखाना (शिक्षक) - सदस्य

२. परामर्श समितिको सचिवालयको काम शिक्षक किताबखानाले गर्नेछ ।

३. परामर्श समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. परामर्श समितिका सदस्यले सो समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिमको बैठक भत्ता पाउन सक्नेछ ।

१२८. **उपदान वा निवृत्तभरणसम्बन्धी विशेष व्यवस्था :**

१. यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मिति पछि नयाँ नियुक्त हुने शिक्षकले यस परिच्छेद बमोजिम उपदान वा निवृत्तभरण पाउने छैन । त्यस्तो शिक्षकलाई उपदान वा निवृत्तभरण दिने प्रयोजनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक निवृत्तभरण कोष स्थापना गर्नेछ ।

२. उपनियम (१) बमोजिम स्थापना भएको कोषमा जम्मा हुने गरी विद्यालयको त्यस्तो शिक्षकले आफूले पाउने मासिक तलबबाट सोही सूचनामा तोकिएको रकम कट्टा गर्नुपर्नेछ।

३. उपनियम (१) बमोजिम नियुक्त हुने कुनै शिक्षक निवृत्तभरण पाउने अवधि नपुग्दै सेवाबाट हटेमा निजको नाममा उपनियम (२) बमोजिम कट्टा गरिएको रकम निजले लिन पाउने छ ।

तर, सेवाबाट बर्खास्त गरिएकोमा नेपाल सरकारबाट निजको नाममा रकम कट्टा गरिएको भए निजले लिन पाउने छैन ।

१२९. **यस परिच्छेदको व्यवस्था लागू नहुने** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट व्यहोर्ने गरी सामुदायिक विद्यालयले नियुक्त गरेको शिक्षकहरूको सम्बन्धमा यो परिच्छेदको व्यवस्था लागू हुने छैन । त्यस्ता शिक्षकले यस परिच्छेद बमोजिमको सुविधा सम्बन्धित व्यवस्थापन समितिले तोके बमोजिम विद्यालयबाट पाउने छ ।

## शिक्षकहरूको सेवा शर्तका वारेमा शिक्षा नियमावलीमा भएका अन्य धारणाहरू

### परिच्छेद-१८

### तलब भत्ता तथा अन्य सुविधा

१००. **तलब भत्ताः**

१. शिक्षकले आफ्नो पदमा बहाल रहेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिम तलब र भत्ता पाउने छ ।

२. यस नियमावली बमोजिम निलम्बन भएकोमा बाहेक स्थायी शिक्षकले एक शैक्षिक सत्र पूरा गरेपछि नेपाल सरकारले तोके बमोजिमको एक तलब वृद्धि पाउने छ ।

**१०१. पकाएको तलब भत्ता पाउने :**

१) शिक्षकले प्रत्येक महिना भुक्तानी गरेपछि तलब र भत्ता पाउने भए सो समेत पाउने छ।

२) शिक्षकले पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट सेवामा नरहे पनि पाउने छ।

**१०२. बढुवा हुने शिक्षकको तलबमानसम्बन्धी व्यवस्था :** माथिल्लो तलबमानको कुनै श्रेणीमा बढुवा पाउने शिक्षकले सो तलबमानको शुरु तलब पाउने छ। तर निजले हाल पाइरहेको तलब माथिल्लो श्रेणीको तलबमानको न्यूनतम तलब बराबर वा सोभन्दा बढी भएमा माथिल्लो तलबमानमा निजको तलब तोक्दा देहाय बमोजिम गरी तोकिनेछ :

क) निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको शुरु तलब बराबर भएमा सो तलबमा एक तलब वृद्धि थप गरिनेछ।

ख) साविक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको शुरु तलबभन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब वृद्धि गरी माथिल्लो श्रेणीको एक तलब वृद्धि समेत दिइनेछ।

**१०३. सञ्चय कोष :**

(१) विद्यालयको स्थायी शिक्षकको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम कट्टा गरिएको रकममा शत प्रतिशत रकम नेपाल सरकारले थप गर्नेछ।

**१०४. चाडपर्व खर्च पाउने :** (१) शिक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ।

**३९. बढुवासम्बन्धी विशेष व्यवस्था : (शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३९)**

१. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि तहको श्रेणीको शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृत्तभरण पाउने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महिना अगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिस गर्नेछ।

२. उपनियम (१) बमोजिम अवकाश पाउने शिक्षकले आफूले अवकाश पाउने मितिभन्दा ६ महिना अगावै आवश्यक कागजात संलग्न गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ।

२.क. उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात छानविन गर्दा निवेदन दिने शिक्षकलाई बढुवा गर्न उपयुक्त देखिएमा आयोगले त्यस्तो शिक्षकलाई

उपनियम १) बमोजिम बढुवा गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

२.ख. उपनियम (२क) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात छानविन गर्दा निवेदन दिने शिक्षकलाई बढुवा गर्न उपयुक्त देखिएमा आयोगले त्यस्तो शिक्षकलाई उपनियम (१) बमोजिम बढुवा गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।

२.ग. उपनियम (२ख) बमोजिम आयोगबाट सिफारिस भई आएमा जिल्ला शिक्षा अधिकारीले निवेदन दिने शिक्षकलाई अवकाश हुनुभन्दा एक महिना अघि सोही तहको एकतह माथिको श्रेणीमा बढुवा गर्नु पर्नेछ ।

३. उपनियम (१) बमोजिम बढुवा गर्दा स्वतः विशेष पद सिर्जना भएको मानिनेछ र त्यस्तो शिक्षकले सेवाबाट अवकाश पाएपछि सो बढुवा भएको पद स्वतः खारेज भई साविक पद कायम रहनेछ ।

४. यस नियम बमोजिम बढुवा हुने कुनै शिक्षकले निवेदन नदिएको भए तापनि त्यस्तो शिक्षकसँग सम्बन्धित कागजातको आधारमा आयोगले बढुवाका लागि सिफारिस गरेको शिक्षकलाई शिक्षक किताबखानाले एक श्रेणी माथिको तलब रकमबाट हिसाब गरी निवृत्तभरण निर्धारण गर्नुपर्ने छ ।

**शिक्षा ऐन, २०२८ (संशोधन समेत) को दफा ११ च. को उपदफा (९) मा अस्थायी शिक्षकको सम्बन्धमा भएको व्यवस्था**

सम्वत् २०७३ साल असार पन्ध्र गतेसम्म अविच्छिन्न रूपमा कार्यरत रहेका अस्थायी शिक्षकले स्थायी पदको लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दरखास्त दिए पनि स्थायी पदमा आयोगबाट नियुक्तिको लागि सिफारिस हुन नसकेमा त्यस्ता शिक्षकलाई उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भएको विज्ञापनमा उम्मेदवार हुन दरखास्त दिने अन्तिम मितिसम्मको अवधिलाई गणना गरी अधिकतम सेवा अवधि बीस वर्ष मानी निजलाई देहाय बमोजिमको सुविधा दिइनेछ :

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको शिक्षकलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको शिक्षकलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेको शिक्षकलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब बराबरको रकम ।

# निवृत्त शिक्षकको निवृत्तभरण सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदान गर्ने सेवाको कार्यविधि

निवृत्त शिक्षकको राष्ट्रिय किताबखाना (शिक्षक) बाट अवकाश पश्चात निवृत्तभरण अधिकारपत्र तयार भई सकेपछि देहायको निवृत्तभरणसम्बन्धी सेवा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले वितरण गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

**क. निवृत्तभरण अधिकारपत्रको प्रतिलिपि जारी गर्नुपरेमा :**

राष्ट्रिय किताबखाना (शिक्षक) बाट एकपटक जारी भइसकेको अधिकारपत्रको पाना सिद्धिई वा अधिकारपत्र हराई प्रतिलिपि दिनु परेमा फा.नं. १ बमोजिम निवेदन लिई देहाय बमोजिम गर्नु पर्दछ :

(१) **पाना सिद्धिई नयाँ अधिकारपत्र बनाउनु परेमा :–**

राष्ट्रिय किताबखाना (शिक्षक) बाट एकपटक जारी भइसकेको अधिकारपत्रको पाना सिद्धिई अर्को अधिकारपत्र बनाउनु परेमा निवृत्तभरण भुक्तानी गर्न तोकिएको बैंक रहेको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले राष्ट्रिय किताबखाना (शिक्षक) बाट जारी भएको पुरानो निवृत्तभरण अधिकारपत्र खिची अधिकारपत्रको शुरू रकममा नियमानुसार वृद्धि रकम जोड्दा हुन आउने रकम मिल्ने नमिल्ने जाँच गरी घटीबढी भएमा हिसावमिलान गरी सो मितिदेखि पाउने मासिक रकम तोकी नयाँ अधिकारपत्र जारी गर्ने,

(२) **हराएमा वा नासिएमा प्रतिलिपि जारी गर्ने सम्बन्धमा :–**

- राष्ट्रिय किताबखाना (शिक्षक) बाट जारी भएको निवृत्तभरण अधिकारपत्र हराएमा वा अन्य कुनै कारणले नासिन गएमा भुक्तानी गर्न तोकिएको बैंक रहेको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले राष्ट्रिय किताबखाना (शिक्षक) बाट शुरूमा जारी भएको अधिकारपत्रको प्रतिलिपि फारामको आधारमा नयाँ अधिकारपत्र जारी गर्ने,
- निवृत्तभरण अधिकारपत्रको प्रतिलिपि नभएमा राष्ट्रिय किताबखाना (शिक्षक) बाट वा निवृत्तभरण व्यवस्थापन कार्यालयबाट प्रतिलिपि लिई सोको आधारमा नयाँ अधिकारपत्र तयार गर्ने,

- नयाँ अधिकारपत्र तयार गर्दा निवृत्तभरण व्यवस्थापन कार्यालयको प्रणालीबाट उक्त अधिकारपत्र नम्बर वाहकले कुन मितिसम्म कति रूपैयाँ भुक्तानी लिएको छ भन्ने यकीन गरी जिल्ला प्रशासन वा जिल्ला प्रहरी कार्यालयबाट अधिकारपत्र हराई वा नासिइ गएको सिफारिस पत्र पनि लिने,
- नयाँ अधिकारपत्र बनाए वापत नियमानुसार प्रतिलिपि दस्तुर वापतको राजस्व रु २०० दाखिला गर्न लगाउने ।

**ख. पारिवारिक निवृत्तभरण अधिकारपत्र तयार गर्ने :-**

कुनै शिक्षकको सेवामा छँदै मृत्य भएमा मृत्यु भएको मितिदेखि र सेवानिवृत्त भई राष्ट्रिय किताबखाना (शिक्षक) बाट निवृत्तभरण अधिकारपत्र लिइसकेपछि ७ (सात) वर्ष अवधि नपुग्दै अधिकारपत्र वाहकको मृत्य भएमा मृत्यु भएको मितिदेखि आफ्नु परिवारको सदस्य मध्ये कसैलाई इच्छाइएको भएमा त्यस्ता व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई पनि इच्छाइएको नभएमा निजको एकाघरको नजिकको हकवालाले सात वर्ष नपुग अवधिसम्म पूरै निवृत्तभरण पाउने र त्यसपछि निजको पति/पत्नीले आजीवन निज मृतकले खाईपाई आएको निवृत्तभरण रकमको आधा रकम पाउने व्यवस्था शिक्षा नियमावलीको नियम ११५ मा छ । यस प्रयोजनको लागि आधा रकम गणना गर्दा अधिकार पत्रवाहकको उमेर ७५ र ८५ वर्ष पूरा भएपछि प्रदान गरिएको क्रमशः १० प्रतिशत र २० प्रतिशत औषधि उपचार सहयोग स्वरूप वृद्धि भएको रकम दिइएको रहेछ भने सो रकम कट्टा गरिसकेपछि मात्र बाँकी हुन आउने रकमको आधा रकम कायम गरी पारिवारिक निवृत्तभरण जारी गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउने,

(१) पारिवारिक निवृत्तभरणका लागि पारिवारिक निवृत्तभरण भुक्तानी गर्न तोकिएको बैंक रहेको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फारम नं. २ बमोजिम निवेदन दिएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले शिक्षकको मृत्यु पश्चात् मृत्युदर्ता प्रमाणपत्र, स्थानीय तहबाट गरिएको नाता प्रमाणित पत्रको प्रतिलिपि, इच्छाइएको व्यक्ति वा पति/पत्नीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सक्कल निवृत्तभरण अधिकारपत्र समेतका संलग्न कागजातहरूको आधारमा निवृत्तभरण पाउने व्यक्तिको फोटोसहितको विवरण र कुन मितिदेखि के कति दरले निवृत्तभरण पाउने हो सो कुरा उल्लेख गरी अधिकार प्राप्त अधिकृतले प्रमाणित गरी भुक्तानीको लागि सम्बन्धित बैंकलाई आदेश दिने,

(२) सेवानिवृत्त शिक्षकको निवृत्तभरण अधिकारपत्र लिएपछि ७ (सात) वर्ष अवधि नपुग्दै मृत्यु भएमा ७ (सात) वर्ष पुग्न बाँकी नपुग अवधिसम्मको लागि सम्बन्धित निवृत्तभरण अधिकारपत्र प्राप्त व्यक्तिले खाईपाई आएको रकम (वृद्धि समेत) जोडी निजले आफ्नु परिवारको सदस्य मध्ये कसैलाई इच्छाइएको भएमा त्यस्ता व्यक्तिले र इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा

वा कसैलाई पनि इच्छ्याइएको नभएमा निजको एकाघरको नजिकको हकवालाले पूरै रकम पाउनेछन् र सो वर्ष अवधि भुक्तान भएपछि नियमानुसार पति/पत्नीले मात्र त्यसको आधा रकम आजीवन पाउन सक्ने व्यवस्था अनुरुप परिवार कायम गर्दा निवृत्तभरण अधिकारपत्रमा कसैलाई इच्छ्याएको भएमा सोही व्यक्तिलाई र कसैलाई इच्छ्याएको नभएमा वा इच्छ्याइएको व्यक्तिको मृत्यु भएमा नजिकको हकवाल एकिन गरी (क्रम अनुसार) निवृत्तभरण उपलब्ध गराउनु पर्नेछ ।

(३) एक भन्दा बढी श्रीमती भएको शिक्षकको सेवामा हुँदै वा निवृत्तभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा र कसैलाई इच्छ्याएको नभएमा निजले पाउने निवृत्तभरण निजको पत्नीहरूलाई बराबर हुने गरी छुट्टा छुट्टै पारिवारिक निवृत्तभरण अधिकारपत्र दिने,

**ग. नाम, थर संशोधन सम्बन्धमा :-**

नाम, थर, ठेगाना फरक परेकोमा स्थानीय तहको सर्जमिन सहितको सिफारिस र सामान्य फरक परेकोमा स्थानीय तहको सिफारिसको आधारमा निवेदन प्राप्त भईसकेपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले संशोधन गर्ने,

**घ. निवृत्तभरण रकम संशोधन सम्बन्धमा :-**

अवकास मितिमा गणना भएको निवृत्तभरण अंकको संशोधन गर्नुपरेमा राष्ट्रिय किताबखाना (शिक्षक)सँग सोधनी गरी राष्ट्रिय किताबखाना (शिक्षक) बाट भएको निर्णय निकासा बमोजिम कायम गर्ने, तर निवृत्तभरण वृद्धि रकम संशोधन सम्बन्धमा नियमानुसार वृद्धि रकम ठीक भए नभएको जाँची निर्धारण गरी सोको जानकारी राष्ट्रिय किताबखाना (शिक्षक) र निवृत्तभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्ने,

**ङ. भुक्तानी नलिएको निवृत्तभरण रकम भुक्तानी सम्बन्धमा :-**

निवृत्तभरण अधिकारपत्र वाहक वा पारिवारिक निवृत्तभरण अधिकारपत्र वाहकको मृत्यु भई निजले भुक्तानी लिन बाँकी रहेको निवृत्तभरण रकम नियमानुसार निजको पारिवारिक निवृत्तभरण वाहक वा हकवालालाई निजको मृत्यु भएको मितिभन्दा अघिल्लो दिनको अवधिको रकम गणना गरी बैंक भुक्तानी आदेश दिने,

**च. औषधि उपचार सहयोग स्वरूप रकम वृद्धि सम्बन्धमा :-**

(१) सेवानिवृत्त निवृत्तभरण अधिकारपत्र वाहक वा पारिवारिक निवृत्तभरण अधिकारपत्र वाहक ७५ वर्ष उमेर पुगेपछि १० प्रतिशत र ८५ वर्ष उमेर पुगेपछि १० प्रतिशत थप निवृत्तभरण फाराम नं. ३ बमोजिमको मागका आधारमा भुक्तानी दिने,

(२) उमेरको गणना गर्दा निवृत्तभरण अधिकारपत्रमा उमेर स्पष्ट उल्लेख भएकोमा अवकास भएको

मितिबाट उक्त उमेर घटाई कायम गर्ने र उमेर नखुलेकोमा राष्ट्रिय किताबखाना (शिक्षक) को अभिलेखबाट निवृत्तभरण अधिकार पत्रमा प्रमाणित भए अनुसार गर्ने,

(३) पारिवारिक निवृत्तभरणको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रमा जन्ममिति उल्लेख भएकोमा सोही मितिबाट र वर्ष उल्लेख भएकोमा जारी भएको मितिबाट वर्ष घटाउँदा कायम हुन आउने उमेर गणना गर्ने ।

**छ. अधिकारपत्र नं. कायम गर्ने सम्बन्धमा :-**

(१) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट राष्ट्रिय किताबखाना (शिक्षक) बाटै हाल जारी भएको निवृत्तभरण अधिकारपत्रको पाना नं. ७ मा पारिवारिक निवृत्तभरण विवरण भरी निवृत्तभरण प्राप्त गर्नेको फोटो टाँस गरी लेखात्मक र रेखात्मक हस्ताक्षर समेत गराई पारिवारिक निवृत्तभरण पुरानो अधिकारपत्रमा उल्लिखित अधिकारपत्र नम्बर कायम गरी अधिकारपत्र जारी गर्ने,

(२) मृतक शिक्षकको एक भन्दा बढी व्यक्तिलाई निवृत्तभरण अधिकारपत्र जारी गर्नुपर्ने भएमा निवृत्तभरण अधिकारपत्रको शुरू नं. एउटै कायम गरी सो नं. पछि कोष्ठ भित्र क्रमशः एक, दुई, नं. दिई जारी गर्ने,

**ज. अधिकारपत्र तयार गरिदिने निकाय र पदाधिकारी :-**

राष्ट्रिय किताबखाना (शिक्षक) बाट एक पटक जारी भएको निवृत्तभरण अधिकारपत्रवालाको मृत्यु भैसकेपछि निजको इच्छाइएको वा हकवाला व्यक्तिलाई पारिवारिक निवृत्तभरण अधिकारपत्र बनाई दिने कार्य जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले गर्ने, उक्त कार्यालयका प्रमुख वा निजको अनुपस्थितिमा सो काम सम्हाल्ने अधिकार प्राप्त कर्मचारीले पारिवारिक निवृत्तभरण अधिकारपत्रमा हस्ताक्षर गरी सरोकारवालालाई उपलब्ध गराउने ।

**झ. द्विविधा उत्पन्नको अवस्थामा :-**

शिक्षा ऐन र शिक्षा नियमावलीमा किटानीकासाथ उल्लेख भएका विषय बाहेक अन्य कुरामा कुनै द्विविधा उत्पन्न हुन गएमा निजामतीको प्रचलित अभ्यास अनुरुप गर्ने, गराउने ।

# राष्ट्रिय किताबखाना (शिक्षक) को कार्यसँग सम्बन्धित विभिन्न निकायका नीतिगत परिपत्रहरू

१. **बसाइसराइको कारणले भएको स्थायी ठेगाना परिवर्तन सम्बन्धी शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०५७/११/११ को प्राप्त पत्र**

क) "निजामती सेवामा कार्यरत कर्मचारीहरू, नेपाल प्रहरी, शाही नपाली सेना, शिक्षक आदि कर्मचारीहरूले सेवा प्रवेश गर्दा सिटरोलमा भरेका स्थायी ठेगानालाई कृत्रिम रूपले परिवर्तन गरी नयाँ स्थायी ठेगाना कायम गराई बसाइसराइको अभिलेख जनाई स्थानीय भत्ता खाने परम्परा बढिरहेको हुँदा हालको बसाइसराइको अभिलेख जनाउने व्यवस्थालाई नियन्त्रण गर्न स्थानीय भत्ताको प्रयोजनको लागि बसाइसराइको सम्बन्धमा निम्न प्रक्रियाहरू अपनाई स्थानीय भत्ताको व्यवस्थाको कार्यान्वयनको लागि श्री ५ को सरकार (सचिवस्तरीय) को मिति २०५७/१०/१७ को निर्णयानुसार सबै मातहत निकायका कार्यालयलाई जानकारी दिनुहुन अनुरोध गरिन्छ ।" भनी सामान्य प्रशासन मन्त्रालय, क.प्र. शाखाको च.नं. ७५६ मिति २०५७/११/०१ को पत्रबाट लेखी आएकोले उपरोक्त बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

बसाइसराइको लागि निम्न प्रक्रियाहरू अपनाउनेः-

१. बसाइ सर्दा परिवार सहित सरेको छ वा छैन ? एक्लै सरेको घटनालाई बसाइसराइको रूपमा मान्यता नदिने ।

२. बसाइसराइ गरेर गएको क्षेत्रमा खरिद गरेको अचल सम्पत्तिको प्रमाण (घरजग्गा खरिद गरेको भए सोको प्रमाण) माग्ने ।

३. बसाइसराइको लागि दुबैतर्फको पंजिकाधिकारीको कार्यालयबाट प्राप्त पत्र र सम्बन्धित कार्यालय समेतको सिफारिस समेतलाई आधार मानी बसाई सरेको प्रमाणित गर्ने ।

४. बुँदा ३ को सन्दर्भमा राजपत्रांकित भन्दा तल्लो तहको कार्यालय प्रमुख भएको कार्यालयको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय समेतको सिफारिस माग गर्ने ।

५. यसरी बसाइसराइको सुविधा नोकरी अवधि भरमा (एक) १ पटक मात्र गर्ने सुविधा उपलब्ध गराउने ।

६. बसाइ सरेर गएकै जिल्लामा सम्भव भएसम्म पायक देखिएकोले सोही जिल्लामा सरुवा गर्ने (राजपत्र अनंकितको हकमा) ।

७. बसाइ सरेर गएको घटनालाई सिटरोल (अभिलेख) मा उल्लेख गर्ने र सोको जानकारी सम्बन्धित कार्यालयको साथै मन्त्रालय एवम् विभागलाई समेत उपलब्ध गराउने ।

ख) उक्त पत्र समेतको आधारमा कारवाही भई शिक्षा तथा खेलकुद मन्त्रालयको पुनः २०५७/१२/२२ को निर्णयानुसार शिक्षकको बसाइसराइको कारणले ठेगाना परिवर्तन गर्नु पर्दा अपनाउनु पर्ने प्रक्रियाका सम्बन्धमा विद्यालय शिक्षक किताबखानाको च.नं. २२९ मिति २०५८/०१/१७ को परिपत्र :- शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०५७/१२/२२ को निर्णयानुसार विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरूको बसाइसराइको कारणले शिक्षा नियमावली, २०४९ को नियम ७८(१) तथा नियम १४३ सँग सम्बन्धित अनुसूची ७ मा उल्लिखित र यस किताबखानाको अभिलेखमा रहेको स्थायी ठेगाना परिवर्तन गर्ने सम्बन्धमा निम्न प्रक्रिया अपनाई गर्न लेखी आएकोले सोहीअनुसार गर्नगराउनु हुन अनुरोध गरिन्छ ।

**बसाइसराइको लागि अपनाउनु पर्ने प्रक्रियाहरू :-**

१. बसाइ सर्दा परिवार सहित रहेको छ वा छैन ? एक्लै सरेको घटनालाई बसाइसराइको रूपमा मान्यता नदिने ।

२. बसाइसराइ गरेर गएको क्षेत्रमा खरिद गरेको अचल सम्पत्तिको प्रमाण (घरजग्गा खरिद गरेको भए सोको प्रमाण माग्ने ।

३. बसाइसराइको लागि दुबैतर्फको पंजिकाधिकारीको कार्यालयबाट प्राप्त बसाइसराइ दर्ता प्रमाणपत्र र सम्बन्धित विद्यालयको सिफारिस समेतलाई आधार मानी सिटरोलमा ठेगाना परिवर्तन गर्ने ।

४. सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सम्बन्धित जिल्ला शिक्षा कार्यालय समेतको सिफारिस माग गर्ने ।

५. यसरी बसाइसराइ शिक्षण अवधि भरमा एक (१) पटक मात्र गर्ने सुविधा उपलब्ध गराउने ।

ग) बसाइसराइ सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०६२/०९/१८ को निर्णयानुसार भएको थप व्यवस्था :- शिक्षकहरूको स्थायी ठेगाना परिवर्तनको लागि हालसम्म शिक्षा तथा खेलकुद मन्त्रालयको परिपत्र अनुसार सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समेत सिफारिसलाई आधार मान्ने गरिएकोमा अधिकांश जिल्ला प्रशासन कार्यालयहरूबाट

कानूनी आधारमा बसाइसराइको सिफारिस गर्न कठिनाइ भएको भनी टेलिफोन तथा पत्रबाट समेत सोधनी भइरहेकोले सोको सट्टा बसाइ सरी गएको जिल्लाको मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण पेश हुन आएमा बसाइसराइ भई ठेगाना परिवर्तन गर्न आधार तयार गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्ने निर्णय भएकोमा सोही बमोजिम गर्नको लागि उक्त मन्त्रालयबाट लेखी आएको ।

२. **शिक्षा मन्त्रालयको मिति २०५६/०६/२५ को निर्णयानुसार सेवा अवधि गणना गर्ने सम्बन्धमा विद्यालय शिक्षक किताबखानालाई मिति २०५६/०६/२५ मा प्राप्त पत्रको विवरण :-**

१. नयाँ शिक्षा योजना पूर्व स्थायी प्रकृतिको नियुक्ति पाएका हाल जिल्ला शिक्षा अधिकारीले पनि स्थायी हो भनी प्रमाणित गरेका र योजना पश्चात् एकरूपता ल्याउने उद्देश्यले अस्थायी भनेको पछि स्वतः स्थायी गरिएको हकमा नियुक्ति दिँदाको निर्णयलाई मान्यता दिई नोकरी अवधि गणना गर्ने ।

२. स्थायी अस्थायी केही उल्लेख नगरेको योजना पूर्व शर्तमा नियुक्ति दिएको योजना पछि अस्थायी गरिएको पुनः स्वतः शुरु नियुक्तिदेखि स्थायी गर्ने निर्णय गरिएको, हाल जिल्ला शिक्षा अधिकारीले सो नोकरी प्रमाणित गरेको छ भने पूर्व निर्णय र नियुक्तिलाई मान्यता दिई नोकरी गणना गर्ने ।

३. योजना पूर्व अस्थायी, योजना लागू भएपछि पनि अस्थायी र पछि सेवा आयोग दिई स्थायी भएका शिक्षकहरूको हकमा आयोग एवम् समितिले यो मितिदेखि स्थायी गर्ने भनी उल्लेख भएकोमा आयोगले स्थायीको सिफारिस गरी नियुक्ति लिई हाजिर भएको मितिबाट नोकरी गणना गर्ने ।

४. योजना लागू भएपछि आयोगको सिफारिस अनुसार शर्तमा नियुक्ति दिएको र हालसम्म पनि अविच्छिन्न कार्यरत रहेको हाल जिल्ला शिक्षा अधिकारीले स्थायी भनी प्रमाणित गरेको छ भने स्थायी मानी नोकरी अवधि गणना गर्ने ।

३) **राष्ट्रिय शिक्षा पद्धति योजना लागू हुँदा शिक्षकहरूलाई ५ वर्षभित्र मेट्रिक** (एस.एल.सी.) **पास गर्ने शर्तमा नियुक्ति भएका शिक्षकहरूको शर्त हटाई शुरु नियुक्ति मितिदेखि नै स्थायी मान्ने । शिक्षा तथा संस्कृति मन्त्रालयको मिति २०४५/०४/२१ को निर्णय**)

४) **बालमन्दिर सञ्चालक समितिले स्थायी नियुक्ति गरेको शिक्षक अन्य विद्यालयमा सरुवा भएमा नियमानुसार सेवा जोड्न नमिल्ने** (**शिक्षा तथा संस्कृति मन्त्रालयको मिति २०४६/०९/०६ को पत्र**)

५) **जिल्ला शिक्षा समिति अन्तर्गतको दरबन्दीमा स्थायी नियुक्ति भई निजी स्रोतमा परिणत भएका विद्यालयमा कार्यरत शिक्षकको सेवा सुविधा सम्बन्धमा शिक्षा तथा समाज कल्याण मन्त्रालयको मिति २०५२/०१/२० को निर्देशन ।**

"श्री ५ को सरकारको अनुदान प्राप्त जिल्ला शिक्षा समिति अन्तर्गतका दरबन्दीमा स्थायी नियुक्ति भई निजी स्रोतमा परिणत भएका विद्यालयमा कार्यरत शिक्षकहरूको राजीनामा एवम् केहीको मुत्यु समेत भैसकका र उनीहरूले निवृत्तभरण एवम् उपदान जस्ता सुविधाबाट वञ्चित रहेका यसरी जिल्ला शिक्षा समितिबाट स्थायी नियुक्ति लिई काजमा रहेका शिक्षकहरूलाई लामो समयसम्म निजी स्रोतका विद्यालयमा राखी रहन उपयुक्त नहुने भएकोले देहाय अनुसार गर्नु गराउनु हुन मिति २०५२/०९/०६ को (मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध गरिन्छ।

१. विद्यालय निजी स्रोतमा सञ्चालन हुनु अगावै स्थायी नियुक्ति पाई जिल्ला शिक्षा समितिको दरबन्दीमा रही हालसम्म पनि निजी स्रोतको विद्यालयमा कार्यरत शिक्षकहरूलाई यसै शैक्षिक सत्रको अन्त्यसम्ममा समिति तर्फको दरबन्दीमा फर्कन वा राजीनामा गरी निजी स्रोतकै विद्यालयमा काम गर्न दुई विकल्प मध्ये एउटा रोज्न मौका दिने।

२. समिति तर्फको दरबन्दीमा फर्कन चाहनेलाई जिल्ला शिक्षा कार्यालयले समितिकै दरबन्दीमा सोही जिल्लामा राख्न व्यवस्था गर्ने र सो नभए सो क्षेत्र अन्तर्गत कुनै जिल्लामा पदस्थापना गरी काममा लगाउने तर्फ नीति तयार गरी जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयले व्यवस्था मिलाउने।

३. विद्यालय निजी स्रोतमा सञ्चालन हुनु अगावै समितिको तर्फबाट स्थायी नियुक्ति लिई कार्यरत शिक्षकहरूलाई मात्र यो एक पटक हालसम्म निजी स्रोतका विद्यालयमा काम गरेको अवधिलाई काज जनाउने। तर विद्यालय निजी स्रोतमा सञ्चालन भए पश्चात् नियुक्ति पाएका कार्यरत शिक्षकहरूका हकमा भने यो सुविधा दिन नमिल्ने।

४. राजीनामा गरिसकेको र मृत्यु भएकाको हकमा पनि निजी स्रोतमा काम गरेको अवधिलाई काज जनाई तत्कालीन शिक्षा नियमावली अनुसार पाउने पेन्सन र उपदानको सुविधा उपलब्ध गराउने।"

६) **विद्यालय कर्मचारीको सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०५५/०४/२५ को पत्रको व्यहोरा**

"विद्यालय कर्मचारीलाई तलब भत्ता दिने लगायतको काम विद्यालयकै भएको हुँदा विद्यालयका कर्मचारीहरूलाई पेन्सन, उपदान र औषधि उपचारको लागि क्षेत्रीय शिक्षा निर्देशनालयबाट निर्णय गरी रकम उपलब्ध गराउन सकिने व्यवस्था छैन तसर्थ विद्यालयको आफ्नो स्रोतबाट नै जो जे उपलब्ध गराउन सकिन्छ सोहीअनुसार उपलब्ध गराउन सकिने"

७) **पारिवारिक निवृत्तभरण सम्बन्धमा शिक्षा मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०५५/०५/२२ को निर्णय :**

"शिक्षक सेवाबाट निवृत्त भई आफैंले ५ वर्षे वा ७ वर्षे निवृत्तभरण उपभोग गरी मृत्यु भएका निवृत्त शिक्षकको परिवारलाई र निवृत्त शिक्षकको परिवारले ५ वर्षे वा ७ वर्षे पारिवारिक निवृत्तभरण उपभोग गरी पाउन छाडेको निजका हालसम्म जीवित विधुर पति वा विधवा

पत्नीलाई समेत शिक्षा नियमावली, २०४९ लागू भएको मितिदेखि सोही नियमावलीको नियम ७२(२) बमोजिम जीवनभर आधा निवृत्तभरण दिने”

८) **शिक्षक किताबखानाको स्थापनापछि शिक्षकको सेवा निवृत्त सुविधासम्बन्धी सम्पूर्ण काम गर्ने भनी शिक्षा मन्त्रालयबाट प्राप्त मिति २०५५/०९/२० को पत्र :–**

“शिक्षा नियमावली (छैठौं संशोधन) को नियम ७६क मा निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न विद्यालय शिक्षक किताबखाना रहने व्यवस्था भए अनुरूप विद्यालय शिक्षक किताबखानाको स्थापना भई कार्यसमेत प्रारम्भ गरी सकेको छ । शिक्षा नियमावली अनुसार शिक्षकको निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, औषधि उपचार खर्चसम्बन्धी सम्पूर्ण कार्यहरू अब आइन्दा त्यस कार्यालयबाट गर्नु गराउनु हुन मिति २०५५/०९/१७ को निर्णयानुसार अनुरोध गरिन्छ ।

९) **मन्त्रालयबाट खटाई पठाइएका व्यावसायिक शिक्षकहरूको स्थायी नियुक्ति कायम गर्नेसम्बन्धी शिक्षा मन्त्रालयको मिति २०५५/०९/०८ को परिपत्र :–**

“राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि व्यावसायिक शिक्षकको आपूर्ति मन्त्रालयबाट खटाई पठाएको शिक्षकबाट भएकोमा उक्त शिक्षकहरूलाई हालसम्म स्थायी नियुक्ति पत्र प्राप्त नभएको सम्बन्धमा यस प्रकारका शिक्षकहरूले स्थायी शिक्षकले पाउने सुविधा उपभोग गरिरहेकोले यस्ता शिक्षकहरूलाई मन्त्रालयबाट नियुक्ति प्राप्त गरी विद्यालयमा हाजिर भएको मितिदेखि स्थायी नियुक्ति मिति कायम हुने गरी स्थायी नियुक्ति प्रदान गर्ने व्यवस्थाका लागि सबै क्षेत्रीय शिक्षा निर्देशनालय मार्फत सम्बन्धित शिक्षक छनौट समितिहरूलाई निर्देशन दिन मिति २०५५/०९/०७ मा निर्णय भएकोले निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

१०) **विद्यालय शिक्षक किताबखानाको स्थापना भएपछि किताबखानामा नाम दर्ता गराउने सम्बन्धमा जिल्ला शिक्षा कार्यालयहरूलाई भएको मिति २०५५/११/१४ को परिपत्र :–**

“यस कार्यालयमा विद्यालय तथा तिनमा कार्यरत स्थायी शिक्षकहरूको किताव दर्ता गर्न त्यहाँबाट कागजात पठाउने सम्बन्धमा कार्यालयको च.नं. ७ मिति २०५५/०१/०७ को पत्र प्राप्त भएकै छ । शिक्षकहरूको फाइल पठाउँदा र त्यसपछि पत्राचार गर्नका लागि समेत उल्लिखित पत्रमा भएका कुराहरूका साथै निम्न प्रक्रिया समेत पुऱ्याई पठाउनु हुन अनुरोध गरिन्छ ।

१. विद्यालयको लेटर प्याडमा सम्बन्धित गा.वि.स., वडा र टोल उल्लेख गर्ने व्यवस्था गराउने र कार्यालयबाट पत्राचार गर्दा समेत उपरोक्त कुराहरू खुलाई गर्ने ।

२. त्यस जिल्लाभित्र सञ्चालित सार्वजनिक विद्यालयको शुरु स्थायी स्वीकृति मिति समेत उल्लेख भएको अद्यावधिक नामावली अनिवार्य रूपमा पठाउने ।

३. शैक्षिक योग्यता तथा नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र नोकरीसँग सम्बन्धित यस बाहेकका कागजातहरू जिल्ला शिक्षा अधिकारीबाट व्यहोरा प्रमाणित गरी पठाउने ।

४. हरेक वर्ष स्वीकृति भएका विद्यालय र स्वीकृति गरिएको थप दरबन्दीको जानकारी पठाउने ।

५. विद्यालय सारिएको/गाभिएको/नाम परिवर्तन गरिएको र बन्द गरिएको समेत जानकारी पठाउने ।

**११) असाधारण बिदामा बसेको अवस्थाको सुविधा सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०५५/११/१५ को परिपत्र**

"क्षेत्रीय शिक्षा निर्देशनालय पूर्वाञ्चलको च.नं. १६५४ को पत्रबाट बिरामीको कारणबाट एवम् सामान्य अवस्थामा असाधारण बिदामा रहेकै अवस्थामा मृत्यु भएमा वा सेवाबाट विद्यालयमा हाजिर नभई अवकाश भएमा निजलाई वा निजको इच्छाइएको व्यक्तिलाई दिइने सेवा सुविधा असाधारण बिदामा बस्नु अघिको नियमानुसार पाउने प्रदान गर्ने वा बिदा बसी सकेपछि मृत्यु हुँदाको वा राजीनामा स्वीकृत हुँदा प्रचलित नियमानुसार प्रदान गर्ने सम्बन्धमा निर्देशन माग भएको ।

यस सम्बन्धमा असाधारण बिदामा रहेको शिक्षकको सेवा कायमै रहेको मानिने हुँदा त्यस्ता शिक्षकको मृत्यु हुँदाको अवस्था वा पदाधिकार समाप्त हुँदाको अवस्थामा प्रचलित नियमानुसार प्रदान गर्ने मिति २०५५/०९/१७ मा निर्णय भएकोले निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।"

**१२) पारिवारिक निवृत्तभरणको सम्बन्धमा शिक्षकको नजिकको हकदार कायम गर्दा निजामती सेवा नियमावलीको नियम १०१ लाई आधार मान्ने भनी मिति २०५६/१०/११ मा निर्णय भएको । शिक्षा मन्त्रालयको मिति २०५६/११/२३ को पत्र)**

**१३) माध्यमिक शिक्षा विकास परियोजनाद्वारा सञ्चालन गरिएको १० महिने सेवाकालिन तालिमलाई तालिम मान्ने तर डिग्री सरह नमान्ने भनी तालिम समन्वय समितिको २०५१/१२/०५ मा निर्णय भएको । (शैक्षिक जनशक्ति विकास केन्द्रको मिति २०६१/०८/०८ को पत्र ।**

**१४) शिक्षक सेवा अवधि गणना सम्बन्धमा शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६२/०८/०७ को नीतिगत निर्णयः-**

"शिक्षा नियमावली (छैठौं संशोधन २०५४) ले शिक्षक किताबखानाको व्यवस्था गरेको र उक्त नियमावली राजपत्रमा २०५४ फागुन १९ गते (खण्ड ४७ अतिरिक्ताङ्क ६३) मा प्रकाशित भइसकेको हुँदा उक्त मिति भन्दा अगाडि तत्कालीन समयमा सम्बन्धित जिल्ला शिक्षा कार्यालय

वा क्षेत्रीय शिक्षा निर्देशनालयले शिक्षकहरूको नोकरीलाई तत्कालीन समयमा नै प्रमाणित गरिएको अभिलेखलाई आधार मानी नोकरी अवधि गणना गरिदिने ।"

१५) **कुनै पनि कर्मचारी अवकाश हुने मिति भन्दा पछिसम्म सेवामा रही तलब भत्ता खाइरहेको भएमा त्यस्तो रकम निजले फिर्ता गर्ने इच्छा भएमा फिर्ता गराई निवृत्तभरण अधिकारपत्र तयार गर्न सकिने मञ्जुरी नभएमा निजले पाउने पेन्सनबाट पनि हिसाब मिलान हुन सक्ने। (तलब भत्ता तथा सेवा अवधि सम्बन्धमा कौशी तोषाखाना कार्यालयको मिति २०६३/०९/२४ को पत्र) :–**

उपर्युक्त विषयमा त्यहाँको च.नं. १६४७ मिति २०६३/०९/२३ को पत्रको सन्दर्भमा कुनैपनि कर्मचारी अवकाश हुने मिति भन्दा पछिसम्म सेवामा रही तलब भत्ता खाईरहेको भएमा त्यस्तो रकम निजले फिर्ता गर्ने इच्छा भएमा फिर्ता गराई अधिकारपत्र तयार गर्न सकिने र सो मञ्जुरी नभएमा निजले पाउने पेन्सनबाट पनि हिसाब मिलान हुन सक्ने भएको व्यहोरा अवगत गराइन्छ। साथै निजले कुन मितिदेखि कहिलेसम्म के कति रकम खाएको हो ? अधिकारपत्रको अर्धकट्टी उल्लेख गरी पठाइदिनु भएमा यसै कार्यालयबाट हिसाब मिलान गराई पेन्सनको बैंक आदेश जारी गरिने व्यहोरा अनुरोध गरिन्छ।

१६) **शिक्षकको अनिवार्य अवकाशको लागि उमेरको गणनासम्बन्धी शिक्षा तथा खेलकुद मन्त्रालयका परिपत्रहरू :–**

**क) च.नं. ११९८ मिति २०६२/१०/०९ को पत्र :–** शिक्षकको अनिवार्य अवकाशका लागि उमेर गणना गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवामा प्रवेश गर्दा भरेको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखी दिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरी अवकाश गर्ने गरी मिति २०६२/०९/१४ मा निणर्य भएकोले सोअनुसार गर्न गराउनु हुन अनुरोध गरिन्छ।

१८) **शिक्षा तथा संस्कृति मन्त्रालयको विद्यालय प्रशासन शाखाको उपदान सम्बन्धी मिति २०३८/१२/०८ को परिपत्र :–**

२०३८ श्रावणको प्रारम्भमा श्री ५ को सरकारबाट न्यूनतम १० वर्ष अटुट सेवा अवधि पुगेका शिक्षकहरूलाई उपदान दिने नियम तर्जुमा गरिनेछ र उपदानको रकम दिँदा सञ्चयकोषको रकम कुन अनुपातमा र आधारमा दिने गरेको छ सोही अनुपातमा दिने भन्ने उल्लेख भएको हुँदा उपदानको व्यवस्था गर्न शिक्षा नियमावलीमा संशोधन नभएसम्म १० वर्ष सेवा अवधि पूरा गरी निवृत्तभरण पाउने अवधि पूरा नहुँदै भविष्यमा अयोग्य नहुने गरी २०३८ साल श्रावण १ गते उप्रान्त अवकाश पाएको भएमा छानविन गरी देहाय बमोजिम उपदान दिन पारित गर्ने भन्ने

मिति २०३८/१२/१० मा श्री ५ को सरकारबाट निर्णय भएकोले निर्णय अनुसार गर्नु गराउनु दश वर्षभन्दा बढी १५ वर्ष नपुगेका स्थायी शिक्षकहरूलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १ महिनाको तलबको आधाका दरले ।

१५ वर्षभन्दा बढी २० वर्ष नपुगेका स्थायी शिक्षकहरूलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १ महिनाको तलबको दरले ।

माथि दफा १ र २ मा उल्लेख भएअनुसार हुने अनुदान रकम ५,७००/- र ११,४००/- भन्दा बढी हुनेछैन ।

माथि दफा १ र २ मा बमोजिम पाउने अनुदानको हिसाब गर्दा सञ्चय कोषको रकम जुन अनुपात र आधारमा दिने गरेको हो सोही अनुसार जिल्लाको कोषबाट व्यहोर्ने ।

१९) **सेवा अवधि थप गरी निवृत्तभरण उपलब्ध गराउने समयावधिको बारेमा शिक्षा मन्त्रालयको च.नं. ५७८ मिति २०६५/०८/१६ को परिपत्र :-**

मेडिकल बोर्डले आफ्नो पेशामा रही कामकाज गर्न नसक्ने भनी सिफारिस गरेमा त्यस्तो शिक्षकको स्थायी सेवा अवधिमा बढीमा ५ वर्ष अवधि थप गर्दा निवृत्तभरण पाउने सेवा अवधि पुग्ने रहेछ भने नपुग सेवा अवधि थप गरी निवृत्तभरणमा मन्त्रालयले अवकाश दिन सक्नेछ भनी शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १३२ मा व्यवस्था भएकोमा सेवा अवधि थप गरी निवृत्तभरणमा अवकास लिन चाहने शिक्षकले मेडिकल बोर्डले सिफारिस गरेको मितिले ३५ दिन भित्र जिल्ला शिक्षा कार्यालयमा कारवाही शुरु गरी सक्नुपर्ने भनी मिति २०६५/०८/०६ मा (मा. मन्त्रीस्तरीय) निर्णय भएकोले निर्णयानुसार गर्नु गराउनु हुन ।

२०) शिक्षा नियमावली, २०५९ को नियम १२८ ले गरेको व्यवस्था :

**उपदान वा निवृत्तभरणसम्बन्धी विशेष व्यवस्था** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकी दिएको मिति पछि नयाँ नियुक्त हुने शिक्षकले यस परिच्छेद बमोजिम उपदान वा निवृत्तभरण पाउने छैन । त्यस्ता शिक्षकलाई उपदान वा निवृत्तभरण दिने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक निवृत्तभरण कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएको कोषमा जम्मा हुने गरी विद्यालयको त्यस्तो शिक्षकले आफूले पाउने मासिक तलबबाट सोही सूचनामा तोकिएको रकम कट्टा गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त हुने कुनै शिक्षक निवृत्तभरण पाउने अवधि नपुग्दै सेवाबाट हटेमा निजको नाममा उपनियम (२) बमोजिम कट्टा गरिएको रकम निजले लिन पाउनेछ । तर सेवाबाट बर्खास्त गरिएकोमा नेपाल सरकारबाट निजको नाममा रकम कट्टा गरिएको भए निजले लिन पाउने छैन ।

# सार्वजनिक विद्यालयका शिक्षकहरूको तलबमानसम्बन्धी व्यवस्था

(२०२९ देखि हालसम्म)

१. २०२९/०७/०९ **को स्केल**

| क्र.सं. | मासिक तलब रु. | ग्रेड वृद्धि दर रु. | अधिकतम पुग्न सक्ने मासिक तलब रु. |
|---|---|---|---|
| १ | १०० | ३ | १५० |
| २ | १५५ | ५ | २६५ |
| ३ | २५० | ७.५० | ४२५ |
| ४ | ४०० | १२.५० | ६०५ |
| ५ | ४७५ | १२.५० | ७५० |
| ६ | ६०० | २० | ९०० |

तर यदि कुनै शिक्षक अण्डर म्याट्रिकले मासिक रु. १००, म्याट्रिकले मासिक रु. १३५ खाएको छ भने वर्षभित्र र अन्य योग्यता भएका शिक्षकहरूको हकमा ३ वर्षभित्रमा तोकिएको योग्यता र तालिम प्राप्त नगरेमा ग्रेड वृद्धि रोक्का गर्ने व्यवस्था भएको र शिक्षकहरूलाई योजना लागू हुनुभन्दा अगाडि गरेको सेवाको हकमा ३ वर्षको १ ग्रेड वृद्धि दिने व्यवस्था गरिएको छ । शिक्षकहरूलाई सालवसाली ग्रेड वृद्धि दिँदा श्रावण १ गतेलाई नै आर्थिक वर्ष मानी दिने व्यवस्था भएको ।

२. **नयाँ शिक्षा योजना लागू भएको जिल्लामा २०३१ वैशाखदेखि विद्यालय शिक्षक कर्मचारीहरूको तलब वृद्धि भएको हुँदा निम्न बमोजिम स्केल कायम गरी सो बढेको तलब खुवाउनु पर्ने गरी व्यवस्था भएको।**

| तलब | वृद्धि प्रतिशत |
|---|---|
| १०० देखि १३५ सम्म पाउने लाई | ३५% |
| १५५ देखि २५० सम्म पाउने लाई | ३०% |
| ४०० देखि ६०० सम्म पाउने लाई | २०% |

ग्रेडको सम्बन्धमा :-

शिक्षकहरूको ग्रेड निर्धारण गर्दा अटुट रूपले गरेको सेवा अवधि नै गणना गरी ग्रेड निर्धारण गरिएकोमा यस्तो ग्रेड निर्धारण अटुट रूपले नोकरी वर्षसँग मात्र सम्बन्धित नभई शिक्षकले प्राप्त

गरेको शैक्षिक योग्यता वर्षसँग समेत सम्बन्धित भएको हुँदा निम्न व्यहोरा अवगत गरी यो बमोजिम कुनै शिक्षकलाई ग्रेड खुवाउन वाधा पर्दैन भनेमा सम्बन्धित शिक्षकबाट कवुलियत गराई ग्रेड रकम भुक्तानी दिनुपर्ने व्यवस्था भएको ।

१. अण्डर म्याट्रिक र सो सरहलाई सम्पूर्ण सेवा अवधिको ३ वर्षको १ वर्ष

२. प्राथमिक शिक्षकको हकमा म्याट्रिक भएको वर्ष पछिको अवधि भरको मात्र ३ वर्षको १ ग्रेडका दरले ।

३. निम्न माध्यमिक शिक्षकको हकमा आई.ए. वा सो सरह योग्यता प्राप्त गरेपछिको अवधि भरका मात्र ३ वर्षको १ ग्रेडका दरले ।

४. माध्यमिक शिक्षकको हकमा वि.ए. वा सो सरह योग्यता प्राप्त गरेपछिको अवधि भरको मात्र वर्षको १ ग्रेडका दरले ।

उपरोक्त सबै कुरा हेर्नु भई ग्रेड दिनै पर्ने ठहराई ग्रेड भुक्तानी दिन लाग्दा पनि निम्न व्यहोरा समेत ध्यानमा राख्न हुन निर्देशन दिइन्छ ।

१. कुनै शिक्षक व्यवसायिक तालिममा गएका भए त्यस्ता शिक्षकलाई सो अवधिको तलब नपाउने हुँदा सो अवधिको ग्रेड पनि दिन नमिल्ने ।

२. व्यवसायिक तालिम बाहेक अन्य तालिममा जाने शिक्षकले आधा तलब पाउँदा न्यूनतम तलब ७०।- र अधिकतम तलब २००।- मात्र पाउने हुँदा तालिममा जाने माध्यमिक स्तरका शिक्षकलाई सो अवधिको ग्रेड दिँदा २००।- मा नाघ्ने हुँदा त्यस्ता माध्यमिक शिक्षकहरूको सो अवधिको ग्रेड नदिने ।

**३. शिक्षा योजना कार्यान्वयन भएका विद्यालयका शिक्षकहरूको योग्यतानुसार तलब भत्ता र ग्रेड सम्बन्धी विवरण। (जिल्ला कार्यालय शिक्षा शाखा डोटीको मिति २०३२/१०/२० को पत्रमा आधारित)**

| योग्यता | तलब | तालिम भत्ता | ग्रेड | प्र.अ. भत्ता |
|---|---|---|---|---|
| १) कक्षा ८, ९, १० (अण्डर मैट्रिक) पासलाई | १३५ | | ३ | २५ का.मू |
| २) कक्षा ८, ९, १० (अण्डर मैट्रिक) पास र तालिम प्राप्तलाई) ५ वर्ष भित्रै मैट्रिक पास गर्न कवुल गर्नुपर्ने | १८२.२५ | | ४ | २५ का.मू |
| ३) एस.एल.सी. वा सो सरह पास (५ वर्षभित्र तालिम लिई सक्नु पर्ने कवुल गर्नुपर्ने) | १८२.२५ | | ४ | २५ |
| ४) एस.एल.सी. वा सो सरह र तालिम प्राप्त | २०१.५० | १५ | ५ | २५ |
| ५) आईए. वा सो सरह पास | २९२.५० | | ७.५० | |

| योग्यता | तलब | तालिम भत्ता | ग्रेड | प्र.अ. भत्ता |
|---|---|---|---|---|
| ६) आई.एड्. वा आई. एस्सी वा आई.ए. वा सोसरह भई तालिम प्राप्तलाई | ३२५ | | ७.५० | |
| ७) वी.ए. वा सो सरहलाई | ४८० | | १२.५० | |
| ८) वि.एड्. वा वि. एस्सी वा वि.ए. वा सो सरह पास र तालिम प्राप्त | ५७० | | १२.५० | |
| **माध्यमिक विद्यालयको प्रधानाध्यापक** | | | | |
| वि.एड्. वा वि.ए. वा सो सरह र तालिम प्राप्तलाइ | ७२० | | २० | |
| वि.ए. वा सो सरह पास | ४८० | | १२.५० | १०० |
| वी.एस्सी. | ५७० | | १२.५० | १०० |
| **निम्नमाध्यमिक विद्यालयको प्रधानाध्यापक** | | | | |
| आई.एड्. वा आई.ए. वा सो सरह र तालिम प्राप्त | ३२५ | | ७.५० | ५० |
| आई.ए. वा सो सरह पास | २९२.५० | | ७.५० | ५० |

## ४. २०३३ श्रावण १ देखि लागू भएको तलब स्केल

| पद | मासिक तलब | ग्रेड (वृद्धिदर) | अन्तिमस्केल |
|---|---|---|---|
| **प्राथमिक शिक्षक** | | | |
| अण्डर मेट्रिक | १६० | ४ | |
| अण्डर मेट्रिक र तालिम प्राप्त | २०५ | ६ | |
| एस.एल.सी. वा सो सरह | २२५ | ६ | |
| एस.एल.सी. र तालिम प्राप्त | २६० | ७.५०-(२०) | ४१० |
| **निम्न माध्यमिक** | | | |
| आइ.ए. वा सो सरह | ३३७ | १० | |
| आइ.ए. वा सो सरह र तालिम प्राप्त वा आइ.एड्. वा आइ.एस्सी (विज्ञान पढाउन) | ४०० | १२-(२०) | ६४० |

| पद | मासिक तलब | ग्रेड (वृद्धिदर) | अन्तिमस्केल |
|---|---|---|---|
| **माध्यमिक शिक्षक** | | | |

| पद | मासिक तलब | ग्रेड (वृद्धिदर) | अन्तिमस्केल |
|---|---|---|---|
| वि.ए. वा सो सरह | **५५०** | १५-(१५) | ७७५ |
| वि.ए. वा सो सरह र तालिम प्राप्त अथवा वि.एड. वा वि.एस्सी | **६५०** | १५-(२०) | ९५० |
| **माध्यमिक शिक्षक**<br>(हे.मा.) वी.एड् वा वि.एस्सी वा सो सरह र तालिम प्राप्त वा वि.एड्. | ८२० | ३०-(१२) | ११८० |

शिक्षक बाहेक विद्यालय तर्फका सबै तहका राजपत्र अनंकित कर्मचारीहरू र पियनहरू २०३३/०४/०१ देखि लागू भएको श्री ५ सरकारको स्केल अनुसार हुने ।

१. एस.एल.सी. र तालिम प्राप्त शिक्षकको छुट्टै स्केल भएकोले तालिम भत्ता मासिक रु. १५/- अव उप्रान्त नदिने ।

२. प्राथमिक र निम्न माध्यमिक विद्यालयको प्रधानाध्यापकलाई साविक बमोजिम प्र.अ. भत्ता दिने । वि.एड्., वि.एस्सी., वि.ए. वा सो सरह र तालिम प्राप्त माध्यमिक विद्यालयका प्रधानाध्यापकको छुट्टै स्केल भएकोले प्र.अ. भत्ता नदिने । वि.ए. वा सो सरहका माध्यमिक विद्यालयका प्र.अ.लाई साविक बमोजिम प्रधानाध्यापक भत्ता दिने ।

३. २० वर्षको अटुट सेवा गरी सकेको अण्डर म्याट्रिक शिक्षकलाई रु. २२०।- अण्डर म्याट्रिक र तालिम प्राप्त शिक्षकलाई रु. ३२५/- एस.एल.सी. वा सो सरहको शिक्षकलाई रु. ३१५/- र आई.ए. वा सो सरहको निम्न माध्यमिक शिक्षकलाई रु. ४८७/- अन्तिम स्केल दिने ।

४. दुर्गम क्षेत्रमा कक्षा ८ पास गरी तालिम प्राप्त स्थायी शिक्षकलाई २०५-६(२०)-३२५।- को तलब स्केल दिने ।

५. पूरा तालिम प्राप्त नगरी आधा तालिम (पूरा तालिमको लागि जति क्रेडिट आवर चाहिन्छ त्यसको ५० प्रतिशत क्रेडिट आवर पूरा गरी सकेकोलाई आधा तालिम सम्झनु पर्ने प्राप्त कुनै स्तरको शिक्षकलाई आधा तालिम प्राप्त गरे वापत तालिम अप्राप्त शिक्षक र तालिम प्राप्त शिक्षक तलबमा हुन आउने फरक रकमको ५० प्रतिशत थप रकम तालिम भत्ता वापत दिने । उदाहरणार्थ आई.ए. वा सो सरहले रु. ३३७/- आई.ए. वा सो सरह तालिम प्राप्त आई.एस्सी (विज्ञान पढाउने वा आई.एड्. ले पाउने रकम रु. ४००/- को फरक हुने रकम रु.६३ को ५० प्रतिशतले रु. ३१.५० हुन फरक यस प्रकार आई.ए. भई आधा

तालिम प्राप्त गर्ने शिक्षकलाई आइ.ए. वा सो सरहका तलब रु. ३३७/- र आधा तालिम प्राप्त गरे वापतको तालिम भत्ता रु. ३१.५० थप दिने ।

**५. २०३५/०४/०१ देखि लागू भएको तलब स्केल**

| पद | साविक | २०३५/०४/०१ देखि लागू भएको तलब स्केल |
|---|---|---|
| **प्राथमिक शिक्षक** | | |
| अण्डर मेट्रिक वा सो सरह | १६०-४ | १८५-४ |
| अण्डर मेट्रिक वा सो सरह तालिम प्राप्त | २०५-६ | २३०-६ |
| एस.एल.सी. वा सो सरह | २२५-६ | २५५-६ |
| एस.एल.सी. वा सो सरह तालिम प्राप्त | २६०-७.५०(२०)-४१० | २९०-७.५० (२०) -४४० |
| **निम्न माध्यमिक शिक्षक** | | |
| आई.ए. वा सो सरह | ३३७-१० | ३७०-१० |
| आई.ए. वा सो सरह तालिम प्राप्त | ४००-१२ (२०)-६४० | ४३५-१२(२०)६७५ |
| **माध्यमिक शिक्षक** | | |
| वि.ए. वा सो सरह | ५५०-१५(१५)-७७५ | ६००-२०(१५)-९०० |
| वि.ए. वा सो सरह तालिम प्राप्त | ६५०-१५(२०)-९५० | ७००-२०(१५)-१००० |
| माध्यमिक शिक्षक हे.मा. | ८२०-३०(१२)-११८० | ८८०-३०(१२)-१२४० |

घ) पियन र राजपत्र अनंकित कर्मचारी सरकारी कर्मचारी सरह २०३५/०४/०१ देखि लागू भएको श्री ५ को सरकारको स्केल अनुसार ।

**६. २०३८ श्रावण १ देखि लागू भएको तलब स्केल**

शिक्षा तथा संस्कृति मन्त्रालयको मिति २०३८/०३/१४ को विज्ञप्ति अनुसार विद्यालय सञ्चालक समितिलाई एकमुष्ट अनुदान दिने भन्ने सिद्धान्त अनुसार श्री ५ को सरकारको मिति २०३८/०६/०७ (मन्त्रिपरिषद्) को निर्णयानुसार विद्यालय तहका शिक्षकहरूको नयाँ तलब स्केल, तालिम भत्ता र खाजा भत्ता २०३८ साल श्रावण १ गतेदेखि लागू हुनेगरी निम्नानुसार निर्धारण गरेकोछ ।

| शिक्षक | तलब स्केल | तालिम भत्ता | खाजा भत्ता |
|---|---|---|---|
| **प्राथमिक शिक्षक** | | | |
| अण्डर एस.एल.सी. वा सो सरह | २८०-५(२०)-३८० | ४५ | ५० |
| एस.एल.सी. वा सो सरह | ३६५-६(२०)-४४५ | ४५ | ५० |
| **निम्न माध्यमिक शिक्षक** | | | |
| आई.ए. वा सो सरह | ४५०-१०(२०)-६५० | ५० | ५० |
| **माध्यमिक शिक्षक** | | | |
| वि.ए. वा सो सरह | ७००-२०(१५)-१००० | ७५ | ५० |
| मा.वि.को प्र.अ. वि.ए. वा सो सरह तालिम प्राप्त | ९५०-३०(१२)-१३१० | | ५० |

उपर्युक्त तलब स्केल र भत्ताको आधारमा स्थायी स्वीकृति प्राप्त विद्यालयका स्वीकृत दरबन्दीमा रहेका शिक्षकहरूको तलब भत्ताको निमित्त लाग्ने रकम जिल्ला कार्यालय शिक्षा शाखाले हिसाब गरी सो रकमको निम्न अनुसार निर्धारित प्रतिशतमा एकमुष्ट अनुदान रकम अंक किटान गर्ने ।

| माध्यमिक (प्रथम) | २९२०० | ११ | २३० | ३१७३० | | | ३१७३० |

## २५. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको २०७१ श्रावण १ गतेदिखि लागु हुने तलब स्केल

| | क्र. स | पद/श्रेणी | तलबमान | | | | २०५७ आषाढ मसान्त सम्म तालीमप्राप्त गरी स्थायी भएका र प्राविधिक स्केल खाइपाइ सोही तह र श्रेणीमा कार्यरत शिक्षकलाई मात्र विशेष व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तलब स्केल | ग्रेड सँख्या | ग्रेड दर | जम्मा | ग्रेड सँख्या | शुरुको तलबमा थप | अन्तिम तलब |
| प्राथमिक | | प्राथमिक | | | | | | | |
| | १ | दुई विषयभन्दा बढी एस. एल. सी. अनुत्तीर्ण | १३७८० | १० | १८० | १५५८० | २ | ३६० | १५९४० |
| | २ | दुई विषयसम्म एस. एल. सी. अनुत्तीर्ण | १४६७० | १० | २०० | १६६७० | २ | ४०० | १७०७० |
| तृतीय | ३ | एस. एल. सी. उत्तीर्ण | १७७३० | १० | २२० | १९९३० | २ | ४४० | २०३७० |
| द्वितिय | ४ | एस. एल. सी. उत्तीर्ण | १८८०० | १२ | २४० | २१६८० | २ | ४८० | २२१६० |
| प्रथम | ५ | एस. एल. सी. उत्तीर्ण | २४४०० | १२ | ३२० | २८२४० | २ | ६४० | २८८८० |
| नि. मा. वि. | | निम्न माध्यामिक | | | | | | | |
| | ६ | निम्न माध्यामिक | १८८०० | १२ | २४० | २१६८० | २ | ४८० | २२१६० |
| | ७ | निम्न माध्यामिक | २४४०० | १२ | ३२० | २८२४० | २ | ६४० | २८८८० |
| | ८ | निम्न माध्यामिक | २५६८० | १२ | ३६० | ३०००० | २ | ७२० | ३०७२० |
| | | माध्यामिक | | | | | | | |
| मा. वि. | ९ | माध्यामिक | २४४०० | १२ | ३२० | २८२४० | २ | ६४० | २८८८० |
| | १० | माध्यामिक | २७३७० | १२ | ३९० | ३२०५० | २ | ७८० | ३२८३० |
| | ११ | माध्यामिक | ३२१२० | १० | ४६० | ३६७२० | | | |

## २६. मिति २०७३/४/१ गतेदेखि लागू गरी वृद्धि भएको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको

| क्र.सं. | पद/श्रेणी | तलबमान | | | |
|---|---|---|---|---|---|
| | | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
| **प्राथमिक** | | | | | |
| १. | एस.एल.सी. उतीर्ण (प्रथम श्रेणी) | ३०,५०० | ८ | १,०१७ | ३८,६३६ |
| २. | एस.एल.सी. उत्तीर्ण (द्वितीय श्रेणी) | २३,५०० | ८ | ७८३ | २९,७६४ |
| ३. | एस.एल.सी. उत्तीर्ण (तृतीय श्रेणी) | २२,१७० | ६ | ७३९ | २६,६०४ |
| ४. | दुई विषय सम्म एस.एल.सी. अनुत्तीर्ण | १८,३४० | ६ | ६११ | २२,००६ |
| ५ | दुई विषयभन्दा बढी एस.एल.सी. अनुत्तीर्ण | १७,२३० | ६ | ५७४ | २०,६७४ |
| **निम्न माध्यमिक** | | | | | |
| ६. | निम्न माध्यमिक (प्रथम श्रेणी) | ३२,१०० | ८ | १,०७० | ४०,६६० |
| ७. | निम्न माध्यमिक (द्वितीय श्रेणी) | ३०,५०० | ८ | १,०१७ | ३८,६३६ |
| ८. | निम्न माध्यमिक (तृतीय श्रेणी) | २३,५०० | ८ | ७८३ | २९,६६४ |
| **माध्यमिक** | | | | | |
| ९. | माध्यमिक (प्रथम श्रेणी) | ४०,१५० | ६ | १,३३८ | ४८,१७८ |
| १०. | माध्यमिक (द्वितीय श्रेणी) | ३४,२२० | ८ | १,१४१ | ४३,३३८ |
| ११. | माध्यमिक (तृतीय श्रेणी) | ३०,५०० | ८ | १,०१७ | ३८,६३६ |

## २७. २०७६ साउन १ गतेदेखि लागू हुने सामुदायिक विदालयमा कार्यरत शिक्षकको तलबमान

| क्र.सं. | पद/श्रेणी | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
|---|---|---|---|---|---|
| **माध्यमिक** | | | | | |
| १ | माध्यमिक (प्रथम श्रेणी) | ४७,३८० | ६ | १,५७९ | ५६,८५४ |
| २ | माध्यमिक (द्वितीय श्रेणी) | ४०,३८० | ८ | १,३४६ | ५१,१४८ |
| ३ | माध्यमिक (तृतीय श्रेणी) | ३५,९९० | ८ | १,२०० | ४५,५९० |

| | | | | | |
|---|---|---|---|---|---|
| **निम्न माध्यमिक** | | | | | |
| ४ | निम्न माध्यमिक (प्रथम श्रेणी) | ३७,८८० | ८ | १,२६३ | ४७,९८४ |
| ५ | निम्न माध्यमिक (द्वितीय श्रेणी) | ३५,९९० | ८ | १,२०० | ४५,५९० |
| ६ | निम्न माध्यमिक (तृतीय श्रेणी) | २८,२०० | ८ | ९४० | ३५,७२० |
| **प्राथमिक** | | | | | |
| ७ | एस.एल.सी. उत्तीर्ण (प्रथम श्रेणी) | ३५,९९० | ८ | १,२०० | ४५,५९० |
| ८ | एस.एल.सी. उत्तीर्ण (द्वितीय श्रेणी) | २८,२०० | ८ | ९४० | ३५,७२० |
| ९ | एस.एल.सी. उत्तीर्ण (तृतीय श्रेणी) | २६,६१० | ६ | ८८७ | ३१,९३२ |
| १० | दुई विषयसम्म एस.एल.सी. अनुत्तीर्ण | २२,०१० | ६ | ७३४ | २६,४१४ |
| ११ | दुई विषयभन्दा बढी एस.एल.सी. अनुत्तीर्ण | २०,६८० | ६ | ६८९ | २४,८१४ |

## २८. २०७८ साउन १ गते देखि लागू हुने तलब मान

## सामुदायिक विद्यालयमा कार्यरत शिक्षक

| क्र.सं. | पद/श्रेणी | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
|---|---|---|---|---|---|
| **माध्यमिक** | | | | | |
| १. | माध्यमिक (प्रथम श्रेणी) | ४९,३८० | ६ | १,६४६ | ५९,२५६ |
| २. | माध्यमिक (द्वितीय श्रेणी) | ४२,३८० | ८ | १,४१३ | ५३,६८४ |
| ३. | माध्यमिक (तृतीय श्रेणी) | ३७,९९० | ८ | १,२६७ | ४८,१२६ |
| **निम्न माध्यमिक** | | | | | |
| ४ | निम्न माध्यमिक (प्रथम श्रेणी) | ३९,८८० | ८ | १,३३० | ५०,५२० |
| ५. | निम्न माध्यमिक (द्वितीय श्रेणी) | ३७,९९० | ८ | १,२६७ | ४८,१२६ |
| ६. | निम्न माध्यमिक (तृतीय श्रेणी) | ३०,२०० | ८ | १,००७ | ३८,२५६ |
| **प्राथमिक** | | | | | |
| ७. | एस.एल.सी. उत्तीर्ण (प्रथम श्रेणी) | ३७,९९० | ८ | १,२६७ | ४८,१२६ |
| ८. | एस.एल.सी. उत्तीर्ण (द्वितीय श्रेणी) | ३०,२०० | ८ | १,००७ | ३८,२५६ |
| ९. | एस.एल.सी. उत्तीर्ण (तृतीय श्रेणी) | २८,६१० | ६ | ९५४ | ३४,३३४ |
| १०. | दुई विषयसम्म एस.एल.सी. अनुतीर्ण | २४,०१० | ६ | ८०१ | २८,८१६ |
| ११. | दुई विषयभन्दा बढी एस.एल.सी. अनुतीर्ण | २२,६८० | ६ | ७५६ | २७,२१६ |

## २९. २०७९ साउन १ गते देखि लागू हुने तलब मान

### सामुदायिक विद्यालयमा कार्यरत शिक्षक

| क्र.सं. | पद/श्रेणी | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
|---|---|---|---|---|---|
| माध्यमिक | | | | | |
| १. | माध्यमिक (प्रथम श्रेणी) | ५६,७८७ | ६ | १,८९३ | ६८,१४५ |
| २. | माध्यमिक (द्वितीय श्रेणी) | ४८,७३७ | ८ | १,६२५ | ६१,७३७ |
| ३. | माध्यमिक (तृतीय श्रेणी) | ४३,६८९ | ८ | १,४५६ | ५५,३३७ |
| निम्न माध्यमिक | | | | | |
| ४ | निम्न माध्यमिक (प्रथम श्रेणी) | ४५,८६२ | ८ | १,५२९ | ५८,०९४ |
| ५. | निम्न माध्यमिक (द्वितीय श्रेणी) | ४३,६८९ | ८ | १,४५६ | ५५,३३७ |
| ६. | निम्न माध्यमिक (तृतीय श्रेणी) | ३४,७३० | ८ | १,१५८ | ४३,९९४ |
| प्राथमिक | | | | | |
| ७. | एस.एल.सी. उत्तीर्ण (प्रथम श्रेणी) | ४३,६८९ | ८ | १,४५६ | ५५,३३७ |
| ८. | एस.एल.सी. उत्तीर्ण (द्वितीय श्रेणी) | ३४,७३० | ८ | १,१५८ | ४३,९९४ |
| ९. | एस.एल.सी. उत्तीर्ण (तृतीय श्रेणी) | ३२,९०२ | ६ | १,०९७ | ३९,४८४ |
| १०. | दुई विषयसम्म एस.एल.सी. अनुतीर्ण | २७,६१२ | ६ | ९२० | ३३,१३२ |
| ११. | दुई विषयभन्दा बढी एस.एल.सी.अनुतीर्ण | २६,०८२ | ६ | ८६९ | ३१,२९६ |

### राष्ट्रिय किताबखाना (शिक्षक)

### दरबन्दी तेरीज

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उप-समूह | संख्या |
|---|---|---|---|---|---|---|
| १. | उप महानिर्देशक | रा.प. प्रथम | शिक्षा | शिक्षा प्रशासन | - | १ |
| २. | निर्देशक | रा.प. द्वितीय | शिक्षा | शिक्षा प्रशासन | - | ४ |
| ३. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | - | १ |
| ४. | शाखा अधिकृत | रा.प. तृतीय | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | ४ |
| ५. | कम्प्यूटर अधिकृत | रा.प. तृतीय | विविध | - | - | १ |
| ६. | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | - | २ |
| ७. | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | ६ |

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उप-समूह | संख्या |
|---|---|---|---|---|---|---|
| ८. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | - | - | ४ |
| ९. | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सामान्य प्रशासन | - | १ |
| १०. | सहलेखापाल | रा.प.अनं. द्वितीय | प्रशासन | लेखा | - | १ |
| ११. | कार्यालय सहयोगी | श्रेणीविहीन | - | - | - | ६ |
| १२. | ह.स.चा. | श्रेणीविहीन | - | - | - | २ |
| | | | | | जम्मा | ३३ |

## जिल्लागत विद्यालय शिक्षक दरबन्दी विवरण

| प्रदेश | सि.नं. | जिल्ला | दरवन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | जम्मा |
| कोशी | १ | ताप्लेजुङ | ९३७ | २०१ | ११८ | १२५६ |
| | २ | पांचथर | १०७३ | २०३ | १११ | १३८७ |
| | ३ | इलाम | १४०४ | २५५ | १७७ | १८३६ |
| | ४ | झापा | २३२७ | ४२५ | ३८६ | ३१३८ |
| | ५ | संखुवासभा | १०५० | १६९ | १३७ | १३५६ |
| | ६ | तेह्रथुम | ७५२ | १९५ | १२७ | १०७४ |
| | ७ | भोजपुर | ११०२ | २११ | १५४ | १४६७ |
| | ८ | धनकुटा | ९२६ | १८० | १२४ | १२३० |
| | ९ | सुनसरी | ११९२ | ४४२ | २९३ | १९२७ |
| | १० | मोरङ | २१७३ | ६२७ | ४०७ | ३२०७ |
| | ११ | सोलुखुम्बु | ७७३ | १३० | १०३ | १००६ |
| | १२ | खोटाङ | ११४६ | २१२ | १४४ | १५०२ |
| | १३ | उदयपुर | ९४७ | १८२ | १२९ | १२५८ |
| | १४ | ओखलढुंगा | ८३५ | १७४ | ९० | १०९९ |
| | | जम्मा | १६६३७ | ३६०६ | २५०० | २२७४३ |
| मधेस | १५ | सप्तरी | १३०६ | २६८ | २३३ | १८०७ |
| | १६ | सिरहा | १३१४ | २३३ | १९९ | १७४६ |
| | १७ | धनुषा | १३०६ | २३७ | २७४ | १८१७ |
| | १८ | महोत्तरी | १०५८ | २२१ | २०७ | १४८६ |
| | १९ | सर्लाही | १२२१ | २८७ | १७४ | १६८२ |
| | २० | रौतहट | १०५१ | १७४ | १९० | १४१५ |

| प्रदेश | सि.नं. | जिल्ला | दरबन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | जम्मा |
| मधेस | २१ | बारा | ११५९ | २५१ | १७४ | १५८४ |
| | २२ | पर्सा | ११२२ | २०३ | १५१ | १४७६ |
| | | जम्मा | ९५३७ | १८७४ | १६०२ | १३०१३ |
| बागमती | २३ | सिन्धुली | ९४८ | १५५ | १४५ | १२४८ |
| | २४ | रामेछाप | ९२६ | १५८ | ११७ | १२०१ |
| | २५ | दोलखा | ९९३ | १४६ | १३१ | १२७० |
| | २६ | सिन्धुपाल्चोक | १२५१ | १५१ | १४१ | १५४३ |
| | २७ | रसुवा | ३५६ | ५३ | ३८ | ४४७ |
| | २८ | धादिङ | १२८१ | २०७ | १५४ | १६४२ |
| | २९ | नुवाकोट | ११८५ | २०५ | १६९ | १५५९ |
| | ३० | काठमाडौं | २०५८ | ७९५ | ७२५ | ३५७८ |
| | ३१ | ललितपुर | १०१० | ३०१ | २५६ | १५६७ |
| | ३२ | भक्तपुर | ८७२ | २०५ | १८० | १२५७ |
| | ३३ | काभ्रेपलाञ्चोक | १७२५ | २७८ | २९२ | २२९५ |
| | ३४ | मकवानपुर | १४०७ | १८५ | १४६ | १७३८ |
| | ३५ | चितवन | १६९३ | ४०५ | ३०९ | २४०७ |
| | | जम्मा | १५७०५ | ३२४४ | २८०३ | २१७५२ |
| गण्डकी | ३६ | नवलपरासी पुर्व | ८८० | १७० | १३१ | ११८१ |
| | ३७ | स्याङ्जा | १८५९ | ४३० | ३१० | २५९९ |
| | ३८ | तनहुं | १९४६ | ३९३ | ३२६ | २६६५ |
| | ३९ | गोरखा | १५५८ | २७६ | २३८ | २०७२ |
| | ४० | मनाङ | १३२ | ३९ | २१ | १९२ |
| | ४१ | लमजुङ | १३०३ | २५७ | १९२ | १७५२ |
| | ४२ | कास्की | १६२९ | ३८३ | ३७८ | २३९० |
| | ४३ | पर्वत | ११८३ | २६९ | २२९ | १६८१ |
| | ४४ | बाग्लुङ | १४०१ | २६७ | २११ | १८७९ |
| | ४५ | म्याग्दी | ६९९ | १७५ | ११५ | ९८९ |
| | ४६ | मुस्ताङ | २३२ | ५२ | ४२ | ३२६ |
| | | जम्मा | १२८२२ | २७११ | २१९३ | १७७२६ |
| लुम्बिनी | ४७ | रूपन्देही | १५२५ | २९१ | २७१ | २०८७ |
| | ४८ | नवलपरासी पश्चिम | ६२२ | १४० | ९७ | ८५९ |
| | ४९ | कपिलवस्तु | ९९६ | १५९ | १४० | १२९५ |

| प्रदेश | सि.नं. | जिल्ला | दरवन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | जम्मा |
| | ५० | अर्घाखांची | ११५५ | १९३ | १८१ | १५२९ |
| | ५१ | पाल्पा | १५९६ | ३२२ | २४६ | २१६४ |
| | ५२ | गुल्मी | १४७२ | २८२ | २५७ | २०११ |
| | ५३ | रुकुम पुर्व | २६० | ३७ | ४१ | ३३८ |
| | ५४ | रोल्पा | ८४२ | १४१ | ६३ | १०४६ |
| | ५५ | प्यूठान | ८४९ | १२४ | ११८ | १०९१ |
| | ५६ | दाङ | १२४० | २७८ | २२२ | १७४० |
| | ५७ | बांके | ८२७ | १८३ | १५२ | ११६२ |
| | ५८ | बर्दिया | ८६२ | १८४ | १५४ | १२०० |
| | | जम्मा | १२२४६ | २३३४ | १९४२ | १६५२२ |
| कर्णाली | ५९ | रुकुम पश्चिम | ५१५ | ९३ | ५७ | ६६५ |
| | ६० | मुगु | ३३६ | ६४ | ४५ | ४४५ |
| | ६१ | डोल्पा | ३८५ | ५५ | ३६ | ४७६ |
| | ६२ | हुम्ला | ३१९ | ७५ | २४ | ४१८ |
| | ६३ | जाजरकोट | ६२१ | १०७ | ५३ | ७८१ |
| | ६४ | जुम्ला | ४४० | ८० | ६० | ५८० |
| | ६५ | कालिकोट | ४५३ | ८६ | ६५ | ६०४ |
| | ६६ | सल्यान | ८८४ | १०३ | ९१ | १०७८ |
| | ६७ | सुर्खेत | ११९७ | २४५ | १५६ | १५९८ |
| | ६८ | दैलेख | ८७८ | १०८ | ९१ | १०७७ |
| | | जम्मा | ६०२८ | १०१६ | ६७८ | ७७२२ |
| सुदुरपश्चिम | ६९ | कैलाली | १०६३ | २०९ | १४४ | १४१६ |
| | ७० | डोटी | ७२४ | १४६ | ९१ | ९६१ |
| | ७१ | अछाम | ८३५ | १५७ | ८१ | १०७३ |
| | ७२ | बाजुरा | ५४१ | १३३ | ७२ | ७४६ |
| | ७३ | बझाङ | ८२६ | १२४ | ११५ | १०६५ |
| | ७४ | दार्चुला | ८०१ | १२२ | १०१ | १०२४ |
| | ७५ | बैतडी | ९४३ | १८५ | १६९ | १२९७ |
| | ७६ | डडेलधुरा | ५९८ | १५७ | ९२ | ८४७ |
| | ७७ | कञ्चनपुर | ८६९ | २०६ | १४२ | १२१७ |
| | | जम्मा | ७२०० | १४३९ | १००७ | ९६४६ |
| | | कूल जम्मा | ८०१७६ | १६२२४ | १२७२५ | १०९१२५ |

स्रोत : शिक्षा विभाग, सानोठिमी भक्तपुर

श्री ५ को सरकार
# शिक्षा तथा खेलकूद मन्त्रालय

(विद्यालय प्रशासन शाखा)

फोन नं. ४११७० / ४१२०१ / ४१८७८ / ४१८७८

केशरमहल,
काठमाडौं, नेपाल

पत्र संख्या:- शवि. प्र. ०५८/०५९
चलानी नं.:- २

मितिः २०५९।४।१

**विषयः–** अवकाश प्राप्त गैह्र नेपाली नागरिक शिक्षक बारे ।

श्री विद्यालय शिक्षक किताबखाना,
ताहाचल, काठमाडौं ।

श्री ५ को सरकार (मं. प.) बाट मिति ०५९।३।२० मा श्री ५ को सरकारबाट अनुदान प्राप्त सार्वजनिक (सामुदायिक) विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा शैक्षिक सत्र २०४६।४७ सम्म एक शैक्षिक सत्र पूरा गरी अस्थायी रुपमा सेवा गरी सेवाबाट अवकाश भएका र हुने गैह्र नेपाली नागरिक शिक्षकहरुलाई निम्नानुसारको रकम एकमुष्ट रुपमा प्रदान गर्ने भन्ने निर्णय भएकोले निर्णयानुसार गर्नु गराउन हुन अनुरोध गरिन्छ ।

क) ५ वर्षदेखि १० वर्ष सम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको तलब बराबरको आधा महिनाको तलब रकम ।

ख) १० वर्ष भन्दा बढी १५ वर्षसम्म नोकरी गरेका शिक्षकहरुले आफूले कार्य गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको एक महिनाको तलब रकम ।

ग) १५ वर्ष भन्दा बढी नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको डेढ महिनाको तलब रकम ।

शाखा अधिकृत

बोधार्थ:-
श्री शिक्षा विभाग,
सानोठिमी, भक्तपुर ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालय,
पूर्वाञ्चल / मध्यमाञ्चल / पश्चिमाञ्चल / मध्यपश्चिमाञ्चल / सुदूरपश्चिमाञ्चल ।

क्षे. श. शि. नि. प. पोखरा
दर्ता नं ११६
मिति ४।२२

नेपाल सरकार
# शिक्षा मन्त्रालय
(..............................विद्यालय शिक्षा...........शाखा)

फोन नं. ४४११७०४, ४४१२०१३, ४४१८१९१, ४४१८७८४

केशरमहल, काठमाडौं, नेपाल ।

पत्र संख्या:- २०६६/०६७

चलानी नं.:- ९८६

मिति: ........२०६६।०४।१४.......

विषय :- **निर्देशन बारे ।**

श्री विद्यालय शिक्षक किताबखाना,
ताहाचल, काठमाण्डौ ।

त्यस किताबखानाको च.नं. ४८३७ मिति २०६६।०३।१६ को निवृत्त गैर नेपाली नागरिक शिक्षक सुविधा निर्धारण सम्बन्धमा माग भएको निर्देशन पत्रमा कारवाही हुँदा शिक्षा नियमावली २०५९ को परिच्छेद २० को व्यवस्था अनुरुप स्थायी शिक्षकले नियमानुसार पाए सरहको सुविधा गैर नेपाली नागरिक स्थायी शिक्षकले पनि पाउने व्यहोरा मिति २०६६।०४।०८ को निर्णयानुसार अनुरोध गरिन्छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
# विद्यालय शिक्षक किताबखाना

प.सं.
च.नं. २८७४

छाउनीमार्ग, काठमाण्डौ ।

मितिः- २०६७।११।०१

**विषयः- शिक्षकहरुको अनिवार्य अवकाश सम्बन्धमा शिक्षा नियमावलीमा भएको संसोधन वारे ।**

श्री जिल्ला शिक्षा कार्यालय,
..७५.......... ।

शिक्षा नियमावली २०५९ को नियम १३१(१) अनुसार शिक्षकहरुको अनिवार्य अवकाश प्रयोजनको लागि उमेर गणना गर्दा नोकरीमा प्रवेश गरेको बेला निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेखित वा सो नभए नोकरीमा प्रवेश गरेको बेलामा निजले लेखिदिएको जन्ममिति वा वर्षबाट कायम हुन आउने उमेरको आधारमा गणना गर्ने व्यवस्था भएकोमा शिक्षा नियमावली २०५९ मा हालै मिति २०६७।१०।०९ मा भएको छैठौं संशोधनले यस व्यवस्थामा परिवर्तन भई "निजहरुले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र वा सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेर गणना गरिनेछ" भन्ने व्यवस्था कायम भएको सन्दर्भमा शिक्षकहरुलाई सेवाबाट अनिवार्य अवकाश गर्दा निम्नानुसार गरी पठाउनुहुन मिति २०६७।१०।२७ को निर्णयानुसार अनुरोध गरिएको छ ।

(१) साविक (संशोधन हुनु पूर्व) को शिक्षा नियमावलीमा भएको व्यवस्था अनुसार यस अघि नै वैयक्तिक तथा नोकरी) विवरण (सिटरोल) फाराम प्रमाणित गरी त्यस कार्यालयमा पठाई सकिएका कतिपय शिक्षकहरुको सम्बन्धमा समेत हाल संशोधित नियम अनुसार जन्ममिति वा उमेरमा फरक पर्न जाने देखिएको र यसबाट उनीहरुको अनिवार्य अवकाश हुनु पर्ने मितिमा फरक पर्न जाने भएकोले यस अघि जुन जन्ममिति कायम गरी पठाईएको भएपनि हालको संशोधित नियम अनुसार कुनै शिक्षकको जन्ममितिमा फरक पर्न गएमा संशोधित नियमानुसार अनिवार्य अवकाश गर्ने ।

(२) हाल सम्म अनिवार्य अवकाश नभएका तर संशोधित नियमावली अनुसार यस अघि नै कुनै शिक्षकको अनिवार्य अवकाश भई सक्नुपर्ने देखिएको अवस्थामा समेत सेवा अवधी मिति २०६७।१०।०९ सम्म कायम हुने गरी यथाशिघ्र अनिवार्य अवकाश गर्ने ।

वोधार्थः-

श्री शिक्षा मन्त्रालय, विद्यालय शिक्षा शाखा केशरमहल ।

२०६७।११।१

नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

☎ [illegible]

Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्र संख्या : ०६९/७०
चलानी नं. : [illegible]

मिति : २०६९।११।१६

विषय : निर्देशन सम्बन्धमा ।

श्री विद्यालय शिक्षक कितावखाना
स्वजयम्भमार्ग, छाउनी ।

प्रस्तुत विषयमा तहाँको च.नं. ४९३० मिति २०६९।११।१३ को पत्रवाट विभिन्न जिल्लाहरुवाट ६० वर्ष उमेर पुगी अनिवार्य अवकाश भई निवृत्तभरणको सुविधाका लागि सिफारिश भई आउने कतिपय शिक्षकहरुको अवकाश पाउने मिति भन्दा पछि वढुवा सिफारिश भई नियुक्ति पाएको प्रमाणका आधारमा उक्त वढुवा कायम गरी सुविधा निर्धारण गर्न द्विविधा हुन गएको हुँदा सो सम्वन्धमा निर्देशन हुन भनी लेखि आएको । कुनै शिक्षक अनिवार्य अवकाश भइसकेपछि वढुवा नियुक्तिका लागि सिफारिश हुने वा वढुवा नियुक्ति पाउने अवस्था सामान्यतया आउँदैन । शिक्षकहरुको विभिन्न अभिलेखहरुमा जन्ममिति फरक फरक उल्लेख भएको वा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १३१ को (१) अनुसार गणना गर्दा कार्यरत रहिरहेको अवस्था भन्दा अगाडिकै मितिदेखि अनिवार्य अवकाश पाउने अवस्था देखिएर सोही कारणले अगाडिकै मितिदेखि लागू हुने गरी अनिवार्य अवकाश दिनुपर्ने अवस्था आएमा मात्र वढुवा सिफारिश र नियुक्ति सम्वन्धी उक्त समस्या आउने हुँदा अनिवार्य अवकाश हुने भनी नियमानुसार ठहर भएको मितिपछि भए गरिएका सिफारिश र सो वमोजिम भएको वढुवा नियुक्ति समेत स्वतः निस्कृय हुने हुँदा यस प्रकृतिका समस्या भएका शिक्षकहरुका सम्वन्धमा सोही वमोजिम गर्ने व्यवस्था हुन आयोगको मिति २०६९।११।१६ को निर्णयानुसार अनुरोध छ ।

२०६९।११।१६

(नारायणप्रसाद भट्टराई)
निमित्त प्रशासकीय प्रमुख

नेपाल सरकार
# शिक्षा मन्त्रालय
(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

०७१/७२
पत्र संख्याः-
चलानी नं.:- ८४

मिति : २०७१।०५।२०

विषय : परिपत्र

द.नं. १०५९
०७१।५।२६

श्री शिक्षक सेवा आयोग, सानोठिमी ।
श्री शिक्षा विभाग, सानोठिमी ।
श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
श्री अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी ।
श्री शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।
श्री शिक्षाको लागि खाद्य परियोजना, नक्साल ।
श्री व्यवसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना (EVENT), सुविधानगर ।
श्री युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग, केशरमहल ।
श्री प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सानोठिमी ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन, ललितपुर ।
श्री केशर पुस्तकालय, केशरमहल ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय,
पुर्वाञ्चल/मध्यमाञ्चल/पश्चिमाञ्चल/मध्यपश्चिमाञ्चल/सुदुरपश्चिमाञ्चल ।

उपरोक्त सम्बन्धमा जि.शि.का., काठमाडौंको च.नं. ३६६, मिति २०७१।५।५ को पत्रबाट अस्थायी/करार तथा राहत कोटामा कार्यरत शिक्षकहरुले सम्पत्ति विवरण भरी पेश गर्नुपर्ने नपर्ने विषयमा निर्देशन माग भई आएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ (घ) बमोजिम अस्थायी/करार तथा राहत कोटामा कार्यरत शिक्षक समेत सार्वजनिक पद धारणा गरेको व्यक्तिको परिभाषा भित्र परेको तथा सोही ऐनको दफा ३१(क) ले सार्वजनिक पद धारणा गरेको व्यक्तिको हकमा अनिवार्य सम्पति विवरण भर्नुपर्ने व्यवस्था गरेको हुँदा सवै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनिवार्य सम्पत्ति विवरण भरी म्याद भित्र तोकिएको निकायमा वुझाउने व्यवस्था मिलाउनु हुन यस मन्त्रालयको मिति २०७१।५।२० को निर्णयानुसार अनुरोध छ ।

बोधार्थ :
श्री जिल्ला शिक्षा कार्यालय, काठमाडौं ।

५/२०
सिर्जना पौडेल
शाखा अधिकृत

१९८९

नेपाल सरकार

# शिक्षा मन्त्रालय

(........................कानुन फैसला तथा कार्यान्वयन...........शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:- १२६

मिति :- २०७२।०१।०९

विषय : ग्रेड समायोजन सम्बन्धमा ।

श्री विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी, काठमाण्डौं ।

तहाँको च.नं. ०७१।७२, प.सं. ५०८९, मिति २०७१।१०।२३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा शिक्षा नियमावली, २०५९ संशोधन सहितको नियम १०२ मा भएको व्यवस्था बढुवा नियुक्ति हुने शिक्षकको तलबमान सम्बन्धी व्यवस्था भएकोले नयाँ नियुक्ति हुने शिक्षकको हकमा यो नियम (नियम १०२) लागु नहुने व्यहोरा मिति २०७१।१२।१६ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

(लब राज जोशी)
शखा अधिकृत

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(......................................................शाखा)

प.सं. :०७३
च.नं. २१

सिंहदरवार, काठमाण्डौं
मितिः २०७३।०१।०९

विषयः कानूनी राय सम्बन्धमा

नेपाल सरकार
शिक्षा मन्त्रालय
मूल दर्ता नं.:- ६०५८
दर्ता मिति:- ०७३।१।१०

श्री शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

उपर्युक्त विषयमा त्यहाँ मन्त्रालयको पत्र संख्या ०७२।७३, च.नं. ४३५, मिति २०७२।१२।०५ को पत्र अनुसार राय माग गरिएको विषयमा यस मन्त्रालयको देहाय बमोजिमको राय रहेको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।०१।०९ को निर्णय अनुसार अनुरोध गरिन्छ ।

"कानूनको कुनै एउटा व्यवस्थाले दिएको सुविधा अर्को त्यस्तै व्यवस्थाले अन्यथा गरेकोमा बाहेक पाउने नै भन्ने बुझ्नु पर्ने हुन्छ । सामान्यतयाः सुविधा सम्बन्धी कानूनी व्यवस्थाको अर्थ गर्दा सुविधा पाउने व्यक्तिको पक्षमा गर्ने गरिन्छ । यस बाहेक सेवामा रहँदै गरेको अवस्थामा मृत्यू भई निजको पति/पत्नीले पाउने निवृत्तभरण जस्तो सुविधामा कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक सुविधा पाउने नै गरी अर्थ गर्नु न्यायसंगत हुन्छ । शिक्षा नियमावली, २०५९ को नियम ११५(२) को प्रतिबन्धात्मक वाक्यांशले दोहोरो निवृत्तभरण पाउनमा रोक लगाएको देखिन्छ तर पदमा बहाल रहेको शिक्षकले आफ्नो पति/पत्नीको निधनपछि पाउने निवृत्तभरण पाउन रोक लगाएको छैन । स्वभावैले तलब काम गरे वापत पाउने पारिश्रमिक हो भने निवृत्तभरण अवकाश पछिको सामाजिक सुरक्षण वापत पाउने हो । एकै व्यक्तिले एकै आधारमा दोहोरो सुविधा नपाउने नियम ११५(२) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था स्पष्ट छ । यस बाहेक एक व्यक्तिले अवकाश पाएपछि पुनः तलब पाउने पदमा नियुक्त भई तलब र निवृत्तभरण पाएको अवस्था यो होइन । अवकाशपछि निवृत्तभरण पाउने भएकोले पुनः तलब पाउने गरी निवृत्त भएको अवस्थालाई अवकाश भएको नमानिने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७२।१०।८ मा गरेको दोहोरो सुविधा सो सन्दर्भमा मनासिब देखिन्छ । तलब पाइरहेकै व्यक्तिले निवृत्तभरण पाउने गरी अवकाश पाउने हुँदा कानून बनाउँदा दोहोरो निवृत्तभरण नपाउने व्यवस्था गर्दा एउटा निवृत्तभरण पाउने र अर्को तलब पाउन सक्ने अवस्था स्वतः अनुमान गरिन्छ । तर कानूनले दोहोरो निवृत्त भएको बारेमा मात्र व्यवस्था गरेको छ । तलब रे निवृत्तभरण (पति/पत्नीको निधन) नपाउने स्पष्ट व्यवस्था नभएकोले पारिवारिक निवृत्तिभरण र तलबलाई दोहोरो सुविधा भन्न मिल्ने नदेखिएको ।"

२०७३।१।९
(आरती श्रेष्ठ)
शाखा अधिकृत

नेपाल सरकार
# शिक्षा मन्त्रालय

(.............................माध्यमिक शिक्षा..............................शाखा)

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:- ५४०

मिति – २०७३/०१/२१

विषय – दोहोरो सुविधा सम्वन्धमा ।

श्री विद्यालय शिक्षक किताबखाना,
ताहचल काठमाडौ ।

प्रस्तुत विषयमा त्यस किताबखानाको च.नं. २६०६ मिती २०७२।१०।०५ को पत्रको सम्वन्धमा लेखिएको छ । सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले आफुले कार्य गरेवापतको मासिक तलव र पति /पत्नी तथा नजिकको हकदार र इच्छाएको व्यक्तीको नाताले पारिवारिक निवृत्तीभरण रकम एक साथ पाउने नपाउने तथा आफ्नो निवृतीभरण पाइरहेको शिक्षकले परिवारिक निवृतीभरण आफ्नो र परिवारको नामको दुवै निवृतीभरण एकै साथ पाउने /नपाउने सम्वन्धमा द्विविधा परेको भन्ने सम्वन्धमा "पारिवारिक निवृतीभरण र तलवलाइ दोहोरो सुविधा भन्न मिल्ने नदेखिएको " भनी कानून न्याय तथा संसदीय व्यवस्था मामिला मन्त्रालयको च नं २१ मिती २०७३।०१।०९ को पत्रवाट राय(प्रतिलिपि संलग्न) प्राप्त भै कारवाहि हुदां सोही व्यहोरा तहां लेखि पठाउने भनी मिती २०७३।१।२१ मा सचिवस्तरीय निर्णय भएको व्यहोरा अनुरोध गरिन्छ ।

कृष्ण गोपाल श्रेष्ठ
शाखा अधिकृत

नेपाल सरकार
शिक्षा मन्त्रालय
**विद्यालय शिक्षक किताबखाना**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ४६७२८२३
४२८३०२३
४६७०७५७
फ्याक्स
४२८४९००

प.सं.२०७२/०७३
च.नं.५३८५

मितिः- २०७३।०३।०८

विषयः- निर्णयको जानकारी ।

श्री जिल्ला शिक्षा कार्यालय
सवै

शिक्षा विभाग, सानोठिमी भक्तपुरमा जिल्ला शिक्षा अधिकारीहरुको वेरुजु फछ्यौंट सम्बन्धी मिति २०७३।०३।०८ गते भएको गोष्ठीमा शिक्षा सचिव श्रीमान् विश्व प्रकाश पण्डितज्यू, शिक्षा विभागका महानिर्देशक श्री खगराज वराल र विद्यालय शिक्षक किताबखानाका महानिर्देशक श्री शेरबहादुर ढुङ्गानाको सहभागितामा भएको वैठकमा देहायका विषयमा भएको छलफल ताहाँको जानकारीको लागि अनुरोध छ ।

१. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व सम्बन्धित राष्ट्र सेवकको भएकोले तोकिएको अवधी भित्र तोकिएको निकायमा सम्पत्ति विवरण बुझाउने ।
२. विद्यालय शिक्षक किताबखानामा शिक्षकले पाउने सुविधा सम्बन्धी कागजातमा जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित भएको हुनुपर्ने । न्युनतम प्रमाण पुगेका कागजातहरु सूची वनाई सुविधाका लागि फाइल साथ पठाउने ।
३. सुरु नियुक्ति पत्र, बढुवा नियुक्तिको पत्र छैन, केवल हाजिर भएको पत्रका आधारमा विद्यालय शिक्षक किताबखानाबाट सुविधा उपलब्ध गराउन सहज नहुने ।
४. निवृत्तिभरण पाउने अवधी अघि निधन भएको शिक्षक सवै जसो सरकारी कामको सिलसिलामा निधन भएको भनी प्राप्त कागजातलाई मात्र आधार मान्न नसकिने अवस्था रहने ।
५. शैक्षिक योग्यता, नागरिकता आदि कागजात जन्ममिति, आदी केरमेट गरेकोलाई कीर्ते र जालसाजी मानिने र कारणीले पाउने सजायको मतियारले आधा सजाय पाउने । यस्ता कार्य गैरकानूनी कार्य हुने ।
६. राष्ट्र सेवकले सञ्चयकोष परिचय पत्र समयमै वनाउने ।
७. स्थायी नियुक्ति पत्र फेला पर्न नसकेको अवस्थामा सो प्रमाणित हुने कागजात साथ किताबखानामा पठाउने ।
८. शिक्षा नियमावली २०५९ को दफा ९५ को उपनियम (५) अक्षरश पालन गर्ने । आजका मिति सम्म नियुक्ति पाएका शिक्षकले अनुसूची १६ (सोह्र) बमोजिमको ढाँचामा वैयक्तिक तथा नोकरी विवरण फारम (सिटरोल) भर्न बाँकी भए भरी ३ महिना भित्र किताबखानामा अनिवार्य रुपमा दर्ता गराई सक्ने । सो नगर्ने शिक्षक उपर नियमानुसार कार्यवाही हुने भनि जिल्ला शिक्षा कर्यालयले जानकारी गराउने ।

०७३।३।१०
(दामोदर चापागाई)
उपनिर्देशक

वोधार्थः
श्री शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर ।

(१०)

नेपाल सरकार
# शिक्षा मन्त्रालय

(.................................... शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:- ९८३

विद्यालय शिक्षक किताबखाना
ताहचल, काठमाडौं
दर्ता नं. ३९९४
मिति: २०७३।८।१६

मिति-२०७३/०८/१४

विषय -निर्देशन वारे ।

श्री विद्यालय शिक्षक किताबखाना,
ताहचल, काठमाडौं ।

उपरोक्त विषयमा शिक्षा ऐन,२०२८ (संशोधन सहित) को दफा ११ (च)को उपदफा (७) मा सम्वत २०५२ साल र तत्पश्चात भएका विज्ञापनवाट स्थायी नियुक्ती भएका वा उपदफा (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको विज्ञापनवाट स्थायी हुने शिक्षकले अवकास हुदा निवृत्तिभरण पाउने अवस्था नभएमा सो प्रयोजनको लागि निजको ७ वर्ष सम्मको अस्थायी सेवा अवधि जोडन सकिने व्यवस्था रहेको छ । यस सन्दर्भमा तपसिल वमोजिमको विधि अपनाइ न्यूनतम निवृत्तिभरण पाउने गरी स्थायी सेवा अवधिमा अस्थायी सेवा अवधि समेत गणना गरी निवृत्तिभरण कायम गर्न तहां लेखि पठाउने गरी मिति २०७३।८।१२ मा सचिवस्तरीय निर्णय भएको हुंदा निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

तपसिल

१. अस्थायी सेवा अवधि उमेरको कारणले अनिवार्य अवकाशको अवस्थामा मात्र जोडने ।
२. न्यूनतम निवृतभरण कायम गर्न नपुग हुने सेवा अवधि मात्र जोडने ।
३. यसरी अस्थायी सेवा समेत जोडि कायम भएको नोकरी अवधि निवृत्तिभरण सुविधा वाहेकका अन्य कुनै पनि सुविधामा कायम नहुने ।
४. अस्थायी सेवा जोडने सम्वन्धमा जिल्ला शिक्षा कार्यालयवाट त्यस्तो सेवा प्रमाणित हुने कागजात सहित सिफारिस भएको हुनु पर्ने ।

वोधार्थ

श्री शिक्षा विभाग ,
सानोठिमी, भक्तपुर :- त्यस विभागवाट भानोदय मा.वि नौविस वाजुराका माध्यमिक तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री नन्द किशोर जोशीको सेवा अवधि थप गरि निवृतभरण प्रयोजनको लागि पेश हुन आएको फायल निर्णय सहित सक्कलै संलग्न छ ।

२०७३।०८।१४

कृष्ण गोपाल श्रेष्ठ
शाखा अधिकृत

६९

विद्यालय शिक्षक किताबखाना
न्यूजिल्याण्ड मार्ग, छाउनी काठमाडौं ।

फोन: ४२८४९००

प.सं. ०७३/७४
च.नं. २३९८

मिति : २०७३।९।२८

विषय :-नियुक्ति मिति सम्बन्धमा ।

श्री श्री जिल्ला शिक्षा कार्यालय, ;सवै

शिक्षा (आठौं संशोधन, २०७३) ऐन, २०२८, शिक्षा (आठौं संशोधन २०७१) नियमावली, २०५९ को १२७ क परामर्श **समिति रहने: (१)** शिक्षकहरुलाई दिइने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, वीमा वा औषधी उपचार सम्बन्धमा देखिएका समस्या समाधान गर्ने सम्बन्धमा शिक्षक किताबखानालाई आवश्यक सहयोग गर्नका लागि देहायका सदस्य रहेको एक परामर्श समिति रहने प्रावधान छ ।

यही कानुनी प्रावधान अनुसार मिति २०७३।९।२८।५ मा यस किताबखानामा बसेको परामर्श समितिको बैठक्मा देहायको निर्णय भएकाले निर्णय कार्यान्वयनका लागि अनुरोध गरिन्छ ।

नि. नं. १) '' नेपाल सरकारका शिक्षक सेवा आयोग/ क्षेत्रीय शिक्षक छनौट समिति. ........... क्षेत्र, ................शिक्षक छनौट समिति ....... ..........जिल्ला/बाट स्थायी नियुक्तिका लागि सिफारिस पत्र लिई हाजिर हुन आएका शिक्षकलाई जिल्ला शिक्षा कार्यालय/स्थायी नियुक्ति सिफारिसका आधारमा सम्बन्धित विद्यालयले नियुक्ति पत्र दिंदा पत्रको पेट बोलीमा नियुक्ति पत्र दिएको मितिअघिदेखि लागुहुने गरी स्थायी नियुक्ति पत्र दिइएको उल्लेख भएको, यस्तोमा छोटो अवधि केही दिन तथा लामो अवधि १० वर्ष अघिसम्मको पनि पाइएकोले नियुक्ति पत्र दिने जिल्ला शिक्षा अधिकारी समेतले गरेको दस्तखत मुनी मिति उल्लेख गरेको भए सोही मिति र मिति उल्लेख नगरेकोमा पत्रको सिरानमा भएको मितिलाई स्थायी नियुक्ति पत्र लागु हुने मिति कायम गरि सेवा अवधि यकीन गर्ने निर्णय गरियो ।

७३।९।२८

(शेरबहादुर ढुङ्गाना)
महानिर्देशक

शेरबहादुर ढुङ्गाना
महानिर्देशक

बोधार्थ

श्री शिक्षा मन्त्रालय, वि.व्य. शाखा, सिहदरवार

श्री शिक्षा विभाग, सानोठिमी

श्री उपनिर्देशक, सवै/श्री शाखा अधिकृत, सवै/श्री ना. सु./प्रा. स. सवै विद्यालय शिक्षक किताबखाना

सचिव,
शि. विज्ञान तथा प्रविधि मन्त्रालय ।

...गी सेवा गणना गरी सुविधा प्रदान गर्ने विषयको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नं. ९/१६-०७५/४/४ को प्रस्ताव मं.प.बै.सं. २०/०७५ मिति २०७५/४/१० को ...परिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले ...बमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ ...बमोजिम अनुरोध गरेको छु —

<u>नेपाल सरकारको निर्णय</u> —

"शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा ७ बमोजिम निवृत्तिभरण पाउने अवस्था नभई मृत्यु भएका शिक्षकको हकमा निवृत्तिभरण प्रयोजनका लागि बढीमा सात वर्षसम्मको अस्थायी सेवा अवधि मात्र जोड्न सक्ने व्यवस्था गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७५/४/१०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:- ६६।६८
चलानी नं.: ८९२

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७८/०३/१४

विषय: शिक्षकको छुट प्राविधिक ग्रेड प्रदान गर्ने आधार र प्रक्रियाहरु सम्वन्धमा ।

श्री राष्ट्रिय किताबखाना (शिक्षक)
म्युजियममार्ग,छाउनी ।

वि.स. २०५७ साल श्रावण १ गते भन्दा अघि स्थायी नियुक्ति लिइ प्राविधिक २ ग्रेड थप खाइपाइ आएका कार्यरत वा अवकाश प्राप्त शिक्षकको प्राविधिक ग्रेड रकम सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/०१/१५ को रिट नं. ०७३-WO-०७४२ मा भएको आदेश कार्यान्वयन गर्ने सम्वन्धमा देहाय वमोजिम छुट प्राविधिक ग्रेड प्रदान गर्ने आधार र प्रक्रियाहरु मिति २०७८/०१/२८ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएकाले तहाँसंग सम्बन्धित विषयमा निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

**कार्यरत शिक्षक वा अवकाश प्राप्त शिक्षकको छुट प्राविधिक ग्रेड प्रदान गर्ने आधार र प्रक्रियाहरु:**

१. शिक्षकलाई प्राविधिक ग्रेड प्रदान गर्ने सम्बन्धमा २०५७ साल आषाढ मसान्तसम्म तालिमप्राप्त गरी स्थायी भएका र प्राविधिक स्केल खाइपाइ आएका शिक्षकलाई मात्र विशेष व्यवस्था अनुसार प्राविधिक २ ग्रेड थप ग्रेड दिने व्यवस्था भएको र आर्थिक वर्ष २०७२/७३ को अन्तसम्म सो व्यवस्था साविकको शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२/०७३ मा प्रष्ट व्यवस्था भएकोले २०७३ असार मसान्तसम्म प्राविधिक ग्रेड खाइपाइ आएका र २०७३ श्रावण यता कार्यरत रहेका वा सेवा निवृत त्यस्ता शिक्षकहरुको हकमा मात्र आदेश वमोजिम ग्रेड सुविधा उपलब्ध गराउने ।

२. अर्थ मन्त्रालयको च.नं. ६६२ मिति २०७८/०१/१३ को पत्रबाट लेखि आएअनुसार प्राविधिक शिक्षकहरुले मिति २०७३/०४/०१ पश्चात पाउने १ दिनको तलव बराबरको एक ग्रेडको हिसावले प्राविधिक २ (दुई) ग्रेड वापत हुने रकमबाट भुक्तानी पाइसकेको एकमुष्ट रकम घटाइ बाँकी रकम मात्र भुक्तानी दिने व्यवस्था मिलाउने ।

३. हाल पदमा वहाल नरहेका तर २०७३/०४/०१ पछि सेवा निवृत भइसकेका २०५७ आषाढ मसान्त भित्रै तालिम प्राप्त र स्थायी नियुक्ति लिइ साविकमा प्राविधिक २ ग्रेड खाँदै आएकाको हकमा निजहरुलाई समेत २०७३/०४/०१ देखिको पाउनुपर्ने प्राविधिक ग्रेड वापतको फरक रकम उपलब्ध गराउने ।

फोन नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

४. छुट प्राविधिक ग्रेड रकम पाउने शिक्षकहरुको चालु आर्थिक वर्ष २०७७ ७८ को शुरु देखि नै तलव मानमा नै एक ग्रेडको एक दिनको तलव बराबरको दरले हुन आउने २ (दुई) ग्रेडको रकम हिसाव गरी उक्त रकमबाट भुक्तानी पाइसकेका एकमुष्ट रकम घटाइ तेस्रो चौमासिकमा अघिल्ला २ चौमासिकको थप्नुपर्ने रकम समेत विद्यालयले माग फारममा समावेश गर्ने । स्थानीय तहवाट माग फारम रुजु गरी दिनुपर्ने रकम एकीन गरी शिक्षकको तलव भत्तामा विनियोजन भएको रकमवाट निकासा दिने व्यवस्था मिलाउने ।

५. आर्थिक वर्ष २०७३ ७४ देखि २०७६/७७ सम्मको हकमा माथि बुँदा नं. २ मा उल्लेख भए वमोजिम दिनुपर्ने बाँकी रकम शिक्षकको अलग्गै माग फारम भरि भराई विद्यालयले माग गर्ने र त्यसको अलग्गै विवरण खडा गरी स्थानीय तहले फारम रुजु गरी दिनुपर्ने रकम एकीन गरी शिक्षकको तलव भत्तामा विनियोजन भएको रकमवाट विद्यालयलाई निकासा व्यवस्था मिलाउने ।

६. उपरोक्त नुसारको छुट प्राविधिक ग्रेड पाउन सक्ने शिक्षकले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिने :

(क) थप ग्रेड माग गर्ने शिक्षक हाल जुन तहमा कार्यरत रहेको हो सोही तहमा वि.स. २०५७/४/१ भन्दा अघि नै स्थायी भएको नियुक्ति पत्र । शुरु स्थायी नियुक्ति वि.स. २०५७/४/१ भन्दा अघि नै भएको तर २०७३ साल पछाडि अर्को तहमा नियुक्ति लिएको हकमा २०७३ श्रावण १ देखि सो नियुक्ति लिनु अघिको अवधि सम्म मात्र गणना गर्ने ।

(ख) वि.स. २०५७/४/१ भन्दा अगाडि तालिम प्राप्त भएको प्रमाण पत्रको प्रतिलिपी (तालिम प्राप्त शिक्षक भन्नाले प्राथमिक तहको शिक्षक भए १० महिने सेवा कालिन तालिम वा एस.एल.सी.मा ४०० पूर्णाङ्कको शिक्षा विषय लिएको, निम्न माध्यमिक तहको शिक्षक भए आइ.एड. वा शिक्षा विषय लिई कक्षा १२ उत्तीर्ण वा दश महिने सेवाकालिन तालिम लिएको र माध्यमिक तहको शिक्षक भए कम्तिमा वि.एड.वा १० महिने सेवा कालिन तालिम पुरा गरेको शिक्षक सम्झनु पर्दछ । यसका साथै वि.स. २०५७/४/१ भन्दा अगावै शिक्षा विषय लिई कक्षा १२ उत्तीर्ण वा आई.एड. वा वि.एड. उत्तीर्ण भएका प्राथमिक शिक्षक र वि.एड. उत्तीर्ण भएका निम्न माध्यमिक शिक्षकहरुलाई समेत तालिम प्राप्त शिक्षक सम्झनु पर्दछ ) ।

फोन नं.:
वेबसाइटः www.moest.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

(ग) अवकाश प्राप्त शिक्षकको हकमा माथि बुँदा नं. (क) र (ख) मा उल्लेख भएका कागजात सहित अवकाश पत्रको प्रतिलिपि समावेश गरेको हुनुपर्ने ।

७. विद्यालयले बुदा नं. ६ वमोजिमका कागजातहरु रुजु र प्रमाणित गरी रकम प्रस्ताव गरी निकासाका लागि सम्बन्धित स्थानीय तहमा माग फारम पेश गर्ने ।

८. स्थानीय तहले विद्यालयले सिफारिस गरेका कागजात हेरी रकम एकिन गरी शिक्षकको तलव भत्ता शीर्षकमा विनियोजन भएको रकमबाटै उक्त शिक्षकहरुको छुट प्राविधिक ग्रेड रकम सम्बन्धित विद्यालयको खातामा निकासा दिने, यसरी निकासा दिन विनियोजित रकमबाट नपुगहुने भएमा नपुग हुने रकम एकिन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा माग गरी पठाउने ।

९. विद्यालयले प्राप्त निकासा रकमबाट सम्बन्धित शिक्षकलाई भुक्तानी गर्ने व्यवस्था गर्ने ।

१०.सेवा निवृत्त शिक्षकको अवकाश पछिको औषधोपचार, संचित विरामी बिदा, उपदान निवृतभरणमा छुट प्राविधिक २ थप ग्रेडले हुने थप रकम व्यवस्थाका लागि स्थानीय तहले आवश्यक कागजात रुजू गरी राष्ट्रिय किताबखाना(शिक्षक)लाई सिफारिस गरी पठाउने ।

११. स्थानीय तहले आगामी आर्थिक वर्षको हकमा नियमित तलवी प्रतिवेदनमा नै प्राविधिक ग्रेड समावेश गरी पारित गर्न राष्ट्रिय किताबखाना(शिक्षक)मा पेश गर्ने व्यवस्था मिलाउने ।

१२. केही शिक्षकहरुले २०७१ श्रावण देखि नै जिल्ला शिक्षा कार्यालयले ग्रेड कटौती गरेकोले सो समेत पाउनुपर्छ भनी माग गरेको र सम्मानित सर्वोच्च अदालतको आदेशमा २०५७ साल श्रावण १ गते भन्दा अगाडि नियुक्तिपाई प्राविधिक २ ग्रेड थप खाइपाइ आएका शिक्षकहरुले उपरोक्त अनुसार भुक्तानी पाउन बाँकी रहेको भए सो समेत भुक्तानी गर्न गराउन भनी परमादेश जारी भएकाले यस्ता शिक्षकको हकमा विद्यालयले माथि बुदा नं. ६ मा उल्लेख भएका कागजातका अतिरिक्त आर्थिक वर्ष २०७०/७१ को तेश्रो चौमासिक माग फारमको प्रतिलिपि र तलवी भरपाई तथा २०७१ श्रावणदेखि २०७३ आषाढ सम्मको माग फारम र तलवी भरपाइको प्रतिलिपि सहितको विवरण सहित स्थानीय तहमा पेश गर्ने । स्थानीय तहले त्यस्तो विवरण रुजु तथा एकिकृत गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने । शिक्षा विकास तथा समन्वय इकाइले

फ्याक्स नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

जिल्लाभरिको विवरण एकीकृत गरी भुक्तानी गर्न बाँकी रहे नरहेको कार्यालयमा रहेको अभिलेख भिडाई एकिन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्नेछ । यस्ता शिक्षकहरुको आर्थिक वर्ष २०७३/७४ देखि यताको हकमा माथि उल्लेख भएबमोजिम अन्य शिक्षकहरु सरह नै गर्ने ।

१३. छुट प्राविधिक ग्रेड एकिन गर्दा देहायका विषयहरुमा ध्यान दिनु पर्नेछ:

(क) माध्यमिक तह प्रथम श्रेणीमा कार्यरत वा माध्यमिक तह प्रथम श्रेणीमा बढुवा भएका शिक्षकहरुको बढुवा भएको मितिबाट थप प्राविधिक ग्रेड प्राप्तहुने छैन ।

(ख) मिति २०५७/०४/०१ भन्दा अघि कुनै एक तहमा नियुक्त भै प्रावधिकि ग्रेड खाइ पाइआएको शिक्षकले मिति २०५७/०४/०१ वा सो भन्दापछि अर्को तहमा खुला प्रतिस्पर्धाबाट स्थायी नियुक्ति लिएको भएमा निज शिक्षकले सो मितिबाट खाइपाइ आएको थप २ प्राविधिक ग्रेड पाउने छैन । तर एउटै तहको एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा भएको हकमा माध्यमिक तह प्रथम श्रेणी बाहेक अन्य श्रेणीको हकमा थप २ (दुई) प्राविधिक ग्रेड पाउने छ ।

(ग) स्थानीय तहले छुट प्राविधिक ग्रेड माग गरेका शिक्षकहरुको कागजात रुजु पश्चात तलवी प्रतिवेदनको कैफियत महलमा स्पष्ट रुपमा उल्लेखगरी राष्ट्रिय किताबखाना(शिक्षक)मा सिफारिस गर्नु पर्नेछ ।

(घ) वि.स. २०७३/०४/०१ पछि ग्रेड समायोजन भएका शिक्षकहरुको छुट प्राविधिक ग्रेड रकमको व्यवस्थागर्दा ग्रेड समायोजन गर्दा खाइपाइ आएको ग्रेडमा नपुग ग्रेडको रकम मात्र थप गरी मिलानगर्नु पर्नेछ ।

उपसचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## राष्ट्रिय किताबखाना
## (शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाडौं ।

प.सं. ०७९/८०
च.नं. ३६६३

मितिः-२०७९।११।१४

विषयः- पुनर्वहाली भएका शिक्षकहरुको ग्रेड सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई ।
७७ ओटै ।

प्रस्तुत सम्वन्धमा द्वन्द पिडित शिक्षक पुर्नवहाली भएकाहरुको ग्रेड निर्धारण सम्वन्धमा मिति २०७९।११।०२ को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सचिवस्तरीय निर्णय अनुसार तपसिल वमोजिम गर्ने गराउने भन्ने भएकाले ताँहा जिल्ला स्थित सबै पालिकाहरुमा जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ ।

तपसिल

१) द्वन्द पिडित शिक्षक अवकाश हुनु पुर्व सेवामा रहँदा खाइपाइ आएको ग्रेड रकमलाई वर्तमानको समान तह र श्रेणीको ग्रेड रकमले भाग गरी आउने भागफल अनुसार हुने संख्याको आधारमा ग्रेड निर्धारण गर्ने, जस्तै : कुनै प्राथमिक तह तृतीय श्रेणीको शिक्षकले २०५८ सालको शैक्षिक सत्रमा १२ ग्रेड वापत प्रति ग्रेड रु ११० का दरले रु १३२०।- भुक्तानी भै रहेकोमा विस्थापित भइ हाल २०७९ को शैक्षिक सत्रमा सोही तह र श्रेणीमा पुर्नवहाली भएको भए हालको सो तहको वार्षिक ग्रेड रकम १०९७ ले पहिले भुक्तानी भएको ग्रेड रकम १३२०।- लाई भाग गर्दा भागफल १.२० हुन आउने हुँदा निजलाई २ ग्रेड उपलब्ध गराउने ।

२) कुनै पालिकाले यस पुर्व नै द्वन्द पिडित शिक्षकहरुको तलव भत्ता निकाशा दिदा ग्रेड रकम फरक ढंगले भुक्तानी दिएको अवस्था भएमा यथासिघ्र मिलान गर्ने र ग्रेड रकम भुक्तानी नगरेको हकमा माथी बुदाँ नं. १ मा उल्लेख भए अनुसार भुक्तानी दिने व्यवस्था मिलाउने ।

२०७९।११।१४

(रामराज खकुरेल)
का.मु.उपमहानिर्देशक

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं।

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं. ४६०८

मितिः २०८१/०१/०७

विषयः ग्रेड तथा तलबी प्रतिवेदन सम्बन्धमा

श्री सम्पूर्ण गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका
सबै (७५३ वटै)

प्रस्तुत विषयमा बिक्रम सम्बत २०५७ साल श्रावण १ गतेभन्दा अघि स्थायी नियुक्ति लिई प्राविधिक २ ग्रेड थप खाईपाई आएका कार्यरत वा अवकाश प्राप्त शिक्षकको प्राविधिक ग्रेड रकम सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/०१/१५ गतेको फैसलाबाट मिति २०५७ श्रावण १ गतेभन्दा अघि नै सामुदायिक विद्यालयमा स्थायी नियुक्ति पाई तालिम प्राप्त गरी प्राविधिक २ ग्रेड थप समेत खाईपाई आएका शिक्षकहरूलाई मिति २०७३ साल यता उक्त छुट थप २ ग्रेड दिने भन्ने भए बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४१२ मिति २०७८/०३/१४ को निर्देशन पत्र प्राप्त भई यस्तो थप २ ग्रेड उपलब्ध गराउँदै आएकोमा कतिपय पालिकाहरूबाट २०५७ श्रावण पश्चात् मात्रै स्थायी नियुक्ति भएका शिक्षक समेतलाई थप प्राविधिक २ ग्रेड सिफारिस हुने र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट समेत सोही सिफारिसका आधारमा सुविधा सिफारिस भई आउने गरेको हुँदा अब उप्रान्त त्यस्ता शिक्षकले २०५७ श्रावण १ गतेभन्दा अगाडि नै प्राविधिक ग्रेड खाएको प्रमाण कागजात हेरी प्राविधिक ग्रेड सिफारिस गर्न तथा उक्त कागजात समेत व्यहोरा प्रमाणित गरी फायलसाथ संलग्न राखी पठाउनु हुन अनुरोध छ। साथै यस सम्बन्धमा निम्नानुसार गर्नुहुन अनुरोध छ।

१. २०५७ साल श्रावण १ गतेभन्दा अगावै स्थायी नियुक्ति पाई तोकिए बमोजिमको तालिम प्राप्त गरी प्राविधिक ग्रेड समेत खाईपाई आएका शिक्षकहरूलाई मात्रै थप २ प्राविधिक ग्रेड उपलब्ध हुने व्यहोरा जानकारीको लागि पुनः अनुरोध गरिएको छ।
२. २०५७ साल श्रावण १ गते वा सोभन्दा पश्चात् स्थायी नियुक्ति हुने शिक्षकले प्राविधिक ग्रेड नपाउने साथै २०५७ साल श्रावण १ गतेभन्दा अघि नै स्थायी नियुक्ति भए पनि सो मितिभन्दा अघि प्राविधिक ग्रेड नखाएका शिक्षकहरूलाई प्राविधिक ग्रेड उपलब्ध गराउन नमिल्ने।
३. २०५७ साल श्रावण १ गतेभन्दा अघि जुन तहमा स्थायी नियुक्त भई प्राविधिक ग्रेड उपलब्ध गराइएको छ निज शिक्षक हालसम्म पनि सोही तहमा कार्यरत रहेको भए मात्रै प्राविधिक ग्रेड उपलब्ध गराउने।
४. शिक्षकहरूको तलबी प्रतिवेदन स्वीकृतिको लागि सिफारिस गरी यस किताबखानामा फायल पठाउँदा प्राविधिक ग्रेड खाईपाई आएका शिक्षकको हकमा निजले मिति २०५७ साल श्रावण १ भन्दा अगावै स्थायी नियुक्ति पाएको नियुक्ति पत्र, निजले २०५७/०४/०१ अगावै तोकिए बमोजिमको तालिम प्राप्त गरेको प्रमाणपत्र, निजले मिति २०५७/०४/०१ अगावै थप २ प्राविधिक ग्रेड खाएको प्रमाण कागज र निजले शुरु स्थायी नियुक्ति पाएकै तहको माथिल्लो श्रेणीमा बढुवा नियुक्ति पाएको भए उक्त बढुवा नियुक्ति पत्र, निज हालसम्म शुरु स्थायी नियुक्ति भएको तहमा नै कार्यरत रहेको हो भन्ने प्रमाण कागज तथा प्रमाणित पत्र अनिवार्य रुपमा फायलसाथ संलग्न गर्नु पर्नेछ। ताहाँबाट प्राविधिक ग्रेड निकासा गर्नु पूर्व पनि उक्त कागज प्रमाण हेरी व्यहोरा यकीन गर्नु पर्नेछ। यसैगरी नयाँ नियुक्ति भएका शिक्षकको हकमा भने निजको स्थायी नियुक्ति पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
५. अवकाश प्राप्त शिक्षकको छुट प्राविधिक ग्रेड स्वीकृतिको लागि सिफारिस गर्दा वा ताहाँबाट सो बापतको रकम उपलब्ध गराउँदा समेत निजको मिति २०५७/०४/०१ अगावै नियुक्ति लिएको स्थायी नियुक्ति पत्र, निजले २०५७/०४/०१ अगावै प्राविधिक ग्रेड खाएको प्रमाण, निज सोही तहको माथिल्लो श्रेणीमा बढुवा भएको भए सो

युवराज पौडेल

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ०१-४६७०७५७
०१-४३८३०२३
०१-४३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं. ४६०८

बढुवा नियुक्ति पत्र र निज शुरु स्थायी नियुक्ति भएकै तहबाट अवकाश भएको अवकाश पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. माध्यमिक तह प्रथम श्रेणीमा कार्यरत शिक्षकलाई प्राविधिक ग्रेड उपलब्ध नगराउनु हुन।

७. मिति २०५७ साल श्रावण १ गतेभन्दा अगाडि कुनै तहमा स्थायी नियुक्ति भई प्राविधिक ग्रेड खाईपाई आएको शिक्षकले २०५७/०४/१ गते वा सोभन्दा पछि अर्को तहमा खुला प्रतिष्पर्धाबाट स्थायी नियुक्ति लिएको भएमा निज शिक्षकले सो मितिबाट खाईपाई आएको थप २ प्राविधिक ग्रेड पाउने छैन। तर एउटै तहको एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा हुनेको हकमा भने माध्यमिक तह प्रथम श्रेणी बाहेक अन्य श्रेणीको हकमा थप २ प्राविधिक ग्रेड पाउनेछ।

८. मिति २०५७ साल श्रावण १ गतेभन्दा अगाडि कुनै तहमा स्थायी नियुक्ति भई थप २ प्राविधिक ग्रेड खाईपाई आएको शिक्षक सोही तहको माथिल्लो श्रेणीमा बढुवा भई तलबमान निर्धारण गर्नु पर्ने भएमा निजले खाईपाई आएको प्राविधिक ग्रेडसहितको एकमुष्ठ रकमबाट शिक्षा नियमावली, २०५९ को नियम १०३ बमोजिम तलब मिलान गरी थप २ प्राविधिक ग्रेड समेत उपलब्ध गराउने गरी सिफारिस गरी पठाउनु हुन।

९. पुनर्वहाली भएका शिक्षकको हकमा ग्रेड निर्धारण गर्दा यस किताबखानाको च.नं. ३६९३ मिति २०७९/११/१४ को पत्रमा उल्लेख भए अनुसार नै गर्नुपर्नेछ। उक्त पत्र संलग्न गरिएको छ।

१०. तलबी प्रतिवेदन पारित गर्न पठाउँदा तोकिएको फरमेटमा नै पठाउनु पर्नेछ।

११. कतिपय स्थानीय तहहरूले शिक्षकहरूको तलबी प्रतिवेदन पारित गराउन विलम्ब गरेको देखिएको हुँदा अब उप्रान्त प्रत्येक शैक्षिक वर्षमा शिक्षकहरूको पहिलो त्रैमासिक तलब निकाशा गर्नु पूर्व नै तलबी प्रतिवेदन पारित गराई सोही स्वीकृत तलबी प्रतिवेदनका आधारमा मात्रै तलब निकाशा गर्ने गराउने व्यवस्था मिलाउनु हुन।

१२. तलबी प्रतिवेदन पारितको लागि फायल सिफारिस गर्दा उपर्युक्त बमोजिमका आवश्यक कागजातहरू संलग्न रहेको सुनिश्चित गरेर मात्रै सिफारिस गर्नु पर्नेछ। अन्यथा प्रमाणको अभावमा वा अपुरो प्रमाण कागजका आधारमा तलबी प्रतिवेदन पारित गर्न नसकिने व्यहोरा अग्रीम रुपमा जानकारीको लागि अनुरोध छ।

**बोधार्थ:**

श्री सम्पूर्ण ७७ वटै शिक्षा विकास तथा समन्वय इकाइहरू: उपर्युक्त बमोजिम कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्नुहुन अनुरोध छ।

९।८

**युवराज पौडेल**
**उपमहानिर्देशक**

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

प्रशा ५.१

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं।

☎ ०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं. ४८३४

मितिः २०८१/०१/२१

विषयः **निवृत्तभरण सुविधाको लागि आवश्यक कागजात सिफारिस सम्बन्धमा**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**
**सबै ७७ वटै**

प्रस्तुत विषयमा सेवा निवृत्त शिक्षकहरूको सुविधाको लागि कागजात सिफारिस गरी पठाउँदा फायलमा संलग्न गर्नुपर्ने कागजातहरूको विषयमा यस किताबखानाका पूर्व पत्रहरूद्वारा जानकारी भएकै हुनुपर्दछ तथापि कतिपय इकाइबाट कागजातहरू पूर्ण रुपमा समावेश नगरी फायल सिफारिस गर्ने गरिएको पाइएको हुँदा उक्त कागजातका आधारमा सेवा उपलब्ध गराउन बाधा पर्न गएका कारण सम्बन्धित सेवाग्राहीलाई आवश्यक नपुग कागजात लिई आउन पत्राचार गर्नु परेको हुँदा समयमा सेवा उपलब्ध नगराएको भनी यस किताबखानाप्रति समेत गुनासाहरू सुनिने गरेकोले अब उप्रान्त सेवा निवृत्त शिक्षकहरूको सुविधाको लागि फायल सिफारिस गर्दा तपसिल बमोजिमका कागजातहरू संलग्न रहेको सुनिश्चित गरेर मात्रै फायल सिफारिस गरी पठाउन हुन पुनः अनुरोध छ। साथै सम्बन्धित सम्पूर्ण शिक्षकहरूलाई तपसिल अनुसारका कागजात अनिवार्य रहेकोले सोही बमोजिम गर्न जानकारी गराई दिनुहुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

१. निवृत्तभरण/उपदान सुविधा सिफारिस पत्र
२. स्थायी नियुक्ति पत्र
३. स्थायी नियुक्ति लिई सम्बन्धित विद्यालयमा हाजिर भएको पत्र
४. विद्यालयले दिएको नियुक्ति पत्र भएमा तत्कालिन जिल्ला शिक्षा समिति वा शिक्षक छनौट समित/उपसमिति/शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिको लागि गरिएको सिफारिस पत्र
५. नोटरीबाट प्रमाणित गराई पेश गर्नुपर्ने कागजातहरूः सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू, नागरिकताको प्रमाणपत्र, तालिमको प्रमाणपत्र, इच्छाइको व्यक्ति परिवर्तन गर्नु परेको अवस्थामा निजसँगको नाता प्रमाणित पत्र, मृत शिक्षकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र, बिबाह गरेको कारण इच्छाइएको व्यक्ति परिवर्तन गर्नु परेमा बिबाह दर्ताको प्रमाणपत्र, आदि
६. निज शिक्षकको बढुवा भएको भए बढुवा पत्र
७. जिल्लान्तर वा आन्तरिक सरुवा भएको भए सरुवा, रमाना र हाजिर भएका पत्रहरू
८. राजीनामा स्वीकृति पत्र वा अनिवार्य अवकाश दिइएको पत्र तथा मृत्यु भएकाको हकमा मृत्यु खाली पत्र, मृत्यु दर्ता प्रमाणपत्र

१।२९

**युवराज पौडेल**
**उपमहानिर्देशक**

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं।
☎ ०१-५३७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

९. इच्छाइएको व्यक्ति परिवर्तन गर्नु परेमा इच्छाउने र इच्छाइएको दुबै व्यक्तिको सक्कल नागरिकता र सम्बन्धित वडा कार्यालयद्वारा जारी नाता प्रमाणित पत्र, इच्छाइएको व्यक्ति परिवर्तन गर्नुपर्ने कारणलाई पुष्टि गर्ने अन्य आवश्यक कागजातहरू

१०. स्थायी पद लियन राखी माथिल्लो पदमा बढुवा भएकाको हकमा लियन पद कहिलेदेखि कहिलेसम्म कुन विद्यालयमा राखी अस्थायी बढुवा भएको हो सो व्यहोरा खुलेको पत्र एवम् अस्थायी बढुवा नियुक्ति दिइएको पत्र

११. असाधारण बिदा/बेतलबी बिदा लिएको वा गयल कट्टी परेको वा नोकरी टुटेको भए सोको मितिसमेत खुलाई उक्त बिदा स्वीकृतिका पत्रहरू, अध्ययन बिदा लिएको भए अध्ययन बिदा स्वीकृत भएको अवधिसमेत खुल्ने गरी बिदा स्वीकृत गरिएका विद्यालय र इकाइका पत्रहरू

१२. यस किताबखानाबाट स्वीकृत फारामहरूः फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६ बमोजिम सञ्चित बिरामी बिदा प्रमाणित गरी पठाउनु पर्नेछ।

१३. सङ्केत नम्बर कायम भएको प्रमाणित सिटरोल

१४. हालसम्म सिटरोल नभर्ने शिक्षकको हकमा निजलाई अवकाश दिनुभन्दा पहिले नै निजबाट सम्पूर्ण कागजातसहितको फायल तयार पार्न लगाई ताहाँ इकाइबाट प्रमाणित गरी संकेत नम्बर कायम गर्न सिफारिस साथ फायल पठाउने र सो बमोजिम किताबखानाबाट निजको संकेत नम्बर ताहाँ प्राप्त भए पश्चात् मात्र उक्त संकेत नम्बर समेत उल्लेख गरी निजलाई अवकाश दिने र निवृत्तभरणको लागि सिफारिस गरी पठाउने।

१५. सेवा अवधिमा औषधि उपचार वापतको रकम भुक्तानी लिए/नलिएको किटानी पत्र। लिएको भए भुक्तानी लिएको मिति तथा लिएको जम्मा रकमसमेत खुलेको विद्यालय र इकाइको पत्र

१६. सेवा अवधिमा कुनै विभागीय कारवाही भए/नभएको किटानी पत्र। कारवाही भएको भए के कस्तो सजाय पाएको हो सो उल्लेख भएको विद्यालय र इकाइको पत्र

१७. सम्बन्धित शिक्षकले आफू जिम्मा रहेको सरकारी नगदी/जिन्सी बरबुझारथ गरे/नगरेको व्यहोरा खुलेको विद्यालय र इकाइको पत्र

१८. स्थायी सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित विद्यालय र इकाइको पत्र

१९. निजले नियमानुसार सेवा निवृत्त हुने अन्तिम दिन खाईपाई आएको तलब स्केल र तलब वृद्धि (ग्रेड) रकम खुलाई तलब भत्ता निकासा दिने निकायले लेखेको पत्र साथै निजले कुन मितिसम्मको तलब भत्ता भुक्तानी लिएको हो सो मितिसमेत खुलेको हुनु पर्नेछ।

२०. फरक फरक जन्ममिति उल्लेख भएका कागजातका आधारमा कुनै शिक्षकले ६० वर्षभन्दा बढी अवधिसम्म नोकरी गरेको भए निजले बढी अवधि काम गरेको मितिसमेत खुलाउने र उक्त बढी अवधिमा विभिन्न शीर्षक (जस्तैः तलब, भत्ता, महंगी भत्ता, ग्रेड वृद्धि, कर्मचारी सञ्चय कोष थप, बीमा

...राज पौडेल

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

कोष थप, चाडपर्व खर्च, पोशाक खर्च लगायत अन्य) मा खाएको जम्मा रकम उल्लेख भएको किटानी पत्र समावेश गर्नुपर्ने।

२१. प्रचलित शिक्षा नियमावलीले कुनै पनि शिक्षकलाई ६० वर्षको उमेरभन्दा भन्दा बढी उमेरसम्म नोकरी गर्ने छुट नदिएको हुँदा यस सम्बन्धमा विद्यालयहरूलाई नियमित रुपमा सूचना गरी ६० वर्षभन्दा बढी उमेरसम्म सेवा गर्ने शिक्षकहरू कार्यरत रहेको पाइएमा निजहरूको विवरण सङ्कलन गरी त्यस इकाइमार्फत यस किताबखानामा अविलम्ब जानकारी पटाउनुहोला।

२२. स्थायी अवधिमा कुनै अन्य जिम्मेवारी (जस्तैः श्रोतव्यक्ति, तालिम केन्द्रको प्रशिक्षक/विज्ञ आदि) मा खटाइएको भए सो अवधिमा निजको लियन पद कुन विद्यालयमा राखिएको हो, मितिसहित अवधि खुलेको पत्र तथा निजलाई उक्त जिम्मेवारीको लागि दिइएको नियुक्ति पत्र

२३. शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिमको नियम ३९. बमोजिमको विशेष बढुवा पाउने शिक्षकको हकमा उक्त बढुवा गरिएको पत्र

२४. उपर्युक्त सबै कागजातमा इकाइ प्रमुखद्वारा व्यहोरा प्रमाणितमा दस्तखत गरेको हुनुपर्नेछ। व्यहोरा प्रमाणित गर्दा इकाइ प्रमुखको नाम थर, पद, दस्तखत, मिति र इकाइको छाप लागेको सुनिश्चित गर्नु पर्नेछ। निमित्त इकाइ प्रमुखले गर्नु परेमा निजसँग आर्थिक अधिकार रहेको प्रमाण कागजसमेत पेश गर्नुपर्नेछ। अन्यथा अप्रमाणित कागजात वा निमित्त इकाइ प्रमुखद्वारा प्रमाणित कागजात उपर कारवाही गरिने छैन।

२५. निवृत्त शिक्षक र इच्छाइएको व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजका ३/३ प्रति फोटो साथमा ल्याउनु पर्नेछ।

२६. संलग्न कागजातको सूची (Check List) अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ।

२७. निज शिक्षकले फायलमा संलग्न कागजातहरूको सक्कल कपीसमेत अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ।

**अस्थायी सेवा अवधि जोडेर शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (७) बमोजिम निवृत्तभरण सुविधा उपलब्ध गराउनु पर्ने निवृत्त शिक्षकको हकमा आवश्यक पर्ने थप कागजातः**

१. निज सेवा निवृत्त शिक्षकलाई नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा अस्थायी नियुक्ति गरेको व्यहोरा खुल्ने नियुक्ति पत्र वा नियुक्तिमा उक्त व्यहोरा नखुलेको भएमा सो दरबन्दी नेपाल सरकारद्वारा स्वीकृत रिक्त दरबन्दी हो भनी इकाइद्वारा लेखिएको किटानी पत्र

२. जिल्ला शिक्षा कार्यालयद्वारा निजको अस्थायी नियुक्ति समर्थन गरेको समर्थन पत्र

४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

युवराज पौडेल
उपमहानिर्देशक

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

३. निजको सम्पूर्ण अस्थायी भरको अस्थायी नियुक्तिको म्याद थप गरिएका पत्रहरू। सम्पूर्ण अस्थायी अवधिका म्याद थप पत्रहरू फेला नपरेमा कम्तिमा निवृत्तभरण प्रयोजनको लागि जति अवधि थप गर्नु पर्ने हो सो बराबरको अवधि पुष्टि हुने गरी निजको अस्थायी अवधिको म्याद थप गरिएका पत्रहरू। म्याद थपका पत्रहरू उपलब्ध नभएमा उक्त अवधि भरको हाजिरी प्रमाणित र तलब भुक्तानी दिइएका तत्कालिन समयका प्रमाणित तलबी भरपाईहरू वा जिल्ला शिक्षा कार्यालयसँग तलब माग गरिएका तत्कालिन जिल्ला शिक्षा अधिकारीद्वारा प्रमाणित माग फारामहरू ।

४. अस्थायी सेवा अवधिमा सरुवा गरेको भए सरुवा तथा रमाना पत्रहरू

५. निजको अस्थायी सेवा अवधि र सेवा निरन्तरता खुलेको सम्बन्धित विद्यालय र इकाइको पत्र

६. शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा ७ बमोजिम अस्थायी सेवा अवधि जोडी निवृत्तभरण उपलब्ध गराइदिने सम्बन्धमा किताबखानालाई आफ्नो रायसहित सिफारिस गरेको सम्बन्धित विद्यालय र इकाइको पत्र

७. अस्थायी सेवा अवधि जोडेर निवृत्तभरण पाउने शिक्षकले सम्पूर्ण अस्थायी अवधिको सञ्चित बिरामी बिदाको रकम नपाउने र उक्त अस्थायी अवधि औषधि उपचारको रकम गणना प्रयोजनमा समेत प्रयोग नहुने व्यहोरा सम्बन्धित शिक्षकहरूलाई जानकारी गराइदिनुहोला।

०८१।०१।०१
युवराज पौडेल
उपमहानिर्देशक

बोधार्थः
श्री विद्यालय शिक्षा महाशाखा,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं
सम्पूर्ण स्थानीय तहहरू ७५३ वटैः उपर्युक्त अनुसार कार्यान्वयनको लागि आवश्यक निर्देशन, समन्वय तथा सहजीकरणको निम्ति अनुरोध छ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-४६७०७५७
०१-४२८३०२३
०१-४२८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं. ४८ २३

मिति: २०८१/०१/२३

विषयः परिपत्र सम्बन्धमा

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै**
**श्री सम्पूर्ण स्थानीय तहहरू ७५३ वटै ।**

प्रस्तुत विषयमा यस किताबखानाबाट प्रवाहित सेवा सुविधाहरूलाई थप सरल, सहज र व्यवस्थित बनाउँदै लैजानको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८०/१२/२१ मा तपसिल बमोजिमका विषयमा निर्णय भई सम्बन्धित सरोकारवाला निकायहरूलाई कार्यान्वयनको लागि अनुरोध गरी पत्राचार गर्न यस किताबखानालाई निर्देशन प्राप्त भएको हुँदा तपसिल अनुसारका बुँदाहरू कार्यान्वयनको सम्बन्धमा आवश्यक समन्वय, सहजीकरण तथा सहयोगको लागि पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल

शिक्षकको अनिवार्य अवकाशको सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम १३१ मा यस्तो व्यवस्था रहेको छः (१) **"कुनै शिक्षकको उमेर ६० वर्ष पूरा भए पछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ"** । त्यस्तै ऐ को नियम १३१ को स्पष्टिकरण खण्डमा उमेर गणनाको आधार सम्बन्धमा व्यवस्था गरिएको छ। जसमा **"यस नियमको प्रयोजनको लागि उमेर गणना गर्दा निज शिक्षकले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ "** भन्ने व्यवस्था रहेको छ।

कतिपय शिक्षकहरूले फरक फरक जन्ममिति उल्लेख भएका नागरिकता तथा फरक फरक जन्ममिति उल्लेख भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेश गर्ने गरेका कारण यदाकदा अनिवार्य अवकाशको मिति यकीन गर्न द्विविधा उत्पन्न हुने गरेको हुँदा यस सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०८०/१२/२१ मा निम्नानुसार गर्ने गरी निर्णय भएकोले आवश्यक कार्यान्वयन गरी सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई जानकारी समेत गराई दिनुहुन अनुरोध छ।

१. **शिक्षकबाट फरक फरक जन्म मिति उल्लेख भएका नागरिकताका प्रतिलिपि पेश हुन आएको अवस्थामा कुन जन्ममितिलाई आधार मानी अनिवार्य अवकाश दिने भन्ने विषयमाः**

क. कुनै शिक्षकले उमेर/जन्ममिति फरक फरक भएका नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपिहरू पेश गरेकोमा सम्बन्धित शिक्षकले सेवा प्रवेशको समयमा भरेको व्यक्तिगत विवरण फाराम (सिटरोल) मा संलग्न नागरिकताको प्रतिलिपिमा उल्लिखित जन्म मितिलाई आधार मान्ने। यदि प्रमाण कागजातबाट उक्त उमेरभन्दा अगावै अवकाश हुने भएको अवस्थामा सोही बमोजिम अवकाश

**युवराज पौडेल**
**उपमहानिर्देशक**

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gm...

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी, काठमाडौं।

☎ ०१-४६७०७५७
०१-४३८३०२३
०१-४३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

दिने। यसमा जुन कागज प्रमाणबाट पहिला अवकाश हुन्छ सोही आधारमा अवकाश मिति कायम गर्ने सिद्धान्त अवलम्बन गर्ने।

ख. कुनै शिक्षकले पेश गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उक्त नागरिकताको टाउकोमा तथा नागरिकताको पछाडिपट्टि वा छुट्टै संशोधन पत्र दिई पहिलो पटक नागरिकता जारी भएको मितिभन्दा पछाडिको मितिमा पुनः संशोधित जन्ममिति भनी उल्लेख गरी नागरिकता लिएको हकमा शुरुमा (पहिलो पटक) जारी भएको नागरिकताको मुख्य भागमा लेखिएको जन्म मिति वा जन्म वर्ष वा जन्म सालका आधारमा हुन आउने जन्ममितिलाई आधार मान्ने।

ग. सेवा प्रवेशको समयमा निजले सिटरोल फाराममा पेश गरेको नागरिकताको प्रतिलिपि वा पछि पेश भएको प्रतिलिपिमध्ये जुनबाट पहिले अवकाश हुन्छ सोही मितिलाई आधार मानी उमेर गणना गर्ने।

घ. कुनै शिक्षकले पेश गरेको नागरिकतामा निजको पूरा जन्ममिति उल्लेख नभई जन्म साल मात्रै उल्लेख भएको रहेछ भने त्यस्ता शिक्षकको जन्ममिति उक्त सालको बैशाख १ गते कायम गरी शिक्षा नियमावली, २०५९ को नियम १३१ बमोजिम अनिवार्य अवकाशको मिति यकीन गर्ने।

ङ. त्यसैगरी उमेर मात्रै उल्लेख भएकाको हकमा जारी मितिबाट उमेर घटाउँदा हुन आउने पूरा मितिलाई नै निजको जन्ममिति मानी नियम १३१ बमोजिम अनिवार्य अवकाशको मिति यकीन गर्ने। (जस्तैः २०३८/११/१५ मा जारी भएको नागरिकतामा जन्ममिति/उमेर १८ वर्ष उल्लेख भएकोमा निजको जन्ममिति २०२०/११/१५ हुन आउँछ)। एउटै नागरिकतामा जन्म साल र उमेर दुबै उल्लेख भएको पाइएमा जुन उमेरबाट पहिला अवकाश हुन्छ सोही मितिलाई जन्ममिति कायम गरी अनिवार्य अवकाशको मिति यकीन गर्ने। नागरिकताका अतिरिक्त शैक्षिक योग्यताका प्रमाणपत्र एवम् सिटरोलमा समेत उपर्युक्त बमोजिम जन्ममिति उल्लेख भएको पाइएमा माथिकै आधारमा जन्ममिति कायम गरी नियमानुसार अनिवार्य अवकाशको मिति यकीन गर्ने।

च. कुनै प्रमाणपत्रमा पूरा जन्ममिति नखुलाई जन्म साल वा उमेर मात्रै खुलाएको र अरु कुनैमा पूरा जन्ममिति खुलाइएको रहेछ र त्यस्ता प्रमाणपत्रहरूको जन्ममिति बीचको अन्तर एक वर्ष वा सोभन्दा कम देखिएमा पूरा खुलेको प्रमाणपत्रको जन्ममितिलाई आधार मान्ने। तर एक वर्षभन्दा बढीको अन्तर देखिएमा जुन जन्ममिति (खुलेको वा नखुलेको) बाट पहिले अवकाश हुन्छ सोही जन्ममितिका आधारमा नियमानुसार अनिवार्य अवकाश दिने।

छ. ताहाँ पालिका अन्तर्गत कार्यरत कुनै शिक्षकले आफूले शुरुमा प्राप्त गरेको नागरिकतामा उल्लिखित जन्ममितिलाई संशोधन गरी पुनः नागरिकता लिएको पाइएमा निजले प्राप्त गरेका नागरिकताका प्रमाणपत्रहरू मध्ये जुन नागरिकताको जन्ममितिबाट पहिले निजको उमेर ६० वर्ष पूरा हुन्छ सोही जन्ममितिबाट निजलाई अनिवार्य अवकाश दिइने भएको हुँदा त्यस्ता शिक्षकहरूलाई नियमावलीले व्यवस्था गरे बमोजिम ६० वर्ष उमेरभन्दा बढी अवधिसम्म सेवामा नरहने सुनिश्चितताका लागि आफ्ना उमेर खुलेका सम्पूर्ण प्रमाण कागजसहित किताबखानामा समयमै सम्पर्क राख्न जानकारी गराइदिनुहोला।

**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

ज. कतिपय शिक्षकहरूले शुरुको नागरिकतासहित फरक जन्ममिति र फरक नागरिकता नम्बर भएका पहिलो, दोश्रो हुँदै तेश्रो प्रतिलिपिसम्म लिएको फेला परेकोमा यस्ता प्रतिलिपि किताबखानामा समयमा पेश नगरी बढी अवधि नोकरी गर्ने गरेको पाइएको हुँदा यसतर्फ सम्बन्धित शिक्षकलाई समयमै आफ्ना जन्ममिति खुलेका सम्पूर्ण कागजात यस किताबखानामा पेश गर्न निर्देशन दिनुभई ६० वर्षको उमेरभन्दा बढी अवधिसम्म सेवा नगर्ने अवस्थाको सुनिश्चितता गर्नु गराउनुहोला।

**२. शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति अस्पष्ट वा फरक फरक पाइएमा:**

क. कुनै शिक्षकले सेवा प्रवेशको समयमा सिटरोल साथ पेश गरेका निजका विभिन्न तहका शैक्षिक योग्यताका प्रमाणपत्रमा फरक फरक जन्ममिति उल्लेख भएकोमा जुन तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिबाट निज पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मानी नियम १३१ अनुसार अनिवार्य अवकाशको मिति यकीन गर्ने।

ख. कुनै शिक्षकले सिटरोल साथ पेश गरेको वा पछि पेश गरेको जन्ममिति उल्लेख भएका कागजातमध्ये जुन कागजातमा उल्लिखित जन्ममितिबाट निज पहिले अवकाश हुने देखिन्छ सोही प्रमाण कागजातका आधारमा शिक्षा नियमावली, २०५९. को नियम १३१ बमोजिम अनिवार्य अवकाशको मिति यकीन गर्ने।

**३. ६० वर्षभन्दा बढी उमेरसम्म शिक्षक पदमा वहाल रहने शिक्षकबाट बढी अवधि उपभोग गरेको तलब भत्ता असुलउपर गर्ने सम्बन्धमा:**

क. शिक्षा नियमावली, २०५९ को नियम ११७ मा सम्बन्धित शिक्षकले अनुसूची- १८ बमोजिमको फाराम भरी आफू अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालयमार्फत शिक्षा विकास तथा समन्वय इकाइ र राष्ट्रिय किताबखाना (शिक्षक) लाई जानकारी उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ। यस व्यवस्थालाई कडाइका साथ लागू गर्न सम्बन्धित सम्पूर्ण विद्यालयहरूलाई निर्देशन दिनुहुन। समयमा कागजात तथा विवरण पेश नगरेकै आधारमा ६० वर्षभन्दा बढी उमेरसम्म कुनै पनि शिक्षक पदमा बहाल रहन मिल्ने हुँदैन।

ख. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९. मा कुनै पनि शिक्षकलाई ६० वर्षको उमेरभन्दा बढी अवधिसम्म शिक्षण पेशामा रहन छुट नदिएको हुँदा निजले सिटरोल साथ पेश गरेका वा पछि पेश गरेका जन्ममिति खुलेका कागजातहरू मध्ये जुन कागजातबाट निजको उमेर पहिले ६० वर्ष पूरा हुन्छ सोको आधारमा अवकाश दिई बढी अवधि सेवा गरेको देखिए सो अवधिमा निजले उपभोग गरेको तलबभत्ता असुल उपर गर्नु पर्ने देखिन्छ। त्यस्तो बढी समय कार्य गर्ने शिक्षकले उक्त समयमा

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

युवराज पौडेल
उपमहानिर्देशक

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

उपभोग गरेको सुविधा राष्ट्रिय किताबखाना (शिक्षक) बाट यकीन गर्दा बढी खाएको रकमको वास्तविक आँकडा निकाल्न कठिनाइ हुने देखिएकोले उक्त बढी अवधिमा निजले उपभोग गरेको रकम तलब भत्ता खुवाउने निकायबाट किटानी भई आएको आधारमा सो बराबरको रकम निजले पाउने औषधि उपचार, बिरामी बिदा, निवृत्तभरण लगायतका रकमबाट कट्टा गरी नियमानुसारको निवृत्तभरण अधिकारपत्र उपलब्ध गराउन उपयुक्त हुने भएको हुँदा यसरी ६० वर्षको उमेर भन्दा बढी अवधिसम्म सेवा गर्ने शिक्षकले उक्त अवधिमा विभिन्न शीर्षकमा (जस्तैः तलब, ग्रेड/तलब वृद्धि, महङ्गी भत्ता, सञ्चयकोष थप, बीमा कोष थप, प्रधानाध्यापक वापतको भत्ता, स्थानीय भत्ता, पोशाक भत्ता, चाडवाड खर्च, अन्य भत्ताहरू आदि) भुक्तानी लिएको रकम किटानी गरी नियमानुसारको सुविधाको लागि यस किताबखानामा कागजात सिफारिस गरी पठाउनु हुन। ६० वर्षको उमेरभन्दा बढी उमेरसम्म नोकरी गरी तलब भत्ता वापत उपभोग गरेको रकम निजबाट असुल उपर गर्नु भनी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र कौषी तोषाखानाबाट समेत पत्राचार भएको देखिन्छ।

ग. कुनै शिक्षकले राष्ट्रिय किताव खाना (शिक्षक) मा आवश्यक कागजात पेश नगरेका कारण निजले ६० वर्षको उमेरभन्दा बढी समयसम्म पेशामा रही ६० वर्षको उमेर नाघेपछि बढुवा समेत पाएको अवस्थामा त्यस्तो बढुवालाई बढुवा दिने सम्बन्धित निकायले बदर गर्नुपर्ने। तसर्थ कुनै शिक्षक ६० वर्षको उमेर पश्चात् बढुवा भएको पाइएमा निजलाई साविक पदमा कायम गरी निजले बढी अवधि काम गर्दा उपभोग गरेको रकम समेत किटानी साथ उल्लेख गरी नियमानुसारका सेवा सुविधाको लागि सिफारिस गरी पठाउनु हुन। यस सम्बन्धमा शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको च.नं. २७६१ मिति २०६९/११/१६ को पत्र संलग्न गरिएको छ।

घ. त्यसरी अवकाश प्राप्त हुने उमेर भन्दा पछिको बढुवाले मान्यता पाउन नसक्ने भएकोले बढुवा बदर भई आएपछि मात्र अवकास पश्चात पाउने निवृत्तभरणसमेतका सुविधाहरू यस किताबखानाबाट उपलब्ध गराइने छ।

ङ. यसरी ६० वर्षको उमेरभन्दा बढी अवधि सेवा गर्ने अवस्था आउन नदिनको लागि सम्बन्धित शिक्षकहरूलाई समयमै जानकारी गराउनेतर्फ स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइहरूले विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

४. **शिक्षकको बिरामी बिदा सञ्चित गर्ने तथा रकम भुक्तानीको लागि सिफारिस गरी पठाउने प्रक्रिया सम्बन्धमाः**

क. शिक्षा नियमावली, २०५९ को नियम १०६ को उपनियम (१) को खण्ड (ग) मा **शिक्षकले बिरामी बिदा वर्षभरिमा बाह दिन पाउने छ** भन्ने व्यवस्था रहेको छ भने ऐ को उपनियम (३) मा **"शिक्षकले बिरामी बिदा सञ्चित गर्न सक्नेछ। शिक्षकले प्रत्येक वर्ष यस्तो बिदा निरीक्षकबाट**

२०८१।१।२३
**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

**प्रमाणित गराई राख्नु पर्नेछ। कुनै व्यहोराले शिक्षक सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा वापत निजको पदाधिकार, रहेको पदमा खाईपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ"** भन्ने व्यवस्था रहेको छ।

ख. यस नियमावलीको प्रस्तुत व्यवस्था बमोजिम शिक्षकको सालबसाली रुपमा सञ्चित हुने बिरामी बिदाको अभिलेख विद्यालयमा छुट्टै रजिष्टर खडा गरी सम्बन्धित निरीक्षक/पदाधिकारीबाट प्रमाणित गराई सुरक्षित राख्ने दायित्व सम्पूर्ण रुपमा सम्बन्धित प्रधानाध्यापकको हुने भएकोले प्रत्येक शैक्षिक वर्ष समाप्त भएको १ महिनाभित्रमा शिक्षकको वार्षिक रुपमा सञ्चित रहेको बिरामी बिदा सम्बन्धित स्थानीय तहमा कार्यरत अधिकृतस्तरको शिक्षा शाखा प्रमुखबाट प्रमाणित गराउने र शिक्षा शाखा प्रमुखमा अधिकृतस्तरको कर्मचारी नभएमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतबाट बिदा प्रमाणित गराई अभिलेख सुरक्षित राख्न सम्बन्धित सम्पूर्ण प्रधानाध्यापकहरूलाई निर्देशन दिनुहुन। यससँग सम्बन्धित फारामहरूः फाराम नं. १, फाराम नं. २ र फाराम नं. ३ संलग्न गरिएको छ। फाराम नं. १ र २ विद्यालय र सम्बन्धित शिक्षकले आफुसँग सुरक्षित राख्ने। फारम नं. ३ चाहिँ सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइमा १/१ प्रति राखी १ प्रति यस किताबखानामा इमेल गरी पठाइदिनुहोला। इमेल ठेगानाः stroedu@gmail.com

ग. शिक्षकको अवकाश पश्चातको सञ्चित बिरामी बिदा प्रमाणीकरणको लागि प्रधानाध्यापकले स्थानीय तहमा पेश गर्दा विद्यालयमा रहेको प्रमाणित बिदा अभिलेखका आधारमा मात्रै गर्ने र स्थानीय तहको शिक्षा शाखा प्रमुखले सो सक्कलै अभिलेख हेरी तथा आवश्यक ठानेमा सम्बन्धित शिक्षकको विद्यालयमा रहेको सक्कल हाजिरी रजिष्टरहरू समेत हेरी अध्ययन गरी विवरण सत्यापन गरी रुजु गरेपछि इकाइ प्रमुखले समेत आवश्यकता अनुसार सक्कलै बिदा रजिष्टर समेतका अभिलेख अध्ययन गरी पछिसम्म फरक नपर्ने गरी विवरण यकीन गरेर मात्रै सञ्चित बिरामी बिदा प्रमाणित गरी रकम भुक्तानीको लागि किताबखानामा पठाउने।

घ. यस किताबखानाबाट यस अघि २०७३ सालसम्मको सञ्चित बिरामी बिदा सम्बन्धित विद्यालय निरीक्षकको सिफारिसमा इकाइ प्रमुखबाट प्रमाणित गरी पठाउनु पर्ने व्यवस्था गरिएकोमा हाल विद्यालय निरीक्षक कार्यरत नै नरहेको तथा हाल संविधानतः आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत रहेको हुँदा अब उप्रान्त सेवा निवृत्त शिक्षकको सेवा अवधिको सम्पूर्ण बिदाको विवरण एकमुष्ट एउटै फाराममा (२०७३ सालसम्मको छुट्टै फाराममा पेश गर्नु नपर्ने) सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको कर्मचारीबाट सिफारिस गर्ने र सोको आधारमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट प्रमाणित गरी पठाउनु पर्नेछ।

२०८१।०९।१२

**युवराज पौडेल**
**उपमहानिर्देशक**

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।
०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

ङ. कार्यरत शिक्षकको हकमा समेत बिदा सिफारिस तथा प्रमाणित गर्ने पदाधिकारीहरूले आवश्यकता अनुसार बिरामी बिदाको सक्कल अभिलेख एवम् सम्बन्धित शिक्षकको सक्कल हाजिरी रजिष्टर समेत अध्ययन गरी पछिसम्म फरक नपर्ने गरी विवरण सत्यापन गरी पूर्ण रूपमा यकीन गरेर मात्रै रुजु तथा प्रमाणीकरणको कार्य गर्नुहोला। यसरी प्रमाणीकरण भएको विवरण अन्यथा सावित भएमा सोको सम्पूर्ण जिम्मेवारी सिफारिस गर्ने प्रधानाध्यापक र प्रमाणित गर्ने पदाधिकारीहरूले लिनुपर्ने।

च. यससम्बन्धी आवश्यक फारामहरू यस किताबखानाले विकास गरी उपलब्ध गराउनेछ।

छ. शिक्षकको सञ्चित बिरामी बिदाको अभिलेख तयार पार्ने, सो अभिलेखलाई प्रत्येक वर्ष सम्बन्धित स्थानीय तहको अधिकृत स्तरको शिक्षा शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सुरक्षित राख्ने जिम्मेवारी सम्पूर्ण रुपमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुने भएकोले उक्त कार्य नियमित तवरले अनिवार्य रुपमा निर्वाह गर्न प्रधानाध्यापकहरूलाई निर्देशन दिनुहोला।

ज. शिक्षक अवकाश भए पश्चात् प्रधानाध्यापकद्वारा पेश गरिएको सञ्चित बिरामी बिदाको विवरण सम्बन्धित पालिकाको अधिकृत कर्मचारीबाट रुजु भई सोका आधारमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट प्रमाणित भई आएको विवरणलाई अन्तिम तथा आधिकारिक विवरण मानी राष्ट्रिय किताबखाना (शिक्षक) बाट रकम भुक्तानी गर्ने गरिएको हुँदा झुट्टा तथा गलत विवरण सिफारिस वा प्रमाणित गरी पठाएका कारणबाट भुक्तानी हुन गएको रकमको विषयमा बिरामी बिदा पेश गर्ने सम्बन्धित प्रधानाध्यापक, रुजु तथा सिफारिस गर्ने स्थानीय तहको सम्बन्धित अधिकृत तथा प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखलाई सम्पूर्ण रुपमा जिम्मेवार बनाउने। यसर्थ शिक्षकको सञ्चित बिरामी बिदा सिफारिस तथा प्रमाणित गर्दा पछिसम्म फरक नपर्ने गरी यकीन गरेर मात्रै पठाउन सम्बन्धित प्रधानाध्यापक, स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइहरूले उच्च सतर्कता अपनाउनु गर्ने।

झ. मिति २०७६/०१/१७ मा तत्कालिन शिक्षा सचिवज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयः शिक्षा नियमावलीको छैटौं संशोधन २०६७/१०/०९ पश्चात् शिक्षकलाई अस्थायी नियुक्ति गर्ने प्रावधान हटी करार सेवामा मात्रै नियुक्ति गर्ने व्यवस्था कायम भएकोले त्यसरी करारमा नियुक्त शिक्षकलाई यस किताबखानाबाट सञ्चित बिरामी बिदाको रकम उपलब्ध नगराइने।

ञ. स्थायी शिक्षकहरूले अस्थायी सेवा अवधिमा सञ्चित गरेको बिरामी बिदाको रकम समेत निजको तत्काल कायम रहेको तलब स्केलका दरले हुन आउने रकम भुक्तानी दिने व्यवस्था बमोजिम सञ्चित बिरामी बिदाको रकम भुक्तानीको दर (स्थायी र अस्थायी अवधिको) फरक फरक हुने भएको हुँदा यस्ता शिक्षकको हकमा अस्थायी सेवा अवधिमा खर्च गरेको बिरामी बिदा अस्थायी अवधिकै सञ्चित बिदाबाट कटाउने र स्थायी अवधिमा खर्च भएको बिरामी बिदालाई निजको स्थायी सेवा अवधिमा सञ्चित रहेको बिरामी बिदाबाट कट्टा गर्ने व्यवस्था मिलाउने तर स्थायी सेवा अवधिमा लामो बिदा बस्नु परेको कारण स्थायी सेवा अवधिमा सञ्चित गरेको बिरामी बिदाले नपुग हुने अवस्था सिर्जना भएमा त्यस्ता शिक्षकको हकमा भने अस्थायी सेवा अवधिको सञ्चित बिरामी बिदाबाट कट्टा गरी खर्च गर्न बाधा नपर्ने।

२०८१/१/२२

**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

ट. शिक्षकको अस्थायी र स्थायी अवधिमा सञ्चित रहेका बिरामी बिदा वापत भुक्तानी हुने रकमको दर फरक फरक भएको हुँदा स्थायी तथा अस्थायी अवधिमा काम गरेका सम्पूर्ण विद्यालयगत विवरण खुलाई समष्टिगत फारामका अतिरिक्त अन्य छुट्टाछुट्टै फाराम (स्थायी अवधिको छुट्टै फाराम, अस्थायी अवधिको छुट्टै फाराम र दुबै अवधिको विवरण समेटिएको समष्टिगत फाराम) मा सञ्चित बिरामी बिदाको विवरण प्रमाणित गरी रकम भुक्तानीको लागि शिक्षक अवकाश भए पश्चात् यस किताबखानामा पठाउनु पर्नेछ। यससँग सम्बन्धित फारामहरू (फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६) संलग्न गरिएका छन्।

ठ. शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (७) बमोजिम अस्थायी सेवा अवधि जोडेर मात्रै निवृत्तभरण पाउने शिक्षकलाई अस्थायी सेवा अवधिको सञ्चित बिरामी बिदाको रकम भुक्तानी दिन नमिल्ने हुँदा सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ। यसका अतिरिक्त निजको अस्थायी सेवा अवधि औषधि उपचार रकम निर्धारण प्रयोजनको लागि समेत गणना नहुने व्यहोरा अनुरोध छ।

**बोधार्थः**
श्री विद्यालय शिक्षा महाशाखा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं

**युवराज पौडेल**
**उपमहानिर्देशक**

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८०/०८१
च.नं. ५९६०

०।८

मितिः २०८१/०३/११

**विषयः अनिवार्य अवकाश हुने शिक्षकहरूको नामावली पठाइएको सम्बन्धमा**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**
**७७ वटै**

प्रस्तुत विषयमा शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १२६ को उपनियम (२) को खण्ड (घ) बमोजिम त्यस जिल्ला अन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत रहेका शिक्षकहरूको यस किताबखानामा रहेको अभिलेख अनुसार मिति २०८१ श्रावण १ गतेदेखि २०८१ पुस मसान्तसम्म अनिवार्य अवकाश हुने शिक्षकहरूको यस किताबखानामा रहेको वैयक्तिक विवरण फायलमा संलग्न कागजातका आधारमा तयार पारिएको नामावली यसैसाथ पठाइएको छ। त्यस जिल्ला अन्तर्गत कार्यरत शिक्षकहरूलाई अनिवार्य अवकाश गर्ने सम्बन्धमा देहायका बुँदाहरूमा ध्यान दिई शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १३१ को उपनियम (१) को व्यवस्था बमोजिम गर्नुहुन यस किताबखानाको मिति २०८१/०३/०९ को निर्णयानुसार अनुरोध छ।

१. कतिपय शिक्षकहरूको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति फरक फरक हुन सक्ने भएकोले त्यस कार्यालयमा रहेको अभिलेखसँग भिडाई किताबखानाबाट पठाइएको अवकाशसम्बन्धी विवरणमा फरक पर्न गएमा सम्बन्धित शिक्षकबाट प्रमाणसहित पेश गर्न लगाई सोही बमोजिम सम्बन्धित शिक्षकलाई अनिवार्य अवकाशको जानकारी दिने। साथै कतिपय शिक्षकहरूको सिटरोल लगायत जन्ममिति खुलेका कुनै पनि कागजात यस किताबखानामा फेला नपरेका तथा निजहरूले शिक्षा नियमावली, २०५९ को नियम ११७ बमोजिमको अनुसूची-१८ फाराम अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै विद्यालय हुँदै शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस किताबखानामा पेश गर्नु पर्नेमा सो समेत नगरेका कारण निजहरूको अनिवार्य अवकाशको मिति यकीन गर्न नसकिएको हुँदा निज शिक्षकहरूका सम्पूर्ण विवरण ताहाँ इकाइबाट झिकाई नियमानुसार नियमित रुपमा अनिवार्य अवकाश दिने व्यवस्था मिलाउनुहोला। त्यस्ता शिक्षकहरूको विवरण समेत संलग्न गरिएको छ।

२. अब उप्रान्त सबै स्थायी शिक्षकहरूबाट ऐ. नियम ११७ बमोजिमको विवरण अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालयमार्फत शिक्षा विकास तथा समन्वय इकाइ हुँदै यस किताबखानामा अनिवार्य रुपमा पेश गर्ने गराउने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ।

३. नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुनबाट निजको उमेर पहिले ६० वर्ष पूरा हुन्छ, सोही आधारमा अवकाश दिने। शैक्षिक योग्यताको प्रमाणपत्रको साथमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको मूल वा प्रोभिजनल प्रमाणपत्रको प्रमाणित प्रतिलिप अनिवार्य रुपमा पेश गर्न लगाउने।

४. नेपाली नागरिकताको प्रमाणपत्रको हकमा प्रतिलिपि लिई जन्ममिति फरक परेको भए वा शुरुमा लिएको नागरिकताको प्रमाणपत्रमा जन्ममिति संशोधन गरिएको भए जुन जन्ममितिबाट निज पहिले अवकाश हुन्छ सोही जन्मितिलाई आधार

242

३।११

**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५६७०७५७
०१-४२८३०२३
०१-४२८४९००

प.सं. प्रशासन ०८०/०८१
च.नं. ४६६०

मान्ने। शुरुमा जारी भएको नागरिकता वा प्रतिलिपि नागरिकतामा उल्लिखित जन्ममिति मध्ये जुन जन्ममितिबाट पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। कुनै प्रमाणपत्रमा पूरा जन्ममिति उल्लेख नभई उमेर उल्लेख भएको पाइएमा जारी मितिका आधारमा जन्ममिति यकीन गर्ने तथा जन्म साल मात्र उल्लेख भएकोमा उक्त सालको बैशाख १ गतेलाई जन्ममिति कायम गरी उमेर गणना गर्ने।

५. यसैगरी कुनै प्रमाणपत्रमा उमेर वा जन्म साल मात्रै उल्लेख भई अरु कुनै प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ भने त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्ममितिको बिचमा एक वर्षसम्मको अन्तर रहेछ भने प्रष्ट (पूरा) खुलेको जन्ममितिलाई आधार मान्ने तर एक वर्षभन्दा बढीको अन्तर देखिएमा अघिल्लो जन्ममितिलाई आधार मानी उमेरको गणना गरी अवकाश दिने। कुनै प्रमाणपत्रमा उमेर र जन्म साल दुबै उल्लेख भएको पाइएमा जुन जन्ममितिबाट पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मानी अनिवार्य अवकाशको मिति निर्धारण गर्ने।

**६. कतिपय शिक्षकहरू शुरुमा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्ममिति संशोधन गरी संशोधित जन्ममितिको आधारमा ६० वर्ष उमेरभन्दा बढी अवधिसम्म सेवामा वहाल रहने गरेको पाइएकोले यस्तो अवस्थालाई समयमै नियन्त्रण गर्न जरुरी भएको हुँदा यस सम्बन्धमा ताहाँबाट नियमित रुपमा सूचना प्रवाह गरी विवरण सङ्कलन गरेर समयमै अवकाश दिई यस किताबखानामा जानकारी गराउनुहोला।**

७. शैक्षिक योग्यताको प्रमाणपत्रहरूमा उल्लिखित जन्ममिति फरक फरक भएमा जुन तहको शैक्षिक योग्यताको जन्ममितिबाट निज पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। दुई वा दुईभन्दा बढी वर्ष लगाई एस.एल.सी. परीक्षा उत्तीर्ण गर्नेको हकमा परीक्षा नियन्त्रण कार्यालयबाट फरक फरक जन्ममिति प्रमाणित भई आएमा जुन जन्ममितिबाट पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मान्ने। शिक्षकलाई अवकाश पत्र दिँदा वा राजीनामा स्वीकृत पत्र दिँदा अनिवार्य रुपमा सम्बन्धित शिक्षकको संकेत नम्बर उल्लेख गरेर मात्रै दिने।

८. वैयक्तिक तथा नोकरी विवरण फाराम (सिटरोल) भरी सङ्केत नम्बर कायम भएको शिक्षकको हकमा ताहाँ कार्यालयमा रहेको प्रमाणित सिटरोल सुविधा सिफारिस गरिएको फायलसाथ संलग्न गरी पठाउने र सिटरोल नम्बर कायम भएको शिक्षकको प्रमाणित सिटरोल फेला नपरे हाल एकप्रति सिटरोल भराई प्रमाणित गरी अनिवार्य रुपमा सिफारिस फायलसाथ पठाउने।

९. कुनै पनि शिक्षकले शिक्षा नियमावली, २०५९ को नियम ११७ बमोजिम अनुसूची १८ बमोजिमको फाराम भरी अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालय र शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस किताबखानामा उपलब्ध गराउनु पर्नेमा सो गरेको नपाइएको हुँदा निजले यस किताबखानामा सिटरोलसाथ पेश गरेका कागजातका आधारमा मात्रै अनिवार्य अवकाशको मिति यकीन गरिएको हुनाले कतिपयको सिटरोलमा पूर्ण कागजात नरहेको तथा

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना (शिक्षक) म्युजियम मार्ग, छाउनी, काठमाडौं

प.सं. प्रशासन ०८०/०८१
च.नं. ४९६०

सम्बन्धित निकायहरूमा पत्राचार गर्दा समेत कागजात प्राप्त नभएका कारण ताहाँबाट समेत पुनः सम्बन्धित शिक्षकका कागजात अध्ययन गरी अनिवार्य अवकाशको मिति यकीन गरी अनिवार्य अवकाश दिनुहोला। साथै किताबखानाबाट प्रकाशित अनिवार्य अवकाशको सूचीमा नपरेका तर त्यहाँ रहेको अभिलेख तथा कागजातबाट ६० वर्ष पूरा भई सकेका वा पूरा हुने देखिएका शिक्षकलाई शिक्षा नियमावली, (संशोधनसहित) २०५९ को निर्दिष्ट व्यवस्था बमोजिम नियमित रुपमा अनिवार्य अवकाश दिनुहोला।

१०. अनिवार्य अवकाश हुने शिक्षकको नाम थर, जन्ममिति, विद्यालय, तह, श्रेणी, अवकाश मिति आदि फरक परेको देखिएमा सम्बन्धित शिक्षकको निवेदन, विद्यालयको पत्र तथा ताहाँ रहेको अभिलेखको आधारमा यकीन गरी अवकाश गर्ने।

११. अधिकांश शिक्षकहरूले किताबखानामा विवरण अद्यावधिक नगराएका कारण निजहरूको प्रकाशित विवरण फरक परेमा संकेत नम्बरका आधारमा ताहाँबाटै व्यक्ति यकीन गरी जिल्लान्तर वा आन्तरिक सरुवा भएको भए सोही स्थानमा अवकाशको जानकारी वा सूचना पठाउने।

१२. शिक्षा नियमावली, (संशोधनसहित) २०५९ को नियम १३१ अनुसार कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालय शिक्षा सेवाबाट अवकाश दिने।

१३. ताहाँ इकाइबाट प्रमाणित भई आएको सञ्चित बिरामी बिदाको विवरणका आधारमा बिरामी बिदाको रकम भुक्तानी गरिने हुँदा आवश्यकता अनुसार शिक्षकका सेवा प्रवेशदेखि सेवा निवृत्त अवधिसम्मका तत्कालिन हाजिरी रजिष्टर लगायत बिदाका अभिलेखहरू ताहाँबाटै हेरी जाँची पछिसम्म फरक नपर्ने गरी यकीन गरी उक्त विवरण यस किताबखानाबाट उपलब्ध गराइएका बिदासम्बन्धी फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६ पूर्ण रुपमा भरेर प्रमाणित गरी पठाउनुहोला। फारामहरू पुनः संलग्न गरी पठाइएको छ।

१४. विद्यालयले स्थायी नियुक्ति दिएका शिक्षकको हकमा तत्कालिन जिल्ला शिक्षा कार्यालयले स्थायी नियुक्तिका लागि सिफारिस गरी पठाएको पत्र तथा जिल्ला शिक्षा समितिबाट नियुक्तिको लागि गरिएको निर्णयको प्रतिलिपि प्रमाणित गरी पठाउने र सम्पूर्ण फोटोकपि कागजातहरूमा अनिवार्य रुपमा इकाइ प्रमुखबाट **"व्यहोरा प्रमाणित"** भन्ने लेखी प्रमाणित गरी पठाउनु पर्नेछ।

१५. बाँकी विषयको सम्बन्धमा यस किताबखानाको मिति २०८१/०१/२१ र २०८१/०१/२३ का प्राप्त पत्रहरू बमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ। उक्त पत्रहरू पुनः संलग्न गरी पठाइएको छ।

**बोधार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (विद्यालय शिक्षा महाशाखा), सिंहदरवार, काठमाडौं
श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर
श्री सम्पूर्ण ७५३ वटै स्थानीय तहहरूः आवश्यक सञ्चार, समन्वय तथा सहजीकरणको लागि अनुरोध छ।

**युवराज पौडेल**
**उपमहानिर्देशक**

१०८

१५ "कुनै पनि कर्मचारी अवकास हुने मितिभन्दा पछिसम्म सेवामा रहि तलव भत्ता खाई रहेको भएमा त्यस्तो रकम निजले फिर्ता गर्नै ईच्छा भएमा फिर्ता गराई निवृत्तभरण अधिकारपत्र तयार गर्न सकिने मञ्जुरी नभएमा निजले पाउने पेन्सनवाट पनि हिसाव मिलान हुन सक्ने" साविक कौषी तोषाखाना कार्यालय हाल निबृत्तभरण व्यवस्थापन कार्यालय, काठमाडौंको च. नं. १६४७, मिति २०६३।९।२३ को पत्रबाट विद्यालय शिक्षक किताबखानामा लेखि आए अनुसार। विद्यालय शिक्षक किताबखाना दिग्दर्शन २०७२ पाना १२३

**फाराम नं १ [बहालवाला शिक्षकहरूको लागि]**

श्री ........................................आधारभूत/माध्यमिक विद्यालय

स्थानीय तहको नामः ......................., वडा नं. ......... टोलः ......... जिल्लाः .........................

**शिक्षकको स्थायी सेवा अवधिको बिदा अभिलेख फारामः वार्षिक रुपमा अद्यावधिक गर्नुपर्ने (प्रत्येक शिक्षकको लागि छुट्टाछुट्टै फाराम प्रयोग गर्नुहोला)**

शिक्षकको नाम, थरः स्थायी ठेगानाः

तहः श्रेणीः

शुरु स्थायी नियुक्ति मितिः संकेत नम्बरः

स्थायी नियुक्ति लिई विद्यालयमा हाजिर भएको मितिः

असाधारण/बेतलबी बिदा लिएको वा गयल कट्टी भएको वा सेवा टुटेको भए सोको अवधिः (.................वर्ष............ महिना............ दिन)

२०८   चैत्र मसान्तसम्म स्थायी सेवा अवधिः ...........वर्ष ..........महिना ............ दिन

२०८   चैत्र मसान्तसम्ममा नियमानुसार पाक्न सक्ने बिरामी बिदा दिनः अंकमा.................... अक्षरमा......................

२०८   चैत्र मसान्तसम्म खर्च भएको बिरामी बिदा दिनः अंकमा.................... अक्षरमा......................

२०८   चैत्र मसान्तसम्म सञ्चित बिरामी बिदा दिनः अंकमा....................... अक्षरमा......................

**उपयुक्त विवरण यस विद्यालयमा रहेका बिरामी बिदाको अभिलेखबाट पछिसम्म फरक नपर्ने गरी हुबहु उतारिएका ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहन बुझाउन तयार छौं भनी दस्तखत गर्ने सम्बन्धित शिक्षक र सिफारिस गर्ने प्रधानाध्यापक**

सम्बन्धित शिक्षकको दस्तखतः मितिः सम्पर्क नं.

प्रधानाध्यापकको नाम, थरः मितिः विद्यालयको छापः

दस्तखतः सम्पर्क नं.

**उपर्युक्त विवरण विद्यालयमा रहेको बिदाको प्रमाणित अभिलेख हेरी जाँची रुजु तथा प्रमाणित गरिएको सही साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।**

**सिफारिस गर्नेः शिक्षा शाखा/महाशाखाको कर्मचारी**

नामः, थरः

पदः

तहः

दस्तखतः

मितिः

**प्रमाणित गर्नेः शिक्षा शाखा/महाशाखा प्रमुख**

नाम, थरः

पदः

तहः

दस्तखतः

मितिः

स्थानीय तहको छापः

नोटः यो फाराम प्रत्येक वर्ष बैशाख मसान्त भित्र प्रमाणित गरी सम्बन्धित विद्यालय र शिक्षकले आफूसँग सुरक्षित राख्नु पर्नेछ। शिक्षा शाखा प्रमुखमा अधिकृतस्तरको कर्मचारी कार्यरत नरहेको अवस्थामा बिदा प्रमाणित गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ।

**फाराम नं २ [बहालवाला शिक्षकहरूको लागि]**

श्री ..........................................आधारभूत/माध्यमिक विद्यालय

स्थानीय तहको नामः ................................................, वडा नं. ....., टोलः ........................, जिल्लाः .............................

स्थायी शिक्षकको **अस्थायी सेवा अवधिको** बिदा अभिलेख फारामः वार्षिक रुपमा अद्यावधिक गर्नुपर्ने (प्रत्येक शिक्षकको लागि छुट्टाछुट्टै फाराम प्रयोग गर्नुहोला)

| | |
|---|---|
| शिक्षकको नाम, थरः | स्थायी ठेगानाः |
| तहः | श्रेणीः |
| अस्थायी नियुक्ति मितिः | संकेत नम्बरः |

अस्थायी नियुक्ति लिई विद्यालयमा हाजिर भएको मितिः

गयल कट्टी भएको भए सोको अवधिः (.................वर्ष............ महिना............ दिन)

मिति ............................................देखि .................................... सम्म अस्थायी सेवा अवधिः ..........वर्ष .........महिना ........... दिन

अस्थायी सेवा अवधिमा नियमानुसार पाक्न सक्ने बिरामी बिदा दिनः अंकमा.................... अक्षरमा......................

अस्थायी सेवा अवधिमा खर्च भएको बिरामी बिदा दिनः अंकमा.................... अक्षरमा......................

अस्थायी सेवा अवधिमा सञ्चित बिरामी बिदा दिनः अंकमा....................... अक्षरमा......................

**उपर्युक्त विवरण यस विद्यालयमा रहेको बिरामी बिदाको अभिलेखबाट पछिसम्म फरक नपर्ने गरी हुबहु उतारिएको ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला भनी दस्तखत गर्ने सम्बन्धित शिक्षक र सिफारिस गर्ने प्रधानाध्यापक**

| | | | |
|---|---|---|---|
| सम्बन्धित शिक्षकको दस्तखतः | मितिः | सम्पर्क नं. | |
| प्रधानाध्यापकको नाम, थरः | मितिः | सम्पर्क नं. | विद्यालयको छापः |
| दस्तखतः | | | |

**उपर्युक्त विवरण विद्यालयमा रहेको बिदाको प्रमाणित अभिलेख हेरी/जाँची/अध्ययन गरी रुजु तथा प्रमाणित गरिएको सही साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।**

| **रुजु गर्नेः शिक्षा शाखा/महाशाखाको कर्मचारी** | **प्रमाणित गर्नेः शिक्षा शाखा/महाशाखा प्रमुख** |
|---|---|
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| तहः | तहः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| | स्थानीय तहको छापः |

नोटः यो फाराम प्रत्येक वर्ष बैशाख मसान्त भित्र प्रमाणित गरी सम्बन्धित विद्यालय र शिक्षकले आफूसँग सुरक्षित राख्नु पर्नेछ। शिक्षा शाखा प्रमुखमा अधिकृतस्तरको कर्मचारी कार्यरत नरहेको अवस्थामा बिदा प्रमाणित गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ।

फाराम नं ३ [बहालवाला शिक्षकहरूको लागि]

श्री ........................... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका.................................

**शिक्षकहरुको स्थायी सेवा अवधिको वार्षिक रुपमा सञ्चित रहेको बिरामी बिदाको समष्टिगत विवरण फाराम (२०८ चैत्र मसान्तसम्मको)**

विद्यालयको नाम र ठेगानाः

| क्र.सं. | शिक्षकको नाम थर | तह | श्रेणी | स्थायी नियुक्ति मिति | सङ्केत नम्बर | २०८ चैत्र मसान्तसम्मको बिरामी बिदा | | | असाधारण बिदा/बेतलबी बिदा/गयल कट्टी भए सोको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पाकेको | खर्च भएको | बचत/सञ्चित | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |

उपर्युक्त विवरण विद्यालयमा राखिएको बिदाको प्रमाणित अभिलेख रजिष्टरबाट हुबहु उतारिएको ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला भनी

पेश गर्नेः प्रधानाध्यापक
नाम, थरः
दस्तखतः
मितिः
विद्यालयको छाप

रुजु गर्नेः स्थानीय तहको कर्मचारी
नाम, थरः
पदः
दस्तखतः
मितिः

प्रमाणित गर्नेः स्थानीय तहको शिक्षा शाखा प्रमुख
नाम, थरः
पदः
दस्तखतः
मितिः
स्थानीय तहको छाप

नोटः शिक्षक संख्या बढी भएमा थप पाना प्रयोग गर्नु पर्नेछ। यो फाराम प्रत्येक वर्ष बैशाख मसान्त भित्र प्रमाणित गरी सम्बन्धित विद्यालय, स्थानीय तह, शिक्षा विकास तथा समवय इकाइमा एक/एक प्रति राखी एक प्रति किताबखानामा पठाउनु पर्नेछ। शिक्षा शाखा प्रमुखमा अधिकृतस्तरको कर्मचारी कार्यरत नरहेको अवस्थामा बिदा प्रमाणित गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ।

**फाराम नं ४ [सेवा निवृत्त शिक्षकहरूको लागि]**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव श्रोत विकास केन्द्र

शिक्षा विकास तथा समन्वय इकाइ ..................................................

सेवा निवृत्त शिक्षकहरूको **स्थायी सेवा अवधिको** सञ्चित बिदाको रकम भुक्तानी प्रयोजनको लागि विद्यालयगत रुपमा बिरामी बिदाको अभिलेख फाराम

शिक्षकको नाम, थरः सङ्केत नम्बरः तह/श्रेणीः

अवकाश प्राप्त विद्यालयको नाम र ठेगानाः

| क्र.सं. | शुरु नियुक्तिदेखि हालसम्म कार्यरत विद्यालयको नाम र ठेगाना (स्थायी सेवा अवधिको) | कार्यरत अवधि | | सो विद्यालयमा कार्यरत अवधिको बिरामी बिदा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा पाक्न सक्ने | खर्च भएको | सञ्चित/बाँकी | उक्त विद्यालयबाट रमाना हुँदा रमाना पत्रमा उल्लिखित बिरामी बिदा | कैफियत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

**उपर्युक्त विवरण विद्यालयमा रहेको बिरामी बिदाको अभिलेखबाट पछिसम्म फरक नपर्ने गरी हुबहु उतारिएको ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहन बुझाउन तयार छु भनी**

| | | |
|---|---|---|
| पेश गर्ने प्रधानाध्यापकः | रुजु तथा सिफारिस गर्ने शिक्षा शाखा प्रमुख | प्रमाणित गर्ने इकाइ प्रमुख |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः |
| विद्यालयको छापः | स्थानीय तहको छापः | शिक्षा विकास तथा समन्वय इकाइको छापः |

नोटः यो फाराम अपुग भएमा थप पाना प्रयोग गर्नुपर्नेछ ।शिक्षा शाखा प्रमुखको रुपमा अधिकृत स्तरको कर्मचारी कार्यरत नरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले रुजु तथा सिफारिसको कार्य गर्नुपर्नेछ।

**फाराम नं ५ [सेवा निवृत्त शिक्षकहरूको लागि]**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव श्रोत विकास केन्द्र

शिक्षा विकास तथा समन्वय इकाइ ........................................................

सेवा निवृत्त स्थायी शिक्षकको **अस्थायी सेवा अवधिको** सञ्चित बिदाको रकम भुक्तानी प्रयोजनको लागि विद्यालयगत रुपमा बिरामी बिदाको अभिलेख फाराम

शिक्षकको नाम, थरः सङ्केत नम्बरः तह/श्रेणीः

अवकाश प्राप्त विद्यालयको नाम र ठेगानाः

| क.सं. | अस्थायी सेवा अवधिमा कार्यरत विद्यालयको नाम र ठेगाना | कार्यरत अवधि | | सो विद्यालयमा कार्यरत अवधिको बिरामी बिदा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा पाक्न सक्ने | खर्च भएको | सञ्चित/बाँकी | उक्त विद्यालयबाट रमाना हुँदा रमाना पत्रमा उल्लिखित बिरामी बिदा | कैफियत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

**उपर्युक्त विवरण विद्यालयमा रहेको बिरामी बिदाको अभिलेखबाट पछिसम्म फरक नपर्ने गरी हुबहु उतारिएको ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहन बुझाउन तयार छु भनी**

| **पेश गर्ने प्रधानाध्यापकः** | **रुजु तथा सिफारिस गर्ने शिक्षा शाखा प्रमुख** | **प्रमाणित गर्ने इकाइ प्रमुख** |
|---|---|---|
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः |
| विद्यालयको छापः | स्थानीय तहको छापः | शिक्षा विकास तथा समन्वय इकाइको छापः |

नोटः यो फाराम अपुग भएमा थप पाना प्रयोग गर्नुपर्नेछ । शिक्षा शाखा प्रमुखको रुपमा अधिकृत स्तरको कर्मचारी कार्यरत नरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले रुजु तथा सिफारिसको कार्य गर्नुपर्नेछ।

## फाराम नं. ६ [सेवा निवृत्त शिक्षकहरूको लागि]

श्री शिक्षा विकास तथा समन्वय इकाइ ..........................................................

**सेवा निवृत्त शिक्षकको सञ्चित बिरामी बिदाको रकम भुक्तानीको लागि समटिगत विवरण फाराम**

शिक्षकको नाम, थरः स्थायी ठेगानाः

अवकाश हुँदाको तहः अवकाश हुँदाको श्रेणीः

**अस्थायी सेवा अवधि भएः**

अस्थायी नियुक्ति मितिः तहः श्रेणीः अस्थायी नियुक्ति लिई विद्यालयमा हाजिर भएको मितिः

अस्थायी सेवा अवधिः मिति ......................................देखि ..................................सम्म, जम्माः .......... वर्ष .......... महिना ........... दिन

**स्थायी अवधिको विवरणः**

स्थायी नियुक्ति मितिः तहः श्रेणीः

संकेत नम्बर (सिटरोल नम्बर): स्थायी नियुक्ति लिई विद्यालयमा हाजिर भएको मितिः

स्थायी सेवा अवधिः मितिः ................................ देखि .................................सम्म, जम्माः ......वर्ष ......महिना..........दिन

असाधारण बिदा वा बेतलबी बिदा लिएको वा गयल कट्टी भएको वा सेवा टुटेको भए सोको अवधिः ................. वर्ष .............. महिना ............... दिन

असाधारण बिदा वा बेतलबी बिदा वा गयल कट्टीको अवधि कटाई अवकाश मितिसम्मको खुद स्थायी सेवा अवधिः जम्मा ............... वर्ष ............... महिना ............. दिन

अनिवार्य अवकाश मितिः

| | अस्थायी सेवा अवधि भरको बिरामी बिदाको विवरण | | | स्थायी सेवा अवधि भरको बिरामी बिदाको विवरण | | |
|---|---|---|---|---|---|---|
| | जम्मा पाकेको बिदा | अस्थायी सेवा अवधिमा खर्च गरेको बिदा | जम्मा सञ्चित बिदा | जम्मा पाकेको बिदा | जम्मा खर्च गरेको बिदा | जम्मा सञ्चित बिदा |
| अङ्कमा | | | | | | |
| अक्षरमा | | | | | | |

**उपर्युक्त विवरण विद्यालयमा रहेको बिरामी बिदाको अभिलेखबाट पछिसम्म फरक नपर्ने गरी हुबहु उतार गरिएको ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानुन बमोजिम सहन बुझाउन तयार छु भनी दस्तखत गर्ने सम्बन्धित शिक्षक र सिफारिस गर्ने प्रधानाध्यापक**

सम्बन्धित शिक्षकको दस्तखतः मितिः सम्पर्क नम्बरः

प्रधानाध्यापकको नाम, थरः सम्पर्क नम्बरः विद्यालयको छापः

दस्तखतः मितिः

**उपर्युक्त विवरण विद्यालयमा रहेको बिदाको अभिलेख हेरी जाँची रुजु गरिएको ठीक साँचो विवरण हो। यसमा कुनै फरक पर्ने छैन। फरक परेमा कानून बमोजिम सहन बुझाउन तयार छौं भनी रुजु/सिफारिस तथा प्रमाणित गर्नेः**

**रुजु तथा सिफारिस गर्ने**

शिक्षा शाखा/महाशाखा प्रमुखको नाम, थरः

पदः

तहः

दस्तखतः

मितिः

स्थानीय तहको छापः

**प्रमाणित गर्ने**

इकाइ प्रमुखको नाम, थरः

पदः

श्रेणीः

दस्तखतः

मितिः

शिक्षा विकास तथा समन्वय इकाइको छापः

नोटः शिक्षा शाखा प्रमुखको रुपमा अधिकृत स्तरको कर्मचारी कार्यरत नरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले रुजु तथा सिफारिसको कार्य गर्नुपर्नेछ।

## सरुवा भएको शिक्षकलाई सम्बन्धित विद्यालयले दिने रमाना पत्रको ढाँचा

विषयः रमाना                                                              मितिः २०८ /  /

श्री ............................ विद्यालय .................... (शिक्षक सरुवा भई जाने विद्यालयको नाम र पूरा ठेगाना उल्लेख गर्ने)

उपर्युक्त सम्बन्धमा ................................ को मिति ................ को निर्णयानुसार ताहाँ विद्यालयको प्राथमिक/निम्न माध्यमिक/माध्यमिक तह प्रथम/द्वितीय/तृतीय श्रेणीको शिक्षक पदमा सरुवा हुनु भएका यस विद्यालयका समान तह र श्रेणीका शिक्षक श्री .................................... लाई निम्न विवरण सहितको रमाना दिई हाजिर हुन पठाइएको हुँदा निजलाई नियमानुसार हाजिर गराई यस विद्यालयलाई जानकारी गराउनु हुन अनुरोध छ।

१. नाम, थरः                  २. सङ्केत नम्बरः                  ३. पदः शिक्षक

४. तहः                  ५. श्रेणीः                  ६. विषयः

७. सरुवाको निर्णय मितिः                  ८. रमाना लागू हुने मितिः                  ९. बर बुझारथः गरेको/नगरेको

१०. रमानापत्रको मितिसम्म खर्च भएका बिदाहरूः

(क) भैपरि/पर्व बिदाः                  (ख) बिरामी बिदाः                  (ग) प्रसुती बिदाः

(घ) प्रसुती स्याहार बिदाः                  (ङ) अध्ययन बिदाः                  (च) असाधारण बिदाः

(छ) बेतलबी बिदाः

११. रमानापत्रको मितिसम्म सञ्चित बिरामी बिदाः

१२. खाईपाई आएको मासिकः (क) तलब रु.                  (ख) तलब वृद्धिः रु.                  (ग) महंगी भत्ताः रु.

१३. तलब भत्ता भुक्तानी लिएको अन्तिम मितिः                  १४. चाडपर्व खर्च लिए/नलिएकोः

१५. पोशाक खर्च लिए/नलिएकोः                  १६. क.सं. कोष कट्टीः रु.

१७. मासिक क.सं. कोष परिचयपत्र नम्बरः                  १८. मासिक नागरिक लगानी कोष कट्टीः रु.

१९. ना. ल. कोष परिचय पत्र नम्बरः                  २०. मासिक बीमा कोष कट्टीः रु.

२१. बीमा कोष परिचयपत्र नम्बरः                  २२. हालसम्म भुक्तानी लिएको उपचार खर्चको रकमः

२३. तलब वृद्धि शुरु हुने मितिः                  २४. स्थायी लेखा नम्बरः

बोधार्थः                                                  प्रधानाध्यापकको नाम, थर र दस्तखत

श्री राष्ट्रिय किताबखाना (शिक्षक), म्युजियम मार्ग, ताहाचल, काठमाडौं

श्री कर्मचारी सञ्चय कोष/नागरिक लगानी कोष/नागरिक लगानी कोष, सावधिक जीवन बीमा योजना ..................

श्री शिक्षा विकास तथा समन्वय इकाइ, ...........................................

श्री ................................. पालिका

शिक्षक श्री .................................. , सरुवा गरिएको विद्यालयमा नियमानुसार हाजिर हुन जानु हुन।

(रमाना पत्र अनिवार्य रुपमा विद्यालयको लेटर प्याडमा दिनु पर्नेछ भने बोधार्थ खण्डमा आवश्यकता अनुसार अन्य सम्बन्धित निकाय विद्यालयले थप गर्न सक्नेछ।)

युवराज पौडेल

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (शिक्षक)
म्यूजियम मार्ग, छाउनी, काठमाडौं
फोन नम्बर: ०१-५३८३०२३, ५६७२८२३, ५६७०७५७, ५३०१७८१, ५३८४९००
Email : stroedu@gmail.com, website : www.stro.gov.np